# अध्याय- एक
# शोधपरिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** रहको छ।

## २. शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ।

## ३. विषय परिचय

मधुसूदनप्रसाद घिमिरेले नेपाली साहित्यका विविध विधाहरू जस्तो कथा, कविता, निबन्ध, जीवनी, यात्रासंस्मरण आदिमा कलम चलाए तापनि मूलतः कविता र कथा विधामा सशक्त रूपले स्थापित प्रतिभा हुन् । प्रौढसाहित्यसँगै बालसाहित्यका क्षेत्रमा उनको योगदान उल्लेखनीय छ। वि.सं. २०१३ साल वैशाख ९ गते काठमाडौँको बानेश्वरमा जन्मिएका घिमिरेले औपचारिक रूपमा आई.ए.सम्मको अध्ययन गरेका छन्। वि.सं. २०३० सालमा लोकसेवा आयोगबाट लिइएको परीक्षामा सफल भई सामान्य प्रशासन मन्त्रालयमा नियुक्ति लिएको देखिन्छ।

वि.सं. २०२६ सालदेखि नै कविता लेख्न सुरु गरेका घिमिरेको औपचारिक साहित्यिक यात्रा २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा प्रकाशित **प्रतीक्षा गीत** भन्ने गीतिकविताबाट भएको हो। त्यसपछि कथा र कविता लेखनमा सक्रिय घिमिरेको प्रथम पुस्तकाकार कृति **नलुकेको वास्तविकता** वि.सं. २०५३ मा प्रकाशित भयो। **सौतेनी छोरो** (२०५६), **मध्यान्तर** (२०६२) र **अर्पण** (२०६८) क्रमशः प्रकाशित हुँदै आएका छन्।

प्रौढसाहित्यसँगै बालसाहित्यमा उनको लेखन वि.सं. २०५४ सालमा प्रकाशित **सङ्गतको फल** बालकथासङ्ग्रहबाट सुरु हुन्छ । त्यसपछि **पुतलीको रङ्ग** (२०५५), **सुनेका कथा** (२०५८), **माटोको माया** (२०५८), **छेपाराको घर** (२०५९), **तारी गाई** (२०६०), **कालो माला** (२०६०), **देखासिकी** (२०६२), **बारुलाको बिहे** (२०६५), **सन्देश** (२०६५), **घमण्डी भिंगा** (२०६६), **पुतलीको बिहे** (२०६६), **को खाई को खाई** (२०६६) प्रकाशित भएका छन् ।

नेपाली साहित्यमा पुऱ्याएको योगदानस्वरूप घिमिरेलाई वाणी प्रकाशन विराटनगरले **नवक्षितिज वाणी साहित्य पुरस्कार २०५८** बाट पुरस्कृत गरेको छ भने **हाम्रो नेपाल** संस्थाद्वारा २०५९ सालमा सम्मानित गरिएको छ । त्यस्तै **बाबा ओमवीरसिह प्रतिभा पुरस्कार २०६०** बाट पनि घिमिरे सम्मानित छन् ।

नेपाली साहित्यको कविता र कथा विधामा विशेष रूपले कलम चलाउने स्रष्टा मधुसूदनप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यहाँ वाञ्छनीय देखिन्छ ।

## ४. समस्याकथन

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयक प्रस्तुत शोधपत्रका समस्याहरू निम्नानुसार रहेका छन् :

क) साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनी के कस्तो रहेको छ ?

ख) साहित्यकार मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) साहित्यकार मधुसूदनप्रसाद घिमिरेको कृतित्व के कस्तो रहेको छ ?

घ) नेपाली साहित्यको क्षेत्रमा मधुसूदनप्रसाद घिमिरेको के कस्तो योगदान रहेको छ ?

## ५. शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

क) साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनीबारे निरूपण गर्नु ,

ख) साहित्यकार मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्वको निरूपण गर्नु ,

ग) साहित्यकार मधुसूदनप्रसाद घिमिरेको कृतित्वको अध्ययन गर्नु र

घ) नेपाली साहित्यको क्षेत्रमा मधुसूदनप्रसाद घिमिरेले पुर्‍याएको योगदानको मूल्याङ्कन गर्नु ।

## ६. पूर्वकार्यको समीक्षा

साहित्यकार मधुसूदनप्रसाद घिमिरेका बारेमा हालसम्म कुनै विशेष रूपले अध्ययन गरिएको पाइँदैन । तर पनि विभिन्न पत्रपत्रिका, पुस्तक एवम् शोधार्थीले उनका बारेमा सामान्य चिनारी, अन्तर्वार्ता, समीक्षा, टिप्पणी गरेको पाइन्छ जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

- **सुगन्ध** (२०५३ वैशाख/जेठ) पत्रिकामा मधुसूदनप्रसाद घिमिरेलाई कवि र कथाकारका रूपमा परिचित गराउँदै उनका कथा, कविताहरू काठमाडौँबाट निस्कने **मधुपर्क**, **विश्वामित्र**, **सुगन्ध**, **नवकविता**, **अभिव्यक्ति** आदि पत्रपत्रिकाहरुमा प्रकाशित भैसकेको कुरा उल्लेख गरिएको छ ।

- **सुगन्ध** (२०५३ पुस/माघ) पत्रिकामा व्यक्तित्व शीर्षकअन्तर्गत उनको परिचय, साहित्यिक सम्लग्नता, परशु प्रधानबाट प्राप्त प्रेरणाका बारेमा प्रकाश पार्नुका साथै उनले साहित्यलाई सन्देशका रूपमा लिएको कुरा व्यक्त गरिएको छ ।
- **नलुकेको वास्तविकता** (२०५३) कथासङ्ग्रहमा परशु प्रधानले नेपाली जनताले भोग्नु परेको रोग, भोक, अशिक्षा, गरिबी जस्ता सामाजिक आर्थिक समस्यालाई मूल विषयवस्तु बनाएका छन् ।
- स्नातकोत्तर क्याम्पस विराटनगरका शोधार्थी इन्दिरा 'महर्षी'ले २०५८ सालमा आफ्नो शोधपत्र **'जीवनी-व्यक्तित्वका आलोकमा कल्पना प्रधान र उनको बालसाहित्य'** शीर्षकमा मधुसूदनप्रसाद घिमिरेलाई बालसाहित्यको चौथो चरणको स्रष्टाका रूपमा चिनाएकी छिन् ।
- **धारणा** (२०५५ मंसिर २) पत्रिकामा **'साहित्यकार : परिचयका हरफहरू– ३२'** शीर्षकमा मोहन दुवालले घिमिरेको परिचयात्मक विवरण दिनुका साथै साहित्यमा भौगोलिक र राजनीतिक विभाजन नहुने एवम् संवेदना र चिन्तनको उत्कृष्ट सिर्जनानै साहित्य हो भन्ने स्रष्टाको अभिव्यक्तिलाई स्पष्ट्याएका छन् ।
- **सौतेनी छोरो** (२०५६) कवितासङ्ग्रहको भूमिकामा कृष्णप्रसाद पराजुलीले मानवीय जीवनका आशा, निराशा, अन्यौल, छटपटीका शब्दचित्र उतार्ने कविका

रूपमा उल्लेख गर्दै भविष्यमा उनीबाट अझ बढी आशा गर्न सकिने कुरा औँल्याएका छन् ।

- **रसरङ्ग** (२०५६ वर्ष ६ पूर्णाङ्क ३६) पत्रिकामा अरुणबहादुर खत्री नदीको घिमिरेसँगको अन्तर्वार्ता छापिएको छ । जसमा साहित्यका वर्तमान स्थितिका बारेमा स्रष्टाका विचार एवम् देशको हावापानी सुहाउँदो, सरल भाषाशैली र सम्प्रेषणीयता साहित्यमा हुनुपर्ने लेखकको विचारलाई उजिल्याउने प्रयास गरिएको छ ।
- **विश्वदीप** (२०५६ असार २६) साप्ताहिकमा मधुसूदनप्रसाद घिमिरेसँगको अन्तर्वार्तामा अरुणबहादुर खत्री नदीले उनको साहित्यिक यात्रा, भविष्यको लक्ष्य एवम् वर्तमान साहित्यिक अवस्थितिका बारेमा आफ्ना जिज्ञासा राखेका छन् भने भविष्यमा साहित्यमा लाग्न चाहने लेखकहरूलाई 'कर्म गर्नु फलको आशा नगर्नु ' भन्ने घिमिरेको भनाइलाई प्रमुख रूपमा जोड दिएका छन् ।
- **नेपाली बालसाहित्यको इतिहास** (२०५७) मा प्रमोद प्रधानले बालकथामार्फत् बालबालिकालाई कर्तव्यपालन, मौलिकता, चरित्र, राष्ट्रियता र असल सङ्गतको लागि प्रेरित गर्ने कथाकारका रूपमा चिनाउँदै सरल भाषाशैली र छोटा वाक्यमा धेरै कुरा भन्न सक्ने बालकथाकारका रूपमा घिमिरेलाई प्रस्तुत गरेका छन् ।
- **यथार्थ कुरा** (२०५७, असोज) पाक्षिक पत्रिकामा लुमडी आचार्यले उनको परिचयात्मक विवरण दिँदै उनका दुई कृति नलुकेको वास्तविकता र सङ्गतको फलका बारेमा आफ्ना धारणा व्यक्त गर्ने क्रममा निम्न र निम्नमध्यम वर्गीय जीवनको वास्तविकता उजिल्याउने कथाकारका रूपमा घिमिरेलाई चिनाएका छन् भने बालबालिकालाई शिक्षा, सन्देश एवम् मनोरञ्जन प्रदान गर्ने खालका कृति रचना गर्ने कथाकारका रूपमा पनि चिनिएका छन् ।
- **नेपाल समाचारपत्र** को २०५७ कार्तिक २१ को अङ्कमा ठाकुर बेलबासेले 'चाकडीमा धाउन नभ्याउने साधक' शीर्षकमा मधुसूदनप्रसाद घिमिरेलाई कसैको चाकडी नगर्ने, कुनै वादको पछि नलाग्ने र स्वतन्त्र चिन्तन लिएर

सिर्जना गर्ने स्रष्टाका रूपमा चिनाउदै बालसाहित्यको विकासमा सरकार लाग्नु पर्ने स्रष्टाका भनाइलाई उजिल्याएका छन् ।

- **प्रतिस्पर्धा** (२०५८ वैशाख १९) साप्ताहिक पत्रिकामा छविरमण सिलवालले 'मधुसूदनको साहित्य यात्रामा एक क्षण' शीर्षकमा उनको साहित्यिक परिचय, उनका प्रकाशित कृत्ति एवम् बालसाहित्य रचना गर्न उनले पाएको प्रेरणाका बारेमा प्रकाश पारेका छन् ।
- **स्पेश टाइम** (२०५८ असोज २४) मा गीता कार्कीले घिमिरेलाई एक राष्ट्रभक्त कविका रूपमा औंल्याउँदै समानता, नैतिकता, मर्यादा, आदर्श जस्ता भावलाई समेट्ने एवम् भाव तथा विचारको समन्वय गर्ने कविका रूपमा चिनाएकी छिन् ।
- **घटना र विचार** (२०५९ जेठ ६) पत्रिकामा 'असल भविष्यका लागि वर्तमान बालकहरूमा' भन्ने शीर्षकमा दीपकमणि दाजुभाइले मधुसूदनप्रसाद घिमिरेलाई एक उत्कृष्ट कवि (शृङ्गारिक) एवम् बालकवि र कथाकारको रूपमा विश्लेषण गरेका छन् ।
- **मध्यान्तर** (२०६२) कथासङ्ग्रहको भूमिकामा घटराज भट्टराईले समाजमा घटेका र घट्न सक्ने विविध घटना र प्रसङ्गलाई कथा कलाको राम्ररी उपयोग गर्दै कथा लेख्ने कथाकारका रूपमा घिमिरेलाई चिनाएका छन् ।
- **कान्तिपुर** कोपिलाको २०६३ मंसिर २१ को अङ्कमा 'म सानो छँदा' स्तम्भमा घिमिरेको बाल्यकाल, शिक्षादीक्षा र साहित्यिक प्रेरणाका साथै अविस्मरणीय घटनालाई रोचक ढङ्गमा स्रष्टाको कोणबाट व्यक्त गरिएको छ ।
- **राजधानी** पत्रिकाको सौजन्य परिशिष्टाङ्क (२०६६ वैशाख १२) मा कार्तिकेय घिमिरेले मधुसूदन घिमिरेको जन्म, बाल्यकालको स्कुले जीवन एवम् सानो छँदाको काठमाडौंको स्थिति र वातावरणबारे रोचकतापूर्वक स्रष्टाका अभिव्यक्तिलाई प्रस्तुत गरेका छन् ।

- **नेपाल** (२०६८ जेठ १७) पत्रिकामा अर्पण भक्ति कविताको समीक्षा गर्ने क्रममा रमण घिमिरेले अहिंसावादी कविका रूपमा चित्रण गर्दै मानवता र भक्ति अनि वैराग्यमा लाग्न यस सङग्रहले मार्गनिर्देश गर्ने कुरा औँल्याएका छन् ।
- **नयाँ खबर साप्ताहिक** (२०६८ जेठ १७) मा मधुसूदनप्रसाद घिमिरेको परिचय एवम् साहित्यिक कृतिको विवरण दिनुका साथै नयाँ नेपाल निर्माणका लागि निःशुल्क शिक्षा, मानवीयता र स्वदेश प्रेम जस्ता भावनालाई आधार मान्ने लेखकको विचारलाई छर्लङ्ग्याइएको छ ।
- **नेपाली बालसाहित्यकार कोश** पुस्तकमा रामचन्द्र लम्साल र अच्युतशरण अर्यालले घिमिरेका कवितामा प्रकृति, जीवजन्तु, देशप्रेम, विज्ञान आदि विषयवस्तु रहेको कुरा उल्लेख गरेका छन् ।

## ७. शोधको औचित्य

मधुसूदनप्रसाद घिमिरेको सिर्जनाको मूल विधा कविता र कथा हो । प्रौढसाहित्य र बालसाहित्य दुवैमा उनको कलम विशेष रूपले कथा र कविता विधामा विस्तारित छ । त्यस्तै उनको लेखनमा जीवनी, निबन्ध, यात्रासंस्मरण जस्ता विधाले पनि स्थान पाएका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा फाटफुट रूपमा चर्चा भए तापनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको सिलसिलेवार अध्ययन हुनसकेको छैन । नेपाली साहित्यको समसामयिक धारासँगै साहित्य लेखनमा सक्रिय घिमिरेको योगदानलाई यस अघिका अध्यनयबाट प्रस्ट्याउन नसकिएको कुरा पूर्वकार्यको समीक्षाअन्तर्गत गरिएको अध्ययनबाट प्रस्ट हुन्छ । तसर्थ यस्ता सर्जक व्यक्तित्वको सामान्य अध्ययनमा मात्र सीमित नभएर उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्व अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको औचित्य रहेको छ ।

## ८. शोधको सीमाङ्कन

मधुसूदनप्रसाद घिमिरे मूलतः कवि र कथाकार हुन् । उनले कथा र कविताकै विविध स्वरूपहरू लघुकथा, चित्रकथा, गीत, भजन जस्ता विधामा कलम चलाएका छन् भने

निबन्ध, जीवनी र यात्रासंस्मरण जस्ता विधामा पनि आफ्नो प्रतिभालाई विस्तार गरेका छन् । प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको विविध पाटाका बारेमा प्रकाश पार्दे समकालीन नेपाली साहित्यमा उनको योगदानको चर्चा गरिएको छ ।

## ९. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्रलाई विश्वसनीय, प्रामाणिक एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि एवम् अन्तर्वार्ता विधिलाई नै प्रयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बद्ध पुस्तक र पत्रपत्रिकाहरूको अध्ययनका साथै अनुसन्धेय व्यक्तिसँगको भेटघाटबाट लिखित एवम् मौखिक सामग्री सङ्कलन गरिएको छ ।

त्यस्तै अनुसन्धेय व्यक्तिको आफन्त, परिवार एवम् निकटतम् व्यक्तिहरूसँग मौखिक वा लिखित अन्तर्वार्ता लिई सकेसम्म आधिकारिक सामग्री सङ्कलन गर्ने प्रयास गरिएको छ । अतः सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोत गरी दुई विधि अपनाइएको छ ।

शोधकार्यमा जीवनी र व्यक्तित्व खण्डका लागि सङ्क्षिप्त विवरणात्मक पद्धति एवम् कृतित्व खण्डका लागि परिचयात्मक तथा विश्लेषणात्मक पद्धतिलाई नै मूल आधार बनाइएको छ । समग्र कृतिको सङ्क्षिप्त समीक्षा गरी उनको योगदानको मूल्याङ्कन गर्दै वस्तुगत निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## १०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र व्यवस्थित एवम् प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नको लागि यसको स्वरूप र संरचनालाई निम्नानुसार अध्यायहरूमा वर्गीकरण गरिएको छ :

क) अध्याय एक : शोधपरिचय

ख) अध्याय दुई : साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनीको अध्ययन

ग) अध्याय तीन : साहित्यकार मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्वको अध्ययन

घ) अध्याय चार : साहित्यकार मधुसूदनप्रसाद घिमिरेका कृतिहरूको अध्ययन

ङ) अध्याय पाँच : साहित्यकार मधुसूदनप्रसाद घिमिरे र उनका कृतिहरूको मूल्याङ्कन

च) अध्याय छ : उपसंहार

मधुसूदनप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन पश्चात् प्रमुख सन्दर्भग्रन्थहरूको सूची समेत प्रस्तुत गरिएको छ ।

# अध्याय- दुई

## साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनीको अध्ययन

### २.१ परिचय

बहुमुखी प्रतिभाका धनी मधुसूदनप्रसाद घिमिरे नेपाली साहित्यमा परिचित नाम हो । उनी वि.सं. २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा प्रकाशित **प्रतीक्षा गीत** गीतिकविताबाट साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । प्रौढसाहित्य र बालसाहित्य दुबैमा उत्तिकै रूपले सक्रिय घिमिरेले कविता, कथा, गीत, निबन्ध, यात्रासंस्मरण जस्ता विधामा कलम चलाएका छन् । यिनै साहित्यकार मधुसूदनप्रसाद घिमिरेको वंशपरम्परा र पारिवारिक पृष्ठभूमि, जन्म, बाल्यकाल, शिक्षादीक्षा, नोकरीमा प्रवेश, दाम्पत्य जीवन, आर्थिक अवस्था, साहित्यिक सम्लग्नता, साहित्य सिर्जनाका अभिप्रेरक, दिनचर्या र अभिरुचि, भ्रमण, सम्मान तथा पुरस्कार जस्ता पक्षमा यस अध्यायभित्र अध्ययन गरिएको छ ।

### २.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

मधुसूदनप्रसाद घिमिरेको वंश काठमाडौँको आदिवासी नभएर उपत्यका बाहिरबाट बसाइँको क्रममा आएको बुझिन्छ । घिमिरेहरूको मूल थलो गुल्मीको धमिरकोटबाट नेपालभर फैलिएको देखिन्छ । हाल नेपालका त्रिहत्तर जिल्लामा घिमिरेहरूको बसोबास रहेको पाइन्छ । हाल घिमिरेहरू देशभर फैलिएर रहेको तथा विभिन्न पेशाहरू जस्तैः सरकारी सेवा, प्राइभेट नोकरी, व्यापार, उद्योग आदिमा रहेको घिमिरे बताउँछन् ।

मधुसूदनप्रसाद घिमिरेका हजूरबुवा हेमकान्त घिमिरे गुल्मीको धमिरकोटबाट काठमाडौं प्रवेश गरी राणादरवारमा पूजारीको रूपमा काम गर्न थालेका हुन् । श्रीमती र छोराको मृत्युपछि भौतारिँदै काठमाडौं प्रवेश गरेका घिमिरेका हजुरबुबाको दरवार प्रवेशसँगै

आर्थिक अवस्था सुदृढ बन्दै गएपछि सुन्दरीजलकी ढोलकुमारी अर्यालसँग विवाह भएको देखिन्छ । हेमकान्तका दुई छोरामध्ये कान्छा छोरा हरिप्रसाद र बुहारी चन्द्रप्रभाको जेठो सन्तानका रूपमा मधुसूदनप्रसाद घिमिरेको जन्म भएको हो । सुरुमा काठमाडौँको भीमसेनगोलामा घर बनाएर उनको परिवार बसे पनि पछि काठमाडौँको खरीबोट हुँदै हाल शान्तिनगरमा बसोबास गर्दै आएका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## २.३ जन्म तथा बाल्यकाल

मधुसूदनप्रसाद घिमिरेको जन्म वि.सं. २०१३ साल वैशाख ९ गतेका दिन काठमाडौँको तत्कालीन भीमसेनगोला गाउँ पञ्चायतमा भएको हो । पिता स्व. हरिप्रसाद घिमिरे तथा माता चन्द्रप्रभा घिमिरेका जेठो सन्तानका रूपमा जन्म लिएका घिमिरेका मोहन र मदन गरी दुई भाइ तथा एक बहिनी मीना रहेकी छन् । वसन्त ॠतुको हरियालीसँगै यस धर्तीमा पहिलो पाइला टेकेका घिमिरेले सानै उमेरदेखि साहित्यलाई नजिकबाट नियाल्ने गर्दथे । हालको काठमाडौँ महानगरपालिका वडा नं. ३४ भीमसेनगोलामा जन्मिएका घिमिरेको बाल्यकाल सामान्य किसिमले व्यतीत भएको देखिन्छ । त्यतिबेलाको भीमसेनगोला-बानेश्वर क्षेत्र ग्रामीण परिवेशकै भएकाले उनको बाल्यकाल पनि सामान्य गाउँले बालबालिकाहरूको जस्तै खेलकुद र मनोरञ्जनमै बित्यो । बुबा स्व. हरिप्रसाद घिमिरे मोहन आकाशवाणीमा जागिरे भएको तथा बारीमा उब्जाउ हुने अन्नले खानपानमा खासै समस्या नपरेको घिमिरे बताउँछन् । घरको जेठो छोरा भएको नाताले उनमा सानैदेखि जिम्मेवारीबोध भने थियो । घरको काममा आमालाई सघाउने, बाबु बिरामी हुँदा स्याहार सुसार गर्ने तथा भाइबहिनीहरूलाई राम्रोसँग हेरविचार गर्ने बानी सानैमा उनीभित्र विकास भएको देखिन्छ । अन्य बालबालिकाहरूभन्दा अलि गम्भीर र शान्त स्वभावका घिमिरे साथीहरूसँग खेल्न त्यति मन पराउँदैनथे । आफ्नै प्रकारले दिनचर्या अघि बढाउने उनको बानी थियो । सानैदेखि कोमल र भावुक हृदयका धनी घिमिरे भाइबहिनी रुँदा आफू सँगसँगै रोएको घटना अझै पनि सम्झन्छन् । पढाइप्रति भने उनमा रुचि थियो । बाबुले धार्मिक ग्रन्थहरू पढ्दा ती कृतिहरू पढ्न उनलाई रुचि बढ्थ्यो र पढ्ने कोसिस गर्थे ।

उनको किशोरावस्था पनि खासै फरक रहेको देखिदैंन । घरको कामकाजसँगै पढाइतर्फ नै उनको ध्यान केन्द्रित हुन्थ्यो । बालक अवस्थाादेखिकै बानीव्यहोरा किशोरावस्थासम्म कायम रहेको देखिन्छ । शारीरिक परिवर्तनसँगै बाल्यावस्थाका अबोधपना परिपक्वतातर्फ उन्मुख भएको घिमिरे सुनाउँछन् । पढाइ सँगसँगै नोकरीतर्फ पनि उनले हात हालेको देखिन्छ । बाबुआमाको आर्थिक बोझलाई कम गर्ने विषयमा उनी सधै गम्भीर भएर सोच्थे र त्यसै अनुरूप सरकारी सेवामा प्रवेश गरे । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

## २.४. शिक्षादीक्षा

मधुसूदनप्रसाद घिमिरेको प्रारम्भिक शिक्षादीक्षाको सुरुवात घरबाट नै भएको देखिन्छ । उनका पिता सरकारी कार्यालयमा जागिरे भएकोले शिक्षाको महत्त्व राम्ररी बुझेका व्यक्ति थिए । उनकी आमा पनि साधारण लेखपढ गर्न जान्ने थिइन् । बाबुआमा दुबैले धार्मिक ग्रन्थका श्लोकहरू पढ्दै गर्दा आफूले पनि ती श्लोकहरू सानैदेखि कण्ठस्थ पारेको घिमिरे बताउँछन् । परिवारमा राम्रो शैक्षिक वातावरण भएको कारणले अनौपचारिक रूपमा पढाइ सुरु गरेका मधुसूदनलाई उनका मामाले पनि पठनपाठनमा धेरै सहयोग गरेको देखिन्छ ।

औपचारिक रूपमा कक्षा चारदेखि कक्षा सातसम्म डिल्लीबजारस्थित विजय मेमोरियल हाई स्कुलमा अध्ययन सुरु गरेका घिमिरेले आफ्नो अध्ययनलाई निरन्तरता दिदैं रत्नराज्यलक्ष्मी स्कुल बानेश्वरमा कक्षा आठदेखि कक्षा दससम्म अध्ययन गरेको देखिन्छ । कक्षामा मध्यम स्तरको विद्यार्थी भए पनि पढ्नमा भने उनी लगनशील र परिश्रमी थिए । पारिवारिक दायित्वको बोझले उनको पढाइलाई प्रभावित पारको थियो । पढाइको क्रममा नेपाली विषयमा पढाइने साहित्यहरूप्रति उनको झुकाब बढ्दै गएको पाइन्छ । नियमित रूपमा टेस्ट परीक्षा पास गरे पनि निकै बिरामी परेर एसएलसी परीक्षा दिन नसकेपछि एक वर्ष घरमै बसेर पुन: अर्को वर्ष गोकर्णेश्वर माध्यमिक विद्यालय, गोकर्ण काठमाडौंबाट वि.सं. २०२९ सालमा तेस्रो श्रेणीमा परीक्षा पास गरेको घिमिरे बताउँछन् । एसएलसी पास गरेपछि रत्नराज्यलक्ष्मी क्याम्पस प्रदर्शनीमार्गमा आई.ए. मा भर्ना भए तापनि आफ्नो

पारिवारिक अवस्थाको कारणले गर्दा अध्ययनलाई अगाडि बढाउन सकेनन् । यहीँबाट उनको औपचारिक अध्ययनको क्रम टुटेको देखिन्छ ।

यसरी औपचारिक शिक्षाको लागि उनले तीनवटा विद्यालयको सहारा लिएको देखिन्छ । त्यतिबेलाको स्कुलहरूको कमी र यातायातको असुविधाले पठनपाठन निम्ति उनले संघर्ष गर्नुपरेको थियो । आफ्नो उच्च शिक्षालाई पूरा गर्नको निम्ति पारिवारिक दायित्व एवम् कर्तव्यबोधले वाधा पुऱ्याएको उनी स्विकार्छन् । औपचीरक शिक्षालाई बीचैमा छाडे पनि विभिन्न विषयका पुस्तकहरू पढ्दै आफ्नो ज्ञानको दायरालाई फराकिलो पार्दै लगेको आभाष भने मिल्छ । यसै क्रममा नेपाली साहित्यका हस्थी लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, गुरुप्रसाद मैनाली, पुष्कर शमशेर, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ आदिका कृतिहरू पढ्न थालेको उनी बताउँछन् । अहिलेसम्म पनि उनको त्यो अध्ययनको क्रम निरन्तर चलिरहेको छ । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

### ३.५. नोकरीमा प्रवेश

मध्यम वर्गीय परिवारमा जन्मेका घिमिरेको आर्थिक अवस्था अलि कमजोर भएका कारण सानै उमेरमा नै उनले नोकरी गर्न थालेको देखिन्छ । एसएलसी पास नगर्दै वि.सं. २०२९ जेठदेखि तत्कालीन पानी गोश्वारा अड्डा (हालको खानेपानी तथा ढल निकास संस्थान) मा बहिदार पदबाट सरकारी सेवामा प्रवेश गरेको देखिन्छ । त्यसपछि वि.सं. २०२९ मंसिरमा बहिदार पदमा लोकसेवा आयोगबाट स्थायी नियुक्ति भएको उनी बताउँछन् । तर हाकिमसँग खटपट परेपछि वि.सं. २०३० असारमा राजिनामा दिएर उनी घरमै बसे । लोकसेवा आयोगको परीक्षालाई निरन्तर तयारी गरिरहेका घिमिरेले मुखिया पदमा सफल भई वि़ सं. २०३० साल फागुन २० देखि सामान्य प्रशासन मन्त्रालयमा सेवा सुरु गरे । इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालन गर्न रुचाउने घिमिरेले कसैको प्रलोभनमा परेर राष्ट्रविरोधी र गैर-कानूनी काम गरेनन् । त्यसैले उनको कार्यको मूल्याङ्कन गर्दै वि.सं. २०३४ भाद्र ४ मा उनी खरिदार पदमा बढुवा भए । त्यसपछि उनमा झन् दायित्वबोध थपियो र आफ्नो कर्तव्य जिम्मेवारीपूर्वक पालन गर्दै गए । सोही कारणले वि.सं. २०३९ साल असार ४ मा पुनः नायव सुब्बामा बढुवा भएपछि वाणिज्य तथा आपूर्ति

मन्त्रालयमा काम गर्न थाले । वि.सं. २०५८ साल माघमा शाखा अधिकृतमा बढुवा भएपछि सोही सालको चैत्रबाट स्वेच्छिक अवकास लिएको देखिन्छ ।

विभिन्न घुम्ती र मोड पार गर्दै आफ्नो उनन्तीस वर्ष सरकारी सेवामा बिताएका घिमिरे आफूलाई एक सच्चा राष्ट्रसेवक भन्न रुचाउँछन् । कसैको आर्थिक प्रलोभनमा नपरी जिम्मवारीपूर्वक राष्ट्र र जनताको सेवामा हरपल दत्तचित्त रहने स्वाभिमानी चरित्र उनमा देखिन्छ । हाल अवकाश जीवन बिताइरहेका घिमिरे साहित्यिक गतिविधिमा भने सक्रिय रूपले लागेका देखिन्छन् । यसरी आफ्नो सम्पूर्ण सक्रिय जीवन सरकारी सेवामा खर्चेका घिमिरेको पेशा नोकरी नै भएको पुष्टि हुन्छ ।

**२.६ दाम्पत्य जीवन**

सृष्टिको सिर्जनाकालदेखि नै मानव जीवन परिवारमा सङ्गठित हुन थालेपछि विवाहलाई अपरिहार्य घटनाको रूपमा लिइन्छ । चाहे दैवी होस् चाहे मानवीय विवाह एक अटुट बन्धनको पर्याय रहेको कुरा धार्मिक ग्रन्थहरूमा पनि वर्णित छ । यसैको निरन्तरतामा मधुसूदनप्रसाद घिमिरेको विवाह वि.सं. २०३५ साल फागुन महिनामा नुवाकोट जिल्लाकी शर्मिला थपलियासँग परम्परागत किसिमले भएको पाइन्छ । विवाहको एक बर्षपछि वि.सं. २०३५ फागुनमा छोरा मनोजको जन्म भयो भने छोरी ममताको जन्म वि.सं. २०४१ सालमा भएको देखिन्छ ।

आफ्नो दाम्पत्य जीवन अत्यन्त सुखमय र सुमधुर रहेको घिमिरे बताउँछन् । आपसी समझदारी, सहयोगी भावना, पवित्र प्रेम, छोराछोरीप्रतिको समान जिम्मेवारीबोध तथा सामाजिक उत्तरदायित्वको बोध दुबैमा उत्तिकै रहेकाले आफूले कहित्यै दाम्पत्य जीवनमा खटपट अनुभव नगरेको उनी बताउँछन् । शर्मिला घर व्यवहारमा उत्तिकै निपुण हुनुले आफ्नो सामाजिक प्रतिष्ठालाई ऊँचो बनाइराख्न उनको ठूलो योगदान रहेको घिमिरे स्विकार्छन् । विवाहको तेत्तीस बसन्त पार गरिसकेको जोडी मधुसूदन र शर्मिलाको प्रेम आजसम्म पनि उत्तिकै गाढा र दृढ रहेको कुरा उनीहरूको समझदारी र आत्मियताले अन्दाज गर्न सकिन्छ । श्रीमती शर्मिला, छोरा मनोज, बुहारी संगीता तथा नातिनीसँगै दिन बिताउँदै गरेका घिमिरेको छोरी ममताको विवाह भैसकेको छ ।

**२.७ आर्थिक अवस्था**

सानो छँदा आर्थिक अवस्था केही कमजोर भए पनि हालका दिनमा आएर घरव्यवहार

चलाउन कुनै समस्या नपरेको घिमिरे बताउँछन् । सुरुमा घरपरिवार पाल्न आर्थिक बोझ बढी भए तापनि श्रीमती शर्मिला घिमिरे टिम्बर कर्पोरेसन नेपालमा जागिरे भएपछि दुवै जनाको कमाईले घरव्यवहार चलाउन तथा छोराछोरी पढाउन खासै समस्या नपरेको देखिन्छ । छोरा मनोज पनि एक निजी विद्यालयमा पढाउँछन् ।

पुर्ख्यौली सम्पत्तिको रूपमा भीमसेनगोलामा रहेको जग्गा बेचेर मीनभवन खरीबोटमा घर बनाएर बसेको घिमिरेको परिवार हाल शान्तिनगर-३४ बानेश्वरमा तीन आना जग्गामा बनाएको साँढे दुई तले घरमा बसोवास गर्दै आएका छन् । यो बाहेक उनको अन्यत्र जग्गाजमीन नरहेको उनी बताउँछन् । इमान्दार र कर्तव्यनिष्ठ राष्ट्रसेवकको चोखो तलबबाट मात्र अन्य सम्पत्ति जोड्न नसकिने सत्य सबैलाई थाहा नै छ । पुरस्कारबाट प्राप्त रकम तथा पुस्तक रोयल्टीबाट पनि उनको आर्थिक स्थितिमा केही सुधार ल्याउन मद्दत पुगेको देखिन्छ । (शोधनायकसँगको कुराकानीको आधारमा)

## २.८ साहित्यिक सम्लग्नता

आफू सानो छँदादेखि नै घरमा बाबुआमाले धार्मिक ग्रन्थका कथा सुनाउँदा आफू पनि त्यस्तो कथा लेख्न पाए हुन्थ्यो भन्ने विचार उनको मनमा आउँथ्यो । विस्तारै किशोरावस्थामा प्रवेश भएपछि आफूले पढ्ने पुस्तकमा रहेका कथा, कविताहरू पढेर घिमिरे आनन्दित हुने गर्दथे । त्यस्तै सिर्जना आफूले पनि गर्न पाए कति राम्रो हुन्थ्यो होला भन्ने विचार मनमा राखेर कविता, कथाहरू लेख्ने अभ्यास उनले गर्दै गए । त्यसैको परिणतिस्वरूप वि.सं. २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा प्रकाशित **प्रतीक्षा गीत** भन्ने गीतिकविताबाट उनको औपचारिक साहित्ययात्रा सुरु भएको देखिन्छ । त्यस्तै वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा प्रकाशित **इच्छाहरू सल्बलाउँछन् मात्र** भन्ने कथाबाट उनले कथाविधामा आफ्नो प्रतिभाको परिचय दिएको पाइन्छ । फुटकर रूपमा क्रमशः कथा, कविता, निबन्ध, यात्रासंस्मरण, बालकथा, बालकविता विधामा कलम चलाउँदै गएपछि उनको साहित्यिक यात्रा निरन्तर अघि बढ्दै गएको देखिन्छ । वि.सं. २०५३ सालमा प्रथम पुस्तकाकार कृतिको रूपमा **नलुकेको वास्तविकता** कथासङ्ग्रह प्रकाशित भएपछि क्रमशः अन्य कृतिहरू प्रकाशित हुँदै आइरहेका छन् । **नलुकेको वास्तविकता** ( कथासङ्ग्रह २०५३) पछि **सङ्गतको फल** (बालकथासङ्ग्रह, २०५४), **पुतलीको रङ्ग** (

बालकवितासङ्ग्रह, २०५८),**सौतेनी छोरो** (गद्यकवितासङ्ग्रह, २०५६), **सुनेका कथा** ( बालकथासङ्ग्रह, २०५८), **माटोको माया** (बालकवितासङ्ग्रह, २०५८), **छेपारोको घर** ( बालकथासङ्ग्रह, २०५९), **तारी गाई** (बालकथासङ्ग्रह, २०६०), **कालो माला** ( बालकथासङ्ग्रह, २०६०), **मध्यान्तर** (कथासङ्ग्रह, २०६२), **देखासिकी** (बालकथासङ्ग्रह, २०६२), **सन्देश** (गीतिबालउपन्यास, २०६५), **बारुलाको बिहे** (बालचित्रकथा, २०६५), **घमण्डी झिंगा** (बालकथासङ्ग्रह, २०६६), **पुतलीको बिहे** (बालकथासङ्ग्रह, २०६६);**को खाई को खाई** (बालगीत, २०६६) र **अर्पण** (भक्तिकवितासङ्ग्रह, २०६८) प्रकाशित भएका छन् ।

कृतिगत हिसाबले कथा, कविता, बालकथा, बालकविता, बालगीत, बालगीतिउपन्यास जस्ता विधा उपविधामा उनले कलम चलाएको देखिन्छ । फुटकर कृतिमा भने उनले बालकथा, बालकविता, कथा, कविता, निबन्ध जीवनी र यात्रासंस्मरण जस्ता विधामा आफ्नो लेखनलाई विस्तार गरेका छन् । विविध विधामा कलम चलाए तापनि कथा र कवितामा नै आफ्नो रुचि रहेको उनी बताउँछन् । एउटा विधामा मात्र सीमित भएर रचना गर्दा आफ्ना सबै भावनाहरू पोख्न सम्भव नभएकोले विषयवस्तुको गम्भीरता अनुरूप विविध विधामा आफूले कलम चलाएको उनी बताउँछन् ।

साहित्य लेखनसँगै साहित्यिक संघसंस्थासँग पनि घिमिरे आबद्ध छन् । **वाणी प्रकाशन**, विराटनगरको आजीवन सदस्यता लिएका घिमिरे **दायित्व वाङ्मय प्रतिष्ठान**, **जनमत प्रकाशन**, **नेपाल बालसाहित्य समाज**, **स्रष्टा समाज** जस्ता संघसंस्थासँग पनि जोडिएका छन् । यी संघसंस्थाहरूले सञ्चालन गर्ने विविध साहित्यिक कार्यक्रम तथा गोष्ठीहरूमा घिमिरे सक्रिय सहभागिता जनाउँछन् ।

## २.९ साहित्य सिर्जनाका अभिप्रेरक

कुनै पनि व्यक्ति लेखक, कवि, कलाकार आदि बन्नमा केही प्रभाव र प्रेरणाको भूमिका रहेको हुन्छ । यस क्रममा अध्ययन गर्दा साहित्यकार मधुसूदनप्रसाद घिमिरे साहित्यप्रति आकर्षित हुनुमा उनी भित्र रहेको साहित्यप्रतिको अभिरुचि तथा स्कुले जीवनमा पढेको साहित्यबाट प्रेरणा पाएको देखिन्छ । लेखनाथ पौड्यालको **ऋतुविचार, पिंजराको सुगा**, लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**, गुरुप्रसाद मैनालीको **नासो**, सिद्धिचरण

श्रेष्ठको **ओखलढुङ्गा** जस्ता कृतिहरूबाट उनी प्रभावित भएर आफू पनि लेख्न पाए हुन्थ्यो भन्ने विचार मनमनै राख्थे । समय सँगसँगै उनले कविता र कथा लेखे पनि त्यसलाई च्यात्दै फाल्दै गर्दथे । उनको यो प्रतिभा प्रस्फुटित हुन नपाएर त्यसै थन्किरहेको अवस्थामा परशु प्रधानसँग वि.सं. २०२९ सालमा भेट भएपछि त्यसले अङ्कुरित हुने मौका पायो । त्यसैको परिणतिस्वरूप वि.सं. २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा पहिलो रचना **प्रतीक्षा गीत** को प्रकाशन भयो । त्यसपछि पनि उनलाई साहित्यिक लेखनतर्फ अघि बढ्न परशु प्रधानले नै हौसला दिँदै गए । बालसाहित्यतर्फ भने रमेशचन्द्र खकुरेलबाट प्रभावित भएर सिर्जना गर्न थालेको घिमिरे बताउँछन् । परशु प्रधान, इहिल्या भट्टराई, रवीन्द्र समीर जस्ता नयाँ पुस्ताका रचनाकारहरूबाट घिमिरे प्रभावित छन् । उनको सिर्जनायात्रामा उनकी श्रीमती र छोराछोरीहरूले पनि आ-आफ्नो तर्फबाट सहयोग प्रदान गरेको देखिन्छ । (शोधनायकसँगको कुराकानीको आधारमा)

## २.१० दिनचर्या र अभिरुचि

हरेक व्यक्तिको दिनचर्या आफ्नै किसिमले अघि बढिरहेको हुन्छ । मधुसूदनप्रसाद घिमिरेको दिनचर्या साधारण व्यक्तिसरह नै व्यतीत भएको पाइन्छ । बिहान सबेरै उठेर पूजापाठ गरी शीतल हावामा घुम्ने बानी उनको रहेको छ । मधुमेह र उच्च रक्तचापको रोगी भएकोले नित्य रूपमा हिड्ने बानी छ । त्यस्तै पत्रपत्रिका पढ्ने, पुस्तक पढेर राम्रो कुरा टिपोट गर्ने बानी उनको रहेको छ । अवकाश प्राप्त जीवन बिताएकाले साहित्यिक कार्यक्रमहरूमा पनि उनी भाग लिन्छन् । घरपरिवारमा आइपर्ने व्यावहारिक काम पनि उनी एक कुशल अभिभावक बनेर पूरा गर्दै आएका छन् ।

राम्रा राम्रा पुस्तक पढ्ने, नयाँ नयाँ ठाउँमा घुम्न जाने, एकान्त ठाउँमा गएर वस्ने अभिरुचि उनमा रहेको छ । उनी प्राकृतिक सौन्दर्यका पारखी पनि हुन् । आफ्नो शारीरिक अवस्थाले दिएसम्म मनोरम ठाउँमा बसेर कविता रचना गर्न उनी मन पराउँछन् । साथै खैजडी बजाउनमा पनि उनको अभिरुचि देखिन्छ । हाम्रा पौराणिक ग्रन्थहरूमा रहेको नैतिकता र सदाचारका विषयहरूलाई आफ्ना कृतिमा ल्याएर समाजलाई सत्मार्गमा

ल्याउनमा पनि उनको रुचि रहेकै छ । आफू एक सफल साहित्यकारको रूपमा चिनिन उनी चाहन्छन् ।

## २.११ सम्मान तथा पुरस्कार

पुरस्कारलाई आर्थिक लाभको रूपमा लिनुहुदैन बरू यो त हौसला सम्मान र प्रोत्साहनका लागि महत्त्वपूर्ण मानिन्छ । आफूले गरेको कामबाट प्रोत्साहित हुनु भनेको थप प्रेरणा, लगनशीलता र उत्साह बढ्नु हो । लामो समयदेखि साहित्य साधनामा लागेका मधुसूदनप्रसाद घिमिरेले नेपाली साहित्यमा पुऱ्याएको अमूल्य योगदानको कदर गर्दै विभिन्न संघसंस्थाले पुरस्कार र सम्मान प्रदान गरेका छन् । वाणी प्रकाशन, विराटनगरले **नवक्षितिज वाणी साहित्य पुरस्कार २०५८** बाट घिमिरेलाई सम्मान गरेको छ भने बाबा **ओमवीरसिंह प्रतिभा पुरस्कार २०६०** बाट उनी पुरस्कृत भएका छन् । त्यस्तै उनको योगदानको कदर गर्दै हाम्रो नेपाल संस्थाद्वारा २०५९ सालमा सम्मान गरिएको छ ।

## २.१२ भ्रमण

साहित्यकार मधुसूदनप्रसाद घिमिरेले नेपालका विभिन्न भू-भाग तथा छिमेकी मुलुक भारतको दार्जिलिङ्ग तथा नेपाल भारत सिमानाका केही भारतीय सहरहरूको भ्रमण गरेको देखिन्छ । इलाम, धरान, विराटनगर, जनकपुर, भैरहवा, पोखरा, बझाङ, बाँके, बर्दिया, चितवन आदि ठाउँको भ्रमण गरेका घिमिरे नयाँ नयाँ ठाउँमा घुम्न रुचाउँछन् । हाल शारीरिक अस्वस्थताले धेरै भ्रमण गर्न नसके पनि अनुकूल मिलेमा भ्रमणलाई निरन्तरता दिने सोच उनको रहेको छ ।

## २.१३ भाषिक ज्ञान

सामाजिक प्राणीका हिसाबले मानिस समाजमा रहन्छ । सामाजिकताको माध्यम भाषिक सम्प्रेषण एक महत्त्वपूर्ण हतियार हो । सानैदेखि भाषा, साहित्य जस्ता

विषयमा जिज्ञासा राख्ने मधुसूदनप्रसाद घिमिरेको भाषिक ज्ञानमा मातृभाषा नेपाली अभिन्न नै रह्यो । यसबाहेक अन्तर्राष्ट्रिय सम्पर्क भाषा अङ्ग्रेजी र देवनागरी लिपिमै रहेको अर्को प्रमुख भाषा हिन्दीको सामान्य ज्ञान पनि रहेको देखिन्छ । अङ्ग्रेजी र हिन्दी भाषा पढ्न कुनै समस्या नरहने तर लेखाइ र बोलाइमा भने नेपाली भाषापछिको दोस्रो नै रहेको बुझिन्छ । नेवारहरूको बाहुल्य रहको काठमाडौँमा जन्मिए पनि नेवारी भाषाका एक दुई शब्दको ज्ञान मात्र उनीमा रहेको छ । नेपाल भित्र बोलिने विविध भाषाहरूको उचित सम्मान हुनुपर्ने विचार उनी व्यक्त गर्छन् ।

## २.१४ वैचारिक निष्ठा र प्रतिवद्धता

कुनै पनि व्यक्तिमा जीवनलाई सही ढङ्गले बुझ्न सक्ने अवस्थाको जन्म त्यसबेला हुन्छ जुनबेला सही विचारलाई आत्मसात गर्न सकिन्छ । त्यस्तै विचारले नै मान्छेको सामाजिक, नैतिक अस्तित्व जोगाउन र उच्च स्थानमा राख्ने मुख्य कारकको भूमिका खेल्छ भन्ने कुराको ज्वलन्त उदाहरण मधुसूदनप्रसाद घिमिरेले आत्मसाथ गरेको वैचारिक आस्था, निष्ठा र प्रतिबद्धताबाट थाहा पाउन सकिन्छ । बाल्यकालदेखि नै धार्मिक-पौराणिक ग्रन्थमा आएका नैतिकता, अनुशासन, सच्चरित्रता, इमान्दारिता जस्ता मूल्य र मान्यताहरूलाई जीवनमा लागू गरेर देखाएका घिमिरेको वैचारिक राजनीतिक निष्ठा कुनै पार्टीविशेषमा नभएर त्यो व्यक्तिमा केन्द्रित हुनपुगेको देखिन्छ । प्रजातन्त्र अघि र पछि पनि राजनीतिक पार्टीहरूमा देखिएको विकृति, आपसी सत्ताको खेल र त्यसबाट जनताले भोग्नुपरेको पीडालाई आत्मसात गर्दै अघि बढेका घिमिरेले कुनै पनि वैचारिक बाटो नसमातेर स्वतन्त्रपूर्वक आफ्नो कर्मशील छविलाई अघि बढाएको देखिन्छ । उनको त्यही इमान्दारी र सच्चरित्रले सरकारी सेवामा आफू टिक्न नसकेको दावी गर्छन् । उनी गान्धीको मानवतावादी विचारबाट प्रभावित भएको पनि पाइन्छ । सरकारी सेवामा रहँदा दुईपल्ट राजीनामा दिनुको कारण पनि आफ्नो वैचारिक प्रतिबद्धतामा अडिग रहनु पनि हो ।

## २.१५ निष्कर्ष

मधुसूदनप्रसाद घिमिरेको जन्म वि.सं. २०१३ वैशाख ९ गते काठमाडौँको बानेश्वरमा भएको हो । घिमिरेको बाल्यकाल सामान्य किसिमले बित्नुका साथै शिक्षादीक्षा

पनि घरमै सुरु गरेको देखिन्छ । बाबुको जागिर र घरको खेतीपातीले घरव्यवहार ठीकसँगै चलेको भए तापनि परिवारको जेठो छोराको नाताले सानैदेखि उनमा उत्तरदायित्वको बोध भने थियो । विजय मेमोरियल स्कुल डिल्लीबजारबाट कक्षा चारदेखि कक्षा सातसम्मको अध्ययन पूरा गरेका घिमिरेले कक्षा आठदेखि कक्षा दशसम्म रत्नराज्यलक्ष्मी स्कुल बानेश्वरमा अध्ययन गरे । टेष्ट पास भए पनि बिरामी भएर एसएलसी दिन नसकेपछि अर्को वर्ष गोकर्ण माविबाट तृतीय श्रेणीमा एसएलसी उत्तीर्ण गरेका हुन् । त्यसपछिको अध्ययनलाई पारिवारिक समस्याले अघि बढ्न नदिएकाले नोकरीमा लागेका घिमिरे उनन्तीस वर्ष सरकारी सेवामा बिताएर हालः अवकाश जीवन बिताइरहेका छन् ।

सानै उमेरदेखि साहित्यतर्फ झुकाब राख्ने मधुसूदनप्रसाद घिमिरेले माध्यमिक तहमा पढाइ हुने साहित्यिक कृतिबाट प्रभावित हुँदै साहित्य सिर्जनामा लागेका हुन् । परशु प्रधानबाट प्रत्यक्ष प्रभाव ग्रहण गरी साहित्य क्षेत्रमा प्रवेश गरेका घिमिरेको पहिलो रचना **प्रतीक्षा गीत** वि.सं. २०३२ सालमा प्रकाशित भयो । त्यसपछि क्रमशः विभिन्न पत्रपत्रिकामा उनका रचना प्रकाशित हुदै गए भने हालसम्म सत्रवटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । वि.सं. २०३५ फागुनमा शर्मिला थपलियासँग विवाह गरेका घिमिरेका एक छोरा र एक छोरी रहेका छन् । कवि, कथाकार, निबन्धकार, यात्रासंस्मरणकार तथा जीवनीकारका रूपमा ख्याति कमाएका घिमिरेले नवक्षितिज वाणी साहित्य पुरस्कार २०५८ र बाबा ओमवीरसिंह प्रतिभा पुरस्कार २०६० पाएका छन् । यसैगरी हाम्रो नेपाल संस्थाद्वारा सम्मानित पनि भएका छन् । हाल साहित्यसिर्जना र अध्ययनमा व्यस्त घिमिरे नेपाली साहित्यको भण्डारको श्रीबृद्धि गर्नमा दत्तचित्त भएर लागिपरेका छन् ।

# अध्याय- तीन

## साहित्यकार मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्वको अध्ययन

### ३.१ परिचय

कुनै पनि व्यक्तिविशेषको वैयक्तिक वा निजीपन नै उसको व्यक्तित्व हो । अर्थात् व्यक्ति विशेष रूपमा निहित गुण वा क्षमता नै उसको व्यक्तित्व हो । कुनै व्यक्तिको जानकारी पाउन उसका जीवनका विविध पक्षहरूको अध्ययन गर्नुपर्ने हुन्छ । जुनसुकै व्यक्तिका आफ्ना व्यक्तित्वका लगनशीलता, क्षमता, बौद्धिकता र विचारका विभिन्न आधारहरू रहेका हुन्छन । यी कुराहरूका अतिरिक्त व्यक्तित्व निर्माणमा वंशाणुगत गुण, जैविक र सामाजिक तत्त्वको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जैविक निर्धारकहरूमा वंशाणुक्रम, शारीरिक गठन र स्वभाव, शरीर रसायन र स्नायुमण्डलको विशेष प्रभाव हुन्छ भने सामाजिक व्यक्तित्वका निर्धारकहरूमा जीवनका समग्र क्रियाकलापले प्रभाव पारेको हुन्छ । मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहनसहन, भेषभूषा, विचार र व्यवहार जस्ता सांस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहेको हुन्छ । मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई बहिर्मुखी र अन्तर्मुखी गरी दुई भागमा विभाजन गरेर हेर्ने चलन छ । बाह्य रूपमा देखिने व्यक्तित्व बहिर्मुखी व्यक्तित्व हो भने व्यक्तिगत रहेको आन्तरिक गुण, प्रतिभा, शैली, क्षमता आदि अन्तर्मुखी व्यक्तित्व हो । मधुसूदनप्रसाद घिमिरेका अन्तर्मुखी र बहिर्मुखी व्यक्तित्वलाई छुट्टाछुट्टै किसिमबाट अध्ययन गरी उनको समग्र व्यक्तित्वको यथार्थपरक जानकारी हुने भएकोले माथिका विविध पक्षहरूको आधारमा उनको समग्र व्यक्तित्वको अध्ययन तलका उपशीर्षकहरूमा गरिएको छ ।

### ३.२ शारीरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको शारीरिक व्यक्तित्व उसको शरीर संगठन, रूपरङ्ग , आकारप्रकार, लवाइखवाइ एवम् बोलिचालीको आधारमा प्रकट हुन्छ । व्यक्तिको बहिर्मुखी व्यक्तित्व भनेकै शारीरिक व्यक्तित्व हो । झट्ट हेर्दा बाहिरबाट प्रस्ट देखिने शारीरिक बुनोट र बनोटसम्बन्धी व्यक्तित्वनै बाह्य व्यक्तित्व हो । यही आधारमा मधुसूदनप्रसाद घिमिरेलाई

हेर्दा ५५औं बसन्त पार गरेका, ५ फुट ६ इन्च उचाई, ६५ किलो तौल, गहुँगोरो वर्ण, ठिक्क मोटो शरीर, फराकिलो निधार र गम्भीर मुखाकृति भएका व्यक्तित्वको रूपमा पाउन सकिन्छ । भावुक र गम्भीर प्रकृतिका मधुसूदनप्रसाद घिमिरे कम बोल्ने र सबैखाले आगन्तुकहरूसँगको आत्मियताले उनको शारीरिक बनोटलाई आकर्षक बनाएको छ । कुनै पनि बाह्य तडकभडक मन नपराउने मधुसूदनप्रसाद घिमिरे सादा जीवन र उच्च विचारमा विश्वास राख्छन् । उनको लवाइखवाइ साधारण नेपालीको झैँ देखिन्छ । सरलता, सहजता र स्वभाविकताको अनुशरण गर्दै आफ्ना भनाइ प्रस्तुत गर्नु पर्दा नम्र, शिष्ट, सौहार्दपूर्ण शैलीमा गर्दछन् । एक आम व्यक्ति भएर बाँच्न मनपराउने घिमिरेमा कुनै किसिमको उत्ताउलोपना, तडकभडक र अहम् वृत्ति पाइँदैन ।

### ३.३ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकोले समाजमा मिलेर बस्ने गर्दछ । सामाजिक मूल्य मान्यताकै परिधिमा सम्पूर्ण मानिसले आफ्नो जीवनरथ अगाडि बढाइरहेको हुन्छ । ऊ हुर्केको समाजले जस्ता प्रकारका मूल्य मान्यतामा आफूलाई ढालेको हुन्छ उसको सामाजिक व्यक्तित्वको निर्माणमा ती पक्षहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि व्यक्तिको समग्र व्यक्तित्वको अध्ययन गर्दा उसको सामाजिक व्यक्तित्वको चर्चा गर्नु पनि आवश्यक हुन्छ । सानै उमेरदेखि सामाजिक भावना भएका घिमिरे एक सामाजिक प्राणीको नाताले समाजमा मिलेर बस्न रुचाउँछन् । उनका रचनाहरूमा समाजमा घटेका अन्याय, अत्याचार, असमानता, विकृति, विसङ्गतिलाई छर्लङ्ग्याइएको हुन्छ । घिमिरे सबैसँग समान व्यवहार गर्नै गर्दछन् । कसैलाई पनि ऊँच-नीच, धनी-गरीब, ठूलो-सानो भन्ने भेदभावको भावना उनमा कहिल्यै आएन । छरछिमेकमा हुने सामाजिक कार्यमा उनको सम्लग्नता उल्लेख्य रूपमा नै रहेको देखिन्छ । विभिन्न साहित्यिक संघसंस्थासँग आबद्ध रही विभिन्न सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । सरल स्वभाव, सहनशीलता, बौद्धिकता, मिलनसारिता, सहयोगी भावना आदिका कारणले उनको सामाजिक व्यक्तित्व प्रभावकारी एवम् आकर्षक देखिन्छ ।

### ३.४ पारिवारिक व्यक्तित्व

मधुसूदनप्रसाद घिमिरेको पारिवारिक व्यक्तित्व पनि अन्य व्यक्तित्व जस्तै उच्च रहेको देखिन्छ । घरमूलीको नाताले उनले आफ्नो कर्तव्य जिम्मवारीपूर्वक निर्वाह गरेका

छन् । घिमिरेको पेन्सन र श्रीमतीको तलब अनि छोराको कमाइले घर व्यवहार चलाउन सहज भएको देखिन्छ । घरमा एक असल श्रीमान् तथा पिता भएर आफ्ना परिवारबीच समन्वय कायम राख्न उनी सफल देखिन्छन् ।

घिमिरे सधैँ खुसी रहने, कहिल्यै नरिसाउने तथा अरूको मर्का बुझ्ने कुरा उनकी श्रीमती शर्मिला बताउँछिन् । आफ्ना दुई छोराछोरीलाई पढाइमा ध्यान दिन सधैँ अभिप्रेरित गर्ने घिमिरे हालका दिनमा सानी नातिनीको हेरचाहमा पनि आफ्नो केही समय बिताउँछन् । परिवारिभित्र बसेपछि गर्नु पर्ने विविध सामाजिक कार्यहरूमा उनको सहभागिता प्रमुख रूपमा रहेको देखिन्छ । त्यस्तै घरव्यवहारका व्यावहारिक कठिनाइहरूलाई सहज एवम् बुद्धिमानीपूर्ण ढङ्गले सम्पादन गर्दै आएका छन् । घरमा आउने पाहुनाहरूको सत्कारदेखि आफन्त र छरछिमेकीहरूसँग पनि उनको व्यवहार अत्यन्त सौहार्दपूर्ण र आत्मीय रहेको देखिन्छ । यसरी मधुसूदनप्रसाद घिमिरेले आफ्नो परिवार, नातागोता र साथीभाइमाझ आफ्नो व्यक्तित्वलाई प्रतिष्ठित बनाएका छन् ।

### ३.५ अध्ययनशील व्यक्तित्व

अध्ययनशीलता सफल व्यक्तिको पहिचान हो । उसको अध्ययनले व्यक्तित्वलाई निखार्न सहयोग गरेको हुन्छ । मधुसूदनप्रसाद घिमिरे पनि अध्ययनशील देखिन्छन् । सानो छँदादेखि नै अध्ययनलाई निरन्तरता दिएका घिमिरे हालसम्म पनि अध्ययनमा उत्तिकै सक्रिय छन् । साहित्यिक कृतिदेखि लिएर गैर-साहित्यिक कृतिसम्म अध्ययन गर्ने गरेका घिमिरे पढेर कहिल्यै पनि थाक्दैनन् । एउटा पुस्तक पढ्न थालेपछि त्यसलाई नसिध्याइकन अर्को पुस्तक पढ्दैनन् । उनको अध्ययनको रुचि धार्मिक, सामाजिक तथा दार्शनिक क्षेत्रमा रहेको पाइन्छ । नियमित अध्ययनको फलस्वरूप एसएलसी मात्र पास गरे तापनि आफ्नो ज्ञानको दायरालाई भने निकै फराकिलो पार्न उनी समर्थ छन् । उनको कोठामा सानोतिनो पुस्तकालय नै छ ।

### ३.६ बौद्धिक व्यक्तित्व

मान्छे सर्वश्रेष्ठ बौद्धिक र चेतनशील प्राणी हो । आफ्नो बौद्धिकता र चेतनाको प्रयोगले नै मान्छे अन्य प्राणीहरूभन्दा अब्बल दर्जामा गनिएको छ । मानिसको

बौद्धिकतालाई अध्ययनले विस्तार गरेको हुन्छ । जति मात्रामा अध्ययन गर्दै गयो उसको बौद्धिकस्तर पनि माथि माथि बढ्दै जान्छ ।

मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्वलाई हेर्दा उनी बौद्धिक व्यक्तित्व देखिन्छन् । सधैँ अध्ययनशील र चिन्तनमा रहने घिमिरे ज्ञानका भोका देखिन्छन् । विभिन्न विषयहरूका पुस्तकहरू पढेर आफ्नो बौद्धिक स्तरलाई माथि उठाउन उनी हरपल प्रयासरत छन् । उनको बोद्धिक ज्ञानको प्रमाण उनका कृतिहरूमा यथेष्ट मात्रामा पाउन सकिन्छ । उनले प्राप्त गरेको सम्मान तथा पुरस्कारहरू पनि उनको बौद्धिकताको कदर स्वरूप प्राप्त भएका देखिन्छन् । धार्मिक, पौराणिक ग्रन्थहरू भित्रका कथाहरू तथा नीतिग्रन्थहरूको अध्ययनले पनि उनको बौद्धिकतामा थप टेवा पुगेको घिमिरे स्विकार्छन् ।

### ३.७ साहित्यकार व्यक्तित्व

साहित्य समाजको दर्पण हो । साहित्यमा जीवन र जगत्को् यथार्थ छायाँ प्रतिबिम्बित भएको हुन्छ । साहित्यकारले आफू बाँचेको समाजबाट धेरैभन्दा धेरै प्रभाव ग्रहण गरेको हुन्छ । तिनैको प्रभाव उसको साहित्यमा पनि देखापर्छ । साहित्यकार त्यही समाजको सदस्य भएकोले उ- सबाट फरक चिजको अपेक्षा गर्नु पनि सान्दर्भिक हुदैन । जीवनका सम्पूर्ण आरोह, अवरोह, घाँमछाँया, बिम्बप्रतिबिम्बलाई व्यक्त गर्ने माध्यम नै साहित्य हो भन्ने विचार राख्ने मधुसूदनप्रसाद घिमिरे साहित्यकार बन्न प्रतिभा मात्रै भएर पर्याप्त नहुने त्यसको साथसाथै लगनशीलता र कर्तव्यनिष्ठता जस्ता गुणहरू आवश्यक पर्ने सोच राख्दछन् । समाजमा देखिएका गरिबी, मानिसका दुःख, पीडा, कुरीति, कुसंस्कार, अन्याय, अत्याचार, सामाजिक विभेदजस्ता विषयमा उनले कलम चलाएका छन् । नेपाली साहित्यमा वि.सं. २०२६ सालदेखि नै आफ्नो उपस्थिति जनाउँदै आएका घिमिरेका औपचारिक यात्रा वि.सं. २०३२ सालमा **नयाँ सन्देश** साप्ताहिक पत्रिकमा प्रकाशित **प्रतीक्षा गीत** गीतिकविताबाट भएको देखिन्छ । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा उनका फुटकर रचनाहरू प्रकाशित हुँदै गएको पाइन्छ । वि.सं. २०५३ सालमा **नलुकेको वास्तविकता** कथासङ्ग्रह प्रथम पुस्तकाकार कृतिको रूपमा प्रकाशित भएका देखिन्छ ।

साहित्यिक व्यक्तित्वका हिसाबले घिमिरे बहुमुखी प्रतिभाका धनी देखिन्छन् । साहित्यमा विभिन्न विधाहरू कविता, कथा, निबन्ध, जीवनी, यात्रासंस्मरणसम्म उनको

लेखनी विस्तार भएको पाइन्छ । गद्य र पद्य दुवै विधामा कलम चलाउने बहुआयामिक व्यक्तित्वका धनी घिमिरेलाई कवि व्यक्तित्व, कथाकार व्यक्तित्व, जीवनीकार व्यक्तित्व, लेख-निबन्धकार व्यक्तित्व, यात्रासंस्मरणकार व्यक्तित्व र बालसाहित्यकार व्यक्तित्वको कोणबाट तल अध्ययन गरिन्छ ।

### ३.७.१ कवि व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाएका मधुसूदनप्रसाद घिमिरेको साहित्यिक यात्रा कविताबाटै सुरुवात भएको हो । वि.सं. २०३२ सालमा **प्रतीक्षा गीत** गीतिकविताबाट आफ्नो कवितायात्रा सुरु गरेका घिमिरेको अनौपचारिक कविता लेखन भने वि.सं. २०२६ सालतिरैबाट सुरु भएको देखिन्छ । कविता विधालाई अन्य विधाको तुलनामा बढी रुचाउने घिमिरेका दर्जनौं कविताहरू पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । पुस्तकाकार कृतिको रूपमा गद्यकवितासङ्ग्रह **सौतेनी छोरा** (वि.सं. २०५६) र **अर्पण** भक्तिकवितासङ्ग्रह ( वि.सं.२०६८) प्रकाशित भएको छ ।

स्कुले जीवनदेखि नै लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ आदिका कविता पढ्दै आफू पनि त्यस्तै कविता लेख्न पाए हुन्थ्यो भन्ने विचार मनमा खेलाइरन्थे । त्यसपछि युवाअवस्थामा प्रवेशसँगै उनले आफ्ना कवित्वभावलाई कवितामार्फत् प्रस्फुटित गर्दै लगे । उनका कविताहरूमा समाजमा विद्यमान विकृति तथा विसंङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको हुन्छ । राष्ट्रिय भावनाले ओतप्रोत कविताहरू पनि उनले लेखेका छन् । देशको प्राकृतिक सौन्दर्य, नारी पुरुष बीचको असमानता, गरिबीको पीडा, सहरिया संस्कृतिले निम्त्याएको मानवताविरोधी गतिविधि, प्रजातन्त्रप्राप्तिपछिको यथास्थितिवादी सोचको प्रभुत्व, महंगी, बेरोजगारी, घुसखोरी, चरम स्वार्थीपना, स्वास्थ्य क्षेत्रमा देखिएको विकृति, आमाप्रतिको समर्पणभाव, रतिरागात्मक एवम् प्रणय आदि विषयवस्तुसँग सम्बन्धित कविताहरू घिमिरेले सिर्जना गरेका छन् । उनका कवितामा सुन्दर र कोमल पदावलीको प्रयोग हुनुको साथै सरल बिम्ब र प्रतीकको प्रयोगले कविता बोधगम्य र सम्प्रेषणीय रहेका छन् । सरल र सुबोध शैलीमा लयात्मकता पैदा गरी श्रुतिरम्यता र पठनीयताको अनुभूति उनका कविताको अध्ययनबाट हुन्छ ।

### ३.७.२ कथाकार व्यक्तित्व

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको साहित्ययात्रा वि.सं. २०३२ सालमा कविता लेखनबाट सुरु भए तापनि कथा लेखनमा पनि उनी उत्तिकै सक्रिय रहेको देखिन्छ । वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा प्रकाशित **इच्छाहरू सल्बलाउँछन् मात्र** शीर्षकको कथाबाट उनको कथायात्राको थालनी भएको पाइन्छ । त्यसपछि उनले कथालेखनलाई निरन्तरता दिँदै गए । उनका पुस्तकाकार कथा कृतिहरू **नलुकेको वास्तविकता** (वि.सं. २०५३) र **मध्यान्तर** (वि.सं. २०६२) हुन् । यी कथासङ्ग्रहबाहेक **मधुपर्क**, **गोरखापत्र**, **मिर्मिरे, दायित्व, जनमत, रचना**, **अभिव्यक्ति, रत्नश्री, गुञ्जन**, **सर्वोत्तम, साहित्य सागर** आदि पत्रपत्रिकाहरूमा दर्जनौँ लघुकथा तथा कथाहरू प्रकाशित भएका छन् ।

बालकृष्ण सम, पुष्कर शमसेर, गुरुप्रसाद मैनाली, परशु प्रधान, हृदयचन्द्रसिंह प्रधान, भवानी भिक्षु, वि.पी. कोइराला आदिका कथाहरू अध्ययन गर्दै आफ्नो लेखनलाई अघि बढाएका घिमिरेका कथामा सामाजिक यथार्थको प्रतिबिम्बन पाइन्छ । समाजमा रहेका निम्न र निम्नमध्यम वर्गका पीडा गरिबी, मानसिक अवस्थालाई उनका कथाले प्रस्ट पार्न खोजेका छन् । कर्मचारीतन्त्रका कुरीतिहरू, मान्छेका नियति, विसङ्गतिबोध, जीवनभोगाइ, महंगी, भष्टाचार र नैतिकताको कमी जस्ता विषयहरू घिमिरेका कथामा वर्णित भएका छन् ।

नेपाली कथाको समसामयिक धारासँगै कथालेखनमा सक्रिय घिमिरेको कथामा सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोग भएको देखिन्छ । पछिल्ला समयका रचना भएका अकथा शैलीका कथाहरू त्यति नरुचाउने घिमिरे पाठकले सजिलै बुझ्न सक्ने कथा नै बढी सम्प्रेषणीय र प्रभावोत्पादक हुने विचार राख्छन् । जटिल प्रतीक र बिम्बको प्रयोगले दुरुहता मात्र बढ्ने उनको भनाइ छ । जीवन र जगत्को कुनै एक समयको चित्रण कथमा हुने भएकोले त्यो पाठकका लागि पनि सुरुचिपूर्ण हुने तर्क घिमिरे राख्छन् ।

### ३.७.३ जीवनीकार व्यक्तित्व

मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्व कथा र कविता विधासँगै जीवनी विधामा पनि उजागर भएको देखिन्छ । साहित्यिक क्षितिजलाई अझ फराकिलो पार्ने क्रममा उनले जीवनी

लेखनले पनि सहयोग गरेको छ । उनका जीवनी सम्बन्धी छुट्टै पुस्तक प्रकाशित नभए तापनि सम्बन्धित व्यक्तिका जीवनसँग निकट रहेर आफ्ना अनुभूतिहरू पोख्ने काम उनले गरेका छन् । विभिन्न लेखकहरूको लेख प्रकाशित भएको ग्रन्थमा उनले पनि आफ्ना मनोभावहरूलाई व्यक्त गरेका छन् । भरत जङ्गम, ओमवीरसिंह बस्न्यात्, पुष्पलता आचार्य र एस.पी. आशाका जीवनी सम्बन्धी पुस्तकहरूमा घिमिरेले आफ्ना विचाहरूलाई उनीहरूको सामीप्यसँग जोडेर प्रस्तुत गरेका छन् ।

### ३.७.४ लेख-निबन्धकार व्यक्तित्व

मधुसूदनप्रसाद घिमिरेले कविता, कथा र जीवनीसँगै लेख-निबन्धहरू पनि लेखेका छन् । उनका लेख-निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएका देखिन्छन् । विषयवस्तुका दृष्टिले घिमिरेका निबन्ध वस्तुपरक र आत्मपरक दुई किसिमका रहेका छन् । कुनै पनि विषयवस्तुको बाहिरी अध्ययन वस्तुपरक निबन्धमा गरिन्छ भने मनभित्रका मनोभाव समेट्ने काम आत्मपरक निबन्धमा गरिन्छ । वि.सं २०५२ सालमा **गतिविधि** साप्ताहिकमा **कर्मचारीले उचित तलब पाए** ? शीर्षकको लेखबाट उनले लेख-निबन्ध यात्रा सुरु गरे । त्यस्तै **यी जङ्गली बाघ हैनन्** (सन्ध्याकालीन दैनिक, २०५३), **हाम्रा सम्पदा** ( सन्ध्याकालीन दैनिक, २०५३ फागुन ५), **एक्काईसौँ शताब्दीमा बालसाहित्य** (नेपाल मञ्च मासिक, २०५६), **बालसाहित्यका नवीनतम प्रवृत्तिहरू** (उन्नयन, २०६३) आदि निबन्धात्मक लेखरचनाहरू प्रकाशित भएका छन् । उनका लेख-निबन्धहरू समसामयिक, सामाजिक, ऐतिहासिक, आर्थिक, साहित्यिक आदि विषयवस्तुमा केन्द्रित छन् । कर्मचारीको आर्थिक असुविधा, सांस्कृतिक सम्पदाको स्थिति, विदेशी संस्कृतिको प्रभाव, आयातमुखी अर्थनीति, उद्योगहरूको स्तर बृद्धि, बिधवा विवाह जस्ता विविध पक्ष र पाटामा घिमिरेका लेख-निबन्धहरूले प्रकाश पारेका छन् । यी लेख-निबन्धहरूको मूल स्वर प्राचीन मूल्य र मान्यताहरूको जगेर्ना, सामाजिक सुधार र सामाजिक चेतना नै हो ।

### ३.७.५ यात्रासंस्मरणकार व्यक्तित्व

यात्रासंस्मरण विधामा पनि मधुसूदन घिमिरेको कलमले स्थान पाएको छ । साहित्यका अन्य विधाको रचना गर्दा र यात्रासंस्मरणको रचना गर्दा छुट्टै प्रकारको भिन्नता

उनी महसुस गर्दछन् । जागिरे जीवनका क्रममा तथा व्यक्तिगत रूपमै पनि नेपालका विभिन्न भागको भ्रमण गरिसकेका घिमिरेले आफ्नो यात्राको क्रममा भोगेका र देखेका अविस्मरणीय घटनालाई यात्रासंस्मरणमा समेटेका छन् । वि.सं. २०५५ सालमा **हाम्रो नेपाल** पत्रिकामा **सुरवीरको यात्रा** शीर्षकको यात्रासंस्मरण लिएर उनी यस विधामा देखापरेका हुन् । त्यसपछि **बभ्काङको सेरोफेरो, खासाको यात्रा, निगालेको यात्रा, दृष्टिविहीनहरूलाई भेट्दा** (घटना र विचार २०६८) प्रकाशित भएको देखिन्छ ।

उनका जीवनका अविस्मरणीय घटनाहरू उनका नियात्राहरूमा आएका छन् । यस्ता नियात्राहरूमा वर्णित ठाउँको परिवेश, त्यहाँको रहनसहन, भाषा, संस्कृति, स्थानीय व्यक्तिहरूसँगको अन्तर्क्रिया एवम् नियात्राकारका निजी अनुभूतिहरू अटाएको छ । उनका यात्रासंस्मरणहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका भने छैनन् । संख्यात्मक हिसाबले थोरै भए पनि गुणात्मक हिसाबले उनका यात्रासंस्मरण स्तरीय छन् ।

### ३.७.६ बालसाहित्यकार व्यक्तित्व

मधुसूदनप्रसाद घिमिरेको बालसाहित्यिक व्यक्तित्व सबैभन्दा प्रखर र उर्वर रहेको देखिन्छ । रमेश खकुरेलबाट प्रेरणा पाएर बालसाहित्य लेखनमा सक्रिय रहेका उनी बताउँछन् । २०५३ सालमा **मुना** मासिक बालपत्रिकामा प्रकाशित **कर्तव्य** बालकथा नै उनको प्रथम बालसाहित्यिक रचना हो । त्यसपछि उनका अनगिन्ती बालकथा, बालकविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् ।

वि.सं. २०५४ सालमा **सङ्गतको फल** बालकथासङ्ग्रहमार्फत् बालसाहित्यको प्रथम पुस्तकाकार कृति प्रकाशन गरेका घिमिरेका **पुतलीको रङ्ग** (बालकवितासङ्ग्रह, २०५५) **सुनेका कथा** (बालकथासङ्ग्रह, २०५८), **माटोको माया** (बालकथासङ्ग्रह, २०५८), **छेपाराको घर**(बालकथासङ्ग्रह, २०५९), **तारी गाई** (बालकथासङ्ग्रह, २०६०), **कालो माला** (बालकथासङ्ग्रह, २०६०), **देखासिकी** (बालकथासङ्ग्रह, २०६२), **बारुलाको बिहे** ( बालचित्रकथा, २०६५) **सन्देश** (बालगीतिउपन्यास, २०६५), **घमण्डी भिंगा** ( बालकथासङ्ग्रह, २०६६), **पुतलीको बिहे** (बालकथासङ्ग्रह, २०६६), **को खाई को खाई** ( बालगीत, २०६६) गरि हालसम्म १३ वटा कृतिहरू प्रकाशित भएका छन् ।

बालबालिकाहरूलाई मनोरञ्जन एवम् सन्देश प्रदान गर्ने प्रमुख उद्देश्य लिएर रचना गरिएका उनका बालसाहित्यिक कृतिहरूमा अनुशासन, नैतिकता, सदाचार, राष्ट्रभक्ति, समाज सुधार, वातावरणीय संरक्षण, प्रदूषणको नियन्त्रण जस्ता विविध विषयहरूले स्थान पाएका छन् । बालबालिकाहरूलाई विभिन्न धार्मिक एवम् सामाजिक प्रसङ्गहरूबाट सत्कर्मतर्फ लाग्न प्रेरित गरिएको हुन्छ । जनावर, चरा, किराफट्याङ्ग्रादेखि मानव र दैवी पात्रसमेत घिमिरेका बालसाहित्यिक कृतिमा अटाएका छन् । सत्यको विजय र असत्यको पराजयलाई देखाएर घिमिरेले बालबालिकाहरूलाई सत्मार्गमा लाग्न अनि आफ्नो कार्य जिम्मेवारीपूर्वक पालन गर्न आग्रह गरेका छन । बालबालिकाहरूको मनोविज्ञान बुझेर उनीहरको रुचि र चाहना अनुरूपका अनेका पात्र तथा परिवेशको निर्माण गरेकोले उनको बालसाहित्यकार व्यक्तित्व सबैभन्दा उज्ज्वल छ ।

## ३.८ घिमिरेको जीवनी व्यक्तित्व र साहित्य सिर्जनाबीच सम्बन्ध

कुनै पनि सर्जक समाजभित्रै हुर्केको हुन्छ । जन्मेदेखि मृत्यु नहुञ्जेलसम्म उसले समाजभित्रै आफ्ना कार्यव्यापारलाई निरन्तरता दिइरहेको हुन्छ । समाजभित्र हुने हरेक प्रकारका गतिविधिको ऊ प्रत्यक्षदर्शी हुन्छ । त्यसैले उसले रचना गर्ने साहित्यमा पनि सोही समाजमा घटेका घटाहरूको यथार्थ आँकलन गरिएको हुन्छ । समाजबाट नै उसको व्यक्तित्वको निर्माण हुने हुँदा साहित्यमा उसले व्यतीत गरिरहेको जीवन र उसको व्यक्तित्वको प्रत्यक्ष प्रभाव परिरहेको देख्न सकिन्छ ।

मधुसूदनप्रसाद घिमिरे जुन सामाजिक र राजनीतिक परिवेशमा हुर्के त्यही प्रकारको परिवेशको चित्रण उनका साहित्यिक कृतिमा भएको छ । काठमाडौँको ग्रामीण परिवेशमा हुर्केका घिमिरेका कथा, कविता जस्ता विधामा ग्रामीण परिवेशलाई प्रमुख स्थान दिएको पाइन्छ । त्यस्तै जागिरे जीवनका क्रममा देखेका निम्नवर्गीय कर्मचारीहरूको आर्थिक दुरावस्था र विसङ्गतितर्फ उन्मुख चरित्रहरू साहित्य र जीवनी तथा व्यक्तित्व बीचका सम्बन्धलाई प्रस्ट्याउने राम्रा उदाहरण हुन् । आफूले प्रत्यक्ष रूपमा नभोगेको तर वरिपरि देखेका घटनाहरूलाई उनले कलात्मक रूप दिएर कृतिको संरचनामा ढाल्ने गर्दछन् । सानै उमेरदेखि सुनेका र पढेका धार्मिक पुस्तकहरूको अध्ययन मननबाट उनका

बालसाहित्यकृतिहरूमा अनुशासन, नैतिकता, सदाचार, सच्चरित्र, राष्ट्रियता, सामूहिकता, सत्यता, लगनशीलता जस्ता भावनाहरूलाई सन्देशको रूपमा प्रस्तुत गरेका छन् ।

यसरी मधुसूदनप्रसाद घिमिरे जुन वातावरणमा हुर्के बढे त्यहीँबाट उनको व्यक्तित्व निर्माण भएको देखिन्छ । उनको जीवनी र व्यक्तित्वले उनको साहित्यिक सिर्जनालाई प्रभावित गरेको छ । उनका रचनमा आफू बाँचेको समाजभन्दा बाहिरका समस्या र कथाव्यथाहरूलाई उनले उठाएका छैनन् । आफूले भोगेका र देखेका विषयमा नै उनको लेखन केन्द्रित हुनुले घिमिरेको जीवनी व्यक्तित्व र साहित्य सिर्जनाबीच अन्योन्याश्रित सम्बन्ध रहेको प्रस्ट हुन्छ ।

## ३.९ निष्कर्ष

मधुसूदनप्रसाद घिमिरेका व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गर्दा उनको साहित्यिक व्यक्तित्व नै सबैभन्दा उर्बर रहेको देखिन्छ । साहित्यिक व्यक्तित्वमा पनि कथाकार र कवि व्यक्तित्व प्रौढसाहित्य तथा बालसाहित्य दुबैमा प्रखर रूपले उजागर भएको छ । वि.सं. २०२६ सालदेखिनै कविता लेखनको आरम्भ गरे पनि वि.सं. २०३२ सालमा **प्रतीक्षा गीत** गीतिकविता प्रकाशनमा ल्याएर उनले औपचारिक रूपमा साहित्य सिर्जना क्षेत्रमा प्रवेश गरेको पाइन्छ । साहित्यिक व्यक्तित्वका अतिरिक्त उनको सामाजिक तथा पारिवारिक व्यक्तित्वले पनि उत्तिकै महत्त्व राख्छ । साथै बौद्धिक व्यक्तित्व, अध्ययनशील व्यक्तित्व पनि उनका व्यक्तित्वका अन्य पाटा हुन् । हालसम्म सत्रवटा पुस्तकाकार कृति प्रकाशनमा ल्याइसकेका छन् । घिमिरेको साहित्यिक यात्रा अनवरत् रूपमा चलिरहेको छ ।

यसरी कवि, कथाकार, निबन्धकार, जीवनीकार, यात्रासंस्मरणकार तथा बालाहित्यकारका रूपमा आफ्नो साहित्यिक व्यक्तित्वलाई उजागर गरेका घिमिरेका रचनामा सस्तो मनोरञ्जन मात्र नभएर गरिब र विपन्न वर्गप्रति सहानुभूति रहेको देखिन्छ । राष्ट्र, राष्ट्रियता, समाजसुधार, सच्चरित्र, अनुशासन, नैतिकता जस्ता विषयमा उनका रचनाले जोड दिएका छन् । विशेष गरेर प्रौढसाहित्यभन्दा बालसाहित्यमा नै उनको प्रतिभा बेजोड रूपले मुखरित भएको मान्नुपर्छ । यसरी एक बहुआयामिक व्यक्तित्वका धनी मधुसूदनप्रसाद घिमिरेलाई नेपाली साहित्यको उज्ज्वल ताराको रूपमा लिनसकिने निष्कर्ष प्राप्त हुन्छ ।

# अध्याय-चार

## साहित्यकार मधुसूदनप्रसाद घिमिरेको कृतित्वको अध्ययन

### ४.१ परिचय

नेपाली भाषा र साहित्यको विविध विधामा कलम चलाएका मधुसूदनप्रसाद घिमिरे मूलतः कवि र कथाकारका रूपमा स्थापित प्रतिभा हुन् । यी बाहेक निबन्ध, जीवनी यात्रासंस्मरण जस्ता विधामा पनि उनले आफ्नो प्रतिभालाई विस्तार गराएको देखिन्छ । अन्य विधाभन्दा कथा र कवितालाई सन्तुलित र संयोजित ढङ्गले उनले अघि बढाएको पाइन्छ । घिमिरे समाजलाई बुझ्ने एक प्रभावकारी माध्यमको रूपमा साहित्यलाई पाठकसमक्ष पस्कन पुग्छन् । एउटै विधामार्फत् सबै कुरा भन्न सकिन्न । कवितामा भन्न सकिने कुराहरू कथा, निबन्ध जस्ता विधामा व्यक्त गर्न सकिँदैन । आफूले कथा, कविता, निबन्ध लेख्नुको कारण यसरी बताउँछन् - "कथामा पाठकलाई तान्ने क्षमता अन्य विधामा भन्दा बढी हुन्छ । कथामा धेरै कुरा भन्न सकिन्छ । पाठकलाई गहिरो अनुभूति र सूचना दिलाउन सकिन्छ । त्यसो हुनाले मैले कथालाई प्राथमिकतामा राखेको हुँ । कथामा व्यक्त गर्न नसिकने भावहरू कवितामा अटाउँछन् भने कथा र कविता दुबैमा भन्न नसकिने कुरा निबन्धबाट व्यक्त गर्न सकिन्छ ।" (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

समसामयिक नेपाली साहित्यका एक प्रखर हस्ताक्षर मधुसूदनप्रसाद घिमिरेको साहित्यिक यात्रा बहुआयामिक छ । यस अध्यायमा उनै साहित्यकार घिमिरेका कृतिहरूको विविध कोणबाट अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.२ प्रेरणा र प्रभाव

सानैदेखि साहित्यप्रति अभिरुचि राख्ने मधुसूदनप्रसाद घिमिरेले सर्वप्रथम आफ्नै घरपरिवारबाट प्रेरणा लिएको देखिन्छ । बाल्यावस्थामा घरमा बाबुआमाले धार्मिक-पौराणिक विषयका कथाहरू पढ्दा तथा वरपर आयोजना हुने सप्ताह जस्ता धार्मिक सांस्कृतिक कार्यक्रममा कथा तथा कवितात्मक श्लोकहरू सुनेर उनमा आफू पनि त्यस्तै कथा कविताहरू लेख्न पाए हुन्थ्यो भन्ने विचार सधै मनमा राख्ने गर्दथे । बाल्यावस्थाबाट किशोरावस्थाको प्रवेशसँगै उनमा साहित्य सिर्जनाप्रतिको रुचि झन् बढ्दै गएको देखिन्छ ।

कक्षा आठदेखि कक्षा दससम्मको पाठ्यक्रममा राखिएका लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, पुष्करसमशेर, गुरुप्रसाद मैनाली आदिका कृतिहरू पढ्दै गर्दा उनले साहित्यिक लेखनको अभ्यास गर्न थाले । विशेष गरेर गुरुप्रसाद मैनालीको **नासो** कथा तथा लक्ष्मीप्रसाद देवकोटाको **'नचुङ्नु हेर कोपिला**.......' कवितांशबाट बढी प्रभाव ग्रहण गरेको उनी बताउँछन् । त्यसपछि उनले कथा र कविताहरू लेख्न थाले पनि ती च्यात्दै फाल्दै गर्न थाले । वि.सं. २०२९ सालमा साहित्यकार परशु प्रधानसँग भेट भएपछि भने उनको लुकेको प्रतिभालाई प्रस्फुटित हुने मौका मिल्यो । आफूले रचना गरेको सिर्जना च्यात्न नहुने बताउँदै लेख्न र त्यसको ढाँचा मिलाइदिने वचन प्रधानले दिएपछि उनले साहित्य सिर्जनालाई निरन्तरता दिएको देखिन्छ ।

त्यस्तै बालसाहित्य सिर्जना गर्न उनले रमेश खकुरेलबाट प्रेरणा पाएको देखिन्छ । प्रौढसाहित्यतर्फ नेपाली साहित्यले निकै फड्को मारे पनि बालसाहित्यको क्षेत्रमा भने निकै कम साहित्य लेखन हुने गरेकाले बालसाहित्यलाई माथि उठाउनुपर्छ भन्ने खकुरेलको भनाइबाट प्रभावित हुँदै उनले बालसाहित्य सिर्जनामा जुटेको देखिन्छ । हाल आएर घिमिरे बालसाहित्यमा एक प्रतिष्ठित सर्जकको नाताले क्रियाशील रहेका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार)

### ४.३ सिर्जनारम्भ र क्रियाशिलता

आन्तरिक तथा बाह्य प्रभाव र प्रेरणाबाट साहित्यको क्षेत्रमा आकर्षित भएका मधुसूदनप्रसाद घिमिरे सानैदेखि साहित्य रचनातर्फ उन्मुख र उत्प्रेरित रहेका छन् । स्कुले जीवनदेखि नै कविता र कथा लेख्न थाले पनि त्यसलाई च्यात्दै र फाल्दै गरेका घिमिरेले वि.सं. २०२९ सालमा परशु प्रधानसँग भेट भएपछि भने आफ्नो कृति छपाउने मनस्थिति बनाए । सुरुमै कसैको शैली परिष्कृत नहुने अनि अभ्यासकै क्रममा त्यो परिमार्जन हुँदै जाने भएकाले लेखन कार्यलाई निरन्तरता दिन परशु प्रधानले सल्लाह दिएपछि उनले आफूले लेखेका कथा, कविता, गीतहरू सुरक्षित राख्दै गए । यसैका परिणतिस्वरूप वि.सं. २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा **प्रतीक्षा गीत** नामक गीतिकविता प्रकाशित भएपछि उनको औपचारिक साहित्ययात्रा सुरु भयो । त्यसपछि वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा प्रकाशित **इच्छाहरू सल्बलाउँछन् मात्र** भन्ने कथाबाट उनले आख्यान क्षेत्रमा

पाइला टेकेको पाइन्छ । त्यसपछि वि.सं. २०३५ सालमा **रक्सी** शीर्षकको कविता **शुद्ध सञ्जीवनी** पत्रिकामा प्रकाशित भएको देखिन्छ । जागीरे र पारिवारिक जीवनको व्यस्तताले वि.सं. २०३६ देखि वि.सं. २०५२ सम्म उनका रचनाहरू प्रकाशित भएका छैनन् । वि.सं. २०५२ सालदेखि मात्रै उनले आफ्ना रचनालाई प्रकाशित गर्दै गएको पाइन्छ । यद्यपि साहित्यिक सिर्जनामा भने उनको निरन्तरता रहिरहेको थियो । वि.सं. २०५२ देखि कथा, कविता, लेख, निवन्ध, जीवनी, यात्रासंस्मरण जस्ता विविध विधामा उनले आफ्नो कलम चलाएर हालसम्म पनि निरन्तरता दिइरहेका छन् । वि.सं. २०५३ सालदेखि नै बालसाहित्यका क्षेत्रमा उनले आफ्नो प्रतिभालाई मुखरित गराउँदै लगे जुन हालसम्म पनि उत्तिकै क्रियाशील र प्रखर रहेको छ ।

हालसम्म उनका दुई कथासङ्ग्रह, दुई कवितासङ्ग्रह, आठ बालकथासङ्ग्रह, एक बालचित्रकथा, दुई बालकवितासङ्ग्रह, एक बालगीतिउपन्यास र एक बालगीत गरी सत्रवटा कृति प्रकाशित भइसकेका छन् । फुटकार रूपले भने सयौं कविता, कथा, निबन्ध, जीवनी यात्रासंस्मरणहरू प्रकाशित भएका छन् ।

### ४.४ साहित्यिक यात्राका चरणहरू

नेपाली साहित्यका विविध विधामा कलम चलाएका मधुसूदनप्रसाद घिमिरेको साहित्यिक यात्रा वि.सं. २०२६ सालदेखि नै सुरु भए पनि औपचारिक रूपमा वि.सं. २०३२ सालदेखि मात्र उनको रचनाले पाठकसमक्ष पुग्ने मौका पाए । त्यसपछि उनका कैयौं कृतिहरू क्रमशः पत्रपत्रिकाहरूमा तथा पुस्तकाकार कृतिमा समेटिएर प्रकाशित हुँदै आएका छन् । समाजमा रहेका विकृति, विसङ्गति, अन्याय, अत्याचार, कुरीति, कुसंस्कार जस्ता सामाजिक समस्याहरूलाई उनका रचनाले समेटेका छन् । औपचारिक तथा अनौपचारिक रूपमा व्यतीत गरेको उनको बयालीस वर्षे साहित्यिक यात्रालाई पहिल्याउँदै जाँदा निम्न तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

१. प्रथम चरण : वि.सं. २०२६ देखि वि.सं. २०३१ सम्म

२ द्वितीय चरण : वि.सं. २०३२ देखि वि.सं. २०५२ सम्म

३ तृतीय चरण : वि.सं. २०५३ देखि हालसम्म

**१. प्रथम चरण(वि.सं. २०२६ देखि वि.सं. २०३१ सम्म)**

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको साहित्यिक यात्राको प्रथम चरण वि.सं. २०२६ देखि वि. सं. २०३१ सम्म रहेको देखिन्छ । यस चरणमा उनको कुनै पनि कृति प्रकाशनमा नआए तापनि परवर्ती चरणहरूको लागि जगको काम भने गरेको मान्न सकिन्छ । स्कुले जीवनदेखि नै साहित्य सिर्जनामा लागेका घिमिरेले यस चरणमा कथा र कविता लेखनको अभ्यास गरेका थिए । सुरुमा लेख्दै च्यात्दै गरेर साहित्यिक यात्रा सुरु गरेका घिमिरेले परशु प्रधानसँगको सहकार्यपछि आफ्ना रचनालाई परिष्कृत गर्दै लगेको देखिन्छ ।

**२. द्वितीय चरण (वि.सं. २०३२ देखि वि.सं. २०५२ सम्म)**

मधुसूदनप्रसाद घिमिरेको साहित्ययात्राको द्वितीय चरण वि.सं. २०३२ देखि वि.सं. २०५२ सम्म लम्बिएको देखिन्छ । वि.सं. २०३२ सालमा **नयाँ सन्देश** साप्ताहिक पत्रिकामा प्रकाशित **प्रतीक्षा गीत** गीतिकविताबाट घिमिरेको औपचारिक साहित्ययात्रा सुरु भएको पाइन्छ । त्यसपछि वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा प्रकाशित **इच्छाहरू सल्बलाउँछन् मात्र** शीर्षकको कथा लिएर उनी आख्यानका क्षेत्रमा प्रवेश गर्दछन् । यसपछि **चौतारा** (उन्मेद, २०३५), कविता तथा **रक्सी** (शुद्ध सञ्जीवनी, २०३६) सालमा प्रकाशित भएको देखिन्छ । त्यसपछिका सोह्र बर्ष उनका कविता/कथाहरू पत्रिकामा प्रकाशित भएको देखिदैनन् । त्यसपछि एकैचोटी वि.सं. २०५२ सालमा आएर **वातावरण, विद्या देवी, प्रकृतिका आर्त पुकार, हाम्रो स्वास्थ्य, शुभकामना, म शून्यमा बिलाएँ, उनलाई पर्खदा, महँगीको म** जस्ता कविता विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् भने **उदाङ्गिएका अस्तित्व, रंगीला टोपी उनैका माथैमा** र **नून, तिउन र जागिरे जीवन** जस्ता कथा प्रकाशित भएको देखिन्छ ।

यस चरणमा उनको लेखन कथा र कविता विधामा सीमित भएको देखिन्छ । प्रेम, वातावरण, महँगी, प्रकृति जस्ता विषयवस्तुमा लेखिएका कविताहरू प्रकाशित भएका छन् । त्यस्तै समाजका विकृति विसङ्गति, अस्तित्वबोध, नारी सौन्दर्यको वर्णन जस्ता विषयवस्तुहरूमा उनका कथाहरू आएका छन् । सबै कथा र कविता फुटकर रूपमा पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् ।

**३. तृतीय चरण (वि.सं. २०५३ देखि हालसम्म)**

मधुसूदनप्रसाद घिमिरेको साहित्यिक यात्राको तेस्रो चरण वि.सं. २०५३ देखि हालसम्म विस्तारित छ । यस चरणसम्म आइपुग्दा उनको लेखनले धेरै स्तरीयता प्राप्त गरिसकेको देखिन्छ । वि.सं. २०५३ सालमा पहिलो कथासङ्ग्रह **नलुकेको वास्तविकता** निस्केपछि क्रमशः अन्य सङ्ग्रहहरू पनि प्रकाशित हुँदै आएका छन् । यस चरणमा कथा, कविता, निबन्ध, जीवनी, यात्रासंस्मरण जस्ता विधामा कलम चलाएको देखिन्छ । कथा र कविता विधा पुस्तकाकार भएर प्रस्तुत भएका छन् भने अन्य विधा फुटकर रूपमा नै सीमित छन् ।

बालसाहित्यतर्फ उनको लेखन यसै चरणबाट सुरु भएका छन् । **कर्तव्य** कथा वि.सं. २०५३ सालमा **मुना** पत्रिकामा प्रकाशित भएपछि बालकसाहित्यलेखनमा उनले पाइला अघि बढाएको देखिन्छ । बालबालिकालाई मनोरञ्जन र शिक्षा तथा सन्देश दिन सफल उनका बालसाहित्यिक कृति तथा कविता बालचित्रकथा, बालगीत र बालगीतिउपन्यास जस्ता विधा उपविधामा विस्तार भएको छ । समाजका विविध विषय वा प्रसङ्ग अनि प्राकृतिक, धार्मिक, पौराणिक विषयबस्तुलाई सरल ढङ्गले आफ्ना कृतिहरूमा उनले अटाएका छन् ।

प्रौढसाहित्य र बालसाहित्य गरी जम्मा सत्रवटा कृतिहरू हालसम्म प्रकाशित भइसकेका छन् भने फुटकर कृतिहरूमा पनि दर्जनौं संख्यामा प्रकाशित भइसकेका छन् । यस चरणमा विषयगत विविधता, संख्यात्मक बृद्धि, गुणात्मकता, सन्देशमूलकता, औपदेशिकता, यथार्थको उजागर, भविष्यप्रतिको आशावादिता जस्ता प्रवृत्तिहरू देखिन्छन् भने बौद्धिकता र दार्शनिकताको आभाष पनि मिल्दै जान थालेको देखिन्छ । विधागत मूल्य मान्यतामा आधारित भएर कृतिहरूको रचना भएको पाइन्छ ।

## ४.५ कृतित्वको विवरण

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको साहित्यिक यात्रा कथा, कविता, निबन्ध, जीवनी, यात्रासंस्मरण सम्म फैलिएको छ । बालसाहित्यतर्फ पनि कथा, कविता, चित्रकथा, गीतिबालउपन्यास जस्ता विधा, उपविधाहरूमा उनको कलमले व्याप्ति पाएको छ । वि.सं.

२०३२ सालदेखि साहित्यिक यात्रा सुरु गरेका घिमिरेका कृतिहरूको विवरण तल प्रस्तुत गरिएको छ :

### ४.५.१ प्रौढसाहित्यिक कृतिहरूको विवरण

मधुसूदनप्रसाद घिमिरेले चारवटा प्रौढसाहित्यिक कृतिहरूको रचना गरेका छन् भने फुटकर कृतिहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेको पाइन्छ । प्रौढसाहित्यिक कृतिहरूको विवरण तल प्रस्तुत गरिएको छ :

**क) नलुकेको वास्तविकता कथासङ्ग्रहभित्रका कथाहरूको विवरण**

| **क्र सं.** | **कथाको शीर्षक** | **कथासङ्ग्रहको नाम** | **पृष्ठ** |
|---|---|---|---|
| १ | यौटा यात्रामा | नलुकेको वास्तविकता | १ |
| २ | इनाम | नलुकेको वास्तविकता | ६ |
| ३ | सिरियल नम्बर | नलुकेको वास्तविकता | ११ |
| ४ | माथ्लाघरे ठाइलो | नलुकेको वास्तविकता | १५ |
| ५ | अन्त्यहीन विश्वास | नलुकेको वास्तविकता | १९ |
| ६ | दुस्साहासको परिणाम | नलुकेको वास्तविकता | २४ |
| ७ | स्वाभिमानको विवशता | नलुकेको वास्तविकता | २८ |
| ८ | विकासे तारा | नलुकेको वास्तविकता | ३५ |
| ९ | कोइराल्नी र उनको जिजीविषा | नलुकेको वास्तविकता | ३९ |
| १० | रामेको आशा | नलुकेको वास्तविकता | ४४ |
| ११ | चेलीको व्यथा-कथा | नलुकेको वास्तविकता | ४७ |
| १२ | तीतो सत्य | नलुकेको वास्तविकता | ५२ |
| १३ | नलुकेको वास्तविकता | नलुकेको वास्तविकता | ५८ |
| १४ | हा.कि.म. | नलुकेको वास्तविकता | ६२ |
| १५ | मुसुरी दिदी | नलुकेको वास्तविकता | ६५ |
| १६ | रंगीला टोपी उनैका माथैमा | नलुकेको वास्तविकता | ६९ |
| १७ | उदाङ्गिएका अस्तित्व | नलुकेको वास्तविकता | ७१ |

| | | | |
|---|---|---|---|
| १८ | नून, तिहुन र जागिरे जीवन | नलुकेको वास्तविकता | ७७ |
| १९ | इच्छाहरू सल्बलाउँछन् मात्र | नलुकेको वास्तविकता | ८० |
| २० | ठूली र एडस् | नलुकेको वास्तविकता | ८५ |

**ख) मध्यान्तर कथासङ्ग्रहभित्रका कथाहरूको विवरण**

| **क्र सं.** | **कथाको शीर्षक** | **कथासङ्ग्रहको नाम** | **पृष्ठ** |
|---|---|---|---|
| १ | फक्रन नसकेको फूल | मध्यान्तर | १ |
| २ | छुनमुने घर | मध्यान्तर | ६ |
| ३ | छलफल | मध्यान्तर | १२ |
| ४ | योग्यता | मध्यान्तर | १६ |
| ५ | मध्यान्तर | मध्यान्तर | २१ |
| ६ | यो घुस होइन | मध्यान्तर | २७ |
| ७ | केही क्षण- केही तरङ्ग | मध्यान्तर | ३० |
| ८ | गहिराई | मध्यान्तर | ३६ |
| ९ | वाध्यता | मध्यान्तर | ४२ |
| १० | राधाको भावना | मध्यान्तर | ४७ |
| ११ | निर्णय | मध्यान्तर | ५१ |
| १२ | दिदीको साथी | मध्यान्तर | ५४ |
| १३ | एक किलो मासु | मध्यान्तर | ५७ |
| १४ | चेतनाको तहर | मध्यान्तर | ६१ |
| १५ | सातौं सन्तान | मध्यान्तर | ६६ |
| १६ | समानता | मध्यान्तर | ७० |
| १७ | मित बा | मध्यान्तर | ७६ |
| १८ | बल्न नपाएको चुल्हो | मध्यान्तर | ८१ |
| १९ | अन्धो | मध्यान्तर | ८४ |

| | | | |
|---|---|---|---|
| २० | अधिकार | मध्यान्तर | ८७ |
| २१ | अन्तर्वार्ता | मध्यान्तर | ८९ |
| २२ | असमानता | मध्यान्तर | ९१ |
| २३ | भाग्य | मध्यान्तर | ९२ |
| २४ | राहु | मध्यान्तर | ९४ |
| २५ | हली परीक्षा | मध्यान्तर | ९५ |
| २६ | यथार्थता | मध्यान्तर | ९७ |
| २७ | बोध | मध्यान्तर | ९९ |
| २८ | परजीवी | मध्यान्तर | १०१ |
| २९ | उपलब्धि | मध्यान्तर | १०३ |

**ग) फुटकर कथा/लघुकथाहरूको विवरण**

| **क.सं.** | **फुटकरकथा/लघुकथाहरूको शीर्षक** | **प्रकाशन संस्था/पत्रिका** | **प्रकाशन मिति** |
|---|---|---|---|
| १ | तरकारीको महत्त्व | हाम्रो स्वास्थ्य | २०५३ असार १७ |
| २ | हेलचेक्र्याइ | खोपपत्रिका | २०५३ साउन २४ |
| ३ | चेतनाको लहर | परिवार | २०५३ पुस |
| ४ | पूनर्जन्म | खोपपत्रिका | २०५४ असार |
| ५ | उत्सुकता | हाम्रो स्वास्थ्य | २०५४ असार |
| ६ | नसेको नियति | खोप पत्रिका | २०५४ कार्तिक |
| ७ | सहिद पत्नी | गोरखापत्र | २०५७ फागुन १३ |
| ८ | जूनकिरी | हाम्रो परिवार स्वास्थ्य | २०५८ असार १४ |
| ९ | सुन्तलीको वा | हाम्रो परिवार स्वास्थ्य | २०५८ असार २६ |
| १० | भेद | मधुपर्क | २०५८ भाद्र |
| ११ | रित्तो मान्छे | सौगात | २०५८ चैत २४ |

| | | | |
|---|---|---|---|
| १२ | उपकार | अभिव्यक्ति | २०५९ असार २२ |
| १३ | लाटो माथि राजनीति | गोरखापत्र | २०६० जेठ ३ |
| १४ | यो घुस होइन | बन्दना त्रैमासिक | २०६०जेठ २५ |
| १५ | चिन्ता | अन्नपूर्ण पोष्ट | २०६० असोज १० |
| १६ | बेलाको बोली | साधना | २०६० चैत |
| १७ | काठमाडौं त बैंकक पो भएछ | मनोहरा स्मारिका | २०६१ वैशाख २१ |
| १८ | भूल | जनमत मासिक | २०६१ जेठ १८ |
| १९ | क्षितिज पारी | रचना | २०६१ असार ३ |
| २० | आकृति | अभिव्यक्ति | २०६१ मंसिर १० |
| २१ | आजकी सीता | गोरखापत्र | २०६२ वैशाख १३ |
| २२ | कथाको कथा | शिवपुरी सन्देश | २०६१ वैशाख २६ |
| २३ | एक्लोमनको यात्री | दक्षिणा मासिक | २०६१ जेठ १ |
| २४ | टनटन | दायित्व | २०६२ भाद्र १ |
| २५ | अरूको के मतलब | रचना | २०६२ मंसिर १२ |
| २६ | यौटीको माया | गोरखापत्र | २०६३ कार्तिक १२ |
| २७ | बाबुको श्राद्ध | रचना | २०६४ असोज ३ |
| २८ | अन्धविश्वास | गोरखापत्र | २०६४ असोज १९ |
| २९ | पिउन साहेब | मधुपर्क | २०६४ असोज १९ |
| ३० | कामधेनु | अन्नपूर्ण पोष्ट | २०६४ माघ ५ |
| ३१ | चेली भावना | दायित्व | २०६४ चैत १ |
| ३२ | विमोचन | मिर्मिरे | २०६४ चैत ३० |
| ३३ | मिस्टर क | जनमत | २०६५ माघ |
| ३४ | मनको गमला | मधुपर्क | २०६६ असोज |

## घ) सौतेनी छोरो कवितासङ्ग्रहभित्रका कविताहरूको विवरण

| क.सं. | कविताको शीर्षक | कवितासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | मेरो सहिदहरूलाई | सौतेनी छोरो | १ |
| २ | साहिँली गुरुङ्नीप्रति | सौतेनी छोरो | २ |
| ३ | यहाँ जे पनि हुन्छ | सौतेनी छोरो | ३ |
| ४ | अधिकारको अन्धो | सौतेनी छोरो | ५ |
| ५ | यी अर्जुन महाभारतका होइनन् | सौतेनी छोरो | ६ |
| ६ | महिलाको भूमिका | सौतेनी छोरो | ८ |
| ७ | नेपाल बन्द | सौतेनी छोरो | ९ |
| ८ | गैराघरे जूठे | सौतेनी छोरो | १० |
| ९ | मान्छे | सौतेनी छोरो | ११ |
| १० | चुनाब आयो फेरि | सौतेनी छोरो | १२ |
| ११ | कोदाली | सौतेनी छोरो | १३ |
| १२ | अचेल | सौतेनी छोरो | १४ |
| १३ | काठमाडौं शहर | सौतेनी छोरो | १५ |
| १४ | देश बिरामी भएको छ | सौतेनी छोरो | १६ |
| १५ | सौतेनी छोरो | सौतेनी छोरो | १७ |
| १६ | मलामी | सौतेनी छोरो | १८ |
| १७ | तीन टुक्रा | सौतेनी छोरो | १९ |
| १८ | भो, अब म कविता लेख्दिन | सौतेनी छोरो | २० |
| १९ | आजको ग्रहण | सौतेनी छोरो | २१ |
| २० | प्राकृतिक इलाम | सौतेनी छोरो | २३ |
| २१ | धेरै कुरा साँगुरो छ | सौतेनी छोरो | २४ |
| २२ | केवल लरखराइरहेछु | सौतेनी छोरो | २५ |
| २३ | ऊ नारी हो | सौतेनी छोरो | २६ |

| | | | |
|---|---|---|---|
| २४ | यो जागिर कस्ता कस्तो | सौतेनी छोरो | ३० |
| २५ | नयन पनि सुक्दो रहेछ | सौतेनी छोरो | ३२ |
| २६ | वयस्क प्रजातन्त्र | सौतेनी छोरो | ३४ |
| २७ | ऊ कहाँ पो गएछ ? | सौतेनी छोरो | ३५ |
| २८ | चक्का जाम | सौतेनी छोरो | ३६ |
| २९ | मन बहिरहेछ | सौतेनी छोरो | ३७ |
| ३० | आमा | सौतेनी छोरो | ३९ |
| ३१ | भाषण | सौतेनी छोरो | ३७ |
| ३२ | मेरो कन्याम | सौतेनी छोरो | ३९ |
| ३३ | बोलीलाई व्यवहारमा उतार्न सिक | सौतेनी छोरो | ४० |
| ३४ | नरिसाउ है | सौतेनी छोरो | ४१ |
| ३५ | मुस्कान | सौतेनी छोरो | ४२ |
| ३६ | देवी आइन् भावनामा | सौतेनी छोरो | ४३ |
| ३७ | कालरात्री | सौतेनी छोरो | ४५ |
| ३८ | इन्द्रेणीसँग माया गर्दा | सौतेनी छोरो | ४७ |
| ३९ | हेर्नुछ घुम्टो उघारी चिन्डीएकी वनदेवीको | सौतेनी छोरो | ४८ |
| ४० | सुन्दर पोखरी | सौतेनी छोरो | ४९ |
| ४१ | व्यस्त सडक | सौतेनी छोरो | ५१ |
| ४२ | महँगीको म | सौतेनी छोरो | ५४ |
| ४३ | मलाइ आशा छ | सौतेनी छोरो | ५५ |
| ४४ | देशको गोली | सौतेनी छोरो | ५७ |
| ४५ | काँसको थाल | सौतेनी छोरो | ५९ |
| ४६ | दिनचर्या | सौतेनी छोरो | ६१ |
| ४७ | तिम्रै हो यो देश | सौतेनी छोरो | ६२ |
| ४८ | गाउँको विकास | सौतेनी छोरो | ६३ |
| ४९ | भोरको आह्वान | सौतेनी छोरो | ६४ |

**ङ) अर्पण भक्तिकवितासङ्ग्रहभित्रका कविताहरूको विवरण**

| **क्रम संख्या** | **कविताको शीर्षक** | **कवितासङ्ग्रहको नाम** | **पृष्ठ** |
|---|---|---|---|
| १ | अर्पण | अर्पण | ६ |
| २ | हरि नाम गाऊँ | अर्पण | २७ |
| ३ | सरस्वती बन्दना | अर्पण | २८ |
| ४ | मुक्ति पाऊँ | अर्पण | २९ |
| ५ | दिगम्बर भोले बाबा | अर्पण | ३० |
| ६ | यिनकै भर परौं | अर्पण | ३१ |
| ७ | गुरु विनायक | अर्पण | ३२ |

**च) फुटकर कविताहरूको विवरण**

| **क.सं.** | **कविताको शीर्षक** | **प्रकाशन संस्था/पत्रिका** | **प्रकाशन मिति** |
|---|---|---|---|
| १ | प्रतीक्षा गीत | नयाँ सन्देश | २०३२ |
| २ | चौतारा | उन्मेद | २०३५ |
| ३ | रक्सी | शुद्ध सञ्जीवनी | २०३६ |
| ४ | प्रकृतिको आर्त पुकार | कान्तिपुर कोसेली | २०५२ भाद्र २४ |
| ५ | म शून्यमा बिलाएँ | परिक्रमा | २०५२ माघ |
| ६ | पर रहेकी प्रेयसी | रङ्गमञ्च पाक्षिक | २०५३ असार ३१ |
| ७ | गन्धमती | सुगन्ध | २०५३ साउन ३१ |
| ८ | मातृत्व | विश्वामित्र | २०५३ असोज २० |
| ९ | आमाको आशा | नयाँ कविता | २०५३ कार्तिक |
| १० | हाम्रो वन | शब्दपथ साप्ताहिक | २०५४ पुष २० |

| | | | |
|---|---|---|---|
| ११ | मानस पटलकी संगिनी | परिषद् पत्र | २०५४ माघ ०३ |
| १२ | हुन्छ र ? | गतिविधि साप्ताहिक | २०५४ चैत १६ |
| १३ | म गुन्द्रुक | हिमशिखर | २०५६ चैत १७ |
| १४ | लोड सेडिङको साइत हुँदैन | पुर्नजागरण साप्ताहिक | २०५७ साउन ३१ |
| १५ | अरूकै लागि | सुदूर दीप | २०५८ असार ३१ |
| १६ | प्यारी उठौं कि अब ता कुखुरा कराए | नारी उद्घोष | २०५८ भाद्र ०१ |
| १७ | आऊ प्रिय ! गर्भादान गरौं | मिर्मिरे | २०५८ पुस २६ |
| १८ | श्रद्धा सुमन | नारी उद्घोष | २०५७ साउन ३१ |
| १९ | रिचोक्टारको सम्झना | दायित्व | २०५९ वैशाख २७ |
| २० | सुहाग मिलन | घटना र विचार | २०५९ साउन २२ |
| २१ | औषधि कि विष ? | घटना र विचार | २०६० वैशाख १७ |
| २२ | पुष्पलता परागा | मानचित्र | २०६० भाद्र २० |
| २३ | टेण्डर आह्वान | घटना र विचार | २०६० मंसिर ०३ |
| २४ | खाडल | शिवपुरी सन्देश | २०६० मंसिर २८ |
| २५ | नयाँ बर्ष | पुनर्जागरण साप्ताहिक | २०६१ वैसाख ०१ |
| २६ | गुराँस | नारी उद्घोष | २०६१ ऋसार २४ |
| २७ | अमृतजल | पुनर्जागरण साप्ताहिक | २०६२ भाद्र १४ |
| २८ | म सुकेको ढोड हुँ | अन्तरबोध | २०६४ चैत ३० |
| २९ | मेलम्ची | कामना | २०६५ साउन २८ |
| ३० | मेरा गुरु | दायित्व | २०६६ वैशाख १० |
| ३१ | म त प्राज्ञ बन्छु | पूजा स्मारिका | २०६६ मंसिर १० |
| ३२ | कविजी हामीलाई माफ गर | | |

**छ) फुटकर लेख/निबन्धहरूको विवरण**

| **क्र.सं.** | **फुटकर लेख/निबन्धहरूको शीर्षक** | **प्रकाशन संस्था/पत्रिका** | **प्रकाशन मिति** |
|---|---|---|---|
| १ | कर्मचारीले उचित तलब पाएनन् ? | गतिविधि साप्ताहिक | २०५२ साउन ६ |

| | | | |
|---|---|---|---|
| २ | यी जङ्गली बाघ हैनन् | सन्ध्याकालीन दैनिक | २०५३ माघ |
| ३ | हाम्रा सम्पदा | सन्ध्याकालीन दैनिक | २०५३ फागुन ५ |
| ४ | खरानी पनि अब विदेशबाटै ? | साँघु साप्ताहिक | २०५४असार २८ |
| ५ | के नेपालमा स्तरीय पाठ्यक्रम तयार हुदैन ? | हिमालय टाइम्स | २०५४ मंसिर ९ |
| ६ | पोलिया बारे केही कुरा | घटना र विचार | २०५४ मंसिर १२ |
| ७ | साना घरेलु उद्योगलाई कसरी व्यापक बनाउने | गतिविधि | २०५४ माघ २६ |
| ८ | हामी कर्मचारीले खानै नपाउने ? | घटना र विचार | २०५६ मंसिर ८ |
| ९ | एक्काइसौँ शताब्दीमा बालसाहित्य | नेपाल मञ्च | २०५६ चैत २२ |
| १० | बाल साहित्यमा अभिभावकको योगदान | शुभकामना | २०५७ मंसिर ६ |
| ११ | बिधवा विवाह | नारी उद्घोष | २०६०कार्तिक २५ |
| १२ | सहिद र बालसाहित्य | घटना र विचार | २०६१ माघ १३ |
| १३ | शुभकामना | हाम्रो नेपाल | २०६२ वैशाख ३१ |
| १४ | बालसाहित्यका नवीनतम् प्रवृत्तिहरू | उन्नयन | २०६३ मंसिर १ |

## ज) फुटकर यात्रासंस्मरणहरूको विवरण

| **क.सं.** | **फुटकर यात्रासंस्मरणहरूको शीर्षक** | **प्रकाशन संस्था/पत्रिका** | **प्रकाशन मिति** |
|---|---|---|---|
| १ | सुरवीरको यात्रा | हाम्रो नेपाल | २०५५ जेठ २५ |
| २ | बझाङको सेरोफेरो | मधुपर्क | २०६१ वैशाख १ |
| ३ | खासाको यात्रा | | |
| ४ | निगालेको यात्रा | | |
| ५ | दृष्टिविहीनहरूलाई भेट्दा | घटना र विचार | २०६८ जेठ ४ |

## झ) फुटकर जीवनीहरूको विवरण

| **क.सं.** | **फुटकर जीवनीहरूको शीर्षक** | | |
|---|---|---|---|
| १ | कालजयी व्यक्तित्व-भरत जङ्गम | | |

| | | | |
|---|---|---|---|
| २ | सिर्जनाका आलोकमा वरिष्ठ कवि-ओमवीरसिंह वस्न्यात् | | |
| ३ | शोक र सङ्घर्ष-पुष्पलता आचार्य | | |
| ४ | एस.पी. आशाको जीवनी | | |

### ४.५.२ बालसाहित्यिक कृतिहरूको विवरण

मधुसूदनप्रसाद घिमिरेका तेह्रवटा बालसाहित्यिक कृतिहरू सङ्ग्रहका रूपमा प्रकाशित भएका छन् । ती सङ्ग्रहभित्रका रचनाहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

**क) सङ्गतको फल बालकथासङ्ग्रहभित्रका कथाहरूको विवरण**

| क.सं. | कथाको शीर्षक | कथासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | कर्तव्य | सङ्गतको फल | १ |
| २ | मूर्ख माछा | सङ्गतको फल | ४ |
| ३ | कमाई | सङ्गतको फल | ६ |
| ४ | ज्ञान ठूलो | सङ्गतको फल | ८ |
| ५ | महत्त्व | सङ्गतको फल | १० |
| ६ | राष्ट्रियता | सङ्गतको फल | १३ |
| ७ | नैतिकता | सङ्गतको फल | १५ |
| ८ | दुःख र सुख | सङ्गतको फल | १८ |
| ९ | कुसङ्गत | सङ्गतको फल | २२ |

**ख) पुतलीको रङ्ग बालकवितासङ्ग्रहभित्रका बालकविताहरूको विवरण**

| क.सं. | कविताको शीर्षक | कवितासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | आकाशको तारा | पुतलीको रङ्ग | १ |
| २ | प्रकृति | पुतलीको रङ्ग | ३ |

| | | | |
|---|---|---|---|
| ३ | पाठो | पुतलीको रङ्ग | ४ |
| ४ | देशको शृङ्गार | पुतलीको रङ्ग | ५ |
| ५ | खरायो | पुतलीको रङ्ग | ६ |
| ६ | मुसा र विरालो | पुतलीको रङ्ग | ७ |
| ७ | पुतलीको रङ्ग | पुतलीको रङ्ग | ८ |
| ८ | कमिलाको ताँती | पुतलीको रङ्ग | ९ |
| ९ | नेपाली धन हिमाली पन | पुतलीको रङ्ग | १०ं |
| १० | हाम्रो नेपाल | पुतलीको रङ्ग | ११ |
| ११ | म विद्यार्थी | पुतलीको रङ्ग | १२ |
| १२ | पाल्तु कुकुर | पुतलीको रङ्ग | १४ |
| १३ | गाई | पुतलीको रङ्ग | १५ |
| १४ | कम्प्युटर | पुतलीको रङ्ग | १७ |
| १५ | म फूल | पुतलीको रङ्ग | १९ |
| १६ | गरिब | पुतलीको रङ्ग | २० |

### ग) सुनेका कथा बालकथासङ्ग्रहभित्रका बालकथाहरूको विवरण

| क.सं. | कथाको शीर्षक | कथासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | दक्षको अभिमान | सुनेका कथा | १ |
| २ | बाबु को हो ? | सुनेका कथा | ६ |
| ३ | आफ्नो समूह | सुनेका कथा | ११ |
| ४ | समुद्र मन्थन | सुनेका कथा | १५ |
| ५ | बालक ध्रुव | सुनेका कथा | २० |

घ) माटोको माया बालकवितासङ्ग्रहभित्रका बालकविताहरूको विवरण

| क्र.सं. | कविताको शीर्षक | कवितासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | हत्केलामा माटो | माटोको माया | १ |
| २ | इन्द्रेणी दिदी | माटोको माया | ३ |
| ३ | ऋतु र ग्रह | माटोको माया | ४ |
| ४ | हामी सँगै पढ्छौं | माटोको माया | ६ |
| ५ | नेपाली हौ हामी | माटोको माया | ८ |
| ६ | खेल्न जाऊँ हामी | माटोको माया | ९ |
| ७ | छोरा जस्तै छोरी | माटोको माया | ११ |
| ८ | बा, आमा | माटोको माया | १३ |
| ९ | बिरालो | माटोको माया | १४ |
| १० | यही गीत गाऊँ | माटोको माया | १५ |
| ११ | ऋतु महिमा | माटोको माया | १६ |
| १२ | तिहार | माटोको माया | १८ |
| १३ | परिश्रम | माटोको माया | १९ |
| १४ | पृथ्वी तिमीलाई शुभकामना | माटोको माया | २० |

ङ) छेपाराको घर बालकथासङ्ग्रहभित्रका बालकथाहरूको विवरण

| क्र.सं. | कथाको शीर्षक | कथासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | पुस्तक | छेपाराको घर | १ |
| २ | सबिनाको हार्दिकता | छेपाराको घर | ७ |
| ३ | भाइको सम्झना | छेपाराको घर | ११ |
| ४ | छेपाराको घर | छेपाराको घर | १८ |

च) तारी गाई बालकथासङ्ग्रहभित्रका बालकथाहरूको विवरण

| क्र.सं. | कथाको शीर्षक | कथासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | तारी गाई | तारी गाई | १ |
| २ | दायित्व | तारी गाई | ५ |
| ३ | एलिसाको सोचाई | तारी गाई | ११ |
| ४ | झगडाको बिउ | तारी गाई | १४ |
| ५ | भँगेराले त नमस्कार पो गऱ्यो ! | तारी गाई | १८ |

छ) कालो माला बालकथासङ्ग्रहभित्रका बालकथाहरूको विवरण

| क्र.सं. | कथाको शीर्षक | कथासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | बकुल्लाको तपस्या | कालो माला | ६ |
| २ | काग र कोइली | कालो माला | ११ |
| ३ | कालो माला | कालो माला | १६ |
| ४ | तित्राको मुखै बैरी | कालो माला | २१ |
| ५ | राजाको खोजीमा | कालो माला | २४ |
| ६ | हाँसको हिडाइ | कालो माला | २९ |

ज) देखासिकी बालकथासङ्ग्रहभित्रका बालकथाहरूको विवरण

| क्र.सं. | कथाको शीर्षक | कथासङ्ग्रहको नाम | पृष्ठ |
|---|---|---|---|
| १ | सहमतिको परिणाम | देखासिकी | १ |
| २ | सदुपयोग | देखासिकी | ५ |
| ३ | पेशा | देखासिकी | ८ |
| ४ | देखासिकी | देखासिकी | ११ |

| | | | |
|---|---|---|---|
| ५ | गरिबको परीक्षा | देखासिकी | १४ |
| ६ | वरदान | देखासिकी | १७ |
| ७ | वर-पीपल र पारिजात | देखासिकी | २० |

**झ) बारुलाको बिहे बालचित्रकथा**

**ञ) सन्देश बालगीतिउपन्यास**

**ट) घमण्डी झिंगा बालकथासङ्ग्रहका बालकथाहरूको विवरण**

| **क.सं.** | **कथाको शीर्षक** | **कथासङ्ग्रहको नाम** | **पृष्ठ** |
|---|---|---|---|
| १ | रञ्जनको विचार | घमण्डी झिंगा | १ |
| २ | अन्तर-कुन्तर | घमण्डी झिंगा | ४ |
| ३ | घमण्डी झिंगा | घमण्डी झिंगा | ६ |
| ४ | मन | घमण्डी झिंगा | ८ |
| ५ | जाऊँ घर जाऊँ | घमण्डी झिंगा | १३ |
| ६ | सक्रियता | घमण्डी झिंगा | १५ |
| ७ | सीताले कुरा बुझी | घमण्डी झिंगा | १८ |

**ठ) पुतलीको बिहे बालकथासङ्ग्रहका बालकथाहरूको विवरण**

| **क.सं.** | **कथाको शीर्षक** | **कथासङ्ग्रहको नाम** | **पृष्ठ** |
|---|---|---|---|
| १ | स्यालको प्रतिज्ञा | पुतलीको बिहे | १ |
| २ | किसानको हिम्मत | पुतलीको बिहे | ५ |
| ३ | ईर्ष्याको फल | पुतलीको बिहे | ७ |
| ४ | एकत्रित मन | पुतलीको बिहे | १० |
| ५ | स्वाभिमान | पुतलीको बिहे | १४ |
| ६ | पुतलीको बिहे | पुतलीको बिहे | १९ |
| ७ | सहयोग | पुतलीको बिहे | १९ |

ड) को खाई को खाई बालगीत

ढ) फुटकर बालकथाहरूको विवरण

| क.सं. | फुटकर बालकथाहरूको शीर्षक | प्रकाशन संस्था/पत्रिका | प्रकाशन मिति |
|---|---|---|---|
| १ | अनुहारभन्दा ज्ञान ठूलो | सुनकेस्रा | २०५४ माघ |
| २ | कुन्दनका आँखा खुले | हिमालय टाइम्स | २०५४ फागुन १६ |
| ३ | कमाई | सुनकेस्रा | २०५५ वैशाख |
| ४ | म कम्प्युटर | कान्तिपुर | २०५५ जेठ १५ |
| ५ | काम | मुना | २०५५ फागुन |
| ६ | परिवर्तन | रेडियो नेपाल बालकार्यक्रम | २०५६ जेठ १३ |
| ७ | डल्लेको कुकुर | कान्तिपुर साप्ताहिक | २०५६ असार ३२ |
| ८ | पहिलो घण्टी | बालक | २०५६ पुस १३ |
| ९ | भनेको नमान्दा | कान्तिपुर साप्ताहिक | २०५७ जेठ १७ |
| १० | हर्केको दशैं | कान्तिपुर साप्ताहिक | २०५८ कार्तिक ३ |
| ११ | यन्त्रमानव | सुनकेस्रा | २०५८ पुस |
| १२ | टिपीरहन नपर्ने फूल | अन्नपूर्ण पोष्ट | २०६० फागुन १२ |
| १३ | उपहार | गोरखापत्र | २०६०कार्तिक २२ |
| १४ | बिरालोको जन्म | अन्नपूर्ण पोष्ट | २०६० फागुन २ |
| १५ | शत्रुको मूल्य | गोरखापत्र | २०६० चैत्र १४ |
| १६ | चुलबुले बाच्छी | अन्नपूर्ण पोष्ट | २०६१ जेठ १६ |
| १७ | इच्छा | कान्तिपुर साप्ताहिक | २०६१ जेठ २८ |
| १८ | एम्बुलेन्स | अन्नपूर्ण पोष्ट | २०६१ भाद्र १९ |
| १९ | सर्प र न्याउरी | कान्तिपुर कोपिला | २०६१ पुस १६ |

| | | | |
|---|---|---|---|
| २० | गुन | कान्तिपुर कोपिला | २०६२ वैशाख २ |
| २१ | फट्याङ्ग्रो | सुनकेस्रा | २०६२ वैशाख |
| २२ | स्वागत | मुना | २०६२ कार्तिक |
| २३ | राजकुमारको बिहे | सुनकेस्रा | २०६२ मंसिर |
| २४ | अंशवण्डा | बालमार्ग | २०६२ मंसिर १३ |
| २५ | दिदी नमस्कार | अन्नपूर्ण पोष्ट | २०६२ माघ ८ |
| २६ | मलेसियन छोरो | अन्नपूर्ण पोष्ट | २०६२ चैत्र १९ |
| २७ | कार्टुन चित्रको जन्मदिन | मुना | २०६४ जेठ |
| २८ | मखमली | अन्नपूर्ण पोष्ट | २०६५ कार्तिक ९ |
| २९ | हात्तीको फुर्ती | मुना | २०६७ असार |
| ३० | बाबाको माया | कान्तिपुर कोपिला | २०६८ साउन २९ |

**ण) फुटकर बालकविताहरूको विवरण**

| क.सं. | **फुटकर बालकविताहरूको शीर्षक** | **प्रकाशन सस्था/पत्रिका** | **प्रकाशन मिति** |
|---|---|---|---|
| १ | खाऊ भन्छिन् आमा | मुना | २०५९ मंसिर |
| २ | बिहानी | सुनकेस्रा | २०६० साउन |
| ३ | हामी हिमाल | बालक | २०६० मंसिर ७ |
| ४ | नानीको बानी | मुना | २०६० पुस |
| ५ | सुरी म्याउँ | सुनकेस्रा | २०६१ असार |
| ६ | छोरीको रहर | मुना | २०६२ वैशाख |
| ७ | कुचो | चिचिला मासिक | २०६२ असार |
| ८ | बाँस | बालक | २०६४ माघ ५ |
| ९ | जाँतो | बालक | २०६५ असार १० |

### ४.६ मधुसूदनप्रसाद घिमिरेको विधागत साहित्यिक यात्रा

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको अनौपचारिक साहित्यिक यात्राको थालनी वि.सं. २०२६ सालबाट सुरु भए तापनि वि.सं. २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा प्रकाशित **प्रतीक्षा गीत** गीतिकविताबाट उनको साहित्यिक यात्राको सुरुवात भएको देखिन्छ । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा उनको कवि व्यक्तित्व मुखरित हुदै गयो । उनको कवि व्यक्तित्व हालसम्म पनि उत्तिकै प्रखर र प्रभावोत्पादक लाग्छन् । कविताका क्षेत्रमा गद्य र पद्य दुबै विधामा कलम चलएका घिमिरेको उनन्चास वटा गद्यकविताहरूको सङ्गालो **सौतेनी छोरो** वि.सं. २०५६ सालमा प्रकाशित भएको छ भने **अर्पण** भक्तिकविता वि.सं. २०६८ सालमा प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकाहरूमा तीन दर्जन जति फुटकर कविताहरू प्रकाशित भएको देखिन्छ । कविका प्रकाशित कविताहरूमा सामाजिक कुरीतिप्रति व्यङ्ग्य, राष्ट्रिय भावनाको उद्घोष, प्राकृतिक सौन्दर्य बर्णन, नारी सौन्दर्यको प्रशंसा, सहरिया जीवनका पिडा, भोगाइहरू, सामन्ती संरचनाको विरोध, परिवर्तनको कामना, कर्मचारीतन्त्रभित्रका समस्याहरू, निम्नस्तर जीवनका भोगाइहरू प्रमुख रूपमा प्रस्तुत भएका छन् ।

मधुसूदनप्रसाद घिमिरेको साहित्य सिर्जनाको अर्को पाटो कथा पनि हो । वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा प्रकाशित **इच्छाहरू सल्बलाउँछन् मात्र** भन्ने कथामार्फत् उनको औपचारिक कथालेखनको सुरुवात भयो । हालसम्म उनका दुईवटा कथासङ्ग्रह प्रकाशित भएको देखिनछ । वि.सं. २०५३ सालमा पहिलो पुस्तकाकार कृतिको रूपमा **नलुकेको वास्तविकता** शीर्षकमा बीसवटा कथाहरूको सङ्ग्रह प्रकाशित भएको छ भने वि.सं. २०६२ सालमा प्रकाशित **मध्यान्तर** कथासङ्ग्रहमा लामा छोटा गरी उनन्तीस वटा कथाहरू सङ्गृहीत छन् । साथै फुटकर रूपमा **मधुपर्क, हाम्रो परिवार, अन्नपूर्ण पोष्ट, गोरखापत्र, दायित्व, जनमत, अभिव्यक्ति** आदि पत्रिकाहरूमा तीन दर्जनभन्दा बढी कथाहरू प्रकाशित भइसकेका छन् । घिमिरेका कथाहरूमा अन्याय, अत्याचार, नारी शोषण, नारी विद्रोह, मान्छेको नियति, निम्नवर्गीय कर्मचारीहरूको दयनीय अवस्था, भावुक प्रेम, बिधवा नारीका पीडा, धेरै सन्तान हुँदाको समस्या, पारिवारिक विघटनजस्ता विविध विषयहरूलाई समेटिएको छ ।

साहित्यकार घिमिरेको साहित्य सिर्जनाको सबैभन्दा प्रखर र उर्वर विधा बालसाहित्य हो । वि.सं. २०५३ सालदेखि मात्र बालसाहित्यिक क्षेत्रमा प्रवेश गरेका घिमिरेले आफ्नो लेखनको पन्ध्र वर्षको अवधिभित्रै तेह्रवटा बालसाहित्यिक कृतिहरू नेपाली साहित्य भण्डारलाई दिइसकेका छन् । वि.सं. २०५४ सालमा **सङ्गतको फल** बालकथासङ्ग्रह लिएर देखापरेका घिमिरेका हालसम्म आठवटा बालकथासङ्ग्रह, एउटा बालचित्रकथा, दुईवटा बालकवितासङ्गह, एउटा बालगीतिउपन्यास र एउटा बालगीत प्रकाशित छन् । फुटकार रूपमा पनि विभिन्न पत्रपत्रिकाहरूमा लगभग चार दर्जनजति बालसाहित्यिक रचनाहरू प्रकाशित छन् । बालबालिकाहरूलाई मनोरञ्जनका साथै सन्देश दिने उद्देश्यले लेखिएका उनका कृतिहरूमा पौराणिक पात्रहरूदेखि लिएर मानवीय र मानवेतर पात्रहरूको पनि प्रयोग भएको देखिन्छ । उनका रचनामा राष्ट्रियता, नैतिकता, अनुशासन, आपसी सहायोग जस्ता विषयलाई जोड दिएको पाइन्छ । वातावरणीय प्रदूषण, प्रकृतिको वर्णन, जनावर, चराचुरुङ्गीको आनीबानी, नराम्रो बानीले पुग्ने वेफाइदा, बालसुलभ भावना आदि घिमिरेका बालसाहित्यभित्र अटाएका छन् ।

साहित्यकार घिमिरेको साहित्य सिर्जनाको अर्को पाटो निबन्ध लेखन पनि हो । कृतिको रूपमा प्रकाशित नभए पनि विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेख-निबन्ध प्रकाशित भएको देखिन्छ । **कर्मचारीले उचित तलब पाएनन्** ? लेख सर्वप्रथम् वि.सं. २०५२ सालमा प्रकाशित भएका थियो । त्यसपछि **यी जङ्गली बाघ हैनन्** ? **खरानी पनि अब विदेशबाटै, एक्काइसौं शताब्दीमा बालसाहित्य** आदि निबन्धहरू क्रमशः प्रकाशित हुँदै आएको देखिन्छ । उनका निबन्धले विसङ्गतिप्रति चोटिलो प्रहार गर्दछन् । उनका निबन्धहरू वस्तुपरक छन् । उनका निबन्धले समाजमा रहेका विकृतिहरूलाई हटाउन प्रोत्साहित गर्छन् । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक विषयवस्तुलाई उनका निबन्धहरूले समेटेको पाइन्छ ।

घिमिरेको साहित्यिक लेखनको अर्को पक्ष जीवनी लेखन पनि हो । विभिन्न पुस्तकमा सम्बन्धित स्रष्टाको उनले जीवनी लेखेका छन् । भरत जङ्गम, ओमवीरसिंह बस्न्यात्, पुष्पलता आचार्य तथा एस.पी. आशाका जीवनीसम्बन्धी पुस्तकमा उनका भावनाहरू अटाएको देखिन्छ । स्रष्टाको जीवनीलाई आफ्नो कोणबाट उनले व्याख्या गरेका

छन् । उनीहरूको स्वभाव, आफूसँगको सम्बन्ध तथा साहित्यिक योगदानको चर्चा यसमा गरिएको छ ।

यात्रासंस्मरण उनको साहित्यिक लेखनको अर्को पक्ष हो । यात्राका क्रममा देखेका र भोगेका अनुभूतिहरूलाई आफ्नो कलाले कलात्मक बनाउने काम घिमिरेले गरेका छन् । वि.सं. २०५५ जेठ २५ मा **हाम्रो नेपाल**मा प्रकाशित **सुरवीरको यात्रा** बाट यात्रासंस्मरण लेखनको थालनी गरेका उनले **बझाङको सेरोफेरो, खासाको यात्रा, निगालेको यात्रा**, **दृष्टिविहीनलाई भेट्दा** जस्ता यात्रासंस्मरण लेखेका छन् । स्थानीय परिवेश, संस्कृति, यात्राको उत्सुकता, थकान अनि आनन्दको अनुभूतिलाई कलात्मक मूल्य दिएर घिमिरे प्रस्तुत गर्छन् ।

## ४.७ मधुसूदनप्रसाद घिमिरेको नेपाली कथा सिर्जनामा आगमन

कथा गद्यमा लेखिने एक साहित्यिक विधा हो । कथा भन्ने र सुन्ने परम्परा धेरै पुरानो रहेको छ । मानव सभ्यताको विकाससँगै कथा विधाले जन्म लिएको हो भन्ने कुरामा धेरै विद्वान्हरू सहमत छन् । विभिन्न धार्मिक ग्रन्थहरूमा वर्णित कथाहरूले त्यसको पुष्टि गर्दछ । पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा अति प्राचीन देखिए पनि आधुनिक साहित्यशास्त्रीय मान्यता अनुसार स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ भने पाश्चात्य साहित्य जगत्मा १९ ओ शताब्दीदेखि मात्र सुरु भएको देखिन्छ । अङ्ग्रेजीका सर्ट स्टोरी नै नेपाली आधुनिक कथाका रूप हुन् ।

कथाका बारेमा विभिन्न विद्वानहरूले आफ्नै ढङ्गबाट परिभाषित गरेको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

क) **एड्गर एलेन पो** : “कथा यस्तो एउटा आख्यान हो जो छोटो हुनुको कारणले एउटै बसाइमा पढ्न सकिन्छ । पाठकमा एउटा मात्र प्रभाव दिन कथा लेखिन्छ । कथाको प्रभावोत्पादक्तामा वाधा दिने कुरा यसमा बर्जित हुन्छ ।”

ख) **चेखोब** : “ कथा यस्तो गद्य लेखन हो जो एक बसाइमा सिद्धिनु पर्दछ ।”

ग) **आर. के. लागु.** : “कथा एक सचेत साहित्यिक प्रयास हो ।”

घ) **समरसेट भाट** : " कथाको आफ्नो विशिष्ट ढाँचा हुनुपर्दछ र कथामा सङ्क्षिप्तता हुनुपर्दछ, कथा सीमित बन्धनमा बाँधिनुपर्दछ ।"

ङ) **लक्ष्मीप्रसाद देवकोटा** : "छोटा किस्सा एउटा सानो आँखिझ्याल हो जहाँबाट सानो संसार चिहाइन्छ ।" *(आचार्य : २०६३ , ३०२)*

यी माथिका परिभाषाबाट हेर्दा कथा सानो आकार प्रकारको, पात्रहरू पनि एकदुई मात्र हुने, जीवनको एक पक्षको चित्रण गर्ने, एक मात्र प्रभावको सिर्जना हुने र हुनुपर्ने कुरामा विद्वानहरूले जोड दिएका छन् । विभिन्न विद्वानहरूको परिभाषा भन्दा सबै परिभाषाको समग्रतामा कथाको परिभाषा प्रस्ट हुन आउँछ ।

कथा एक यौगिक रचना हो । कथावस्तुको लागि विभिन्न तत्त्वहरूको संयोजन आवश्यक हुन्छ । कथालाई पठनीय र आकर्षक बनाउन कथामा कथावस्तु, पात्र/चरित्र, परिवेश, संवाद, भाषाशैली र उद्देश्य जस्ता तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कथावस्तु मात्र भएर हुँदैन त्यससँगै पात्र र परिवेश पनि आएका हुन्छन् । त्यस्तै पात्रले संवादको माध्यमबाट कथानकलाई अघि बढाउँछन् । कथाको विकास भाषाशैलीकै माध्यमबाट हुन्छ । यसरी विभिन्न तत्त्वहरूको संयोजनबाट कथाको निर्माण भएको हुन्छ । *( श्रेष्ठ : २०५७ , २४ )*

शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व** (वि.सं. १८२७) सँगै लिखित कथात्मक कृतिको प्रकाशन सुरु भए पनि वि.सं. १९५८ मा **गोरखापत्र** को प्रकाशनपछि कथा विधाले सचेत रूपमा विस्तारित हुने मौका पायो । यस समयका कथाहरूमा जासुसी तिलस्मी पात्रहरूको प्रयोगले अतिमानवीय तत्त्व नै विषयबद्ध भएका छन् । यथार्थको आँकलन भएको देखिदैन । पात्रहरूको संवाद, परिवेश, भाषाशैली आदि तत्त्वहरूका आधारमा पनि कथाहरू अपरिष्कृत थिए । यसै पृष्ठभूमिमा शारदा पत्रिकाको प्रकाशनसँगै आधुनिक नेपाली कथाको सुरुवात भएको देखिन्छ । **शारदा** पत्रिकामा वि.सं. १९९१ सालमा प्रकाशित **नासो** तथा वि.सं. १९९२ प्रकाशित **मधेसतिर** कथाबाट नेपाली कथाले आधुनिक कालमा प्रवेश गरेको देखिन्छ । परम्परागत कथालेखन प्रवृत्तिलाई त्याग्दै सामाजिक यथार्थ एवम् मनोवैज्ञानिक यथार्थको उद्घाटन गर्ने यी कथासँगै नेपाली साहित्यले पनि नयाँ मोड लिएको देखिन्छ । हाम्रै वरिपरि देखेका र भोगेका घटना र परिवेशलाई पात्रको माध्यमबाट

यस समयका कथाहरूले प्रस्तुत गरेका छन् । त्यसपछि प्रगतिवादी कथाहरू पनि प्रकाशित हुदै गए । मान्छेका मनका अन्तरकुन्तरका कुण्ठालाई यस समयका कथाहरूले राम्ररी व्यक्त गरेको पाइन्छ । *(श्रेष्ठ : २०४९ , ८० )*

वि.सं. २०२० को दशकसँगै सुरु भएको आयामेली आन्दोलनले आधुनिक नेपाली कथालाई दोस्रो चरणमा पुऱ्यायो । परम्परागत साहित्यिक लेखनविरुद्ध तेस्रो आयाम, राल्फा, अस्वीकृत जमात, अमलेख, बुटपालिस आदि साहित्यिक आन्दोलन सुरु भए । कथाको लेखनशैली अमूर्त, क्लिष्ट, दुरुह बन्दै अकथात्मक शैलीका कथा रचना हुँदै गएको समयमा वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा **इच्छाहरू सल्बलाउँछन् मात्र** भन्ने कथा प्रकाशनसँगै मधुसूदनप्रसाद घिमिरेको कथा यात्राको थालनी भएको देखिन्छ । तर घिमिरेले समसामयिक शैलीका कथाभन्दा सामाजिक यथार्थ, मनोविज्ञान, विसङ्गति, अस्तित्वबोध जस्ता विषयलाई नै आफ्ना कथाको विषय बनाए । शैलीगत हिसाबले पनि सरल र बोधगम्य शैली नै उनले रुचाए । विभिनन पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित कथाहरूसँगै **नलुकेको वास्तविकता** (वि.सं. २०५३) र **मध्यान्तर** (वि.सं. २०६२) गरी दुई कथासङ्ग्रह हालसम्म प्रकाशित भएका छन् ।

## ४.८ मधुसूदनप्रसाद घिमिरेका कथाहरूको अध्ययन

कथाकार मधुसूदनप्रसाद घिमिरे कथाका क्षेत्रमा कविता लेखनपछि मात्र देखापरेका हुन् । कवितामा भन्न नसकिने कुराहरू कथामार्फत् व्यक्त गर्न सकिने विचार घिमिरेको छ । कथालेखन मार्फत् सामाजिक यथार्थको आँकलन गर्न उनका कथा सफल छन् । मानवीय जीवनका आशा, निराशा, हाँसो, खुसी, रोदन, आरोह, अवरोह, स्वीकृति, अस्वीकृति जस्ता विपरित भावहरूलाई उनका कथाहरूले समेटेका छन् । वि.सं. २०३४ सालदेखि यस विधामा क्रियाशील घिमिरेका दुई कथासङ्ग्रह **नलुकेको वास्तविकता** र **मध्यान्तर** कथासङ्ग्रहलाई कथावस्तु, चरित्र चित्रण, कथोपकथन/संवाद, उद्देश्य, परिवेश जस्ता कथातत्त्वका आधारमा तल चर्चा गरिएको छ ।

### ४.८.१ नलुकेको वास्तविकता कथासङ्ग्रहको अध्ययन

फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा धेरै कथाहरू प्रकाशित भई सके पनि वि.सं. २०५३ सालमा आएर मात्र **नलुकेको वास्तविकता** कथासङ्ग्रह लिएर मधुसूदनप्रसाद घिमिरे देखापर्छन् । यस सङ्ग्रहमा बीस वटा कथाहरू सङ्गृहीत छन् । पहिलो कथासङ्ग्रहको रूपमा प्रकाशित यस पुस्तकभित्र **यौटा यात्रामा, इनाम, सिरियल नम्बर, माथ्लाघरे ठाइँलो, अन्त्यहीन विश्वास, दुस्साहासको परिणाम**, **स्वाभिमानीको विवशता, विकासे तारा, कोइराल्नी र उनको जीजीविषा, रामेको आशा, चेलीको कथा-व्यथा, तीतो सत्य, नलुकेको वास्तविकता , हा..कि..म., मुसुरी दिदी, रंगीला टोपी उनैका माथैमा, उदाङ्गिएका अस्तित्व, नून, तिउन र जागिरे जीवन, इच्छाहरू सल्वलाउँछन् मात्र** र **ठूली र एडस्** कथा समावेश छन् ।

यस सङ्ग्रहका कथाहरूमा गरिबीको पीडाले सताइएका इमान्दार र निम्नवर्गीय कर्मचारीहरूको दयनीय अवस्था, विदेशमा बेचिएकी चेलीको दारुण कथा, पेशाप्रतिको आस्थामा गिरावट, समाजविरोधी तत्त्वको भण्डाफोर गर्न सफल नारीको कथा, नियतिको घेरमा फसेका जिन्दगीहरू, कर्मचारीतन्त्रका कुरीतिहरू, सामाजिक बन्धनले बाँधिएका नारी पुरुषका वाध्यता, नारी सौन्दर्यको वर्णन, जन्मान्तरको कमीले देखिएका समस्याहरू प्रमुख रूपमा आएका छन् । यी सङ्ग्रहभित्रका कथाहरू हाम्रै समाज वरिपरि घटेका प्रतीत हुन्छन् । ग्रामीण र सहरी दुवै परिवेशमा निम्नवर्गीय मानिसले भोगेका समस्या सार्वजनीन लाग्छन् । पात्रहरू हाम्रै वरिपरिवाट टिपिएको महसुस हुन्छ । युगीन यथार्थलाई प्रस्तुत गरिएका यी कथाहरूले सामाजिक विकृति, विसङ्गति र आडम्बरलाई राम्ररी प्रहार गरेका छन् । वस्तुगत यथार्थ र सामाजिक परिवेशको धरातलमा घिमिरेको कथाकारिता घुमेको देखिन्छ । कलामूल्य, सन्देशमूलकता तथा सशक्त वैचारिकता बोकेका यस सङ्ग्रहका प्रायःजसो कथा उत्कृष्ट छन् तापनि यस सङ्ग्रहभित्रका प्रतिनिधि कथाहरूको मात्र विश्लेषण गर्ने जमर्को यहाँ गरिएको छ ।

'नलुकेको वास्तविकता' कथासङ्ग्रहभित्रको पहिलो कथा **यौटा यात्रामा** हो । ऊ पात्रले साहित्यिक कार्यक्रममा भाग लिन जाँदा तृष्णा नाम गरेकी युवतीबाट प्राप्त गरेका आत्मियता, न्यानोपन र सौहार्दतालाई यस कथामा प्रस्तुत गरिएको छ । साथीसँग साहित्यिक कार्यक्रममा भाग लिन जाँदा तृष्णा नाम गरेकी युवतीबाट ऊ पात्र निकै प्रभावित भई मनमा अनेक भावतरङ्गहरू सजाउँदै गर्दा तृष्णाले दाजुबहिनीको सम्बन्ध

जोडेपछि उसका आएका परिवर्तनहरू कथामा रोचक ढङ्गले प्रस्तुत भएका छन् । सुरुमा प्रेमाशक्तिको रूपमा प्रकट भएको ऊ पात्र तृष्णाको व्यवहारबाट निकै प्रभावित भएको हुन्छ । तर तृष्णाको आफूप्रतिको दृष्टिकोण थाहा पाएपछि उसको मनस्थिति बदलिएको छ । अन्त्यमा दाजु बहिनीको एउटा अटुट सम्बन्धमा जोडिएको स्वीकारोक्तिसँगै कथा टुङ्गिएको छ ।

यस कथामा ऊ, उसको साथी र तृष्णा प्रमुख बनेर आएका छन् । ऊ पात्र र तृष्णाको बीचमा कथा घुमेको छ । दुबै सत्, अनुकूल र व्यक्तिगत पात्र हुन् । तृष्णा र ऊ पात्रको साथी स्थिर चरित्र हुन् भने ऊ पात्र गतिशील चरित्र हो । एउटा सानो घटनाक्रमलाई कथाले समेटेको छ । साहित्यिक गोष्ठीमा भाग लिन गएका सहभागीहरू बसेको होटल, सभास्थल परिवेशको रूपमा आएका छन् । तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको प्रस्तुत कथाको भाषाशैली सरल र रोचक देखिन्छ । ऊ पात्रका मनोभावहरू कलात्मक शैलीमा प्रस्तुत भएका छन् । **ऊ** पात्र र तृष्णा बीचको संवादले कथामा कुतुहलताको सिर्जना गरेका छन् । यस कथामा हरेक सुन्दर स्त्रीलाई प्रेमभावनाको नजरबाट मात्र हेर्न नमिल्ने देखाउदै नारी र पुरुष बीचमा अन्य आत्मीय सम्बन्ध स्थापित गर्न सकिने कुरा दाजु बहिनीको सम्बन्ध स्थापित गराएर देखाउन खोजिएको छ ।

**अन्त्यहीन विश्वास** शीर्षकको कथा 'नलुकेको वस्तविकता' कथासङ्ग्रहको पाँचौ कथा हो । निम्नस्तरको जागिरे जीवन बिताइरहेको दिपुका मनभित्रमा छटपटी, बेदना, विसङ्गतिबोध, नियति जस्ता विषयलाई कथाले अत्यन्त रोचक ढङ्गमा प्रस्तुत गरेको छ । साथीहरूसँगे फुटपाथमा हिडेर अफिस जाने दिपुलाई सँगै जाने बहिनीले हेपेर बोलेको घटनाबाट कथानकको सुरुवात भएको देखिन्छ । जागिरबाट हुने कमाइले दिपुलाई घरचलाउन धौ धौ परेको छ । अफिसमा खाजा खान समेत पैसा नहुनु उसको वास्तविकता हो । घरमा आमाले बिहेको कुरा गर्दा ऊ मनमनै तड्पिन्छ । विवाह र त्यसपछिको आफ्नो स्थिति सम्झदै ऊ विसङ्गतिको खाडलमा भासिन पुग्छ । विवाह गर्ने सोच बनाए पनि क्षणभरमै त्यो बालुवाको घर सरह भत्किएको पाइन्छ । अनेकौ विश्वासका पुल बाँधेर अघि बढ्न खोजे पनि बीचमै ती भत्किन पुगेको प्रसङ्गसँगै कथानक समाप्त भएको छ ।

पात्रविधानका दृष्टिले दिपु यस कथाको केन्द्रीय चरित्र हो । उसकै वरिपरि कथानकले गति लिएको छ । दिपु सानो कमाइ भएको तथा परिस्थितिबाट बाँधिएको अन्तर्मुखी चरित्र हो । बाहिरी रूपमा हाँसीखुसी देखिए पनि भित्रभित्रै चरम विसङ्गतिबोध गरिरहेको पात्र बनेर दिपु उभिएको छ ।  ऊ स्थिर, अनुकूल र मञ्चीय पात्र हो । त्यस्तै दिपुको साथी, सँगै अफिस जाने बहिनी, दिपुकी आमा, दिपुको हाकिम, अफिसको पिउन सहायक पात्र हुन् । यी पात्रहरूले दिपुको मानसिक अवस्थालाई धेरै मात्रामा असर पारेका छन् । दिपुलाई आफ्नो अस्तित्वबोध भए पनि त्यसको लागि सङ्घर्ष गर्ने क्षमता उसमा देखिदैन । दिपुको घर, अफिस तथा आउँदा जाँदाको बाटो दिपुको गाउँघरका पूर्वस्मृतिहरू परिवेशको रूपमा आएका छन् । बाह्य परिवेशका साथै उनको मनभित्रका विविध तरङ्गहरू आन्तरिक परिवेशका रूपमा प्रकट भएका छन् । दिपु र छिमेकी बहिनी तथा दिपु र साथी बीचमा संवाद गराइएको छ भने दिपुको हाकिम, दिपुकी आमा र स्वयम् दिपुका एकालाप पनि प्रस्तुत भएका छन् । भाषाशैली सुन्दर र आकर्षक रहेको देखिन्छ । दिपुका विसङ्गत भावहरूलाई अत्यन्त कोमल पदावलीका माध्यमबाट व्यक्त गरिएको छ । तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको यस कथामा मान्छेभित्रका असन्तुष्टिलाई देखाउँदै बाहिरी रूपमा व्यक्त गर्न नहुने भाव कथाकार घिमिरेले व्यक्त गरेका छन् । विश्वासको सानो किरण झुल्केपछि त्यसले सर्वत्र उज्यालो दिने दाबी कथाकारको छ ।

**दुस्साहासको परिणाम** कथा 'नलुकेको वास्तविकता' कथासङ्ग्रहभित्रको छैटौं कथा हो । सामाजिक विकृति विरुद्ध उग्रचण्डी बनेर उभिएकी कालीको सफलताको कथा यसमा प्रस्तुत छ । गाउँघरमा जन्मिएकी अबोध केटी काली ठूली हुँदै गएपछि प्रौढ शिक्षामार्फत् आफूलाई ज्ञानको उज्यालोले सिंचित गर्दै जान्छे । बुलाकी दिदी भने गाउँकै चेलीवेटीलाई अवैध धन्दामा लगाएर अनैतिक फाइदा लिने गर्थी । बाहिरी रूपमा समाजसेवा गरेर समाजमा प्रतिष्ठा प्राप्त गरेकी बुलाकीले कालीलाई आफ्नो जालमा पार्न खाज्दा चेतनाको दियो बालिसकेकी कालीले नै उसलाई पुलिसको जिम्मा लगाएकी छ । अनेक प्रलोभन देखाएर सोझा केटीहरूलाई दुःखको समुद्रमा धकेल्ने काम गरेकी बुलाकीलाई आफ्नो बुद्धि र विवेकको प्रयोगबाट कालीले ठीक ठाउँमा पुऱ्याएकी छ । ममता र दयाकी खानी नारी

अन्यायका विरुद्ध काली, उग्रचण्डी भएर उत्रिन पनि पछि नपर्ने प्रसङ्गबाट कथानक समाप्त भएको छ ।

यस कथाकी प्रमुख पात्र काली हो । ऊ सानोमा पढ्न नपाए पनि ठूली भएपछि प्रौढशिक्षा मार्फत् आफ्नो ज्ञानको दायरालाई फराकिलो पारेकी चरित्र हो । सानैदेखि आँटिली र साहसी कालीले बुलाकी दिदी जस्ता समाजका फोहोर किटाणुलाई साफ गर्न सफल भएकी छे । ऊ दृढ, स्थिर, अनुकूल एवम् मञ्चीय पात्र हो । उसैको केन्द्रीयतामा कथानकको निर्माण भएको देखिन्छ । बुलाकी दिदी यस कथाकी नकारत्मक पात्र भएर प्रस्तुत भएकी छ । युवतीहरूलाई अवैध धन्दामा लगाएर अकूत धन आर्जन गर्ने बुलाकी दिदी आफ्नै चारित्रिक कमजोरीले पतनको बाटोमा लागेकी छ । त्यस्तै कालीका बा, आमा, नवीन सर, बेचिएका चेलीहरू तथा पल्लो गाउँका मानिसहरू सहायक र गौण पात्र बनेर उभिएका छन् । कालीको गाउँ वरिपरिको वातावरण, पल्लो गाउँ, प्रहरी चौकी, कालीको घर प्रमुख परिवेश बनेर आएका छन् । तृतीय पुरुष बाह्य दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा संवादको प्रयोग भएको छैन । कालीका कार्यव्यापारलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । अरूलाई दुःख दिएर आफू सुखी र खुसी हुन्छु भन्ने सोच राख्दा त्यो सफल नहुने विचार बुलाकी दिदीको अवस्थाबाट कथाकारले देखाउन खोजेका छन् । साथै नारी अबोध र कोमल मात्र हुदैनन् आवश्यक परेको खण्डमा ती काली वा उग्रचण्डीको रूपमा पनि प्रस्तुत हुन्छन् भन्ने भाव व्यक्त भएको छ । बुलाकीले कालीलाई बेच्ने दुस्साहस गर्दा स्वयम् बुलाकी नै पुलिसको फन्दमा परेको देखाएर शीर्षकलाई न्याय दिन खोजिएको छ ।

'नलुकेको वास्तविकता' कथासङ्ग्रहभित्रको पन्ध्रौं कथा **मुसुरी दिदी** हो । विवाह भएको पन्ध्र दिनमा नै पतिको मृत्यु भएपछि समाजबाट अपहेलित एक नारीको व्यथा यस कथामा  व्यक्त भएको पाइन्छ । पतिसँगको सहवास नपाएकी मुसुरीलाई समाजका अनेक लाञ्छनाहरू खेप्नुपरेको छ । गरिब परिवारमा जन्मिएकी मुसरीको एकमात्र सहारा छोरो पनि गुमाएपछि ऊ घरबाट निकालिन्छे । बिधवा हुनु तथा सन्तान नहुनुको पीडा त एकातर्फ छँदैछ भने अर्कोतर्फ गरिबीको कारण आफ्नो अस्तित्व संकटमा परेको ऊ अनुभव गर्छे । बाँच्नको लागि संघर्ष गरेकी मुसुरी आखिरमा आफ्नै हाकिमको बासनाको शिकार हुन्छे । समाजका प्रतिष्ठित व्यक्तिबाटै आफ्नो अस्तित्वमाथि प्रहार भएपछि अन्धकारमय भएको कालीको जीवन नियतिको घेरमा फसेको छ ।

यस कथामा मुसुरी, उसको मरेको पति, उसको मरेको छोरो, हाकिम आदि मुख्य पात्र रहेका छन् । पतिको मृत्युपछि समाजबाट अपहेलित र घरबाट परित्यक्ता मुसुरीले आफ्नो एकमात्र सहारा छोरा पनि गुमाएकी छ । आफ्ना जैविक इच्छाहरूलाई दमन गर्दै अस्तित्व रक्षामा लागेकी मुसुरी दिदीको चाहना पुरा हुदैन । नियतिको फन्दामा ऊ परेकी छ । मुसुरी बद्ध, स्थिर, अनुकूल चरित्र हो । मुसुरीका घरपरिवार, हाकिम प्रतिकूल र अवसरवादी चरित्र हुन् । परिवेशको रूपमा मुसरी दिदीको घर, अफिस, घर वरिपरिको वातावरण आएका छन् । यसमा सुन्दर र कोमल भाषाशैलीको प्रयोग भएको छ । मुसुरी दिदीका मनोभावहरू अत्यन्त मोहक ढङ्गमा प्रस्तुत भएका छन् । फक्रेको फूल तथा गोमन सर्पजस्ता शब्दहरू नारी र पुरुष यौनका प्रतीक बनेर प्रस्तुत भएका छन् । कालो सूर्यलाई मुसुरीको भावी दिनसँग तुलना गरिएको छ । पूर्वस्मृतिका प्रसङ्गहरू पनि कथामा अएका छन् । अस्तित्वबोध हुँदा हुँदै पनि नियतिको फन्दामा परेकी मुसुरी दिदीको जीवनगाथााबाट नियतिवादलाई स्थापित गर्ने प्रयास गरिएको छ ।

**इच्छाहरू सल्बलाउँछन् मात्र** कथा यस कथासङ्ग्रहभित्रको उन्नाइसौं कथा हो । नैनीको मनका अन्तरभावहरू अत्यन्त तीव्र गतिले यस कथामा छचल्किएका छन् । १६/१७ वर्षको उमेरमै बिहे भएकी नैनी चरम गरिबीको मारमा छे । अरूको ज्याला नगरी खान नपुग्ने उसलाई पतिको कमाइले पनि आनन्दसँग खान पुगेको छैन । बाबुले एउटा गरिबसँग विवाह गरिदिएकोमा ऊ असन्तुष्ट छे । रमेश भन्ने नवयुवकलाई मन पराए पनि सामाजिक संस्कार र बन्धनले ऊ सँगको सम्बन्धलाई अघि बढाउन पनि सकेकी छैन । रमेशले पनि उसलाई मन पराए तापनि सामाजिक संस्कार र अन्धपरम्पराले उसलाई अँगाल्न सकेको छैन । आफूलाई राम्री बनाइदिने भगवान्लाई ऊ सधैं धिक्कार्दछे । आफ्ना मनधित्रका इच्छाहरू त्यसै मारेर नीरस जीवन बिताउन बाध्य छे नैनी ।

पात्रविधानका दृष्टिले नैनी र रमेश प्रमुख पात्र हुन् भने नैनीको पति र बाबु गौण पात्रको रूपमा आएका छन् । नैनी मानसिक रूपमा विक्षिप्त हुन पुगेकी पात्र हो । मनमा अनेक इच्छाहरू पालेर समाजलाई चुनौति दिने कोसिस गरे पनि ऊ त्यसमा सफल भएकी छैन । सामाजिक बन्धन, कुरीति, छुवाछुत र भेदभावको भुमरीमा ऊ पिल्सिएकी छे । त्यसैले नैनी केन्द्रीय, स्थिर, बद्ध पात्र हो । त्यस्तै नवयुवक परिवर्तन खोजे पनि पुनः सामाजिक बन्धनमा बाँधिएको यथास्थितिवादी चरित्र हो । नैनीका बा, नैनीका पति भने

समाजकै प्रतिनिधि पात्र हन् । बाह्य परिवेशका हिसाबले नैनीको लसुनको छाप्रो र त्यस वरिपरि कथा घुमेको छ भने आन्तरिक परिवेशका रूपमा नैनीको मनभित्रका अनगिन्ती विपरीत भावहरू प्रस्तुत भएका छन् । भिनो कथानकमा नैनीका मनोविज्ञानलाई छर्लङ्ग पारिएको छ । भाषाशैली केही क्लिष्ट र दुरुह लाग्छन् । कुनै पदावलीले अर्थ सम्प्रेषणमा कठिनाइको महसुस हुन्छ । यस कथामा मान्छेका मनमा अनेक इच्छा आकाङ्क्षाहरू सल्बलाए पनि ती सबै पूरा नहुने विचार प्रमुख रूपमा आएको छ । मनका इच्छाहरूलाई अनेक सामाजिक बन्धन र संस्कारहरूले बेरेको सत्य पनि यसमा उद्घाटित भएको छ ।

**ठूली र एड्स** कथा 'नलुकेको वास्तविकता' कथासङ्ग्रहभित्रको बिसौँ तथा अन्तिम कथा हो । आफन्तकै जालमा परेर बेचिएकी चेली ठूलीको दारुण कथा यसमा समेटिएको छ । गरिबीको कारण पढ्न नपाएर घाँस दाउरा र घर धन्दामै समय बिताएकी ठूली बाबुआमाको एकमात्र छोरी हो । गरिबीको कारणले छोरी माग्न आएका अपरिचित व्यक्तिलाई छोरी सुम्पिएपछि ठूलीका बाबुआमाले सन्तोषको श्वास फेरे पनि ठूली नारकीय जीवनको सङ्घार तर्फको यात्रामा अघि बढ्छे । दलालले उसको भाइ गोबर्द्धनसँग विवाह गरिदिएपछि उसले ठूलीलाई बेचेर बम्बैको कोठीमा छोड्छ । अनेक उपाय गर्दा पनि केही नलागेपछि ऊ नारकीय जीवन विताउन वाध्य हुन्छे । त्यसै क्रममा उसलाई प्राणघातक एड्स रोग लाग्छ । रोग लागेका थाहा भएपछि कोठीबाट निकालिएकी ठूलीको दर्दनाक अवस्थासँगै कथाको अन्त्य भएको छ ।

ठूली यस कथाकी प्रमुख पात्र हो । उसको सोझोपनको फाइदा उठाएर उसको अस्तित्व नै समाप्त गर्ने काम भएको छ । ऊ अनुकूल, वर्गीय, स्थिर र बद्ध पात्र हो । समाजको कसिङ्गर बनेका गोबर्द्धन र उसका बा प्रतिकूल चरित्र हुन् । उनीहरूको जीत भएको देखाइएको छ । त्यस्तै ठूलीका बाबु सिधासाधा गाउँले चरित्रका रूपमा आएका छन् । परिवेशका हिसाबले ठूलीको घर, गाँउ अनि भारतीय सहरहरू प्रमुख बनेर आएका छन् । संवादको प्रयोग भएको देखिदैन । तृतीय पुरुष दृष्टिबिन्दु अँगालिएको यस कथामा छोटा र सरल वाक्यहरूको उपस्थिति छ । कथा वर्णनात्मक शैलीमा रचिएको छ । चेलीबेटी बेचविखन जस्तो एक जटिल समस्यालाई प्रस्तुत गरेर कथाकार घिमिरेले जनचेतना फैलाएर यस्तो घृणित कार्यलाई रोक्न र सबैको स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारलाई सुरक्षित राख्न पनि आग्रह गरेका छन् ।

### ४.८.२ मध्यान्तर कथासङ्ग्रहको अध्ययन

मधुसूदनप्रसाद घिमिरेको दोस्रो कथासङ्ग्रहको रूपमा **मध्यान्तर** कथासङ्ग्रह वि.सं. २०६२ सालमा प्रकाशित भएको देखिन्छ । फुटकर पत्रपीत्रकामा प्रकाशित र अप्रकाशित गरी उनन्तीस वटा कथा यस सङ्ग्रहमा सङ्गृहीत छन् । आकारका दृष्टिले लामा छोटा दुबै कथाहरू यसमा समावेश गरिएको छ । यस सङ्ग्रहमा **फक्रन नसकेको फूल छुनमुने घर, छलफल, योग्यता, मध्यान्तर, यो घुस होइन, केही क्षण- केही तरङ्ग, गहिराइ, वाध्यता, राधाको भावना, निर्णय, दिदीको साथी, एक किलो मासु, चेतनाको लहर, सातौ सन्तान, समानता, मित बा** गरी सत्रवटा कथा रहेका छन् भने **बल्न नपाएको चुल्हो, अन्धो, अधिकार, अन्तर्वार्ता, असमानता, भाग्य, राहु, हली परीक्षा, यथार्थता, बोध, परजीवी** र **उपलब्धि** गरी बाह्रवटा लघुकथाहरू समावेश गरिएका छन् ।

यस सङ्ग्रहका कथाहरू सामाजिक, राजनीतिक, स्वास्थ्य, जनसंख्या, आीर्थक, मनोवैज्ञानिक विषयवस्तुसँग सम्बन्धित रहेर लेखिएका छन् । निम्नवर्गीय पात्रहरूको सङ्घर्षपूर्ण जीवनगाथा, राजनीतिक विकृति-विसङ्गति, सत्तामोह र कुर्सीको खेल, वर्गीय असमानता, छोरा र छोरीमा भेदभाव, छोराको पर्खाइमा छोरीको ताँती र त्यसले ल्याएको आर्थिक शारीरिक समस्या, शिक्षाको महत्त्व, छोराछोरीको आमाबाबुप्रतिको अपहेलित व्यवहार, निम्नस्तरका कर्मचारीहरूको घर बनाउने चाहना, झुटो प्रेममा फसेका नारीको मृत्यु, वातावरणीय प्रदूषण विरुद्धको अभियान, स्वास्थ्यसम्बन्धी विविध प्रसङ्गहरू आदि यस सङ्ग्रहभित्र आएका कथाहरूले समेटेका पाइन्छ । हाम्रै समाजमा घटेका र घट्न सक्ने विविध घटनाक्रमलाई विभिन्न पात्रहरूको माध्यमबाट अत्यन्त रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ । समाजमा व्याप्त विकृति, विसङ्गतिप्रति यस सङ्ग्रहका कथाहरूले व्यङ्ग्य प्रहार गरेका छन् । अध्ययनको सहजताका लागि यस सङ्ग्रहभित्रका प्रतिनिधि कथाहरूलाई तल विश्लेषण गरिएको छ ।

**फक्रन नसकेको फूल** 'मध्यान्तर' कथासङ्ग्रहभित्र रहेका कथाहरूमध्ये पहिलो कथा हो । वास्तविकता नबुझिकन यौवनको आवेगमा धोकेवाज युवकसँग नक्कली प्रेममा फस्नपुगेकी गोपिनीको आत्महत्यासँगै कथा सुरु भएको छ । गोपिनीको साथी रमिलाले गोपिनीको कथाव्यथालाई पूर्वदीप्तिका आधारमा व्यक्त गरेकी छ । सँगै पढ्ने साथी रमिला

र गोपिनी दुबैको त्यो नवयुवकसँग भेट भए पनि गोपिनी ऊ प्रति बढी आशक्त हुन्छे । नवयुवक पनि रमिलाको रूप सौन्दर्यबाट आकर्षित भई उसको जवानीको भोग गर्न तयार हुन्छ । गोपिनीले उसको नियतलाई नबुझी आफ्नो मन, तन, अर्पण गरे पनि त्यो केटाले उसलाई छाडी भाग्छ । गर्भवती भएकी रमिलाले सामाजिक लाञ्छनाबाट बच्न आत्महत्याको सहारा लिन्छे । एउटा सुन्दर जीवनको अन्त्य भएको देखाएर कथा समाप्त भएको छ ।

पात्रविधानका दृष्टिले यस कथामा गोपिनी, रमिला र नवयुवक प्रमुख पात्र बनेर आएका छन् । रमिला गोपिनीसँगै पढ्ने र सही गलत छुट्याउने सचेत पात्र हो । गोपिनीलाई गलत बाटोमा लाग्नबाट सचेत गराउने रमिला सत्, स्थिर, अनुकूल र बद्ध पात्र हो । गोपिनी भने अरूको जालमा फस्ने र सही गलत छुट्याउन नसक्ने चरित्र बनेर कथामा उभिएकी छ । फक्रेको फूलको रस चुस्ने भमरा बनेर आएका नवयुवकको चाल बुझ्न नसक्दा स्वंयम् मृत्युको मुखमा फस्न **ऊ** वाध्य छे । नवयुवक यौन उन्मादले मत्त भई नवयौवनाहरूको जीवन वर्वाद गर्ने प्रतिकूल चरित्र देखिन्छ । परिवेशका दृष्टिले रमिलाको घर, क्याम्पस, घर फर्कदाको बाटो, गोपिनीको घर, नवयुवकको डेरा मुख्य रूपमा आएका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा पूर्वदीप्ति पद्धतिको प्रयोग भएको देखिन्छ । गोपिनी फूल र नवयुवक भमराको प्रतीक बनेर आएका छन् । भाषाशैली सरल र सुबोध देखिन्छ । यस कथामार्फत् वास्तविकता नबुझी कसैको झूठो प्रेममा फस्नुभन्दा पहिले धेरैपटक सोच्न आग्रह गरिएको छ । यौवनको आवेगमा अन्धो भएर भमरारूपी नवयुवकका जालमा परेको फूलरूपी गोपिनीले आफ्नो जीवन गुमाएको देखाएर सबैलाई सचेत रहन आग्रह गरेको पाइन्छ ।

**मध्यान्तर** कथा यस सङ्ग्रहको पनि नाम हो । यसै कथाको नामबाट सङ्ग्रहको नाम राखिएकाले यस कथाको महत्त्व झल्किन्छ । निम्नवर्गीय सरकारी कर्मचारीको एउटा घर बनाउने चाहाना पूरा नभएको विषयलाई कथाले अत्यन्त रोचक ढङ्गले वर्णन गरेको छ । आम्दानीको स्रोत सीमित भएको तथा खर्च गर्ने ठाउँ धेरै भएको ऊ पात्रले धेरै अगाडिदेखि एउटा घर बनाउने योजना बनाएको छ तर उसको सपना पूरा नहुदै जागिरबाट अवकाश पाएको देखिन्छ । अलिकति भएको आम्दानीले घर व्यवहार चलाउनुपर्ने, छोराछोरी पढाउनुपर्ने भएकाले ऊ पात्र सधैँ चिन्तित र दुःखी छ । श्रीमतीले

कयौंपटक घर बनाउन दबाब दिए पनि नसुनेको जस्तो गर्न ऊ वाध्य छ । पुख्यौली घरमा बस्दै आए पनि आफ्नो पौरखले घर बनाउन सकेको छैन । तर पनि ऊ हतास नभएर अझै यसको प्रयासमा लागिरहेको प्रसङ्गबाट कथा समाप्त भएको छ ।

यस कथामा ऊ पात्र प्रमुख बनेर आएको छ । उसैको केन्द्रीयतामा कथा घुमेको छ । ऊ एउटा इमान्दार र सच्चरित्र भएको कर्मचारी हो । अनैतिक कार्य नगरी आफ्नो कार्यक्षेत्रमा अग्रसर भएकाले यथास्थितिमै रहन वाध्य चरित्रको रूपमा आएको देखिन्छ । ऊ यथास्थितिवादी विचारको पर्याय बनेर आएको छ ।

उसकी श्रीमती यस कथाकी अर्की पात्र हो । लोग्नेलाई सधैं घर बनाउन झकझक्याइरहन ऊ पात्रकी श्रीमती परिवर्तन चाहने चरित्र भए पनि यथास्थितिमै रहन बाध्य छे । अन्य पात्रहरू गौण रूपमै आएका छन् । परिवेशका हिसाबले बाह्य परिवेशभन्दा आन्तरिक परिवेश नै सबल बनेर आएका छन् । ऊ पात्रका क्रियाकलापबाट आन्तरिक परिवेशको निर्माण भएको देखिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा भाषाशैली सुन्दर र कोमल रहेको छ । दिस इज गोल्ड, आइरन**,** जस्ता अङ्ग्रेजी शब्दको प्रयोग भएको देखिन्छ । मानिसका इच्छा आकाङ्क्षाहरू असङ्ख्य भए पनि ती सबै पूरा गर्न संभव नहुने कुरा औंल्याउदै लक्ष्य प्राप्तितर्फ अग्रसर हुन कथाकारले आग्रह गरेका छन् । जीवनका असफलताबाट पाठ सिक्दै अघि बढ्न पनि प्रेरित गरेको देखिन्छ ।

**निर्णय** यस कथासङ्ग्रहभित्रको एघारौं कथा हो । वातावरणीय प्रदूषणका कारण प्रदूषित बनेको वाग्मती, विष्णुमती जस्ता नदी एवम् खोलानालाको संरक्षण र संवर्द्धनमा गोबर्द्धनले देखाएको सक्रियता यस कथामा व्यक्त भएको छ । सानैदेखि वातावरण र प्रकृतिप्रति रुचि राख्ने गोबर्द्धन आफू ठूलो हुँदै जाँदा जनसंख्या वृद्धिको कारण वाग्मती, विष्णुमती जस्ता नदीहरू प्रदूषित हुदै गएको देखेपछि त्यसलाई बचाउने प्रयास गर्दछ । विदेशबाट इन्जिनियरिङ पास गरेर स्वदेश फर्केपछि देशको उच्च ओहोदामा पुग्छ र संरक्षण कार्यक्रमलाई अघि बढाउँछ । नदी किनारमा रूख रोप्ने, कटान नियन्त्रण गर्ने,, फोहरमैला व्यवस्थित गरी प्राङ्गारिक मल बनाउने योजना बनाएर वातावरणीय संरक्षणतर्फ कटिबद्ध भएर लागेको गोबर्द्धनको आँट र साहसलाई कथामा प्रस्तुत गरिएको छ ।

यस कथाको कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा रहेको छ । पात्रविधानका दृष्टिले गोबर्द्धन प्रमुख पात्र हो । ऊ स्थिर, अनुकूल, बद्ध र मञ्चीय पात्र हो । उसकै वरिपरि कथा घुमेको देखिन्छ । गोबर्द्धनकी आमा र हजूरआमा नेपथ्यीय पात्र बनेर आएका छन् । सत् मार्गतर्फ लागेको गोबर्द्धनको चरित्र उदाहरणीय रहेको छ । काठमाडौँ वरिपरिको वाग्मती, विष्णुमती, नदी छेउछाउको बस्ती प्रमुख परिवेशको रूपमा आएका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ । व्याकरणीक त्रुटिहरू सामान्य मात्रामा भएको देखिन्छ । प्रदूषित नदीनालाहरूलाई सफा र स्वच्छ राखी वातावरण जोगाउन सबै मिलेर अघि बढ्न यस कथाले सबैलाई उत्प्रेरित गरेको छ । गोबर्द्धनको माध्यमबाट आफ्नो समाज र राष्ट्रप्रतिको दायित्व निर्वाह गर्न पनि सन्देश दिएको पाइन्छ ।

'मध्यान्तर' कथासङ्ग्रहभित्र रहेका कथाहरूमध्ये **समानता** सोह्रौं कथा हो । छोरा र छोरीको बीचमा हुने सामाजिक भेदभाव यस कथामा प्रस्तुत भएको देखिन्छ । हाम्रो पुरातन सामाजिक संस्कारमा जकडिएको समाजको छोरा र छोरी बीचमा रहेको खाडललाई पुर्ने प्रयास यस कथामार्फत् कथाकारले गर्न खोजेका छन् । कान्छोको श्रीमती गौथलीलाई सुत्केरी व्यथा लागेपछि कथा शुरु भएको छ । कान्छोको बाबु, आमा तीर्थ गर्न जानु, कान्छोले गौथलीलाई अस्पताल लैजानु, गौथलीले दोस्रोपल्ट पनि छोरी नै पाउनु र दुवै निराश हुनु, दुई महिनापछि कान्छोको बुवाआमा आउनु, छोरी पाएपछि कान्छाको आमाले बुहारीलाई गाली गर्नु, तीर्थभोजमा कान्छोकी बहिनी र भिनाजुलाई अर्को बिहे गर्नुपर्ने कुरा बताउनु, कान्छोको भिनाजुले यो कुरा सुनेर सबैलाई सम्झाउनु, भिनाजुको कुराले छोरा र छोरीमा भेदभाव गर्न नहुने कुरा बुझ्नु र गौथलीलाई सासुससूराले राम्रो व्यवहार गर्दै जानु जस्ता घटनाक्रमबाट कथानकको निर्माण भएको छ ।

पात्रविधानका दृष्टिबाट यस कथामा गौथली, कान्छो, गौथलीका सासू ससुरा, कान्छाको दिदी भिनाजु प्रमुख पात्र रहेका छन् भने इष्टमित्रहरू, अस्पतालकी नर्स सहायक पात्र तथा गौण पात्रको पनि उपस्थिति रहेको छ । गौथली, कान्छा, कान्छोको भिनाजु स्थिर एवम् सत् पात्र हुन् भने कान्छाकी आमा र दिदी गतिशील पात्र हुन् । कान्छोको भिनाजुको भनाइबाट पछि उनीहरू सही ठाउँमा आएका छन् । छोरीछोरी जन्माएपछि कान्छोको दोस्रो विवाह गर्न दवाव दिने आमा छोरीलाई भिनाजुले छोरा छोरीमा समान

व्यवहार गर्नु पर्ने र छोरी जन्माउन लोग्नेको भूमिका हुने भएकोले त्यस्तो विचार त्याग्न आग्रह गरेपछि सही बाटोमा उनीहरू फर्केको देखिन्छ । भिनाजु सबैभन्दा चेतनशील र बौद्धिक व्यक्तित्व हो । एक्काइसौँ शताब्दीमा आइपुग्दा छोराछोरीमा कुनै भेदभाव नरहेको र छोराजस्तै छोरी पनि सक्षम भएकोले दुबैलाई समान व्यवहार गर्न उसले सासू र श्रीमतीलाई आग्रह गर्छ । परिवेशका दृष्टिले कान्छोको घर, पँधेरो, सुत्केरी गराउन जाँदाको अस्पताल आदि प्रमुख रूपमा आएका छन् । ग्रामीण क्षेत्रका अशिक्षित व्यक्तिहरूको कथा समेटिएको छ । कान्छो र नर्स, कान्छो र गौथली, कान्छो र उसकी आमा बीचमा दोहोरो संवाद पनि गराइएको छ भने कान्छाको भिनाजुको एकल संवाद पनि यस कथामा देख्न सकिन्छ । संवादले कथानकलाई अघि बढाउन मद्दत पुऱ्याएको छ । अत्यन्त सरल भाषाशैलीको प्रयोग भएको छ । छोराछोरीमा समान व्यवहार गर्नुपर्ने देखाएर शीर्षक सार्थक बनाउन खोजिएको छ । छोराजस्तै छोरीले पनि अवसर पाएमा जस्तोसुकै कार्य गर्न सक्ने भएकोले छोरा छोरीमा भेदभाव नगरी उचित शिक्षादीक्षा, पालनपोषण र विधि, व्यवहार गर्नुपर्ने आग्रह कथाकारको छ । नारीहरू स्वयम् नै छोरी जन्मेकोमा विचलित भएर दोस्रो विवाह गराउन सम्म तयार भएको देखाएर नारीहरूको नारीहरूप्रतिको व्यवहारलाई व्यङ्ग्यपूर्ण भावमा प्रस्तुत गरेको पाइन्छ ।

'मध्यान्तर' कथासङ्ग्रहभित्रको अठारौं कथा **अन्धो** हो । यो लघुकथाको आकारमा प्रस्तुत भएको पाइन्छ । बाबुआमाले अनेक दुःख, कष्ट सहेर छोरालाई पढ्न शहर पठाए पनि छोराले बाबुलाई नचिनेको जस्तो व्यवहार गरेको छ । राम्रोसँग पढेर ठूलो मान्छे बनोस् भन्ने कामनाका साथ आफ्नो गहना बेचेर सहर पढ्न पठाएकी चमेलीको छोराले उसका बाबुआमालाई बिर्सेको छ । आफूले खाने प्रत्येक गाँसमा छोराको अनुहार देख्ने दम्पतीले छोरालाई भेट्न सहर जाँदा छोराले नचिनेजस्तो गरेर निकृष्ट व्यवहार गर्छ । सहरिया वातावरणले छोरालाई अन्धो बनाएको बाबु महसुस गर्छ ।

यस कथामा भुन्टे, चमेली र उसको छोरो प्रमुख पात्र रहेको देखिन्छ । भुन्टे र चमेली दुवै सत्, स्थिर र बद्ध पात्र हुन् । छोराको पढाइको लागि आफ्नो गहना बेचेर सहर पठाएका दम्पती छोरालाई असाध्यै माया गर्छन् । सधै छोराको चिन्ता गरिरहन्छन् । छोराको निकृष्ट व्यवहारले भने भुन्टेलाई निकै दुःखी बनाएको छ । छोरो यस कथाको अर्को पात्र हो । उसकै वरिपरि कथा घुमेको छ । सुरुमा बाबुआमालाई चिठी पठाए पनि विस्तारै

सहरिया परिवेशले उसलाई बदलेको छ । ऊ स्वार्थी र वैगुनी सन्तान बनेर देखापर्छ । परिवेशका दृष्टिले भुन्टेको गाउँ, उसको घर र काठमाडौं सहरको कुनै एक ठाउँ यस कथामा आएका छन् । चमेली र भुन्टे बीचको संवादले बाबुआमाको छोराछोरीप्रतिको समर्पणभावलाई व्यक्त गरेको देखिनछ । तृतीय पुरुष बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा सुबोध्य भाषाशैलीको प्रयोग भएको छ । कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । शीर्षक प्रतीकात्मक किसिमले आएको देख्न सकिन्छ । सहरिया संस्कृति र परिवेशले छोरो अन्धो भएको अनुभव बाबुले गरेको छ । यस कथामार्फत् "बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुंगामुढामाथि" भन्ने प्रचलित उखानलाई चरितार्थ पार्ने प्रयास गरेको देखिन्छ । अनेक दुःख कष्ट सहेर उज्ज्वल भविष्यका लागि सहर पढ्न पठाएको छोराले आफ्नो बाबुलाई फाल्तु गाउँले भनेर नचिनेको अभिनय गर्छ । सहरिया परिवेशमा हराउँदै गएको आत्मियता र सौहार्दतालाई कथाले व्यङ्ग्यात्मक ढङ्गमा प्रस्तुत गरेको छ ।

**हली परीक्षा** 'मध्यान्तर' कथासङ्ग्रह भित्रको पच्चिसौं कथा हो । लघुकथाको संरचनामा आबद्ध यस कथामा प्रजातन्त्रको प्राप्तिपछि पनि जनताले कुनै फरकपन महसुस गर्न नपाएको विषयलाई प्रतीकात्मक ढङ्गबाट व्यक्त गरिएको छ । हलीको रूपमा शासक वर्ग रहेका छन् भने आम जनाताहरू गोरु बनेर उभिएका छन् । देशमा निरङ्कुश सामन्ती व्यवस्थाको अन्त्य भएर प्रजातन्त्र आए पनि ती पुरानै संस्कार र संस्कृतिमा हुर्केका हलीहरूले पुनः गोरुहरूलाई जोतिरहेको प्रसङ्ग यस कथामा आएको छ । शोषक हलीहरू गोरुको शोषण गरिरहन्छन् । केही गोरु सचेत भएर आफूमाथि शोषण भएको कुरालाई व्यक्त गरे पनि त्यस कुरालाई हलीले वास्ता गर्दैन । हली परीक्षामा गोरुहरूले आफ्नो अमूल्य विचारको मुठा कस्न जान्नुपर्ने विचार गर्दा नाजायज माग राख्ने भन्दै गोरुलाई उल्टै हलीले हप्काएसँगै कथानकको अन्त्य भएको छ ।

यस कथामा हली र गोरुहरू प्रमुख पात्र बनेर उभिएका छन् । हली, शोषक र सामन्ती प्रवृत्तिको पर्याय बनेर उभिएको छ भने गोरुहरू शोषित र पीडितको पर्याय बनेर आएका छन् । बन्धनमा परेको अनुभव समेत उनीहरूमा छैन । राजनीतिक व्यवस्थामा परिवर्तन आए पनि सत्तामा बस्ने व्यक्तिमा कुनै परिवर्तन आएको छैन । जनताका प्रतिनिधि गोरुहरू हलीबाट प्रताडित छन् । गोरुहरूको आवाज निस्तेज भएको छ । त्यसैले

हली परीक्षा मार्फत् सहि हलीको चयन गर्न गोरुलाई आग्रह गरिएको छ । परिवेशका रूपमा हलीले जोत्ने खेत, गोरुगोठ प्रमुख बनेर आएका छन् । यसको प्रस्तुति शैली अन्त्यन्त आकर्षक र प्रभावोत्पादक लाग्छन् । व्यङ्ग्यार्थमा कथाको भाव बुझ्न सकिन्छ । झिनो कथानकमा अत्यन्त बृहत् विषयवस्तुलाई समेटिएको देखिन्छ । तृतीय पुरुष बाह्य दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा प्रतीकात्मक शब्दहरूको बाहुल्य छ । दाम्लो, पगाहा, दुईसय पैसठ्ठी हली, करोडौ गोरुहरू, विचारका मुठा जस्ता शब्दहरू प्रतीकात्मक बनेर आएका छन् । यी शब्दहरूले वास्तविकभन्दा फरक अर्थ दिन्छन् । यस कथामार्फत् कथाकार घिमिरेले देशमा राजनीतिक परिवर्तनपछि पनि शासकको मनोवृत्तिमा कुनै फरक नआएको र जनता उही परिस्थितिमा बाँच्न वाध्य भएको यथार्थलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्ट्याउन खोजेका छन् । जनताको दास मनोवृत्ति पनि छर्लङ्ग भएको देखिन्छ । आफ्नो हक र अधिकारका लागि सही व्यक्ति रोज्न पनि यस कथाले मार्ग प्रशस्त गरेको छ ।

'मध्यान्तर' कथासङ्ग्रहको अठ्ठाइसौं कथा **परजीवी** हो । सत्ता प्राप्तिका लागि हुने दाउपेच र आपसी मिलेमतोमा राष्ट्रलाई वर्वाद पार्ने षड्यन्त्रलाई यस कथामा अत्यन्त रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । राजनीतिक विसङ्गति र सत्ता मोहको सिलसिलालाई परजीवीहरूको चरित्रमार्फत् अत्यन्त सटिक पाराले प्रस्तुत गर्दै पिल्सिरहेको जनताको नियतिलाई प्रतीकात्मक किसिमले कथामा व्यक्त गरिएको पाइन्छ । घुम्ने मेचमा बस्ने पालो जुम्रा, उपिया र उडुसको क्रमैसँग आएको र पेट भर्दै गरेको घटनाक्रमबाट कथा सुरु भएको छ । उनीहरूको विरोधमा अनेक आवाज उठे पनि ती सबै निस्तेज हुँदै जान्छन् । एकपछि अर्को गर्दै पालैपालो पेट भर्ने र नयाँ रूपरङ्गमा परिवर्तन हुने प्रवृत्तिलाई सबै परजीवीले निरन्तरता दिन्छन् । यस कथामा उपिया, उडुस, जुम्रा जस्ता परजीवी र हामी मुख्य पात्र रहेका छन् । उपिया, उडुस, जुम्रा सत्ता मोहमा लिप्त अवसरवादी चरित्र हुन् । मानवेतर परजीवीहरू प्रतिकूल, गतिशील र वर्गीय पात्र बनेर कथामा आएका छन् भने हामी शोषित, पीडित एवम् पिल्सिएको वर्गको प्रतिनिधि बनेर आएका छन् । बाहिरी रूपमा प्रजातान्त्रिक परिपाटमिा आवद्ध भएको देखाए तापनि भित्रभित्रै पुरानै सामन्ती प्रवृत्ति र संरचनालाई अंगालिरहेको परजीवीहरूको हातमा परेर राष्ट्र वर्वादीतर्फ धकेलिन लागेको सत्यको उद्घाटन भएको छ । झिनो कथानकभित्र आबद्ध यस कथामा परजीवी राजनीतिक विकृति र विसङ्गतिको पर्याय बनेर उभिएको छ भने हामी परजीवीहरूको चुसाइमा

पिल्सिएका आमजनताको प्रतीक बनेर आएको देखिन्छ । शीर्षकले नै कथाको मर्मलाई व्यङ्ग्यार्थमा बुझ्न बाध्य गराउँछ । बहुदलीय व्यवस्थाको स्थापनासँगै पुराना चैते कांग्रेसहरूको बाहुल्यता पुनः पुरानै स्थितिमा धकेलिएको यथार्थलाई कथाले विषयवस्तुको रूपमा ग्रहण गरेको छ । साथै यस्ता परजीवीबाट देशलाई जोगाउन सबै मिलेर अघि बढ्न पनि यसले सङ्केत गरेको दखिन्छ ।

## ४.९ मधुसूदन घिमिरेको कविता लेखनमा आगमन

साहित्यका विविध विधाहरूमा कविता सर्वप्राचीन विधा हो । पूर्वीय र पाश्चात्य दुबै साहित्यिक परम्परामा कविता निकै पुरानो र बढी उपविधाहरू भएको विधाको रूपमा स्थापित छ । पूर्वीय साहित्यशास्त्र परम्परामा अग्निपुराणदेखि तथा पाश्चात्य साहित्यशास्त्रमा एरिस्टोटलको काव्यशास्त्रदेखि कविताको परिभाषा एवम् काव्यसम्बन्धी सैद्धान्तिक चर्चा हुन थालेको पाइन्छ ।

यस लामो परम्परामा काव्यको परिभाषा गर्दा कसैले विचार वा भावपक्षलाई जोड दिएको पाइन्छ भने कसैले कला वा सौन्दर्य पक्षलाई बढी जोड दिएका छन् । यहाँ कवितासम्बन्धी केही परिभाषालाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

**संस्कृत साहित्यकारहरू**

"शब्द र अर्थको सहभाव नै काव्य हो ।" -भामह

"सुन्दर र अर्थयुक्त पदावली नै काव्य हो ।" -दण्डी

"चमत्कारयुक्त अर्थरूप ध्वनि नै काव्य हो ।" -आनन्दवर्द्धन

"काव्य गुणले भरिपूर्ण भएको शब्दार्थ नै काव्य हो ।" -मम्मट

"बाङ्गो र घुमाउरो ढङ्गबाट व्यक्त भएको उक्ति काव्य हो ।" -कुन्तक

"रसात्मक वाक्य नै काव्य हो ।" -विश्वनाथ

**पश्चिमी साहित्यकारहरू**

"चित्रकार वा अरू कुनै कलाकारजस्तै कवि अनुकर्ता हो ।" -एरिस्टोटल

"संगीतमय विचारलाई कविता भनिन्छ ।" -कार्लाइल

"गण मिलाइएको कविता संरचना नै कविता हो ।" -जोन्सन

"कविता भनेको जीवनको समालोचना हो ।" -मैथ्यु आर्नोल्ड

"तीव्रतर दुःखको कथा नै सबैभन्दा मीठो गीत हो ।" -सेली

"कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।" -हड्सन

"सर्वश्रेष्ठ पदावलीको सर्वश्रेष्ठ क्रमविधान नै कविता हो ।" -कलरिज

"अनुभूतिको स्वतःस्फुर्त अभिव्यक्ति नै कविता हो ।" -विलियम वर्डस्वर्थ

**नेपाली साहित्यकारहरू**

"कविता भावनाको बौद्धिक कोमलता हो ।" -बालकृष्ण सम

"कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फुर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना नै कविता हो ।" -नेपाली बृहत् शब्दकोश

"तीव्रगति कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।" -केदारमान व्यथित

*(आचार्य : २०६२, ८)*

यी माथिका विभिन्न परिभाषाहरू हेर्दा कविता पद्यलयमा रचिएको एवम् निश्चित तत्त्वहरूद्वारा निर्मित त्यस्तो अनुभूतिको प्रकट हो जसमा भाषिक सौन्दर्यको आयोजना गरिएको हुन्छ । कवितामा जीवनजगत्को कुनै पनि मार्मिक सत्यको उद्घाटन गरिएको हुन्छ । कविता बद्ध वा मुक्त जस्तो पनि हुन सक्छ तर लय भने अनिवार्य रूपमा उपस्थित हुन्छ ।

कविताको निर्माण हुन निश्चित तत्त्वहरूको आवश्यकता हुन्छ । तिनै तत्त्वहरूको आधारमा कविताले आफ्नो स्वरूप निर्धारण गर्दछ । कविता निर्माणको लागि शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य वा भावविधान, विम्बविधान तथा अलङ्कार, व्यञ्जना तथा विधागत रूप वा आयाम जस्ता तत्त्वहरूको अनिवार्यता

रहन्छ । माथिका विभिन्न तत्त्वहरूमध्ये कुनै तत्त्वको अभावमा कविताले पूर्णता प्राप्त गर्न सक्दैन । *(सुवेदी : २०४६ , १६)*

मौखिक एवम् लोकपरम्परामा हुर्कदै आएको कविता विधालाई नेपाली साहित्यको लिखित दस्तावेजको रूपमा वि.सं. १९२६ तिर लेखिएको मानिने **पृथ्वीनारायण शाह** शीर्षकको कविता नै पहिलो लिखित नेपाली कविताको रूपमा हालसम्म मानिएको पाइन्छ । त्यसपछि शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, यदुनाथ पोखरेल , इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा लुइटेल, पतञ्जलि गजुऱ्याल, भानुभक्त आचार्य, ज्ञानदिलदास जस्ता वीर र भक्ति धाराका कविहरूले आफ्नो कवित्व प्रतिभालाई प्रस्फुटित गराएको देखिन्छ । वि.सं. १८२६ देखि वि.सं. १९४० सम्मको नेपाली कविताको प्राथमिक कालभित्र देखापरेका माथिका कविका कविताहरूमा कवितातत्त्वको कमी भने रहेकै देखिन्छ । त्यसपछि वि.सं. १९४० देखि छापाखानाको प्रकाशनसँगै नेपाली कविताले माध्यमिक कालमा प्रवेश गरेको देखिन्छ । नेपाली कवितालाई माध्यमिक कालमा डोऱ्याउन मोतीराम भट्टको योगदान अमूल्य रहेको छ । शृङ्गारिक भावना भएका कविताहरू यस चरणमा लेखिँदै गए । शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, शिखरनाथ सुवेदी, रामप्रसाद सत्याल जस्ता कविका कविताहरू प्रकाशित हुँदै गयो । विशेषतः नारी सौन्दर्य र विषय वासनाका बारेमा यस समयका कवितामा व्याख्या गरिएको पाइन्छ ।

वि.सं. १९७५ सालदेखि नेपाली कविताको आधुनिक काल सुरु भएको मानिन्छ । सूक्तिसिन्धुको प्रकाशनमा प्रतिबन्ध लागेपछि परिष्कारवादी धाराको सुरुवात भएको हो । माध्यमिककालीन शृङ्गारिक प्रवृत्तिहरूलाई त्यागदै कवितामा परिष्कार र परिमार्जनको आग्रहका साथ यो धारा अघि बढेको देखिन्छ । लेखनाथ पौड्याल, सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, महानन्द सापकोटा जस्ता कविका कवितामा बौद्धिकता र भावनाको सन्तुलन पाइन्छ भने लेख्य व्याकरण अनुरूपको परिष्कृत शैली पाइन्छ । देवकोटाको आगमनसँगै नेपाली साहित्यमा स्वच्छन्दतावादी प्रवृत्ति हाबी हुन्छ । **शारदा** पत्रिकाले यसको उत्थानमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । यस धारालाई साथ दिने अन्य कविहरू सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, केदारमान व्यथित प्रमुख थिए । त्यससँगै प्रगतिवादी धारा पनि सँगसँगै आएको देखिन्छ । वि.सं. २०१७ सालमा **रूपरेखा** पत्रिकाको प्रकाशनसँगै

नेपाली कविता प्रयोगवादी युगमा प्रवेश गऱ्यो । परम्परागत लेखनभन्दा फरक रहेर यस धाराका कविहरूले क्लिष्ट, दुरुह भाषामा कविता रचना गर्दै गए । मोहन कोइराला यस चरणका प्रमुख प्रतिभा हुन् । वैरागी काइँला, बानिरा गिरी, तुलसी दिवस, द्वारिका श्रेष्ठ, जगदीश शमसेर राणा, ईश्वर वल्लभ जस्ता कविहरूले आफ्नो फरक शैलीमा नेपाली कवितालाई नौलोपन दिँदै गए । यस समयपछि गद्य कविता लेखनले फस्टाउने मौका पायो । *(श्रेष्ठ : २०४९ , २५)*

यस्तो पृष्ठभूमिमा उदाएका मधुसूदनप्रसाद घिमिरे वि.सं. २०३२ सालदेखि नेपाली कविताका क्षेत्रमा सक्रिय छन् । सर्वप्रथम वि.सं. २०३२ सालमा **नयाँसन्देश** पत्रिकामा **प्रतीक्षा गीत** भन्ने गीतिकविता लिएर देखापरेका उनका दर्जनौँ फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनको **सौतेनी छोरो** गद्यकवितासङ्ग्रह वि.सं. २०५६ सालमा प्रकाशित भएको छ भने **अर्पण** भक्तिकविता वि.सं. २०६८ सालमा प्रकाशित भएको देखिन्छ ।

घिमिरेका कवितामा सामाजिक यथार्थवादी स्वर प्रमुख बनेर आएका छन् । समाजमा व्याप्त अन्याय, अत्याचार, कुरीति, कुसंस्कार, राजनीतिक विसङ्गति, गरिबी, पछ्यौटेपन, शिक्षाको कमी, प्राकृतिक सौन्दर्यको वर्णन, नारी सौन्दर्य वर्णन, स्वास्थ्य सम्बन्धी चेतना प्रमुख रूपमा उनका कवितामार्फत् प्रकट भएका छन् । शृङ्गारिक प्रकृतिका भाव साथै व्यङ्ग्य पनि उनका कवितामा प्रस्तुत भएको देखिन्छ । भगवान्प्रतिको आस्था, समर्पणभाव पनि उनका कवितामा पाउन सकिन्छ । सरल र सुबोध भाषाशैलीमा रचिएका उनका कविता गद्य तथा पद्य दुबै लयमा रचिएका छन् । हाम्रै समाज वरिपरिका परिवेश उनका कवितामा आएका छन् । उनका प्रकाशित दुईवटा कवितासङ्ग्रह भित्रका कविताहरूलाई विषयवस्तु, भावविधान, लयविधान, भाषाशैली, कथनपद्धति, संरचना, शीर्षक, बिम्बालङ्कार आदि कवितातत्त्वको आधारमा तल विश्लेषण गरिन्छ ।

### ४.९.१ सौतेनी छोरो कवितासङ्ग्रहको अध्ययन

कविता विधाबाटै आफ्नो साहित्यिक यात्र सुरु गरेका मधुसूदनप्रसाद घिमिरेको प्रथम कवितासङ्ग्रहका रूपमा वि.सं. २०५६ सालमा **सौतेनी छोरो** कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । वि.सं. २०३२ सालदेखि नै विभिन्न पत्रपत्रिकाहरूमा कविताहरू छपाउँदै

आएका घिमिरेको यो गद्यकविताहरूको सङ्ग्रह हो । परम्परागत पद्यलयात्मक कविताहरूलाई विस्थापित गर्दै तीसको दशकदेखि सुरु भएको गद्य कविता लेखनको भीडमा एउटा अर्को हस्ताक्षर हो - मधुसूदनप्रसाद घिमिरे । यस कवितासङ्ग्रहभित्र लामा छोटा गरी उनन्चास वटा कविताहरू अटाएका छन् ।

यस सङ्ग्रहभित्रका कविताहरू सामाजिक, राजनीतिक, प्रशासनिक, आर्थिक, धार्मिक, सांस्कृतिक विषयवस्तुसँग जोडिएका छन् । उनी यसै समाजको सदस्य भएकोले उनका रचनामा यहि समाजको प्रतिबिम्ब भेट्न सकिन्छ । मधुसूदनका कवितामा महँगीका चपेटाको दुःखेसो छ भने चक्काजामले ल्याएको गथेसो पनि छ । कवितामा कतै साहिँला साहिँलीको व्यथा छ अनि कतै विकृतिले विग्रेको छोराको कथा पनि छ । यहाँ कवि रासन महँगो, भाषण सस्तो भएका तीतो अनुभव गर्छन् । कविको दृष्टिमा मानिस अधिकार पाए पनि अन्धा छन् । अहिले प्रजातन्त्र चुनाव र नेताको चक्रमा अल्झिएको छ र सहिदका सपना क्षतविक्षत् हुँदै आएका छन् । अझ गहिरिएर हेर्दा सहरमा प्रदूषणले मानव जीवन निस्सासिएको छ । देश बिरामी भएको अनुभूति पनि कवि गर्न पुग्छन् । बहुदलीय व्यवस्थामा पनि घाम देख्न पाइएको छैन भने राजनीतिक विसङ्गतिले जरा गाडेको कुरा व्यङ्ग्यका रूपमा प्रस्तुत भएका छन् । प्राकृतिक सौन्दर्यको वर्णन पनि यिनले आफ्ना कवितामा गरेको देखिन्छ । संख्यात्मक हिसाबले उनन्चास कविताको नै अध्ययन गर्न सम्भव नभएकोले यसभित्रका प्रतिनिधि र उत्कृष्ट कवितालाई तल अध्ययन गरिन्छ ।

'सौतेनी छोरो' कवितासङ्ग्रहभित्र रहेको कविताहरूमध्ये **मेरा सहिदहरूलाई** पहिलो कविता हो । देश र जनताका लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान सहिदहरूप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको यस कवितामा सहिदहरूको त्याग र बलिदान खेर नजाने भाव कवि व्यक्त गर्छन् । आफ्नो ज्यानको कुनै पर्वाह नगरी देश र जनाताको स्वतन्त्रता, प्रजातन्त्र, शान्ति, अमनचैनका लागि आफ्नो प्राणको आहुति दिन तयार सहिदहरूलाई सम्बोधन गरी 'तिमी' भनिएको छ । आफूभन्दा बढी देश चाहने, मृत्युभन्दा बढी जीत चाहने सहिदहरूप्रतिको सम्मान स्वरूप 'हामी' द्वारा महिमागान गाइएको छ । भविष्यको सन्ततिको लागि दन्त्यकथा बनेका सहिदहरूको सपनालाई साकार पार्ने वचनबद्धता पनि यहाँ व्यक्त भएको देखिन्छ ।

भौतिक रूपमा यो संसारमा नभए पनि सधैँ फुल्ने गुराँसहरूमा रातो रङ्ग लिएर अनि सधै बग्ने नदीहरूमा दृढ प्रवाह लिएर आइरहेको अनुभूति कवि गर्छन् । आस्था र विश्वासका प्रतीक सहिदहरूको सम्मानलाई कविताले यसरी व्यक्त गरेको देखिन्छ ।

डुब्दैन कहिल्यै सत्यको सूर्य भन्ने थाहा थियो तिमीलाई
व्यर्थ हुन्न रगतको बलिदान भन्ने थाहा थियो तिमीलाई
तिमीले छाडेर गएका मिर्मिरेमा व्युझियौं हामी
श्रद्धाञ्जलि छ किरण जस्ता मेरा सहिदहरूलाई

सहिदहरूको निस्वार्थ देशप्रेमलाई सम्मान गर्दै भविष्यका पिढीहरूले त्यसलाई कायम राख्नुपर्ने भाव कविले यस कवितामा पोखेका छन् । आफ्नो सम्पूर्ण जीवन राष्ट्र र राष्ट्रका जनताहरूको भलाइमा लगाउँदै सहिद बन्नपुगेका व्यक्तिहरूप्रति अत्यन्त श्रद्धाभाव व्यक्त गरिएको छ । आफ्नो रगतको खोलो बगाएर अनि मृत्युको परवाह नगरी देश र जनताको खातिर जीवन बलिदान गर्ने सहिदहरूको सपनालाई आजका पुस्ताले साकार गर्दै लैजानुपर्ने विचार मूलभाव बनेर आएको छ । सहिदको पदचिन्हहरूलाई पछ्याउदै गए मात्र सहिदप्रति सच्चा श्रद्धाञ्जलि हुने विचार कविको छ ।

सहिदको महिमागान गाइएको यो कविता गद्यलयमा संरचित छ । चार पङ्क्तिका छ हरफ र दुई पङ्क्तिका एक हरफ गरि जम्मा सात हरफभित्र कविता संरचित छ । कतै द्वितीय पुरुष सर्वनाम 'तिमी' र कतै तृतीय पुरुष सर्वनाम 'हामी' को प्रयोगद्वारा कवितालाई रोचक बनाइएको देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले कवितालाई लयात्मक बनाएको छ । गद्यलयात्मक श्रुतिमधुरता, साङ्गीतिक मोहकता, कोमलता जस्ता भावहरू कवितामा भेटिन्छन् । सहिदहरूप्रति सम्मान अर्पणमा कविता केन्द्रित भएकाले शीर्षक 'मेरा सहिदहरूलाई' औचित्यपूर्ण देखिन्छ । कविनिबद्धवक्तृप्रौढोक्तिको प्रयोग भएको छ भने सहिदहरूलाई सेता हिमाल, उदाउन लागेको सूर्य, रातो गुराँस अनि कलकल बग्ने नदीसँग तुलना गरिएको छ । भाषाशैली सुन्दर र कोमाल छन् ।

**यी अर्जुन महाभारतका होइनन्** शीर्षकको कविता 'सौतेनी छोरो' कवितासङ्ग्रहभित्रको पाँचौ कविता हो । पौराणिक पात्र अर्जुनसँग आजका अर्जुनहरूलाई तुलना गरिएको यस कवितामा आजका अर्जुनहरूलाई चरित्रहीन, भ्रष्ट, पापी, निर्दयी, अवसरबादी जस्ता विविध नाममा व्यक्त गरिएको छ । महाभारतका अर्जुनको

कर्तव्यपरायणता, नैतिकता, आदर्श, दृढता, धैर्यता र शालीनताले उनलाई महापुरुषको उपमा दिइएको छ भने आजका अर्जुनहरू आफ्नोसँग दुस्मनी गर्छन् । शत्रुसँग हात मिलाउँछन् । सोझा, निर्धालाई सुलीमा चढाउने, मिठो व्यवहार गर्दै पछाडिबाट छुरा धस्ने, मातालाई कुदृष्टिले हेर्ने, मातृभूमिमा नुनचूक चर्कने, अवसर नपाउँदा पाण्डब बन्ने र अवसर पाएपछि कौरव बन्ने जस्ता व्यवहारबाट आजका अर्जुनहरूको चरित्र उदाङ्गो पारिएको छ । राजनीतिक, प्रशासनिक, सामाजिक जुनसुकै क्षेत्रमा पनि यस्ता अर्जुनहरूको जगजगीले सम्पूर्ण समाज र राष्ट्रलाई अधोगतितर्फ धकेलेको वास्तविकता यसमा कविले प्रस्तुत गरेका छन् ।

अहिले कैयौ अर्जुनले त
मात्र आफ्नो गाण्डीव धनु उचाल्छन्
पृथ्वीलाई बलात्कार गरेर अनि हराभरा धर्तीलाई खेलाइ खेलाइ
एड्स सल्काइदिन्छन्
माताको अनुहार क्षतविक्षत् पारेर
त्यसैले यी अर्जुन
महाभारतका होइनन् ।

आजको मानवीय विसङ्गतिलाई अर्जुनहरूले प्रतिनिधित्व गरेका छन् । आफ्नै मातृभूमि र दाजुभाइ दिदीबहिनीलाई छल्दै, डस्दै अनेक षड्यन्त्र गरेर आफू माथि जाने अर्जुनहरूप्रति सचेत रहन कविले आव्हान गरेका छन् । महाभारतीय अर्जुनका महापुरुष चरित्रसँग तुलना गरेर वर्तमान अर्जुनहरूलाई नङ्ग्याउने प्रयास गरेको देखिन्छ । सत्ता लिप्सा, चाकडी, चाप्लुसी, भ्रष्टाचार, अनैतिकता, राष्ट्रविरोधी कार्यहरूबाट आजको अर्जुनहरूले राज गरिरहेको देखाएर वर्तमान समाजको लाचारीपनमाथि व्यङ्ग्य पनि गरिएको छ ।

यो कविता चार अनुच्छेदमा रचिएको छ । यसमा एक शब्दको पङ्क्तिदेखि दिएर आठ शब्दको एक पङ्क्तिसम्म रहेको देखिन्छ । तृतीय पुरुष कथन पद्धति अँगालिएको प्रस्तुत कवितामा स्वेच्छिक अन्त्यानुप्रासको प्रयोग भएको देखिन्छ । पौराणिक पात्र अर्जुन न्याय, दृढता, सत्कर्म, स्वाभिमान, कर्तव्यपरायणताको प्रतीक बनेर आएका छन् भने आजका अर्जुनहरू झुठा, वेइमानी, अवसरवादी, स्वार्थी, भ्रष्ट चरित्रको प्रतीक बनेर

उभिएका छन् । कतै कतै अतिसयोक्ति अलङ्कारको प्रयोग पनि यसमा देखिएको छ । अहिलेका अर्जुनहरूको चरित्रलाई उजागर गरिएकाले शीर्षक निकै नै सान्दर्भिक देखिन्छ । गद्यलयभित्र पनि श्रुतिमधुरता, लयात्मकता, आन्तरिक सांङ्गीतिक सौजन्य जस्ता गुण प्रसस्तै भेट्न सकिन्छ ।

**गैराधरे जुठे** कविता 'सौतेनी छोरो' कवितासङ्ग्रहभित्रको आठौँ कविता हो । सोझा, निमुखा गाउँलेको नियतिलाई यस कविताले मुख्य विषयवस्तु बनाएको छ । प्रजातन्त्र प्राप्तिपछि पनि समाजमा देखिएको शोषकहरूको विगविगीलाई मुखियामार्फत् प्रस्ट्याउन खोजिएको छ भने उनीहरूको आस्रयमा आफ्नो जीवनरथ चलाउन खोज्ने निमुखाहरूको प्रतिनिधि बनेर गैराघरे जुठे उभिएको छ । आफ्नो दयनीय आर्थिक अवस्थाका कारण गुजारा चलाउन संघर्ष गरिरहेको जुठेको खेत बन्धकमा पारेर मुखियाले छोराको विहे गर्छ, । जुठे भने घर छाउने आशामा छोरीलाई बम्बै पठाउँछ । प्रजातन्त्रको प्राप्ति भए पनि जुठे जस्ता निमुखा र गरीबहरूको स्थितिमा कतै सुधार आएको छैन । मुखियाजस्ता शोषकहरूले गरिबको रगत चुस्न छाडेका छैनन् । यथास्थितिवादको प्रभुत्व कायमै छ । जुठेको नियतिलाई तलका हरफले स्पष्ट पार्छन् ।

सही गरायो
बुढीऔँलाको ल्याप्चे ठोकायो
कालो छाप लगाएर
नेपाली कागज रङ्गायो
अन्यायको भुमरीमा गैराघरे जुठेलाई फनफन घुमायो
खै, समयले पल्टा खायो रे
कुन्नी कहाँ हो प्रजातन्त्र आयो रे

प्रजातन्त्र प्रप्तिपछि पनि पुरानै रुढिवादी र सामन्ती संस्कारको पुनरावृत्ति भएको देखाएर परिवर्तनलाई कागजमा मात्र सीमित राख्न नहुने भाव यस कवितामा व्यक्त भएको छ । पुरातन, सामन्ती र निरंकुश प्रवृत्तिको प्रतीक मुखियाको बेइमानी अझै जारी रहेको देखाएर मानिसमा रहेको नकारत्मक सोचहरू हट्न नसक्ने विचार व्यक्त गरेको पाइन्छ । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारबाट बञ्चित सोझा गाउँलेको पीडा मार्फत् सरकारी उदासिनतालाई उदाङ्गो पार्न खोजेको आभास हुन्छ । देशमा परिवर्तनको लहर

चले तापनि जुठेजस्ता सीमान्तकृत वर्गका व्यक्तिहरू आफ्नै समाजका ठालु भनाउँदाहरूरूबाट ठगिँदै लुटिँदै आइरहेका छन् । वर्तमानको यही नियति कवितामा मूल भाव बनेर आएको देखिन्छ ।

प्रस्तुत कविता तीन अनुच्छेदमा संरचित भएको छ । प्रत्येक अनुच्छेदमा धेरै धेरै पङ्क्तिहरू रहेका छन् । मुक्त गद्यलयमा कविका भावहरू मुखरित भएका छन् । ग्रामीण परिवेशको चित्रण गरिएको छ । मुखिया शोषकको प्रतीक बनेर उभिएको छ भने गैराघरे जुठेले शोषितको प्रतिनिधित्व गरेको देखिन्छ । तृतीय पुरुष कथन पद्धतिमा गैराघरे जुठेका नियति प्रकट भएका छन् । कवितालाई अभिधा अर्थमा भन्दा व्यङ्ग्य अर्थमा बोध गर्न सकिन्छ । यसको भाषा सङ्केतात्मक र व्यञ्जनात्मक छन् । गैराघरे जुठेको वरिपरि घुमेको कविताले शीर्षकसँग तादात्म्य राखेको आभाष हुन्छ ।

'सौतेनी छोरो' कवितासङ्ग्रहभित्र रहको चौधौं कविता **देश बिरामी भएको छ** हो । व्यङ्ग्य अर्थमा कविता रचिएको छ । देशमा इमान र नैतिकता भन्ने चीज हराउँदै गएको तथा कृष्ण मात्र यो देशमा नजन्मेर पुतना जस्ता सन्तान पनि जन्मेको प्रसङ्ग कवितामा प्रस्तुत भएको पाइन्छ । आफ्नो मातृभूमिप्रति विश्वासघात गर्ने कुपुत्रहरूको कारण देश हडबडाएर बिरामी परेको विचार कविको छ । राजनीतिक दाउपेच र आफ्नो व्यक्तिगत स्वार्थका कारण देशले आफ्नो अस्तित्व नै गुमाउनुपर्ने अवस्थालाई यसमा व्यक्त गरिएको पाइन्छ । राष्ट्र र जनताका लागि केही गरौं भन्ने कृष्णहरू पुतनाको हातमा परेर आफ्नो अस्तित्व गुमाउदै छन् । जे हुनुपर्ने त्यो भएको छैन जे हुनु नपर्ने थियो त्यही भएको छ । बिरामी देशको अवस्थालाई तलका पङ्क्तिले स्पष्ट पार्छन् :

यहाँ हुनेहार भएको छ
जे हुनु थियो
त्यो उल्टो भएको छ
प्रत्येक कृष्ण
पुतनाहरूका हातमा पर्दैछन्
अस्मिता नै गुमाउनु परेर होला
साँच्चै देश बिरामी भएको छ ।

आफ्नै सन्तानहरूको कुकृत्यबाट हड्बडाएको, बिरामी भएको देशको अवस्थालाई वर्णन गरिएको यो कविता मुक्त गद्यलयमा रचिएको छ । जम्मा तीन हरफभित्र तेईस पङ्क्तिमा अटाएको कविता पूर्ण वाक्यात्मक ढाँचामा रचना भएको देखिन्छ । शीर्षकले नै कविताको मूल भावलाई समेटको देखिन्छ । पुतनाहरूको ताडना सहन वाध्य देशको बिरामी अवस्था व्यङ्ग्यार्थमा बुझ्न सकिन्छ । पुतना नकारात्कता र क्रूरताको पर्याय हो भने कृष्ण सकारात्मकताको पर्याय हो । मिथकीय पात्र प्रयोगले कवितालाई रोचक बनाएको देखिन्छ । यसमा सरल र बोधगम्य शब्दावलीको प्रयोग भए पनि समग्रमा कविता बुझ्न अभिधा भन्दा भिन्न शब्दशक्तिको सहारा लिनुपर्छ । तृतीय पुरुष कथन पद्धतिमा कविता रचिएको छ । पुतनाको प्रताडनाले सताएको देश बिरामी परेको देखाएर असत्य नै सत्यमाथि हावी भएको देखाइएको छ । सातो गएको बिरामी बच्चाझैं भन्ने कवितांशबाट उपमा अलङ्कारको प्रयोग भएको देखिन्छ ।

**सौतेनी छोरो** यस कवितासङ्ग्रहको पन्ध्रौं कविता हो । यसै कविताको नामबाट यस सङ्ग्रहको नामाकरण गरिएको छ । एउटी महिलाको सौतेनी छोरो प्रतिको धारणा अभिधेय अर्थमा प्रकट भए तापनि व्यङ्ग्यार्थमा यसको अर्थ बोध हुन जान्छ । सौतेनी छोराको बारेमा आएको उनका  भावतरङ्गहरू यसमा आएका छन् । सौतेनी छोरोप्रति परम्परागत रूपमा रहने वैरभाव र मानसिक उतारचढाव कवितामा व्यक्त भएको छ । आफ्ना छोराछोरीलाई जेसुकै गर्दा पनि फरक नपर्ने तर सौतेनी छोरोलाई भने अलि फरक व्यवहार गर्ने प्रवृत्तिलाई प्रमुख विषयवस्तु बनाएर  कवितामा प्रस्तुत गरिएको छ । रज-बीज, काल, वर्ण, लिङ्ग, एउटै भए पनि सौतेनी छोरो भएको कारणले उसले माया ममता पाउन सक्दैन । त्यस्तै खाना खान पनि सही तरिकाले पाउदैन । त्यस्तै ऊ आँखाको कसिङ्गर मात्र भएर आएको देखिन्छ ।

अभिधेय अर्थमा एउटी सौतेनी आमाको छोराप्रतिको दृष्टिकोणलाई प्रस्तुत कविताले व्यक्त गरे तापनि व्यङ्ग्यार्थमा यसलाई अझ प्रस्टसँग बुझ्न सकिन्छ । आपसी गुटबन्दी र समूहको कारणले राजनीतिक, प्रशासनिक तथा देशका अन्य क्षेत्रमा देखापरेको सौतेनी छोराको व्यवहारलाई यस कविताले व्यङ्ग्य प्रहार गरेका छ । आफ्नो एउटा घेराभित्र सम्पूर्ण सुधिधा तथा शक्तिको उपभोग गर्ने तर आफ्नो भन्दा फरक मत राख्ने इमान्दार र कर्तव्यनिष्ठ व्यक्तिलाई सौतेनी छोरो सरह व्यवहार गर्ने वर्तमान नकारात्मक प्रवृत्तिमाथि

कविताले औंला ठड्याएको पाइन्छ । जागिरे जीवनका क्रममा कवि घिमिरेले आफू सौतेनी छोरो जस्तो महसुस गरेर यो कविता लेखेका हुन्  जुन कुराको पुष्टि यस सङ्ग्रहको सुरुमा लेखकले व्यक्त गरेको भनाइबाट हुन्छ । वर्तमान विसंङ्गतिको एक पक्षलाई यस कविताले सशक्त ढङ्गले प्रस्तुत गरेको छ ।

रज-वीर्य एउटै
काल, वर्ण, लिङ्ग पनि एउटै
पिण्डापानीको अधिकारी ऊ
तर सौतेनी पो पऱ्यो

लघु संरचनामा आबद्ध यस कवितामा अठ्ठाईस पङ्क्ति र पाँच हरफ रहेका छन् । प्रत्येक हरफमा पङ्क्तिसंख्या फरक फरक रहेको छ । तृतीय पुरुष कथन पद्धति प्रयोग भएको यो कविता गद्यलयमा रचिएको देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले कवितालाई गेयात्मक बनाउन मद्दत गरेको छ । भाषाशैली सरल र रोचक रहेको पाइन्छ ।

**प्राकृतिक इलाम** कविता 'सौतेनी छोरो' कवितासङ्ग्रहभित्रको बिसौं कविता हो । प्राकृतिक सौन्दर्यको खानी इलामका मनमोहकतालाई कवितामा सुन्दर ढङ्गबाट प्रस्तुत गरिएको छ । नेपालको पूर्वी भेगमा पर्ने इलाम र त्यस वरपरका दृश्यहरू देख्दा कवि मनमा उर्लेका भावहरू यस कवितामा आएका छन् । इलामलाई एक युवतीसँग तुलना गर्दै फिक्कल उसको हात-पाउ र पशुपतिनगर शिर भएको कल्पना गर्छन् । हरियो चियावगान, कन्याम र नदीका तीरले नारी सौन्दर्यका पुष्टतालाई प्रदर्शित गर्छन् । प्रकृतिले आफैं सजाएर थपक्क राखेजस्तो त्यहाँका चियावगान, अम्रिसो र अलैचीले इलामका शोभा बढाइरहेको प्रसङ्ग कवितामा आएको छ ।

सुन्दर प्राकृतिक ठाउँ इलाम देख्दा कविको मन उल्लासित भएको छ । एउटा सुन्दर युवतकिो अङ्ग प्रत्यंङ्ग सँग इलामको प्रत्येक प्राकृतिक छटाको तुलना गरेर प्रकृतिको वरिपरि बस्दा आफ्ना सबै दुःख बिर्सन सक्ने विचार यहाँ प्रस्तुत भएको छ ।

इलामको मनमोहकतालाई तलका हरफले पुष्टि गर्छन् ।

नेपालको पूर्वी मोहडा
मातृभूमिको उच्च शिर
कतै थुम्किला डाँडा

कतै नदीको तीर
शृङ्गारले एक कोमल युवती
यौवनावस्थाकै चिह्न झैं
पुष्ट, मनमोहक हरिया चियाबगान
कन्याम एक मनमोहक तीर

लघुकविताको आकारमा रचिएको यस कवितामा तेइस पङ्क्तिहरू दुई हरफभित्र अटाएका छन् । मुक्त गद्यलयको प्रयोग भएको प्राकृतिक इलाम शीर्षक अनुरूप नै इलामको सौन्दर्यवर्णनमा केन्द्रित छ । इलामको प्राकृतिक छटालाई यौवनावस्थाका चिन्हझैं प्रस्तुत गरेर उपमा अलङ्कारको प्रयोग पनि यसमा भएको पाइन्छ । प्रकृतिको मानवीकरणले कवितालाई रोचक र आकर्षक बनाएको देखिन्छ । तृतीय पुरुष कथन पद्धतिमा कविता रचिएको छ ।

**मन बहिरहेछ** कविता 'सौतेनी छोरो' कवितासङ्ग्रहभित्रको अर्को कविता हो । बाबुआमाको मायाममतामा बाल्यकाल गुजारेर समाजको बन्धन र संस्कारको परिधिमा वैवाहिक सम्बन्धमा गाँसिएकी साहिँलीको अन्तव्यथालाई अत्यन्त सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ । बिहेमा किनेको ढुङ्ग्रीको ऋण तिर्न विदेश गएको साहिँलीको पति घर फर्केको छैन । पतिको अनुपस्थितिमा ऊ आफूलाई एक्लो महसुस गर्छे । पतिसँगको सहवासका क्षणहरू सम्झदै मनलाई हौसला दिन्छे । बिहानदेखि बेलुकासम्म जति हाड घोटे पनि सासुको कचकच उसले सुन्न परिरहेछ । लोग्नेको पर्खाइमा उसका दिन बितिरहेका छन् । उसको रोदनसँगै प्रकृति पनि रोएको अनुभव हुन्छ ।

ग्रामीण परिवेशमा बस्ने निमुखा र गरीब जनताहरूको प्रतिनिधि बनेर आएकी साहिँलीमार्फत् मान्छेका मन भित्रका छटपटीहरू पोख्न सपनाको भर पर्नुपर्ने यथार्थ प्रकट भएको देखिन्छ । आफ्ना पिडाहरू पोख्ने ठाउँसम्म उसले पाएकी छैन । यौवनका तरङ्गहरूलाई स्वप्न मार्फत् महसुस गर्न वाध्य भएको उसको चरित्रले समाजमा व्याप्त आर्थिक दुरावस्थाको सचित्र वर्णन गरेको छ । साहिँलीको अवस्थालाई तलका पङ्क्तिले छर्लङ्ग पार्छन् ।

उसको मन बहिरहेछ, आँशु झरिरहेछ
कानमा गुञ्जीरहेछ केवल फत्फत् सासुको

साहिँलीलाई खाँचो छ उही सम्झनाको उही स्वप्नको

गद्यलयमा रचिएको यो कविता एउटै अनुच्छेदमा अटाएको छ । एकतीस पङ्क्तिहरू यसभित्र रहेका छन् । तृतीय पुरुष कथनपद्धतिमार्फत् साहिँलीको दिनचर्यालाई प्रस्तुत गरिएको छ । अन्त्यानुप्रासको ऐच्छिक प्रयोग भएको देखिन्छ । भाषाशैली सुन्दर र आकर्षक किसिमको छ । मानवीय संवेदनाले भरिएको यस कवितामा लयात्मकता, आन्तरिक साङ्गीतिक झंकार प्राप्त गर्न सक्दछ ।

'सौतेनी छोरो' कवितासङ्ग्रहभित्रको बयालिसौँ कविता **महँगीको म** हो । महँगीको मारमा परेको म पात्रको विवशतालाई यस कवितामा व्यक्त भएको छ । प्रथम पुरुष सार्वनामिक पद 'म' को आत्मालाप यस कवितामा सार्वजनिक भएका छन् । आम्दानीको स्रोत सीमित भएको निम्नवर्गीय म पात्रको दयनीय अवस्थाको चित्रण गर्ने विभिन्न प्रसङ्गहरूले कवितालाई रोचक बनाएका छन् । सानो आम्दानीको स्रोतले घरको रासन व्यवस्था, छोराछोरीको पढाइ, घरव्यवहारका अन्य समस्याहरू टार्न धौ धौ परेको म पात्र वताउँछन् । ती सबै समस्याहरूबाट भाग्न खोजे पनि ऊ भाग्न सकेको छैन । सेमिनार र गोष्ठीका प्याकेज बोक्दै हिडे पनि महँगीको मारले थिचेपछि त्यसबाट मुक्ति पाउन नसकेको म पात्र नियतिको फन्दामा परेको छ ।

महँगी बढ्छ दिनका दिन कसलाई भनौ म?
महिमा ढुकेर तलब थाप्छु तैपनि विरह पोख्छु म
जीरादेखि पीरासम्म खरिदकर्ता म
बजारदेखि डराईकन तर्कि हिड्ने म ।

चार पङ्क्तिका चार हरफभित्र रचिएको यस कवितामा गद्यलयको प्रयोग गरिएको छ । हरेक पङ्क्तिको अन्त्यमा म को प्रयोग भएको छ । प्रथम पुरुष कथन पद्धतिभित्र कविता पूर्ण भएको देखिन्छ । म पात्रले आफ्ना पीडाबोध गरेको छ ।

अन्त्यानुप्रासको प्रयोगले कवितालाई गेयात्मक बनाएको छ । अभिधेय अर्थमा नै कविताको भावलाई बुझ्न सकिन्छ । महँगीको मारमा परेको म पात्रको भनाइलाई प्रस्तुत गरिएकोले शीर्षक सार्थक देखिन्छ ।

प्रस्तुत कविताले दिन प्रतिदिन बढिरहेको महँगीले सानो आम्दानी भएका र निम्नवर्गीय व्यक्तिहरूलाई जीवन धान्न मुस्किल पर्दै जान लागेको सत्यलाई उद्घाटित गर्दै

सरकारलाई महँगी नियन्त्रण गर्न अनुरोध गरेको छ । विभिन्न राहतका कार्यक्रम ल्याएर जनतालाई महँगीको मारबाट बचाउनुपर्ने भाव मूल रूपमा प्रकट भएको देखिन्छ ।

### ४.९.२ अर्पण भक्तिकवितासङ्ग्रहको अध्ययन

दोस्रो कवितासङ्ग्रहको रूपमा वि.सं. २०६८ सालमा प्रकाशित **अर्पण** भक्तिकविताहरूको सङ्ग्रह हो । भगवान्को भक्तिमा आफूलाई अर्पण गर्दै मुक्तिको मार्गतर्फ अग्रसर रहेको भावलाई अत्यन्त सुन्दर पंङ्क्तिमार्फत् व्यक्त गरिएको छ । कृष्ण, विष्णु, सरस्वती, महादेव र गणेशजस्ता देवताहरूको आराधनामा कविता केन्द्रित रहेको देखिन्छ । यस सङ्ग्रहभित्र **अर्पण, हरि नाम गाऊँ, सरस्वती बन्दना, मुक्ति पाऊँ, दिगम्बर भोले बाबा, यिनकै भर परौं, गुरु विनायक** गरी सातवटा कविता रहेका छन् । जम्मा बत्तीस पृष्ठको लघुआयतनमा सङ्ग्रहले विस्तारित हुने मौका पाएको छ । सृष्टिकर्ता, विध्नहर्ता, दयालु, सबैको रक्षागर्ने भगवान्को बन्दना गर्दै यो भवसागरबाट पार लगाई प्रभुपदमा निवास पाउन यस सङ्ग्रहभित्रका कविताहरूले भगवान्सँग अनुरोध गरेका छन् ।

**अर्पण** यस कवितासङ्ग्रहभित्रको पहिलो कविता हो । भगवान् श्री कृष्णप्रतिको समर्पणभाव यस कवितामा उच्च स्वरले मुखरित भएको आभास मिल्छ । जन्म लिएपछि मर्नुपर्ने यो सम्पूर्ण प्राणी जगत्मा श्री कृष्णको नाम जपेर भवसागर पार हुने विचार कवि पोख्छन । बालक र युवा अवस्थामा भगवानप्रति कुनै आशक्ति नरहे पनि अन्त्यमा बृद्धावस्थामा प्रभुचरण नै सर्वोत्तम बाटो हो । त्यसैले बालक, युवा र बृद्ध हुँदै यो संसार छाडेर जानुपर्ने भएकोले आफूभित्रका क्रोध, लोभ, मायामोह, मात्सर्यलाई त्यागेर मन, वचन र कर्मले प्रभुको भक्तिमा लाग्न प्रेरित गरिएको छ । बली प्रथाको विरोधमा पनि यस कविताले तिखो व्यङ्ग्य प्रहार गरेको छ । हाँस, कुखुरा, राँगा, बोका आदि सबै भगवानको सृष्टि भएकोले आफ्नै सन्तानको बली खान कुनै भगवान् तयार नहुने बताउँदै नरिवल, कुभिण्डो, घिरौला जस्ता चीजको बली दिन आग्रह गरिएको छ । बली भनेको त्याग भएकाले अरूको प्राण हरेर त्यागी बन्न नसकिने भाव यस कवितामा आएको छ । सम्पतिको लालचमा परेर अरूलाई फट्याइ गर्ने, लुट्ने, ठग्ने जस्ता कार्य गरे पनि आखिरमा छाडेर जानुपर्ने यो देह प्रभुमा नै अर्पण गर्न पनि आग्रह गरेको पाइन्छ ।

संसाररूपी मायाजालबाट मुक्त भएर शिव, हरि र कृष्णको भक्तिमा सदा मन रहिरहोस् भन्ने कामना साथ कविता समाप्त भएको देखिन्छ ।

यस भक्ति कवितामार्फत् मान्छेको आडम्बरी चरित्र र लोभमोहले भगवान् भक्तिमा लाग्न नसकिने बताउँदै आफूभित्रको कलुसित विचारलाई त्यागेर शुद्ध भावले भगवान्को शरणमा जान आग्रह गरिएको छ । बली दिने प्रथाको विरोध गर्दै बली दिइने प्राणीहरू पनि भगवान्कै सृष्टि भएकाले भगवान्ले कहिल्यै पनि आफ्नै सन्तानको प्राण नहर्ने विचार व्यक्त गरिएको पाइन्छ । यो मायारूपी भवसागरबाट पार हुन श्रीकृष्णको चरणमा जान सबैलाई अभिप्रेरित गरिएको छ । भिडभाडमा गएर ईश्वरको दर्शन पाउन नसकिने बरु एकान्तमा ध्यान गरे भगवान्को आशीर्वाद प्राप्त गर्न सकिने भावलाई तलका पङ्क्तिमा व्यक्त गरिएको छ ।

भिडभाडमा दर्शन हुन्न धाम
लस्कर पछि लाग्दछ रे तमाम
एकान्तमा ईश्वर नाम गाऊँ
श्रीकृष्णको दर्शन गर्न पाऊँ ।

आध्यात्मिक भावहरू प्रखर बनेर आएको यस कवितामा चार पङ्क्तिका बयालिस श्लोकहरू रहेका छन् । खण्डकाव्यकै समकक्षी मान्न सकिने यस कवितामा मालिनी छन्दको प्रयोग भए पनि सबैतिर यसको निर्वाह भएको पाइदैन ।

प्रत्येक श्लोकको अन्त्यमा श्रीकृष्णको दर्शन गर्न पाऊँ भन्ने पङ्क्ति पुनरावृत्तिको भएको छ जुन कविको लक्ष्य पनि हो । अन्त्यानुप्रासको अनिवार्य प्रयोग भएकाले कविता गेयात्मक र लयात्मक बनेको देखिन्छ । प्रथम पुरुषीय एकालापमा कविमनका भक्तिभावहरू सल्बलाएका छन् । देवताहरू, श्री कृष्ण, विष्णु, शिव आदिलाई सम्बोधन गरिएको यस कवितामा क्रोध, लोभ, ईश्वर, दर्शन, पुत्र ,पुत्री, चैतन्य, चोला, प्रकृति जस्ता संस्कृत तत्सम शब्दहरूको बाहुल्य रहेको छ । श्रीकृष्णको भक्तिमा जीवन अर्पण गर्न खोजेको भाव कविताले व्यक्त गरेकाले शीर्षक अत्यन्त सान्दर्भिक देखिन्छ ।

**हरि नाम गाऊँ** कविता 'अर्पण' कवितासङ्ग्रह भित्रको दोस्रो कविता हो । मनभित्रका सारा कलुसित भावहरू पखालेर तन मनले हरिको शरणमा जान यस कविताले प्रेरित गरेको छ । हाम्रो क्षमताले भ्याएसम्म प्रभुलाई चढाएर स्वचित मनले हरि भन्न पाऊँ

भन्ने आग्रह पनि कवि गर्छन् । मानिसको यो देहलाई मुक्ति दिलाउन प्रभु नाम पनि जप्नुपर्ने भावलाई कविताले उजागर गरेको छ । आफू अनाथ भएकोले दया माया गरि यो दुःखको सागरबाट मुक्त गरिदेऊ भन्ने भाव हरिसमक्ष प्रस्तुत गरेका छन् :

अनाथ छु, नाथ दाय गरी द्यौ
पुकार गर्छु दुःख सब हरिदेउ
निहुराई शिर प्रभुमा झुकाउँ
हे कृष्ण राम भनी नाम गाउँ ।

लघु संरचनामा आवद्ध यस भक्ति कवितामा दुई पङ्क्तिका एक श्लोक र चार पङ्क्तिका दुई श्लोक गरी जम्मा तीन श्लोक छन् । प्रथम पुरुष कथन पद्धतिमा प्रभु समक्ष आफ्ना भावहरू व्यक्त गरेको पाइन्छ । अभिधेय अर्थमा नै भावार्थ खुल्ने यस कविताले भक्तिमार्गतर्फ लाग्न प्रेरित गरेको छ । श्रुतिमधुरता, रम्यता, गेयात्मकता, लयात्मकता जस्ता गुणहरू यस कवितामा पाउन सकिन्छ ।

**सरस्वती बन्दना** यस भक्तिकवितासङ्ग्रहभित्रको तेस्रो कविता हो । विद्याकी देवी सरस्वतीको बन्दना यसमा प्रस्तुत भएको छ । दुई हात जोडेर फूलले सरस्वतीलाई अभिवादन गर्दै दुःखी भक्तलाई रक्षा गर्न आग्रह गरेको देखिन्छ । गंगा, जमुना, सरस्वती तीनै देवीलाई प्रार्थना गर्दै यो मोहजालबाट मुक्त हुन प्रार्थना गर्छन् । हाँसको वाहन चढेर विणा भिरेकी सरस्वतीसँग विद्याको लागि विनम्र अनुरोध गरेको देखिन्छ :

विणा भिरेकी हाँस वाहनमा
बसेर विद्या दिनुहोस् प्रभु ममा
माता तिमीमा दुई हात जोडी
पुकार गर्छु भवपास तोडी

विद्याकी देवी सरस्वतीको बन्दना गरिएको यस कवितामार्फत् ज्ञानप्राप्तिका लागि स्वार्थ त्यागेर निस्वार्थ भई देवीको आराधना गर्न आग्रह गरिएको छ । विद्याकी देवी सरस्वतीको निवास सबैको आत्मामा भए पनि देवीको बन्दनाबाट त्यसले बाहिर प्रस्फुटित हुन पाउने भएकोले निश्चिन्त भएर सरस्वतीको चरणमा जान अभिप्रेरित गरिएको छ । तीन श्लोकको लघुसंरचनामा आबद्ध यस कवितामा सरस्वतीलाई माताको प्रतीक बनेर

उभ्याइएको पाइन्छ । संस्कृत तत्सम शब्दको बाहुल्यताले कविता सुन्दर बनेको छ । कविप्रौढोक्तिमार्फत् सरस्वतीको दर्शन पाउन बन्दना गरिएको छ ।

**मुक्ति पाऊँ** यस भक्तिकवितासङ्ग्रह भित्रको चौधौं कविता हो । देवादिदेव महादेवको आराधनामा गरिएको यस कवितामा यस लोकको भोगपछि मुक्ति पाऊँ भनी भोलेबाबा पशुपतिनाथसँग प्रार्थना गरेको देखिन्छ । समुद्र मन्थन गर्दा निस्केको विष खाएर देवताहरूको पीर शान्त पार्ने शिवलाई निलकण्ठ भनी सम्वोधन गरिएको छ । पानीभित्र सयन गरेर विषको डाहा शान्त पार्ने उपकारी आशुतोषको सधैँ नाम गाएर यो लोकबाट मुक्ति पाऊँ भन्ने भाव कविले व्यक्त गरेका छन् ।

सबको रक्षा गर्ने तिमी निलकण्ठ धारी
पानीभित्र सयन गर्‍यौ विष डाहामारी
उपकारी आशुतोष सधै नाम गाऊँ
यस लोकको भोगपछि हामी मुक्ति पाऊँ

तीन श्लोकको दस पङ्क्तिमा रचिएको यो कविता पद्यलयमा छ । शिवजीको भक्तिमा लीन हुन आग्रह गरिएको यस कवितामा अन्त्यानुप्रासको निर्वाह भएको देखिन्छ । प्रथम पुरुषीय एकालाप शैलीमा शिवको महिमा गाइएको छ । शिवलाई उपकारी, आशुतोष, निलकण्ठधारी जस्ता उपनामहरूले सम्वोधन गरिएको पाइन्छ । संस्कृत तत्सम शब्दको बाहुल्यताले कवितालाई सुन्दर बनाउन मद्दत गरेको देखिन्छ ।

**दिगम्बर भोले बाबा** 'अर्पण' भक्तिकवितासङ्ग्रहभित्र रहेको पाचौं कविता हो । दिगम्बार भोले बाबा भनेर भगवान शिवलाई सम्वोधन गरिएको हो । उनका विविध रूप रङ्गलाई प्रस्तुत कविताले उजागर पार्न खोजेको देखिन्छ । सधै नाङ्गै रहने, बाघको छाला ओढ्ने, त्रिशुल डमरू हातमा लिने, खरानी लेपन गर्ने, भूत प्रेत साथ लिई हिड्ने शिवलाई न्यायको मूर्तिका रूपमा उभ्याइएको देखिन्छ । देवताका पनि देवता महादेवको सधैँ नाम जपेर यो चित्तलाई चङ्गा बनाउन पनि आग्रह गरिएको छ । पार्वतीका पति अनि गणेशका पिता शिवको नाम अन्त्यसम्म कहिल्यै नछुटोस् भन्ने कामना पनि गरेको देखिन्छ :

खरानीको लेपन गर्ने अङ्ग झलमल
यिनको नाम सधै जपौं बढ्छ हाम्रो बल
देवताको पनि देव बुढा महादेव

तिम्रो नाम नछुटोस् है अन्त्य कालनेर

शिव महिमा गाइएको यो कविता तीन श्लोकमा संरचित छ जसमा दुई पङ्क्तिका एक श्लोक र चार पङ्क्तिका दुई श्लोक रहेका छन् । तृतीय पुरुष कथन पद्धतिमा शिवका महिमा वर्णित छ । अन्त्यानुप्रासको नियमित प्रयोगले कविता लयात्मक बनेको छ । संस्कृत तत्सम शब्दहरूको प्रयोग भएको देखिन्छ । महादेवलाई न्यायमूर्तिका रूपमा व्याख्या गरिएको पाइन्छ । शीर्षक अनुरूप नै भोलेबाबाको बाहिरी आकृतिको वर्णन भएको छ ।

**यिनकै भर परौं** कविता 'अर्पण' भक्तिकवितासङ्ग्रहभित्रको छैटौँ कविता हो । सिद्धिविनायक गणेशको भक्तिमा लाग्न यस कविताले आग्रह गरेको छ । गणेशको पूजा नगरिकन कुनै पूजा पनि सफल नहुने भएकोले सर्वप्रथम यिनकै आराधाना गर्नुपर्ने भाव व्यक्त भएको देखिन्छ । शिवपार्वतीका पुत्र तथा ऋद्धिसिद्धिका पति गणेशका सोह्रसय नाम छन् । यिनको आरधना गर्नाले ज्ञान बढ्नुका साथै कार्यसिद्ध हुनाले निस्वार्थ भएर भक्ति गर्न आग्रह गरिएको छ । गणेशको महिमालाई तलका प ङ्क्तिले अझ बढाएको आभाष मिल्छ :

सोह्रसय नाम यिनको विघ्न हर्ताकर्ता
ज्ञान वुद्धि बढाउँछ यिनकै भर पर्दा
ऋद्धिसिद्धि साथै राखी गणपति पूजा गरौं
भर परे पार लाग्छ यिनकै भक्ति गरौं ।

तीन श्लोकमा संरचित यस भक्तिकवितामा गणेशको भक्ति गरि कार्यसिद्धि गराउन सकिने भाव व्यक्त भएको छ । प्रथम पुरुष कथन पद्धतिमा प्रस्तुत भएको कवितामा अन्त्यानुप्रासको उचित निर्वाह भएको देखिन्छ । दैवी पात्रहरूको महिमागान गाइएकोले भक्ति रसको सिर्जना गर्नमा कविता सफल भएको छ । संस्कृत तत्सम शब्दको प्रयोगको बाहुल्य रहेको कवितामा शीर्षकले मूल भावलाई राम्ररी समेटेको पाइन्छ । भाषाशैली कोमल र सुन्दर रहेका छन् ।

'अर्पण' भक्ति कवितासङ्ग्रहभित्र रहेको कविताहरूमध्ये **गुरु विनायक** सातौं तथा अन्तिम कविता हो । यस कवितामा पनि विनायक गणेशकै आराधना गरिएको छ । विघ्नहर्ता गणेशलाई सर्वप्रथम पूजा गरी दुबो, लडडु चढाउनुपर्ने विचार कवि राख्छन् ।

ऋद्धिसिद्धि सहित भएर विघ्नवाधा हटाई सुखशान्ति प्रदान गर्न गणेशजीसँग प्रार्थना गरिएको छ :

विघ्न वाधा हरण गर गुरु गणपति
सबको हित गर्न पाऊँ सप्रियोस् मति
लम्बोदर हित गर्ने कार्य विनायक
विघ्नवाधा हटाइदेऊ गुरु विनायक

तीन श्लोकका दस पङ्क्तिभित्र अटाएको यस कवितामा कार्यसिद्धि गराउने भगवान् गणेशलाई सबै विघ्नवाधा हटाउन आग्रह गरिएको छ । गणेशलाई कार्यविनायक, गणपति, लम्बोदर, गजानन जस्ता अनेक उपनामहरूले सम्वोधन गरी उपमा अलङ्कारको प्रयोग गरेको देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले कवितालाई लयात्मक बनाउन मद्दत गरेको छ । तृतीय पुरुष कथन पद्धतिलाई यस कविताले अँगालेको देखिन्छ । अभिधा अर्थमा नै कविताका भाव प्रस्ट हुन्छन् ।

### ४.१० मधुसूदनप्रसाद घिमिरेको नेपाली बालसाहित्यमा आगमन

बाल्यकाल मानवीय जीवनकै महत्त्वपूर्ण आधार स्तम्भ हो । बाल्यकालको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव उसको भविष्य निर्माणमा परेको हुन्छ । बाल्यकालमा पाएको शिक्षा, माया, ममता, स्याहार सुसार र उचित वातावरणको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव उसको भावी जीवनमा परेको हुन्छ । त्यसैले बालबालिकाको सर्वोपरि हितको उद्देश्यले रचना गरिएको साहित्यले पनि उनीहरूको भोलिको जीवनलाई मार्गनिर्देश गर्न सक्ने देखिन्छ ।

बालबालिकाहरूको जिज्ञासालाई बालसाहित्यले मात्र समाधान गर्न सक्दछ । बालसाहित्यले बालबालिकाहरूलाई मनोरञ्जन दिनुका साथै चेतना र सोचको विकास एवम् परिष्कार, भाषिक क्षमताको विकास, ज्ञानको प्रवर्द्धन, चारित्रिक सुधार र सिर्जनाशीलताको विकास गर्न पनि मद्दत पुऱ्याउँछ । त्यसैले बालसाहित्य भन्नाले बालबालिकाले बुझ्न सक्ने खालको, सरल भाषाशैलीमा मनोरञ्जनपूर्ण तरिकाले नैतिक शिक्षादीक्षा दिन सक्ने साथै सिर्जनशील हुन प्रेरित गर्ने उपन्यास, कविता, कथा, जीवनी, निबन्ध जस्ता साहित्यका विधा विशेषलाई बुझिन्छ । बालबालिकाका सम्पूर्ण जिज्ञासा एवम् मनोरञ्जन विद्यालयीय पाठ्यपुस्तकबाट मात्र सम्भव नहुने भएकाले बालबालिकाको

बौद्धिक,, मानसिक र सिर्जनात्मक विकासको साथै चेतना र ज्ञानको प्रवर्द्धन र परिष्कार गर्ने काममा बालसाहित्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

बालसाहित्यको बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नो किसिमले परिभाषा दिएका छन् । केही प्रमुख परिभाषालाई तल प्रस्तुत गरिन्छ ।

क) **राजेन्द्र सुवेदी** : "बालसाहित्यको सिर्जना बालकको उमेरको हद, ग्रहणशीलता, पारख क्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनुपर्छ । बालकहरूले आत्मसाथ गर्नसक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतिकरणका आधारमा रचित साहित्य बालसाहित्य हो ।"

ख) **चूडामणि बन्धु:** "प्रौढसाहित्य वा सामान्य साहित्यमा आयुवर्गलाई छुट्याइदैन । भाषिक संरचना र शब्दभण्डार लेखकको नीति शैलीअनुसार हुन्छ, स्तरीकृत गरिदैन । बालबालिकाका निम्ति स्वस्थ मनोरञ्जक उपयोगी शिक्षा, व्यावहारिक ज्ञान र नवीन सूचना दिने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउने चलन छ ।"

ग) **जीवेन्द्रदेव गिरी** : "बालसाहित्यले छोटो मिठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोकसाहित्यबाट पनि ऊर्जा प्राप्त गर्दछ । त्यसैले बालसाहित्यमा उर्वर मस्तिष्कका उपयोगी विचार, इतिहाँस र संस्कृतिका मूल्यवान सामग्री, भूगोलका सुन्दर दृश्य तथा समाजका अनेकौ पक्षहरू देखिन्छन् ।"

घ) **कृष्णप्रसाद पराजुली** : "बालकहरूले सजिलैसँग बुझ्न, टिप्न सक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ पुऱ्याउने सिजनात्मक साहित्य नै बालसाहित्य हो ।" *(अर्याल : २०५४ , १८)*

माथिका विभिन्न परिभाषाहरूलाई मध्यनजर गर्दा बालबालिकाहरूलाई मनोरञ्जन दिने उद्देश्यले सरल, सहज भाषाशैलीमा रङ्गीन चित्रहरू समेत् समावेश गरी कलात्मक किसिमले प्रकाशन गरिएको कृति बालसाहित्य हो । यसमा बालबालिकाको मनोविज्ञान बुझी उनीहरूको जीवनामा परिष्कार र परिमार्जन ल्याउने खालको खुराक पस्किने काम गरिन्छ ।

मौखिक लौकिक परम्पराबाट नेपाली बालसाहित्यले लेख्य रूपमा प्रस्तुत हुने अवसर धेरै पछि मात्र पाएको देखिन्छ । देशमा औपचारिक शिक्षाको सुरुवातसँगै वि.सं. १९५८ मा राजा जयपृथ्वीबहादुर सिंहको **अक्षराङ्क शिक्षा बालबोध नं. १** प्रकाशित भएको पाइन्छ ।

यसै पुस्तकलाई नै आजसम्मको पहिलो लिखित बालपाठ्यपुस्तकका रूपमा लिन सकिन्छ । यसलाई निरन्तरता दिने क्रममा लेखनाथ पौड्यालको **पिंजराको सुगा** वोधविक्रम अधिकारीको **दन्त्यकथा**, लक्ष्मीप्रसाद देवकोटाको **राजकुमार प्रभाकर** जस्ता बालसाहित्यिक कृतिले बालसाहित्यको भण्डारलाई फराकिलो पार्दै लगेको देखिन्छ । यसपछि विभिन्न चरणहरू पार गर्दै वि.सं. २०३६ सालदेखि चौथो चरण सुरु भएको हो । *( प्रधान : २०५७ , १९ )*

लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, बालकृष्ण पोखरेल, देवकुमारी थापा, रमेश विकल, परशु प्रधान, कल्पना प्रधान, दैवज्ञराज न्यापाने, नरेन्द्र चापागाइँ, प्रमोद प्रधान आदि स्रष्टाहरूले मलजल प्रदान गरी उर्वर बनाएको नेपाली बालसाहित्यको क्षेत्रमा वि.सं. २०५४ सालमा **सङ्गतको फल** बालकथासङ्ग्रह लिएर मधुसूदनप्रसाद घिमिरे देखापर्छन् । बालसाहित्यको माध्यमबाट बालबालिकालाई स्वस्थ मनोरञ्जन दिनुका साथै नैतिकवान र सच्चरित्र बन्न उनका रचनाले उत्प्रेरित गरेका छन् । बालबालिका भोलिका कर्णधार भएकाले उनीहरूलाई सही मार्गमा लगाइ देशको अवस्था सुदृढ पार्न बालसाहित्यले महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा त्यस प्रकारको साहित्य लेख्नुपर्ने विचार घिमिरेको छ ।

बालकथाबाट सुरु भएको उनको बालसाहित्यिक यात्राले कविता, चित्रकथा, गीतिउपन्यास जस्ता विधा उपविधामा पनि स्थान पाएका छन् । उनका हालसम्म तेह्रवटा बालसाहित्यिक कृति प्रकाशित भइसकेका छन् । घिमिरेका बालसाहित्यिक कृतिहरूमा बालबालिकाहरूलाई विभिन्न सन्दर्भ मार्फत् राष्ट्रियता, नैतिकता, आदर्श चरित्र, सत्विचार, सहयोगी भावना जस्ता तत्त्वलाई मनमा राखेर आफ्नो काम गर्न आग्रह गरेको पाइन्छ । वि.सं.२०५४ देखि हालसम्म आइपुग्दा उनका बालकथा, बालकविताहरू निकै परिष्कृत र परिमार्जित बन्दै गएको आभाष मिल्छ । मानवीय र मानवेतर पात्रमार्फत् विविध घटना प्रसङ्गलाई अत्यन्त रोचक र आकर्षक शैलीमा प्रस्तुत गरिएको पाइन्छ ।

### ४.११ मधुसूदनप्रसाद घिमिरेका बालकथाहरूको अध्ययन

मधुसूदनप्रसाद घिमिरे नेपाली बालसहित्यको क्षेत्रमा एक प्रखर व्यक्तित्व हुन् । प्रौढसाहित्यमा वि.सं. २०३२ सालदेखि नै निरन्तर लागिरहेका घिमिरेले बालसाहित्यमा भने

वि.सं. २०५३ सालदेखि मात्रै हात हालेको देखिन्छ । वि.सं. २०५३ सालको असारको **मुना** पत्रिकामा **कर्तव्य** कथा प्रकाशित भएपछि उनको औपचारिक बालसाहित्य यात्राको सुरुवात भएको देखिन्छ । रमेश खकुरेलबाट बालसाहित्यतर्फ कलम चलाउन प्रेरणा पाएका घिमिरेका हालसम्म आठवटा बालकथासङ्ग्रह र एउटा बालचित्रकथा गरी नौ वटा कथा कृतिहरूको प्रकाशन भइसकेको छ । वि.सं. २०५४ सालमा **सङ्गतको फल** प्रकाशित भएपछि क्रमशः **सुनेका कथा, छेपाराको घर, तारी गाई, कालो माला, देखासिकी, बारुलाको बिहे, घमण्डी झिंगा र पुतलीको बिहे** कथासङ्ग्रहहरू प्रकाशित भएका देखिन्छन् । उनका केही फुटकर कथाहरूमा **अनुहारभन्दा ज्ञान ठूलो, भनेको नमान्दा, शत्रुको मूल्य, सर्प र न्याउरी, कार्टुन चित्रको जन्मदिन, हात्तीको फुर्ती, बाबाको माया** आदि रहेका छन् ।

घिमिरेका कथाहरूमा विभिन्न धार्मिक, पौराणिक, सामाजिक विषयवस्तुका साथै जनावर, चरा र किराफट्याङ्ग्राहरूको संसारलाई पनि चियाउने प्रयास गरिएको पाइन्छ । उनका बालकथाहरूमा पौराणिक पात्रहरूदेखि लिएर यसै समाजका अनेकौं पात्रहरू आएका छन् । मानवीय पात्रसँगै दैवी पात्र, दानवी पात्र, जनावर, चरा, किराफट्याङ्ग्रा तथा बोटविरुवाहरू समेत पात्र बनेर आएका हुन्छन् । कतै निर्जीव वस्तुलाई पनि पात्र बनाएर प्रस्तुत गरको पाइन्छ ।

घिमिरेका बालकथाहरूमा बालबालिकाहरूलाई नैतिकता र अनुशासनमा रहने आग्रह गरिएको हुन्छ । विभिन्न पात्र र घटनाका माध्यमबाट गलत बाटो त्यागी सत् मार्गमा लाग्न प्रेरित गरिएको देखिन्छ । अरूको कुभलो नगर्न तथा कुसङ्गतमा नलाग्न पनि आव्हान गरिएको हुन्छ । राष्ट्रियताको भाव जगाउन पनि घिमिरेका बालकथा सफल छन् । अरुको देखासिकी गरी काम गर्दा हुने बेफाइदा, सच्चा मनले भगवान्को भक्ति गर्दा प्राप्त हुने ज्ञान, लगनशील भएर कार्य गर्दाको सफलता, बाबुआमाको छोराछोरीप्रतिको समर्पणभाव लगायतका विभिन्न सन्दर्भहरू उनका कथामा अटाएको देखिन्छ । औपदेशिकता, सन्देशमूलकता, मनोरञ्जन जस्ता उद्देश्यले रचिएका घिमिरेका बालकथाहरूमध्ये सङ्ग्रहका रूपमा प्रकाशित नौ वटा कृतिहरूको कथानक, चरित्र, संवाद, भाषाशैली, उद्देश्य, दृष्टिबिन्दु, साजसज्जाजस्ता तत्त्वहरूको आधारमा तल विश्लेषण गरिन्छ ।

### ४.११.१ सङ्गतको फल बालकथासङ्ग्रहको अध्ययन

मधुसूदनप्रसाद घिमिरेको पहिलो बालकथासङ्ग्रहका रूपमा वि.सं. २०५४ सालमा **सङ्गतको फल** प्रकाशित भएको हो । यस बालकथासङ्ग्रहभित्र **कर्तव्य, मूर्ख माछा, कमाई , ज्ञान ठूलो, महत्त्व, राष्ट्रियता, नैतिकता, दुःख र सुख, कुसङ्गत** गरि नौ वटा कथाहरू सङ्गृहीत छन् । **हिमालय टाइम्स, मुना, सुनकेस्रा, बालसाथी** आदि पत्रिकाहरूमा पहिलेदेखि नै प्रकाशित भइसकेका कथाहरूलाई सङ्गृहीत गरेर यस पुस्तकभित्र समेटिएको छ । यस कथासङ्ग्रहभित्रका कथाहरूमा मानिसदेखि लिएर कमिला, माउसुली, माछा, भ्यागुतो जस्ता मानवेतर प्राणीहरू पात्र बनेर आएका छन् । कर्तव्यबोध, नैतिकता, राष्ट्रियता, असल चरित्र, आदि विषयमा यस सङ्ग्रहका कथाहरूले बालबालिकाहरूलाई सन्देश दिएको पाइन्छ । यस सङ्ग्रहका कथाहरूलाई तल छुट्टाछुट्टै रूपमा विश्लेषण गरिएको छ ।

'सङ्गतको फल' कथासङ्ग्रहभित्रको पहिलो कथा **कर्तव्य** हो । आफ्नो कर्तव्यपथबाट च्युत हुँदै गएको दाजु गोरेलाई घरमा ल्याएर कालेले कर्तव्य पूरा गरेको प्रसङ्ग यस कथामा प्रस्तुत भएको छ । बाबुआमाको समान मायाममता पाए पनि दाजु गोरे बाबुआमाले भनेको नमान्ने, झगडा गर्ने र पढाइमा ध्यान नदिने स्वभावको थियो भने भाइ काले बाबाुआमाको आज्ञा मान्ने, राम्ररी पढ्ने र झगडा नगर्ने स्वभावको थियो । जेठो छोराको व्यवहारबाट दिक्क भएका बाबुआमाले उसलाई छात्राबासमा राखे पनि नपढ्ने र उज्जण्ड स्वभावलाई निरन्तरता दिदै गयो । छात्रावासबाट घरमा आएको गोरे फेरि भागेर वेपत्ता भयो । तर भाइ काले राम्रो पढ्दै गएर बाबुआमालाई दाजु हराएपछि सान्त्वना दिँदै ठूलो भएपछि खोजेर ल्याउने बचन दियो । काले ुआफ्नो शान्त स्वभाव, तीक्ष्ण बुद्धि र क्षमताले उच्च ओहोदामा पुग्यो र दाजु गोरेलाई खोजेर घरमा ल्यायो । अनि बाबुआमा र दुई छोरा एकै घरमा बसेसँगै कथा समाप्त भएको देखिन्छ ।

यस कथामा गोरे, काले, बाबु र आमा प्रमुख पात्र रहेका छन् । काले उसका बाबुआमा सत्, स्थिर, अनुकूल पात्र रहेका छन् भने गोरे सुरुमा फटाहा भएर घर छाडेर गए पनि पछि भाइसँग घरमा आएर आनन्दपूर्वक बस्न थालेको गतिशील चरित्र हो । आफ्नो कतव्य नबुझे पनि ऊ अन्त्यमा घर आएको छ । परिवेशका दृष्टिले गोरे तथा कालेको घर, स्कुल, गोरेको छात्राबास प्रमुख रूपमा आएका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस कथाको भाषाशैली सरल र सुबोध्य रहेको छ । संवादको

प्रयोग भएको पनि देखिन्छ । कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अघि बढेको छ । चित्रको प्रयोग सान्दर्भिक लाग्छन् ।

आफ्नो कर्तव्यबाट च्युत भएमा त्यसले स्वयम् आफूलाई हानी गर्ने कुरा गोरेको जीवनीबाट देखाउन खोजिएको छ । साथै आमाबाबुप्रति श्रद्धाभाव राख्दै आफ्नो कर्तव्यपथमा लम्कने व्यक्ति सधैं सफल रहने सन्देश पनि कालेको सफलतामार्फत् देखाउन खोजेको पाइन्छ । कर्तव्यबोधकै कारण कालेले आफ्नो हराएको दाजुलाई खोजेर घर ल्याएको छ ।

**मूर्ख माछा** बालकथा 'सङ्गत्को फल' बालकथासङ्ग्रहभित्र रहेको दोस्रो कथा हो । जलचर प्राणी माछा र भ्यागुता बीचको आपसी संवादबाट कथा सुरु भएका देखिन्छ । पोखरीबाट भ्यागुतो डीलमा बसेर घाँम तापिरहेको देखेर माछालाई पनि डीलमा जान मन लाग्यो । तर उसले आफू पानी बिना बाँच्न नसक्ने कुरा बिर्स्यो । भ्यागुता जस्तै घाम तापेर वस्ने कोसिस गर्दा पानी नभएर माछा पोखरीको डीलमा छट्पटियो र माछा त्यहीँ मर्‍यो ।

प्रस्तुत कथमा माछा र भ्यागुता दुई पात्र मात्र छन् । दुबै पात्र जलचर प्राणी हुन् । माछा आफूले गर्न लागेको कामबाट आफूलाई हामी वा फाइदा के हुन्छ त्यो जान्न कोसिस नगरी अरूरूको नक्कल गर्ने प्रवृत्तिको पात्र हो भने भ्यागुता चिसोबाट बच्न घाम ताप्न निस्केको विवेकी चरित्र हो । आफ्नो अदूरदर्शिताका कारण माछाले अनाहकमै ज्यान गुमाएको छ । परिवेशका दृष्टिले एउटा पोखरी र त्यसको डील वरिपरि कथा घुमेको छ । कथानक एउटा झिनो प्रसङ्गभित्रै अटाएको छ । माछा र भ्यागुता बीचको संवादले कथालाई गतिशील बनाएको देखिन्छ । तृतीय पुरुष दृष्टिविन्दु प्रयोग भएको यस कथाको भाषाशैली रोचक देखिन्छ । कुतुहलताको स्थिति सिर्जना भएको देखिन्छ । आफ्नै मूर्खताले मुत्युको मुखमा परेको माछाको चरित्र देखाएर शीर्षकलाई सार्थक बनाइएको छ ।

यस कथामार्फत् कथाकार घिमिरेले कुनै पनि कुराको पछि लाग्नुभन्दा पहिले त्यसबाट आफूलाई के कस्तो लाभ वा हानी हुन्छ भन्ने कुरा बुझेर मात्र गर्नुपर्ने कुरालाई माछाको माध्यमबाट देखाउन खोजेका छन् । आफ्ना सीमा र दायरालाई हेरेर मात्र कार्य गर्नुपर्ने विचार कथाकारको रहेको छ । माछाले घाम ताप्न डीलमा जाँदा आफू पानी बिना बाँच्न नसक्ने कुरामा विचार पुर्‍याएको भए उसले अकाल मृत्युवरण गर्नु पर्ने थिएन ।

**कमाइ** बालकथा यस कथासङ्ग्रहभित्रको तेस्रो कथा हो । एकजना साधुले बास बसेको घरबाट मण्डी झुक्किएर लगेको तथा त्यसलाई फर्काएको प्रसङ्ग यस कथामा आएको छ । आफूले बास बसेको घरबाट मण्डी लिएर गए पछि बाटोमा उसलाई दिशा लाग्यो । दिशा गरेपछि मात्र उसलाई मण्डी लिएर आएको बोध भयो र ऊ मण्डी फिर्ता गर्न गयो । आफूले खाएको अन्नबाट  त्यो विकार आएको उसले बतायो ।  पछि त्यो धान चोरेर ल्याएको रहस्य पत्ता लाग्यो ।

यस कथामा साधु प्रमुख पात्र हो । घरधनी, मोही, तलसिङ तथा धान बेच्ने मानिस गौण पात्र बनेर कथामा उपस्थित भएका छन् । सधैं सत्यमा विश्वास गर्ने साधु एक आदर्श चरित्रका रूपमा कथामा आएको छ । त्यस्तै धान वेच्ने मानिस प्रतिकूल चरित्रको हो । उसले अरूको घरबाट धान चोरेर बेचेको देखिन्छ । परिवेशका दृष्टिले जोगी बास बसेको घर, वनजङ्गल, खोलानाला, त्यसको वरिपरिको दृश्य कथामा आएका छन् । कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ । साधु र घरधनी बीचमा संवादको प्रयोग भएको देखिन्छ । कथाको अन्त्यमा बालबालिकाहरूलाई अर्ति पनि दिइएको छ । कथाको भाषाशैली सुन्दर र सरल छ ।  कथामा उपदेशात्मक वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

असत्यको कमाइ खाँदा बुद्धि विग्रने र परिश्रमको कमाइले बुद्धि सप्रने भएकोले इमान्दार र कर्तव्यनिष्ठ भएर आफ्नो कर्ममा लाग्न यस कथाले पाठ सिकाएको छ ।  चोरेर ल्याएको धानको भात खाँदा साधुलाई चोरी गर्ने बुद्धि आएको प्रसङ्ग प्रस्तुत गरेर सत्मार्गमा लाग्न तथा आफ्नो परिश्रमको कमाइ मात्र खान सबैलाई आग्रह गरिएको छ ।

सङ्गतको फल बालकथासङ्ग्रहभित्र रहेका कथाहरूमध्ये **ज्ञान ठूलो** चौथो कथा हो । एकजना शारीरिक रुपमा नराम्रा तर अरूको उपकार गर्ने तथा असल कुरा मात्र गर्ने ज्ञानी व्यक्तिको बुद्धिमतालई प्रस्तुत कथामा व्यक्त गरिएको पाइन्छ । एक दिन ती ज्ञानी व्यक्ति भलाद्मी भारदारहरूको सभामा पुग्दा उनलाई देखेर भलादमी ठूलाबडाहरूले जिस्क्याएर हाँस्न थालेपछि उनले आफू अज्ञानीहरूको बैठकमा आएको कुरा बताउँछन् । ज्ञानीको त्यस्तो कुरा सुनेर रिसाएका एक बुज्रुकले अज्ञानी भन्नुको कारण सोध्दा उक्त ज्ञानीले भलाद्मीहरूको आफूप्रतिको व्यवहारबाट त्यो स्पष्ट भएको बताउँछन् । मानिसको अनुहारबाट नभै उसको गुण, बुद्धि विवेकबाट मानिसको मूल्याङ्कन हुनुपर्ने कुरा ज्ञानीले

बताएपछि उनीहरूले त्यसलाई स्विकारी बैठकमा सहभागी गराएपछि कथा समाप्त भएको देखिन्छ ।

यस कथामा ज्ञानी व्यक्ति तथा बैठकमा अध्यक्षता गर्ने बुज्रुक प्रमुख पात्र रहेका छन् भने बैठकमा रहेका भलादमीहरू गौण पात्रका बनेर आएका छन् । ज्ञानी व्यक्तिको बाहिरी शारीरिक बनावट कुरूप भए पनि उसभित्र रहेको बुद्धि, विवेक दया, करुणा जस्ता गुणले ऊ सबैमाझ सम्मानित भएको छ । सुरुमा उसलाई देखेर सबै हाँसे पनि उसको व्यवहारबाट अरूलाई फेरी सोच्न वाध्य बनाएको देखिन्छ । त्यसैले ऊ सत्, स्थिर एवम् बद्ध पात्र हो । उसले भाग लिएका बैठकमा सहभागी भारदारहरू सुरुमा अज्ञानी भए पनि ज्ञानी व्यक्तिको भनाइपछि वास्तविकता बोध भएका चरित्रहरू हुन् । यस अर्थमा उनीहरू गतिशील चरित्र बनेर कथामा प्रस्तुत भएका छन् । एउटा झिनो कथानकमा कथा निर्माण भएको देखिन्छ । कथानक रैखिक ढाँचामा अघि बढेको छ । जसलाई तृतीय पुरुष दृष्टिबिन्दुको माध्यमबाट अगाडि बढाइएको देखिन्छ । ज्ञानी र भारदारी सभाका बुज्रुकबीच संवाद गराइएको छ । भााषा सरल र बोधगम्य देखिन्छ । परिवेशका दृष्टिले भारदारहरूको सभास्थल प्रमुख स्थान बनेर आएको छ ।

मानिसको बाहिरी रूपरङ्ग देखेर मात्र उसको मूल्याङ्कन नगरी उसभित्र रहेको बुद्धि, विवेक, सत्कर्म, सद्विचार जस्ता गुणको आधारमा गर्नुपर्ने भाव यस कथामा व्यक्त भएको छ । बाहिरी रूपाकृतिबाट सकैलाई राम्रो नराम्रो भनी मूल्याङ्कन गर्नु सही नहुने भएकोले भित्री गुणको आधारमा निष्कर्षमा पुग्न पनि सबैलाई यस कथाले आव्हान गरेको देखिन्छ । आन्तरिक गुणको तुलनामा बाहिरी गुणको तुच्छतालाई प्रमाणित गर्ने प्रयास गरिएको छ ।

**महत्त्व** कथा 'सङ्गतको फल' बालकथासङ्ग्रहभित्रको पाचौँ कथा हो । कमिला र माउसुलीलाई प्रमुख पात्र बनाएर प्रस्तुत गरिएको यस कथामा आफ्नो ठाउँमा सबै ठूलो हुने र अरूको कामलाई सानो भनेर हेप्न नहुने विचार व्यक्त भएको देखिन्छ । कमिलाले भोज खान बोलाउँदा नगएको माउसुलीले आफू बसेको घर भत्कन लागेको हुनाले त्यसलाई बचाउन भोज खान नगएको कुरा बताउँछ । समय बित्दै जाँदा माउसुलीले पनि कमिलालाई बोलाउँदा उनीहरूले पनि आफूहरू घर बनाउन लागेकोले भोज खान आउन नसक्ने बताएपछि अरूले बनाइदिएको दुलोमा बस्नेलाई घर बनाउनु नपर्ने कुरा

माउसुलीले बताउँछ । कमिलाका ताँतीले आफूहरू परिश्रमी, एकताबद्ध र तीक्ष्ण बुद्धिका भएकाले आफ्नो घर आफै बनाउन सक्ने जवाफ माउसुलीलाई दिएपछि कथाको अन्त्य भएको छ ।

माउसुली र कमिलाहरू यस कथाका प्रमुख पात्र हुन् । कमिलाहरू लगनशील, परिश्रमी र तीक्ष्ण बुद्धि भएका प्राणी हुन् भने माउसुली अरूको गुणको कदर गर्न नजान्ने र हेला गरेर बोल्ने अविवेकी चरित्र हो । कमिलालाई सानो भनेर हेप्ने प्रवृत्ति उसमा देखिएको छ । माउसुली बस्ने  घर, बनजङ्गल परिवेश बनेर प्रस्तुत भएका छन् । माउसुली र कमिलाहरूबीचको आपसी संवादले कथालाई रोचक र आकर्षक बनाएको पाइन्छ । कथाको सुरुवात र अन्त्य हेर्दा लोककथा भन्ने शैलीको प्रयोग गरेको जस्तै लाग्छ । अन्त्यमा बालबालिकाहरूलाई अर्ती दिइएको छ ।

आफ्नो समूहमा सबै ठूला हुन्छन् । आफ्ना वर्गमा सबै महत्त्वाकाङ्क्षी हुन्छन् । त्यसैले कार्यको आधारले मात्र प्राणीहरूको तौरतरिकाको विकास भएको हो । वर्गअनुसार कोही पनि आफ्नो बल बुद्धिमा कम हुँदैन । कसैलाई पनि सानोठूलो भनेर भेदभाव गर्न नहुने विचार मूल भाव बनेर प्रकट भएको छ ।

**राष्ट्रियता** कथा 'सङ्गतको फल' बालकथासङ्ग्रहभित्रको छैटौं कथा हो । गरिब केटो कुन्दनले विदेश गएर काम गर्दा मालिकबाट पिटाइ खाएपछि खिन्न भएर आफ्नो देश फर्केको र मिहिनेत गरी धनी मानिस बनेको प्रसङ्ग यस कथामा आएको छ । विकट गाउँको गरिब परिवारमा जन्मिए पनि बाबुआमाको माया ममतामा हुर्केको कुन्दनलाई उसको साथीले विदेशमा गएर पैसा कमाउन सल्लाह दिन्छ । कुन्दन पनि आफ्नो परिवारको अवस्था देखेर साथीसँगै विदेश जान्छ । काम पाएर कमाइ गर्न थाले पनि एकदिन मालिकको कुटाइबाट आहत भएर कुन्दन स्वदेश फर्कन्छ र विदेशमा सिकेको सीप आफ्नै देशमा आएर प्रयोग गर्छ । उसको लगनशीलता र मेहेनतले सम्पन्न मानिस बनेर बाबुआमालाई सुखसँग पाल्छ ।

कुन्दन, उसका साथी, कुन्दनका बाबुआमा यस कथाका प्रमुख पात्र हुन् । कुन्दन बाबुआमाको दुःख बुझी जिम्मेवारीबोध गर्ने अनि पैसा कमाउन विदेशसम्म गए तापनि आफ्नै देशमा आएर मेहेनतसाथ काम गर्ने होनहार युवक हो । ऊ विदेशिए पनि मालिकको पिटाइबाट पाठ सिक्दै स्वदेश फर्की आफ्नो उदेश्यमा सफल भएको छ । त्यसैले ऊ स्थिर,

अनुकूल एवम् बद्ध पात्रको रूपमा यस कथामा आएको देखिन्छ। परिवेशका दृष्टिबाट हेर्दा यस कथामा कुन्दनको घर, गाउँ, भारतको कुनै एक शहर आएका छन्। कुन्दनको साथी र कुन्दनको संवादले कथालाई अघि बढाएको छ। विदेशबाट फर्केर आफ्नै देशमा काम गर्ने कुन्दनको विचारमार्फत् शीर्षकको औचित्यलाई प्रस्ट पार्न खोजेको देखिन्छ। कुन्दन विदेश जान लागेको चित्रले कथालाई सम्प्रेषणीय बनाउन मद्दत गरेका छ। तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भने भाषाशैली सरल र बालबालिकाले बुझ्ने खालको रहेको देखिन्छ।

मेहेनत गर्ने, लगनशील हुने, चेतनशील र इमान्दार भई स्वाभिमानपूर्वक काम गर्ने मानिसलाई आफ्नो देश भित्रै प्रशस्त अवसरहरू प्राप्त हुन्छन् ,काम गर्न विदेशिनु पर्दैन भन्ने भाव यस कथामार्फत् व्यक्त गर्न खोजिएको छ। कुन्दनमार्फत् राष्ट्रभक्तिको भावनालाई पनि उजागर गर्ने प्रयास यस कथामा भएको देखिन्छ।

'सङ्गतको फल' बालकथासङ्ग्रहभित्रको सातौँ कथा **नैतिकता** हो। आकाश र पाताल दुई दाजुभाइहरूको चरित्रलाई यस कथाले छर्लङ्ग्याउने काम गरेको छ। बाबुआमाको समान व्यवहार भए पनि आकाश पढ्नमा तेज थियो भने पाताल कमजोर थियो। आकशले एसएलसी हुदै एम.ए सम्म पास गरेर अधिकृत तहमा नोकरी पायो भने पाताल पनि सोही अफिसमा खरिदार पदमा काम गर्न थाल्यो। पैसा कमाउन जे गर्न पनि तयार भएकोले आकाशले पाताललाई हेपेर बोल्ने, देखिनसहने गर्दथ्यो तर पाताल आफ्नै किसिमले काम गर्दे गयो। चाँडै धनी बन्ने लोभमा परेको आकाशले घुस लिदालिदैं पक्राउ परेर जेलमा थुनियो। उसको जागिर पनि भविष्यमा अयोग्य ठहरिने गरि खोसियो। पातालले भने आफ्नो मेहेनतले काम गर्दै गएर अधिकृतमा बढुवा भयो। आकाशले पछि केही काम नपाएर खानसम्म धौ-धौ परेपछि पातालले उसलाई सहयोग दिदै गयो।

आकाश र पाताल यस कथाका प्रमुख पात्र हुन्। आकाश पढाइ लेखाइमा तेज भए पनि अरुलाई हेपेर बोल्ने तथा जसरी भए पनि पैसा कमाउन खोज्ने महत्त्वाकाङ्क्षी चरित्र हो। उसले पाताललाई हेप्ने,, देखि नसहने गरे पनि पछि पातालकै भर पर्नु परको छ। घुस लिदालिदै पक्राउ परेको आकाश नैतिकहीन चरित्र हो। पाताल भने आफ्नो कार्यमा लगनशील भएर लाग्ने एउटा इमान्दार र कर्तव्यनिष्ठ व्यक्ति हो। आकाशले आफूलाई नराम्रो व्यवहार गरे पनि उसले कहिल्यै आकाशको नराम्रो सोचेन। पछि आकाशको

आर्थिक अवस्था बिग्रिएपछि उसले सहयोग गर्दै गएको देखिन्छ । आकाश र पातालको घर, अफिस तथा आकाश थुनिएको जेल प्रमुख वाह्य परिवेश बनेर आएका छन् । कथानक रैखिक ढाँचामा अघि बढेका छ । तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएको प्रस्तुत कथाको शीर्षकले सार्थकता पाएको देखिन्छ । नैतिकताको कारण पातालको उन्नति प्रगति भएर गएको छ भने आकाशको अनैतिकताले दुःखको भुमरीमा परेको छ ।

मानिसले पढेलेखेर मात्र ज्ञानी हुने होइन । नैतिक आचरण बानी व्यवहारबाट मात्र उसलाई ज्ञानी मान्न सकिन्छ । नैतिकता मानिसको सबैभन्दा ठूलो गुण भएकोले आफूभित्रका नकारात्मक सोचलाई त्यागेमा मात्र यसले जीवनमा शान्ति दिन्छ । अनैतिक गैरकानूनी काम गर्दा त्यसको परिणाम सधैँ विपरीत नै हुने सत्यलाई आकाशको दुरावस्थाबाट देखाउन खोजिएको छ । उच्च तहमा जागीर खाए पनि  धन लिप्सा र घमण्डले भरिएको आकाशमा देखिएको नैतिकताको कमीले उसले जीवन नै दुर्घटित बनेको छ । सत्मार्गमा लागेका पाताल नैतिकवान भएकोले प्रगतितर्फ अग्रसर रहेको छ ।

**दुःख र सुख** बालकथा 'सङ्गतको फल' बालकथासङ्ग्रहभित्रको आठौँ कथा हो । अत्यन्त मिल्ने दुई साथी सुख र दुःखको केन्द्रीयतामा कथा घुमेको छ । दुःख र सुख सानैदेखि साह्रै मिल्ने साथी भए पनि दुःख गरीब परिवारमा हुर्किएको इमान्दार व्यक्ति हो । सुख सम्पन्न परिवारमा हुर्केको जिम्मेवारहीन व्यक्ति हो । नराम्रो नियत राखी केटी जिस्क्याउदै हिड्दा सुख चोरीको आरोपमा जेलमा पर्दछ भने दुःख मिहिनेतसाथ काम गरेर सुखी र सम्पन्न बन्दै गएको देखिन्छ । सुखलाई जेलबाट छुटाउन उसको बाबुको धेरै सम्पति खर्च गरेपछि उसको आर्थिक स्थिति कमजोर हुँदै गयो ।

सुख र दुःख यस कथाका प्रमुख पात्र हुन् भने युवती, सुखका बाबु, दुःखका बाबुआमा सहायक तथा गौण चरित्र हुन् । सुख पुल्पुलिएर हुर्केको जिम्मेवारीबोध नभएको व्यक्ति हो । आफ्नो कर्म नगरि बरालिएर नराम्रो बाटामा लागेकाले उसले त्यसको सजाय पाएको  छ र ऊ दुःखी बन्न पुगेको छ । दुःख भने सुरुमा दुःख पाए पनि आफ्नो इमान्दारी, मेहेनत र सत्कर्मले प्रशस्त धन कमाइ सुखी बनेको चरित्र हो । ऊ स्थिर, अनुकूल र बद्ध पात्र हो । परिवेशका दृष्टिले सुख र दुःखको घर वरिपरिका ठाउँ,जेल, सडक आदि प्रमुख रूपमा आएका छन् ।  सुख, दुःख तथा युवतीको संवादले कथालाई रोचक बनाएको देखिन्छ । भाषाशैली सरल र आकर्षक रहेको छ । कथाको अन्त्यमा

भाइबहिनीहरूलाई अर्ति दिएको पाइन्छ । शीर्षक अभिधेय अर्थमा प्रकट भए पनि व्यङ्ग्यार्थमा पनि यसको अर्थ विस्तारित भएको पाइन्छ ।

समय सबैभन्दा बलवान् हुन्छ । समयले मानिसलाई कहाँ कहाँ पुऱ्याउँछ थाहा हुदैन । त्यसैले मानिसले सुखमा मात्तिनु हुँदैन र दुःखमा आत्तिनु हुँदैन । दुःखमा धैर्य गर्न सक्नुपर्छ भने सुखमा आफूभन्दा दुःखीलाई दयामाया गर्न सक्नुपर्छ भन्ने भाव यस कथामा व्यक्त भएको छ । त्यस्तै लगनशील, परिश्रमी र इमान्दार भएर आफ्नो कार्यतिर अग्रसर भएमा दुःखको अवस्थाबाट सुखी अवस्थामा पुग्न सकिने विचार यस कथामा आएको देखिन्छ । बालबालिकाहरूलाई खराब बाटो त्यागी असल मार्गतर्फ लाग्न यस कथाले अभिप्रेरित गरेको छ ।

**कुसङ्गत** कथा ‘सङ्गतको फल’ कथा सङ्ग्रहभित्रको नवौं तथा अन्तिम हो । एउटै गाउँमा बस्ने र एउटै स्कुलमा पढ्ने हसिना र मुल्मीको व्यवहारलाई कथाले समेटेको छ । मुल्मी पढाइमा ध्यान दिने तथा सही गलत छुट्याउन सक्ने केटीको रूपमा आएकी छ भने हसिना आवारा केटाको पछि लगेर सडकमा बस्न वाध्य भएकी केटीको रूपमा आएकी छ । मुल्मीले सम्झाउदा पनि उसको वास्ता नगरी केटाको पछि लाग्दा उसले अलपत्र पारेर छोडिदिएको अनि माइतीबाट अपहेलित भएर सडकमा आउनुपरेको हसिनाको अवस्थालाई कथामा रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । राम्ररी पढेर समाजमा एउटा सम्मानित नारीको रूपमा प्रतिष्ठित मुल्मीले हासिनालाई घर लगेर काममा लगाइदिएको प्रसङ्गबाट कथा समाप्त भएको छ ।

हसिना र मुल्मी यस कथाका प्रमुख पात्र हुन् भने हसिनालाई फसाउने युवक, हसिनाको बाबुआमा, भाउजू, बुहारी, दाजुभाइ गौण पात्र बनेर आएका छन् । हसिना कुसङ्तमा फसेर आफ्नो पढाइ छोडेर दयनीय अवस्थामा पुगेकी चरित्र हो । मुल्मीले सम्झाउँदा उल्टै उसैसँग झगडा गरेर युवकको पछि लाग्दा उसले झन् बढी दुःख पाएकी छ । त्यसैले ऊ प्रतिकूल चरित्र हो । मुल्मी भने सत्, स्थिर र अनुकूल चरित्र बनेर कथामा उभिएकी छ । आफ्नो पढाइमा लगनशील भएर लागेकी मुल्मी पछि एक प्रतिष्ठित नारीको रूपमा समाजमा स्थापित भएकी छे । हसिनालाई सडकबाट उठाएर आफ्नो घर लगी काममा लगाइदिनुले उनको उदार चरित्रलाई पुष्टि गरेका देखिन्छ । हसिनालाई प्रेमको नाटक गरि फसाएर त्यसै अलपत्र छोडिदिने युवक प्रतिकूल चरित्र हो । हसिनाको

यौवनको रस चुसेर ऊ फरार भएको छ । परिवेशका हिसाबले हसिका र मुल्मीको गाउँ, स्कुल, सहरको सडक, हसिनाको माइतीघर प्रमुख बनेर आएका छन् । कथानक रैखिक ढाँचामा अघि बढेको देखिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको प्रस्तुत कथामा संवादको प्रयोगले कुतुहलताको सिर्जना गर्नमा मद्दत पुऱ्याएको छ ।

विद्यार्थी उमेरमा पढाइमा ध्यान नदिई गलत बाटोमा लाग्नाले त्यसबाट हुने वेफाइदालाई यस कथाले रोचक ढङ्गमा प्रस्तुत गरेको छ । साथी मुल्मीको कुरा सुन्दै नसुनी आवारा युवकको पछि लागेर आफ्नो जीवनलाई दुःखको सागरमा होम्न पुगेकी हसिनाको अवस्थाबाट पाठ सिक्नुपर्ने विचार काथमा आएको देखिन्छ । सही समयमा सही काम गर्नाले आफ्नो जीवन सुन्दर र सुखमय बनाउन सकिन्छ भन्ने भनाइलाई मुल्मीको सफलतासँग दाँजेर हेर्न सकिन्छ । कुसङ्गतको फल जहिले पनि तीतै हुन्छ भन्ने सार यस कथाको रहेको छ ।

### ४.११.२ सुनेका कथा बालकथासङ्ग्रहको विश्लेषण

मधुसूदनप्रसाद घिमिरेका विभिन्न बालसाहित्यिक कृतिहरूमध्ये सुनेका कथा बालकथासङ्ग्रह पनि एक हो । प्रकाशनका दृष्टिले दोस्रो कथासङ्ग्रह सुनेका कथा २०५८ सालमा प्रकाशित भएको हो । यस कथासङ्ग्रहभित्र **दक्षको अभिमान, बाबु को हो ?, आफ्नो समूह, समुद्र मन्थन र बालक ध्रुब** गरी पाँचवटा धार्मिक पौराणिक कथाहरू समावेश गरिएको छ । विभिन्न पौराणिक ग्रन्थहरूमा पहिलेदेखि नै रहेका कथाहरूलाई बालबालिकाले बुझ्न सक्ने गरी सरल एवम् रोचक शैलीमा घिमिरेले प्रस्तुत गरेका छन् । पौराणिक ग्रन्थहरूमा रहेका कथाहरू त्यति बोधगम्य नहुने र त्यसमा पनि बालबालिकाहरूले त त्यसको मूल मर्मलाई बुझ्न नसक्ने सन्दर्भमा बालबालिकाको बौद्धिक स्तरलाई ध्यानमा राखेर सरल एवम् रोचक शैलीमा प्रस्तुत भएको यस सङ्ग्रहका कथाहरूले बालबालिकाहरूलाई मनोरञ्जन दिनुका साथै सत्मार्गमा लाग्ने सन्देश पनि दिएका छन् । कथातत्त्वका आधारमा यस सङ्ग्रहभित्रका कथाहरूलाई तल विश्लेषण गरिन्छ ।

'सुनेका कथा' बालकथासङ्ग्रहभित्रको पहिलो कथा **दक्षको अभिमान** हो । श्रीस्वस्थानी ब्रतकथाभित्रको दक्षप्रजापतिको कथालाई यस कथाले विषयवस्तु बनाएको छ ।

यस कथामा अभिमानी दक्षले शिवको निन्दा गर्दा आफ्नो प्राण गुमाउनु परेको छ । सतीदेवीलाई माग्न जाँदा शिवलाई दक्षले निन्दा गरी पठाउनु, विष्णुको सहायताले सतीदेवीलाई महादेवले बिहे गर्नु, दक्ष रिसाएर यज्ञ गर्दा छोरी ज्वाइँलाई नडाक्नु, सतीदेवी जिद्दी गरेर माइत जानु, दक्षले शिवको निन्दा गरेको सुन्न नसकी यज्ञकुण्डमा हामफालेर सतीदेवी मर्नु, शिव रिसाएर वीरभद्र र महाकालीद्वारा यज्ञ नास गराई दक्षको बध गर्नु, अनि विरणीको आग्रहमा बोकाको टाउको उल्टो पारेर दक्षको शरीरमा जोडिदिनु जस्ता सन्दर्भबाट कथावस्तुको निर्माण भएको छ ।

प्रस्तुत कथामा दैवीलोकका पात्रहरू शिव, सतीदेवी, दक्षप्रजापति, नारद ऋषि, विरणी, वीरभद्र, महाकाली, विष्णु आदि मुख्य पात्रका रूपमा रहेका छन् । चरित्रका हिसाबले दक्ष असत् पात्र र अन्य सबै सत् चरित्रका देखिन्छन् । कथानक आदि मध्य र अन्त्यको रैखिक ढाँचामा सलल बगेको देखिन्छ । परिवेशका दृष्टिले कैलाश पर्वत, दक्ष दरबार वरिपरिको वातावरण प्रमुख छन् । भाषाशैली सरल र सुबोध्य रहेको छ ।

प्रस्तुत कथामा कसैले पनि अभिमान गर्न नहुने यदि अभिमान गरेमा त्यसको सजायको भागी स्वयम् हुनुपर्ने तथ्यलाई दक्षको नाशबाट प्रस्ट पार्न खोजिएको छ । दक्षले शिवको निन्दा गर्दा सतीदेवीले प्राण त्यागेपछि शिवबाट दक्षको नाश गरिएको कुरालाई सन्देशको रूपमा यस कथामा व्यक्त गरिएकाले यसको शीर्षक सार्थक देखिन्छ । चित्रको प्रयोगले सम्प्रेषणीयता बढेको देखिन्छ । बालबालिकालाई सद्विचार राख्न कथाकारले आग्रह गरेका छन् ।

**बाबु को हो** ? यस सङ्ग्रहभित्रको दोस्रो कथा हो । पौराणिक पात्र हिरण्यकश्यपु र प्रल्हादको बीचको अन्तरद्वन्द्व यस कथामा सुन्दर ढङ्गले संयोजन गरिएको देखिन्छ । घमण्डी एवम् महत्त्वाकाङ्क्षी बाबु हिरण्यकश्यपुले छोराको दैवी भक्तिदेखि क्रोधित भएर उसको हत्या गर्न समेत पछि नपरेको प्रसङ्गबाट कथाकारले जन्म दिदैमा बाबु हुन सकिदैन, उचित हेरचाह, माया र संस्कार दिनुपर्छ भन्ने विचारलाई स्थापित गर्न खोजेका छन् । दानवी प्रकृत्तिको हिरण्यकश्यपुले ब्रम्हाबाट वरदान पाएर देवतालाई दुःख दिन थालेपछि इन्द्र रिसाई कयाधुलाई नारद ऋषिको आश्रममा लगेको घटनाले ईश्वरीय र दानवी शक्तिका बीचको द्वन्द्वलाई उजागर पारेको देखिन्छ । बाबुले आफूलाई मार्न खोजे

पनि ईश्वरभक्तिमा लीन भएको प्रल्हादले विष्णुको तपस्या गरी आफ्नो प्राण बचाएको छ । नरसिंह अवतार लिई विष्णुले हिरण्यकश्यपुको बध गरी बाबुको भूमिका निभाएका छन् ।

यस कथामा प्रल्हाद, विष्णु, कयाधु, शिव, नारद जस्ता सत् पात्र रहेका छन् भने हिरण्यकश्यपु र उसका दुतहरू, शुक्राचार्य असत् पात्र पनि रहेका छन् । असत्यमाथि सत्यको विजयलाई प्रल्हादको क्रियकलापबाट प्रस्ट्याउन खोजिएको छ । परिवेशका रूपमा हिरण्यकश्यपुको दरवार, इन्द्रको दरवार, नारद ऋषिको आश्रम, शुक्राचार्यको आश्रम प्रमुख बनेर आएका छन् । पौराणिक पात्र अनुसारको परिवेश निर्माण गरिएको छ । भाषाशैली सरल र सुबोध छन् । संस्कृत तत्सम शब्दको प्रयोग अपेक्षित नै लाग्छ । कतै कतै संवादको प्रयोग पनि भएको छ ।

बाबु को हो ? भन्ने प्रश्नात्मक वाक्यमा रहेको शीर्षकले जन्मदिदैमा बाबु नहुने बरू उचित ज्ञान, शिक्षा एवम् मायाममता दिने नै असलमा बाबु हुने कुरालाई प्रल्हादप्रति विष्णु भगवानको व्यवहारबाट प्रस्ट पार्न खोजिएको छ । सत्मार्गमा लाग्दा जस्तोसुकै वाधाबाट पनि पार पाउन सकिने सत्यलाई प्रल्हादको जीवनगाथाले उजागर पारेको देखिन्छ ।

**आफ्नो समूह** धार्मिक पौराणिक बालकथासङ्ग्रह 'सुनेका कथा' भित्र रहेको तेस्रो कथा हो । पंक्षीराज गरुणले ज्ञानप्राप्तिका लागि देवताहरूसँग निवेदन गर्दा देवताहरूले कागबाट ज्ञान प्राप्त गर्न सकिने कुरा बताएपछि कागमुसुण्डीबाट गरुढले ज्ञान प्राप्त गरेको प्रसङ्ग यस कथामा आएको छ । ज्ञान प्राप्तिका निम्ती भौतारिएका गरुढले शिव, विष्णु, नारद, ब्रम्हा जस्ता देवताहरूसँग अनुरोध गर्दा चित्रकुट पर्वत रहेको कागभुसुण्डीसँग ज्ञान प्राप्त गर्न सकिने सल्लाह दिएपछि ज्ञान प्राप्त गरेको प्रसङ्ग प्रस्तुत गरेर मृगतृष्णा बोकेर हिडेको गरुढलाई तृप्ति मिलेको देखाइएको छ ।

गरुढ, काग जस्ता मानवेतर पंक्षी पात्रहरू एवम् शिव, नारद, ब्रम्हा, विष्णु जस्ता दैवी पात्र रहेका छन् । सबै पात्र सत् र स्थिर प्रवृत्तिका छन् । यसको परिवेश पौराणिक समयका कैलाश पर्वत, नारद, ऋषिको आश्रम, ब्रम्हाको निवास, चित्रकुट पर्वत, वनजङ्गल रहेको छन् । मानवेतर पात्र गरुढ र कागलाई मानवीकरण गरेर बालकथाले बालबालिकाहरूलाई कथा पढ्नमा कुतुहलता जगाएको पाइन्छ । सरल भाषाशैलीको प्रयोग भएको छ । गरुढको अन्य पात्रसँगको संवादले कथालाई रोचक बनाउन मद्दत गरेको छ ।

प्रस्तुत बालकथामा ज्ञानको खोजीमा भौतारिँदै हिडेको गरुढले आफ्नै समूहको कागभुसुण्डीबाट ज्ञान प्राप्त गरी ज्ञानी भएको प्रसङ्गबाट आफूमा रहेको प्रतिभा नचिनेर भौतारिने प्रवृत्तिविरुद्ध तिखो व्यङ्ग्य प्रहार गरेको छ । आफ्ना समस्याहरू आफू भित्रैबाट समाधान गर्न सकिन्छ, बाहिर गएर समाधान हुदैन भन्ने वास्तविकतालाई यस कथामार्फत् छर्लङ्ग्याउन खोजेको देखिन्छ । गरुढले कागबाट पाएको ज्ञानलाई सकारात्मक सन्देशको रूपमा बालबालिकाहरूले लिन सक्छन् । कथाको मूलमर्म अनुरूपको शीर्षक सार्थक देखिन्छ ।

**समुद्र मन्थन** बालकथा 'सुनेका कथा' सङ्ग्रहभित्रको चौथो कथा हो । परम्परागत प्रतिद्वन्द्वी दानव र देवताबीचको आपसी संघर्षलाई यो कथाले रोचक ढङ्गमा प्रस्तुत गरेको छ । दुर्वासा ऋषिको श्राप पाएका इन्द्रको आसनमा दानवराज बलीले राज गरेपछि आफ्नो सिंहासनलाई फिर्ता पाउन इन्द्रले भगवान शिवको सल्लाहमा समुद्र मन्थन गर्ने योजना बनाएको प्रसङ्गबाट कथा सुरु भएको छ । मन्दराचल पर्वतको मदानी र शेषनागको नेती बनाएर समुन्द्र मन्थन हुँदा अमृत र विष दुबै निस्केको भए पनि शिवले सबै विष खाएर अमृत देवताहरूलाई जिम्मा दिए । दानवहरूले अमृत देवताहरूबाट खोस्ने प्रयास गरे पनि देवताहरूले उनीहरूको प्रयास सफल हुन नदिएको घटनासँगै कथावस्तुको अन्त्य भएको छ ।

यस कथामा इन्द्र, विष्णु, नारद, शिव, आदि दैवी पात्रहरू रहेको छन् भने बली, राहु, केतु जस्ता दानवी पात्रहरू पनि रहेका छन् । यी दुबै थरी पात्रका बीच द्वन्द्व देखाएर दैवी शक्तिको विजय देखाइएको छ । पौराणिक कालका इन्द्रको दरवार, गोसाइँकुण्ड, कैलाश पर्वत, समुद्र र पर्वत आदिको परिवेशलाई चित्रण गरिएको पाइन्छ । देवता र दानव बीचमा बाहिरी द्वन्द्व देखिन्छ भने दानव र देवता दुबैमा आन्तरिक द्वन्द्व पनि देखिन्छ । शैलीगत दृष्टिले हेर्दा कथा वर्णनात्मक बढी देखिन्छ । देवता र दानव बीचको संवाद प्रयोगले कथानकलाई अघि बढाएको छ ।

दानव र दैत्यबीचको आपसी द्वन्द्व र वैरभावलाई प्रस्तुत गर्ने यस बालकथामा एक-अर्काप्रतिको वैरभाले कसैलाई पनि फाइदा नहुने बरू झन् समस्या थपिने कुरा छर्लङ्ग पारिएको छ । साथै दानवीय प्रवृत्तिमाथि दैवी शक्तिले पाएको विजयलाई असत्यका विरुद्ध सत्यको विजयको उद्घोष पनि मान्न सकिन्छ ।

**बालक ध्रुव** यस कथासङ्ग्रहभित्रको पाँचौ तथा अन्तिम बालकथा हो । पौराणिक पात्र ध्रुवले आफ्नी सानीआमा सुरुचिको निकृष्ट व्यवहारबाट प्रताडित हुँदै विष्णुको तपस्या गरेर बाबुको काखमा बस्ने निर्णय गरेको हुन्छ । बाबुको काखमा भाइ उत्तानपाद बसिरहेको बेला ध्रुव पनि बाबुको काखामा बस्छ तर सानीआमा सुरुचिले बाबुको काखमा बस्न विष्णुको तपस्या गरेर आफ्नो कोखमा जन्म लिनुपर्ने कुरा बताएपछि दृढ निश्चय भएर घनघोर जङ्गलमा एक्लै बसी तपस्या गर्दछन् । विष्णु उनको तपस्याबाट खुसी भएर ध्रुवलाई ज्ञान दिएर घर पढाएपछि कथानक समाप्त भएको देखिन्छ ।

बालक ध्रुव कथामा ध्रुव, उत्तानपाद, विष्णु, सुनीति, सुरुचि, इन्द्र, लक्ष्मी, अग्नि, मनु, उत्तम आदि दैवी र मानवीय पात्र रहेका छन् भने मानवेतर पात्र सिंहको पनि उपस्थिति रहेको छ । ध्रुव स्थिर चरित्रका रूपमा प्रस्तुत भएका छन् भने उत्तानपाद र सुरुचि गतिशील प्रवृत्तिका पात्र बनेर देखा परेका छन् । ध्रुव एक दृढनिश्चयी र सच्चरित्रवान् बालक बनेर उभिएका छन् । उनको विष्णुप्राप्तिको बाटोमा अनेकौ तगारा आए पनि आफ्नो लक्ष्यसम्म पुग्ने दृढविश्वासले विजय पाएको छ । परिवेशका दृष्टिले यस कथामा राजा उत्तानपादको दरबार, वनजङ्गल, ध्रुवको तपस्यास्थल प्रमुख रूपमा आएको छ । दैवी र मानवीय चरित्रको परिवेशगत तादात्म्यता स्थापित गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस कथामा ध्रुवसँग सुरुचि र विष्णुको संवाद गराएको देखिन्छ । विषयवस्तुकै केन्द्रीयतामा बालक ध्रुव बालकथामार्फत् कथाकार घिमिरेले कुनैपनि लक्ष्य प्राप्त गर्न लगनशील र साहसी भएर अग्रसर भएमा निर्दिष्ट लक्ष्यसम्म पुग्न सकिने भाव व्यक्त गरको छन् । लक्ष्यप्राप्तिको बाटोमा आउने अनेक संघारहरूलाई धैर्यतापूर्वक तर्दै जानुपर्ने सत्यलाई पनि कथाले उजागर गर्न खोजेको छ ।

### ४.११.३ छेपाराको घर बालकथासङ्ग्रहको अध्ययन

मधुसूदनप्रसाद घिमिरेको दोस्रो बालकथासङ्ग्रहको रूपमा छेपाराको घर बालकथासङ्ग्रह वि.सं. २०५९ सालमा प्रकाशित भएको देखिन्छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले प्रकाशनमा ल्याएको यस सङ्ग्रहभित्र **पुस्तक, सबिनाको हार्दिकता, भाइको सम्झना र छेपाराको घर** गरी चारवटा कथा समावेश गरिएको छ । मानवीय र मानवेतर

पात्रहरूले कथाभित्र आफ्नो उपस्थिति जनाएका छन् । यस कथासङ्ग्रहभित्रका कथाहरूलाई क्रमशः विश्लेषण गरिन्छ :

**पुस्तक** कथा छेपाराको घर बालकथासंग्रहभित्रको पहिलो कथा हो । स्कूले दाजुभाइको पढाइमा ध्यान नपुगेपछि साथी एवम् गुरुवर्गबाट हेपिएको प्रसङ्गबाट कथानक शुरु गरिएको छ । ठूलोभाइले निराश भएर किताब फाली चौतारामा बस्दा पुस्तकहरूले आफूलाई माया गरेर मेहेनतसाथ पढ्ने गरेमा ज्ञान दिने कुरा बताएपछि उसले पुस्तकको महत्त्व बुझी पढ्न थालेको र सफलता प्राप्त गरेको प्रसङ्गबाट कथा समाप्त भएको छ । यसमा सानोभाइ, ठूलोभाइ, गुरु, मानवीय पात्रका रूपमा आएका छन् भने पुस्तक जस्तो निर्जीव बस्तु पनि चरित्रका रूपमा प्रस्तुत भएको छ । सुरुमा अल्छी र मूर्ख पात्र ठूलोभाइ पुस्तकले मेहेनत गरेर पढ्नु पर्ने कुरा बताएपछि मिहिनेती र बुद्धिमान भएर देखापर्छ । त्यसैले ऊ गतिशील चरित्र हो । स्कुल र त्यसभित्रको कक्षाकोठा, चौतारा, बाटो आदि परिवेश बनेर उभिएका छन् । बालबालिकालाई आकर्षित गर्ने खालको भाषाशैलीको प्रयोग भएको देखिन्छ । तत्सम शब्दहरूको प्रयोग भएको देखिन्छ । कथाबस्तुको विकासअनुसार चित्रको प्रयोगले कथाको मूल भाव बुझ्न थप बल प्रदान गरेको छ ।

पुस्तक भनेको सरस्वती हुन्, यिनलाइ माया गरेमा पढ्ने पुस्तकले सबैलाई बुद्धि र ज्ञान दिन्छन् भन्ने लेखकको विचार कथाको मूल सन्देश बनेर आएको छ । पुस्तकलाई हेलाँ गरेर नपढ्ने तथा स्याहारसुसार नगर्नेले कहिल्यै पनि ज्ञान र बुद्धि प्राप्त गर्न नसक्ने विचार पनि यस कथामा आएको छ ।

**सविनाको हार्दिकता** कथा 'छेपाराको घर' कथासङ्ग्रहभित्रको दोस्रो कविता हो । निष्कपट र निश्चल हृदय भएकी सबिनाले बाबुसँग घुम्दै जाँदा आमासँगै दाउराको भारी बाक्दै गरेको सबिनको अवस्था देखेर मानवीय नाताले उसलाई आफ्नो घरमा लगेर उचित पालनपोषण गर्ने तथा आफूसँगै स्कुल पढ्न लैजाने जस्ता घटनाक्रममा कथा आबद्ध भएको छ । एउटा गरिब र अनपढ बालकलाई आफ्नो घरमा लगेर पाल्ने अनि उचित शिक्षादीक्षा दिने तथा मायाममता गर्ने सबिना एक आदर्श बालिका बनेर कथामा आएकी छ ।

सबिना यस कथाकी मुख्य पात्र हो । ऊ दयावान, वातावरणीय सरसफाईप्रति सचेत पात्र हो । ऊ यस कथाकी सत् पात्र हो । सबिनाका बाबु, आमा, सबिन, सबिनकी आमा अन्य पात्रहरू हुन् । सबिनाकै केन्द्रीयतामा कथानक घुमेकाले ऊ केन्द्रीय पात्र हो ।

ग्रामीण सामाजिक परिवेशमा देखिने जङ्गल, घाँसदाउरा तथा गाउँघरको दृश्य यस कथामा देख्न सकिन्छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेर कथालाई अघि बढाइएको छ । बाबु-छोरी बीचको संवादले कथामा रोचकता थपेको पाइन्छ । सरल तथा अभिधात्मक अर्थसापेक्षमा कथालाई ग्रहण गर्न सकिन्छ ।

आफ्नो सहयोगबाट कसैको भविष्य उज्ज्वल हुन्छ भने त्यसको लागि हरदम तयार रहनुपर्ने सन्देश यस कथामार्फत् कथाकारले दिन खोजेका छन् । सबिनको दयालुपन तथा स्वच्छ विचारको कारणले दाउरा बेचेर खान वाध्य सबिनले राम्रो शिक्षादीक्षा र लालनपालन पाएर देशको असल नागरिक बन्न पुगेको छ ।

**भाइको सम्झना** बालकथा 'छेपाराको घर' बालकथासङ्ग्रहभित्रको तेस्रो कथा हो । माइलीले एउटा खाते बालक देखेपछि आफ्नो मरेको भाइ सम्झेर त्यस खाते बालकलाई आफ्नो घरमा लाँदा खेरी उसका बाबुआमाले पनि प्रायश्चित स्वरूप त्यस बालकलाई छोराको रूपमा स्वीकार गरेको घटनाक्रमले कथानक बनेको छ ।

माइली यस कथाकी प्रमुख पात्र हो । खाते बालक माहिलीका बाबुआमा, माहिलीको मरेको भाइ अन्य पात्र हुन् । सबै सत् एवम् स्थिर प्रवृत्तिका पात्रहरू रहेका छन् । माइलीको दयालुपनले एउटा खाते बालकले घर र अभिभावक पाई असल भविष्यतर्फ अग्रसर हुने अवसर पाएको छ । माइलीको स्कुल, स्कुल जाने बाटो एवम् माहिलीको घर परिवेश बनेर आएका छन् । त्यसैगरी यस कथाको भााषाशैली सरल र सुरुचिपूर्ण छ भने संवाद सान्दर्भिक लाग्छन् ।

यस कथाको माध्यमबाट कथाकार घिमिरेले गरिबमाथि दया करुणा राखी उनीहरूलाई असल मार्गतर्फ डोऱ्याउनु सच्चा धर्म हो भन्ने भावना व्यक्त गर्न खोजेका छन् । पश्चातापको क्षतिपूर्तिस्वरूप सत्कर्मतर्फ अग्रसर हुनुपर्ने मान्यतालाई माहिलीका बाबुआमामार्फत् चरितार्थ पार्न खोजिएको छ ।

**छेपाराको घर** कथा यस बालकथासङ्ग्रहको चौथो तथा अन्तिम कथा हो । कथासङ्ग्रहको नाम यसै कथाबाट राखिएको छ । लोकप्रचलित छेपाराको उखानलाई

कथाको बान्की दिइएको छ । मुसा र छेपारा बीचको संवादबाट अघि बढेको कथामा शत्रुबाट बच्न अनि घामपानीबाट जोगिन घर आवश्यक भएको कुरा मुसाले बताएपछि घर बनाउने विचार गरको छेपाराले दिउँसोको घाममा सबै कुरा बिर्सेको प्रसङ्ग उल्लेख छ । रातको ठण्डीमा घरको आवश्यकता महसुस गरे पनि दिउसो घाम ताप्दै जादा घर बनाउन अल्छी गरेर बस्ने छेपाराको दैनिकीलाई प्रस्तुत कथामा बर्णन गरिएको पाइन्छ ।

प्रस्तुत कथामा छेपारो, मुसा, मुसाको छोरो प्रमुख पात्र हुन् । सबै मानवेतर पात्र हुन् । मुसा चोरी गरेर खाने प्राणी भए पनि आफू र आफ्नो परिवार रक्षार्थ घर बनाएर बस्ने चलाख पात्र हो भने छेपारो जुनसुकै काम भोली गर्छु भन्ने तर नगर्ने अल्छी पात्र हो । प्राकृतिक वातावरण परिवेश बनेर आएका छन् । मुसाको दूलो, छेपाराको घाम ताप्ने ठाउँ मुख्य परिवेश हुन् । छेपारा मुसा तथा मुसाका बाबुछोरा बीचको संवाद स्वभाविक लाग्छन् । घाम ताप्दै गरेको छेपारोको चित्रले कथाको मर्मलाई समेटेको देखिन्छ । शीर्षकले नै कथाको बारेमा धेरै कुरा भन्छ । कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

अल्छी बनेर समयामा गर्नुपर्ने काम नगर्नाले स्वयम् आफूलाई नै अप्ठ्यारो पर्न सक्ने हुनाले अल्छी नगरी आफूले सम्पन्न गर्नुपर्ने काम तुरुन्त गर्नुपर्ने सन्देश यस कथाले दिएको छ । छेपाराको अल्छीपन देखाएर अल्छी गर्नाले कसैको पनि भलो नहुने विचार कथाकार घिमिरेले गरेका छन् ।

### ४.११.४ **तारी गाई बालकथासङ्ग्रहको अध्ययन**

**तारी गाई** बालकथासङ्ग्रह वि.सं. २०६० सालमा प्रकाशित भएको हो । पुष्पलता आचार्यले प्रकाशन गर्नुभएको यस सङ्ग्रहमा **तारी गाई, दायित्व, एलिसाको सोचाई, झगडाको बिउ र भँगेराले नमस्कार पो गऱ्यो** ! गरी जम्मा पाँचवटा कथाहरू रहेका छन् । एकतीस पृष्ठमा संरचित यस बालकथासङ्ग्रहभित्र स्कुले बालबालिका, तारी गाई, भँगेरा जस्ता मानवीय र मानवेतर चरित्रहरूले स्थान पाएका छन् । वातावरणीय प्रदूषण, सहयोगी भावना, बालअधिकार तथा बालसुलभ अभिव्यक्तिहरूलाई यस सङ्ग्रहभित्रका कथाहरूले समेटेका छन् ।

**तारी गाई** यस बालकथासङ्ग्रहको पहिलो कथा हो । यो बालकथाहंग्रहकै नाम पनि हो । प्रस्तुत तारी गाई कथामा एउटा सोझो र सुधो गाईको चर्चा गरिएको छ । ऊ सधै चरनमा जाने र सफा पानी पिएर घर आउँछ । उसको मालिकले उसलाई राम्रोसँग स्याहार सुसार गर्ने गर्दछ भने उसले पनि प्रशस्त दुध दिएर मालिकको गुजारा चलाउन मद्दत गरेको छ । तर एकदिन तारी गाईले चरनक्षेत्र अतिक्रमित हुदै गएको अनि नदी खोला प्रदूषित हुदै गएर आफू बिरामी परेको कुरा बताएपछि उसको मालिक सचेत भएर वातावरणीय प्रदूषणलाई रोक्न एवम् संरक्षण र संवर्द्धनमा लागिपर्ने वचनबद्धता जनाएपछि कथानकको अन्त्य भएको देखिन्छ ।

यस कथामा मानवेतर पात्र तारी गाई र मानवीय पात्र मालिक प्रमुख पात्र रहेका छन् । तारी गाई मानवेतर पात्र भए पनि वातावरणीय समस्याप्रति सचेत विवेकशील पात्र बनेर उभिएको छ भने उसको मालिक गाईको स्याहारसुसार गर्ने तथा तारी गाईले सचेत गराएपछि जनचेतना फैलाउन अग्रसर सत् चरित्रको रूपमा आएको छ । मालिकको घर, तारी गाई चर्न जाने चउर, पानी पिउने खोला बाह्य परिवेश बनेर आएका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको प्रस्तुत कथामा तारी गाई र मालिकको संवादको प्रयोग भएको छ । सरल एवम् रोचक शैलीको प्रयोग भएको देखिन्छ । कथानका आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अघि बढेको छ ।

वातावरणीय प्रदूषणका कारण मानवीय र मानवेतर प्राणीहरू समेत संकटमा पर्न लागेको तथ्य उजागर गर्दे मानवीय सभ्यतामाथि औला ठड्याउन खोजिएको छ । साथै सार्बजनिक चरनक्षेत्र तथा नदीनालाहरू प्रदूषणबाट बचाउन सामूहिक तबरले लाग्नुपर्ने सन्देश दिन खोएिको छ जुन निकै सकारात्मक मान्नुपर्छ ।

'तारी गाई' बालकथासङ्ग्रहभित्रको दोस्रो कथा **दायित्व** हो । यस बालकथामा बालबालिकाले पाउने नैसर्गिक बालअधिकारका बारेमा बहस उठाइएको छ । नारा र भाषणमा बालअधिकारका कुरा यथेष्ठ मात्रामा सुनिए पनि व्यवहारमा त्यो लागु हुन सकेको छैन । सडक पेटीमा फोहोरी र झुत्रेमैलो भएर बसेको खाते बालकलाई देखेर विनिताका मनमा उब्जेका अनेक भावतरङ्गहरू यस कथाभित्र आएका छन् । विनिता बाबुसँग बजार जाँदा देखेको खाते बालकलाई बालमन्दिरमा लगेर पाल्ने व्यवस्था मिलाइदिन बाबुसँग अनुरोध गर्दा बाबुले वास्ता नगरेर उल्टै हपारेपछि खिन्न बनेकी छ ।

उसलाई सहयोग गर्ने दृढ अठोट बोकेर जाँदा ऊ त्यहाँ नभएछि निराश बनेकी विनिता घर फर्किएछि कथाको अन्त्य भएको छ ।

यस कथाको प्रमुख पात्र विनिता हो । ऊ स्थिर र अनुकूल स्वभाव भएकी चरित्र हो । सानी विद्यार्थी भए पनि अरूको सहयोग गर्ने तथा अधिकार प्राप्तिका लागि अग्रसर रहने निर्भिक बालिका हो । खाते बालक दुःखी र गरिव पात्र हो । सानैमा बाबुआमा मरेर सडकमा बस्न ऊ वाध्य छ । त्यस्तै वितिाको बाबु भने वास्तविकता थाहा पाएर पनि कुनै परिवर्तन नचाहने यथास्थितिवादी चरित्रको रूपमा देखापरेको छ । बालअधिकारका बारेमा हुने गोष्ठीमा भाग लिए पनि व्यवहारमा उसको कुनै परिवर्तन आएको छैन । एउटा सहरको पेटी, कन्टेनर वरिपरिको फोहोर, विनिताको घर प्रमुख परिवेश बनेर आएका छन् । बाबु-छोरीको संवादले द्वन्द्वको सिर्जना गरको देखिन्छ । भाषाशैली सुन्दर र कलात्मक लाग्छन् । बालअधिकारको विषयमा सम्बन्धित निकायले जिम्मेवारीबोध गर्न नसकेको सन्दर्भबाट शीर्षक व्यङ्ग्यार्थमा प्रस्टिन्छ ।

प्रस्तुत बालकथामार्फत् बालअधिकार नारामा मात्रै सीमित रहेको सत्यलाई उजागर पार्न खोजिएको छ । सरकारी तथा गैर सरकारी निकायबाट बालअधिकार तथा बालविकासका विविध कार्यक्रम अघि सारे पनि ती गोष्ठी, सेमिनार र भेलाका विषयबस्तु मात्रै बन्ने गरेको वर्तमान यथार्थलाई खाते बालकको अवस्थासँग जोडेर हेर्न सकिन्छ । यथास्थितिवादी प्रवृत्ति त्याग्दै सच्चा रूपले बालअधिकारको स्थापना गर्नुपर्ने सन्देश कथाकारले दिन खोजेका छन् ।

**एलिसाको सोचाई** यस बालकथासङ्ग्रहको तेस्रो कथा हो । सात, आठ वर्षकी हँसिली, राम्री एलिसा आमा बाले काम अह्राउदा रिसाएकी भए पनि पछि आमा-बाको निस्वार्थ मायाप्रेम देखेर उसको सोचाइमा परिवर्तन आएको छ । आमा-बाले सानोतिनो काम अह्राउदा दुःख दिएको सम्झने एलिसा एक दिन रिसाएर भोकै स्कुल गएपछि उसलाई लिन आमा जानुहुन्छ । ठूलो पानी परेर स्कुलबाट घर फर्कन नसक्दा आमाले छाता ओढाएर अनि झोला बोकिदिएर घरसम्म ल्याएपछि तात्तातो खाजा दिनुहुन्छ । आमाको त्यस्तो व्यवहारबाट एलिसामा आमाबाबुप्रतिको नकारात्मक सोचाई परिवर्तन हुनथाल्छ । निस्वार्थः माया दिने यो संसारमा आमाबाबु मात्र हुन् भन्ने सोच एलिसामा आएपछि कथाको अन्त्य भएको छ ।

यस कथामा एलिसा, एलिसाको आमा, प्रमुख पात्र रहेका छन् भने एलिसाका बाबु र सरहरू गौण पात्र बनेर आएका छन् । सुरुमा आमाबाबुप्रति नकारात्मक सोचाई राखे पनि पछि परिवर्तन भएर वास्तविकता वुझ्ने गतिशील चरित्रका रूपमा एलिसा रहेकी छ । एलिसाकी आमा छोराछोरीलाई असाध्यै माया गर्ने र कुनै चोट पुऱ्याउन नचाहने चरित्र हो । परिवेशका रूपमा एलिसाको घर, कोठा, स्कुलको कक्षाकोठा, स्कुलबाट घर फर्कदा बाटोको दृश्य प्रमुख परिवेश बनेर आएका छन् । बाबुआमाप्रतिको एलिसाको सोचाइमा केन्द्रित भएकाले कथाको शीर्षक सार्थक देखिन्छ । यसको भाषाशैली सरल र सुन्दर छ ।

यस बालकथामार्फत् घिमिरेले घरको सानोतिनो काम गर्दा कुनै दुःख नहुने भएकोले आफ्ना आमा बाबुले अह्राएको सानोतिनो काम गर्न रिसाउन नहुने सन्देश बालबालिकाहरूलाई दिन खोजेका छन् । साथै आमाबाबुले आफ्ना बच्चाहरूलाई निस्वार्थ माया तथा प्रेम गर्ने हुनाले उनीहरूप्रति वैरभाव राख्न नहुने विचार यस कथामार्फत् व्यक्त गर्न खोजिएको छ ।

**झगडाको बीउ** बालकथा 'तारी गाई' बालकथासङ्ग्रहको चौथो कथा हो । एउटै स्कुल र कक्षामा पढ्ने दुर्गेश र दिपेशले झगडा गर्दा मन्दिरा र सुनिता त्यहाँ पुगेर झगडा नगर्न आग्रह गरेको प्रसङ्गबाट कथा सुरु भएको छ । दुर्गेशले दिपेशलाई बिना आधार कलम चोरेको आरोप लगाएपछि मन्दिराले कुरा नबुझी कसैलाई पनि दोष लगाउन नहुने र दुब्लो पातलो हुदैमा कसैलाई हेप्न नहुने विचार व्यक्त गर्छिन् । फेरि झगडा गरेमा प्रधानाध्यापकसँग उजुरी गर्ने बताएछि दुबै झगडा नगरी मिलेर बस्न राजी भएको घटनाक्रमले कथा सकिएको छ ।

रैखिक ढाँचामा आबद्ध प्रस्तुत कथामा दुर्गेश, दिपेश, मन्दिरा, सुनिता प्रमुख पात्र हुन् । दुर्गेश शुरुमा विना सुझबुझ साथीलाई चोर दोष लगाएर झगडा गर्ने नकारात्मक प्रकृत्तिको चरित्र भए पनि साथीहरू मन्दिरा र सुनिताको आग्रहपछि कुरा नबुझी झगडा नगर्ने र मिलेर बस्ने निश्चय गरेकोले गतिशील चरित्रको रूपमा आएको छ । दिपेश भने सोझो गरिब र दुब्लो पातलो भएकोल दुर्गेशबाट प्रताडित पात्र हो । मन्दिरा र सुनिता साथीहरूको झगडा मिलाइदिने असल चरित्र हुन् । स्कुलबाट घर फर्कदै गर्दाको बाटोको परिवेश यस कथामा प्रस्तुत भएको छ । संवादको प्रयोगले कथाको

रोचकता थपेको छ । सानो निहुँमा झगडा गरेको देखाएर शीर्षकलाई न्याय गरिएको छ । अभिधेयार्थमा प्रस्टिने झगडाको बिउ कथा रैखिक ढाँचामा आबद्ध भएको छ ।

यस बालकथामार्फत् साथी साथीमा सानो सानो कुरामा झगडा गर्नु नहुने तथा मित्रवत् व्यवहार गर्नुपर्ने विचार व्यक्त भएको छ । गरिब वा धनी जे जस्तो भए पनि जन्मिएपछि स्वतन्त्रतापूर्वक बाँच्न र अधिकार प्रयोग गर्न पाइने भएकाले सबैलाई आफ्नो आधिकारप्रति सचेत रहन आग्रह गरिएको छ ।

'तारी गाई' बालकथासङ्ग्रहभित्रको पाँचौं तथा अन्तिम कथा **भँगेराले नमस्कार पो गऱ्यो** ! हो । म पात्रले आफ्नो छिमेकीको घरको ग्रीलबाट भँगेराहरू बस्दा छिमेकीका बच्चाहरू रमाएको प्रसङ्गबाट यस कथाले विषयबस्तुको रूपमा प्रवेश गरेको देखिन्छ । घरको ग्रीलबाट भँगेरा आएर बसेको देखेपछि छिमेकीका छोराछोरी रमाएको, खट्टे खाँदा भँगेराहरू वरिपरि आएपछि बच्चाहरूले खट्टे दिएको, छिमेकीको  छोराले भँगेराले आफूलाई नमस्कार गरेको नभई बाबालाई ढोगेको कुरा बताएको जस्ता प्रसङ्ग यस कथाभित्र समेटिएका छन् ।

रैखिक ढाँचामा आबद्ध यस कथामा म पात्र छिमेकी, छिमकीका छोराछोरी मानवीय पात्रहरू छन् भने भँगेराहरू मानवेतर पात्र बनेर उभिएका छन् । सबै पात्र सत् र स्थिर छन्  बालसुलभ भावना भएका छिमेकीका छोराछोरी निश्चल एवम् चञ्चल छन् । छिमेकी छोराछोरीको विचित्रको भावनाबाट दङ्ग पर्छन् । यसमा म पात्रको घर, छिमेकीको घरको बरण्डा, कोठा प्रमुख परिवेश बनेर आएका छन् । छिमेकीका छोराछोरीको बालसुलभ संवादले कथालाई अत्यन्त रोचक बनाएको छ । एक पूर्ण वाक्यमा आएको शीर्षकले बालमनोविज्ञानलाई उजागर गरेको देखिन्छ । बालबालिकाका मनोजगत्का रङ्गीन भावहरूलाई समेट्ने काम यस कथामा भएको छ ।

बालबालिकाहरू निश्चल र कोमल हृदयका हुने भएकोले उनीहरूलाई स्वतन्त्र भएर खेल्न दिदा शारीरिक र मानसिक विकासमा टेवा पुग्ने भाव यस कथामा व्यक्त भएको छ । बालबालिकाहरू चराचुरुङ्गी र जनावरसँग नजिकिने हुनाले हामीले चराचुरुङ्गी तथा जनावरहरूलाई उचित संरक्षण गर्नुपर्ने कुरामा जोड दिइएको छ । आफ्ना बच्चाको खुसीमा बाबुआमा खुसी हुने भाव पनि यस कथाभित्र अटाएको देखिन्छ ।

### ४.११.५ कालो माला बालकथासङ्ग्रहको अध्ययन

मधुसूदनप्रसाद घिमिरेको पाँचौ बालकथासङ्ग्रहको रूपमा वि.सं. २०६० सालमा रत्न पुस्तक भण्डार, काठमाडौँले प्रकाशन गरेको कृति हो-**कालो माला** । **बकुल्लाको तपस्या, काग र कोइली, कालो माला, तित्रको मुखै बैरी, राजको खोजीमा र हाँसको हिडाइ** गरी जम्मा छ वटा कथा यस सङ्ग्रहभित्र समावेश गरिएको छ । यस सङ्ग्रहका सबै कथाहरू चरासँग सम्बन्धित छन् ।

**बकुल्लाको तपस्या** बालकथा कालो माला बालकथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो । यस कथामा एउटा लुच्चो र अल्छी बकुल्लाले अन्य साथी चराहरूसँग गरेको वैरभाव एवम् आफ्नो स्वभावबाट उसलाई पुगेको वेफाइदाको वर्णन यस कथामा गरिएको छ । शिकार खोज्न टाढा नजाने बकुल्लोलाई गिद्ध, चिल, कागहरूले के गरेको भनी सोध्दा उसले तपस्या गरेको कुरा बताउँछ । तर अन्य चराहरूले उसको कुरा नपत्याएपछि रिसाएको बकुल्लो बोल्न लाग्दा उसको मुखबाट माछा नदीमा खस्छ भने टिपेर किनारमा फालेका माछाहरू पनि पुनः नदीमै हामफाल्छन ।

गिद्ध, चिल, बकुल्लो जस्ता चराहरू र माछा जस्ता जलचर प्राणी पात्र बनेर आएका छन् । बकुल्लो अल्छी, लुच्चो अनि झुटो बोल्ने नकारात्मक प्रवृत्तिको पात्र बनेर उभिएको छ भने अन्य पात्र सत् चरित्रका देखिन्छन् । असत् वृत्तिकै कारण उसले आफ्नो मुखमा आइसकेको शिकार गुमाएको छ । एउटा खोलाको वरिपरी कथा घुमेको छ । चराहरूको आपसी संवाद प्रयोगले द्वन्द्वको सिर्जना गर्नमा मद्दत पुऱ्याएको देखिन्छ । तृतीय पुरुष दृष्टिबिन्दु अंगालिएको यस कथामा रोचक शैलीको प्रयोग भएको छ । बकुल्लालाई अन्य चराहरूले सोधिरहेको दृश्य कथामा चित्रित भएको छ ।

अल्छीपन र अरुप्रति नकारात्मक व्यवहार गर्नाले स्वयम् आफूलाई नै वेफाइदा पुग्ने हुनाले नकारात्मक सोचलाई त्यागेर सकारात्मकतार्फ अघि बढ्नुपर्ने सन्देश कथाकारले दिन खोजेका छन् । बकुल्लामार्फत् खराव आचरणले आफैलाई अप्ठेरोमा पार्ने कुरा देखाउन खोजका छन् ।

**काग र कोइली** यस बालकथासङ्ग्रहभित्रको दोस्रो कथा हो । लोककथामा धेरै पहिलेदेखि प्रचलित कथालाई घिमिरेले आफ्नो वान्की दिएर प्रस्तुत गरेका छन् । सँगै बच्चा कोरल्ने भएका काग र कोइलीका बच्चामध्ये कागका बाँचे तर कोइलीका बच्चा मरे ।

त्यसपछि कोइलीले आफ्नो फुल थाहा नपाइकनै कागको गुणमा लगेर राखेपछि बच्चा कोरल्ने र यो क्रम निरन्तर चलिरहेको घटनाक्रमले कथावस्तुको निर्माण भएको छ । पछि कागले प्वाँख आउन थालेपछि मात्र कोइलीको वच्चालाई चिनेर वास्ता नगरेको अनि कोइली आफ्ना आमाबाबु खोज्ने हिड्ने प्रसङ्गले कथालाई रोचक बनाएको छ । काग र कोइली मुख्य पात्र रहेका छन् भने काग कोइलीका बच्चाहरू गौण पात्र बनेर कथामा आएका छन् । कोइली आफूमा क्षमता नभए पनि बाठो र अरुबाट फाइदा लिने स्वार्थी चरित्र हो भने काग सोझो र सिधापन भएको चरित्र हो । बनजङ्गलभित्रका काग र कोइली गुँड परिपरि कथा घुमेको छ । काग र कोइलीको आपसी क्रियाकलापमा कथा केन्द्रित भएकोले शीर्षक अनुकूल नै देखिन्छ । बालबालिकाले बुझ्ने खालको सरल भाषाशैलीको प्रयोग भएको छ । संवाद एकालापमार्फत् व्यक्त भएका छन् । कागको गुँडमा कोइलीले अण्डा राखिदिएको चित्रले कथाको मर्मलाई समेटेको देखिन्छ ।

**कालो माला** कथा प्रस्तुत बालकथासङ्ग्रहभित्रको तेस्रो कथा हो । यस कथाकै नामबाट सङ्ग्रहको शीर्षक राखिएको छ । लोककथाका रूपमा समाजमा धेरै पहिलेदेखि नै प्रचलित बालकथाको बान्की दिएर प्रस्तुत गरिएको पाइन्छ । एक जोडी भँगेराको आपसी प्रेम, सद्भाव, माया, ममता, दया अनि समर्पणको भावलाई अत्यन्त सुन्दर शैलीमा कथाकार घिमिरेले प्रस्तुत गरेका छन् । आपसी प्रेम र सद्भावको नमूना बनेको एक जोडी भँगेरा र भँगेरीको समझदारी, भँगेरीको बच्चालाई गाजल लगाइदिने चाहना, कोइलीसँग गाजल मागेर ल्यापछि भँगेरीले बच्चालाई गाजल लगाइदिएको प्रसङ्गहरूले कथाबस्तुको निर्माण भएको देखिन्छ । भँगेरा र भँगेरी यस कथाका प्रमुख पात्र रहेको छन् भने काग, कोइली, भँगेराको बच्चाहरू र भँगेराका साथीभाइहरू सहायक एवम् गौण पात्र हुन् । सबै पात्रहरू स्थिर र सत् चरित्रका छन् । भँगेरो, आफ्नी पत्नी र बालबच्चाप्रति सदैब प्रेम र सद्भाव राख्दछ भने छिमेकीहरूलाई मिलेर बस्न सल्लाह दिन्छ । त्यस्तै भँगरी पनि पतिको कुरा बुझ्ने र बालबच्चा राम्ररी हुर्काउने असल गृहिणीको रूपमा देखापर्छे । अभिधेय अर्थमा यसको अर्थ प्रस्ट भए पनि कालो माला गाजलको धर्सो मात्र नभएर प्रेम र समर्पणको बन्धनको रूपमा आएको देखाएर व्यङ्ग्यार्थमा पनि यसलाई प्रमाणित गर्ने प्रयास गरिएको छ । भँगेराको गुँड, कागको गुँड र वनजङ्गल यस कथाको परिवेश बनेर आएका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको यस कथामा कलात्मक भाषाशैलीको प्रयोग

गरिएको पाइन्छ । गाजलको घेरालाई प्रतीकात्मक किसिमले कालो माला भनेर शीर्षकीरण गरिएको छ ।

आपसी प्रेम र सद्भावले एउटा सुन्दर परिवार बाँचिरहेको देखाएर कथाकार घिमिरले मानव जातिमा पनि त्यो गुण भएमा सुन्दर एवम् सुखमय परिवार तथा समाज निर्माण गर्न सकिने कुरा प्रस्ट पार्न खोजेका छन् ।

यस सङ्ग्रहभित्रको चौथो कथा **तित्राको मुखै बैरी** हारूरू । यस कथामा सारौंटेको छोराको न्वारनमा कालिज, तित्रा, काग, मयूर, भँगेरा जस्ता चराहरू सामूहिक रूपले काम गरेर भोज खान लाग्दा तित्राले कागलाई सँगै राखेर खान नमिल्ने बताएपछि कालिजले आजको जमानामा कसैलाई पनि सानोठूलो भनेर भेदभाव गर्न नहुने कुरा बताउछ । तित्राले आफूलाई त्यस्तो व्यवहार गरेको देखेर कागले तित्रालाई  ठूंग्न जान्छ तर अन्य चराहरूले सम्झाएछि उसले कुरा बुझ्छ र सबै सँगै मिलेज भोज खान्छन् । छुच्चो र अलाई होच्याएर बोल्ने तित्रालाई जिस्क्याउदै तित्राको मुखै बैरी भनेर कागले भनेपछि कथा समाप्त भएको छ । सारौटे काग, तित्रा, मयुर, कालिज, भँगेरा मुख्य पात्रहरू हुन् । काग र तित्रा गतिशील पात्र हुन् भने अन्य पात्र सत् र स्थिर छन्  । सारौटेको घरको वरिपरि नै कथाको परिवेश निर्माण भएको छ । यसै परिवेशभित्र चराहरूले आफ्नो कार्यव्यापारलाई अघि बढाएका छन्  । तित्राको छुच्चो र निकृष्ट बोलीको कारण कथानकको विकास भएकोले शीर्षक अनुकूल रहेको देखिन्छ । चराहरूको आपसी संवादले कुतुहलताको सिर्जना गरेको छ । सरल र बालसुलभ भाषाशैलीको प्रयोग छ । कतै कतै कथ्य भाषाको पनि प्रयोग देखिन्छ ।

प्रस्तुत बालकथाको उद्देश्य सामूहिक भावनालाई उत्प्रेरित गर्नु रहेको देखिन्छ । चराहरूले न्वारन गरेको देखाएर आफ्नो संस्कृतिलाई भुल्न नहुने विचार पनि व्यक्त भएको छ । सामूहिकतामा नै बल हुने भएकोले सबै मिलेर अघि बढ्नु पर्ने भाव कथाकारले प्रस्तुत गरेका छन् ।

'कालो माला' कथासङ्ग्रहभित्रको पाँचौ कथा **राजाको खोजीमा** हो । यो कथा पनि चराहरूसँगै सम्बन्धित छ । ढुकुरले छोराको बिहेमा जङ्गलका चराहरू भद्राइ, कोइली, मैना, तित्रा, कालिज, जुरेली आदिलाई बोलाए पनि आफूलाई नबोलाएकाले रिसाएको धोबी चराले ढुकुरलाई बच्चा चोरको दोष लगाउँछ । तर उनीहरूको राजा

नभएकोले मुद्दा सुनाउन नसकेपछि सबै जना मिलेर राजा खोज्न बैठक बस्छन् । डाँफेलाई सर्वसहमतिले राजा चुनिन्छ । धोवी चराले ढुकुरमाथि गरेका अन्यायको बारेमा राजालाई बिन्ती चढाउँदा अन्याय र थिचोमिचो गर्नेलाई सजाय दिने भएपछि ढुकुर त्यहाबाट भाग्छ । त्यसपछि मन्त्रीमण्डल विस्तार हुन्छ । आजको युग विकासको युग भएकोले सबैको विचारलाई समेटेर अघि बढ्नुपर्ने कुरा राजाले बताउँछ । मन्त्रीमण्डलमा चीललाई रक्षामन्त्री, मैनालाई शिक्षामन्त्री, कागलाई संचारमन्त्री, कालिजलाई प्रधानमन्त्री र जुरेली,मयूर एवम् तोपचारालाई  अन्य मन्त्रीका लागि सिफारिस गरिएको प्रसङ्गबाट कथानकको अन्त्य भएको छ ।

यस कथामा डाँफे, मैना, मयुर ढुकुर, धोवीचरा, कीलज, तोपचरा, कालिज, काग प्रमुख पात्र बनेर आएका छन् । धोवी चरा असत् प्रवृत्तिको पात्र रहेको छ भने अन्य सबै चराहरू अनुकूल प्रवृत्तिका पात्र रहका छन् । असत् पात्र धोवीचराको कुनियतलाई अन्य चराहरूले सफल हुन दिएका छैनन् । वनजङ्गल चराचुरुङ्गीको बासस्थान भएकोले परिवेशका हिसाबले कथामा प्रस्तुत भएको छ । पात्रहरूको संवाद र शैलीमा मानवीय चरित्रको प्रतिच्छायाँ देख्न सकिन्छ । शीर्षक अनुरूप नै राजाको खोजीमा कथा घुमेको छ । चित्रमा राजाको खोजी निम्ति चराहरूको बैठक बसेको देखाइएको छ ।

राजाको खोजीमा कथामार्फत् आपसी मेलमिलाप र सक्षम व्यक्तिको छनोटबाट विकासको बाटोमा अग्रसर हुन सकिन्छ भन्ने सन्देश यस कथाले दिएको छ । न्याय र कानूनले सही  बाटो लिएमा नकारात्मक वृत्तिहरू आफैं हटेर जाने भावलाई कथाले समेटेको पाइन्छ ।

**हाँसको हिडाइ** प्रस्तुत 'कालो माला' बालकथासङ्ग्रहभित्रको छैटौं तथा अन्तिम कथा हो । यस कथामा हाँसको समूहले मयूरलाई नाच्न अनुरोध गरेपछि नाच्न थालेको मयुरको नाचको प्रशंसा  गरेपनि खुट्टा नराम्रो भएको भनी हाँसले जिस्क्याएपछि रिसाएको मयूरले उनीहरूको खुट्टा राम्रो भए पनि हिँडाइ नराम्रो भएको तर्क गर्छ । मयूरले अरूलाई खिसी गर्नुभन्दा पहिले आफ्नो अवस्था पनि हेर्नुपर्ने कुरा बताउँछ । नाच हेरेर रमाइलो गरे पनि हाँसले नराम्रो भनी होच्याएर बोलेकाले हाँसलाई मयूरले जवाफ दिएको प्रसङ्ग यस कथामा प्रस्तुत भएको छ ।

यस कथामा हाँसको समूह र मयूर प्रमुख पात्र छन् । मयूर र यौटा हाँस असल प्रवृत्तिको छन् भने अन्य हाँसहरू आफ्नो कमजोरी नदेखेर अरूलाई होच्याउने प्रवृत्तिका देखिन्छन् । एउटा पोखरी र त्यस वरिपरिको परिवेश वर्णन छ । हाँस र मयूर बीच संवाद गराइएको देखिन्छ । मयूर नाचेको अनि हाँसहरूले हेरिरहेको चित्र सजीव लाग्छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

आफूभित्रको कमजोरी नदेखीकन अरूलाई मात्र नङ्ग्याउने मानवीय प्रवृत्तिलाई हाँसको माध्यमबाट देखाउन खोजिएको छ । अरूको राम्रा पक्षभन्दा नराम्रो पक्षको टीकाटिप्पणी  गर्ने बानी राम्रो होइन भन्ने विचार यस कथामार्फत् कथाकार घिमिरेले स्थापित गर्ने प्रयास गरेका छन् । प्राकृतिक रूपमा प्राप्त हुने शरीरलाई थपघट गर्न नमिल्ने वा सच्चाउन नमिल्ने तर्क पनि मयूरको माध्यमबाट अघि सारिएको छ ।

### ४.११.६ देखासिकी बालकथासङ्ग्रहको अध्ययन

मधुसूदनप्रसाद घिमिरेका बालसाहित्यिक कृतिहरूमध्ये **देखासिकी** छैठौं बालकथासङ्ग्रह हो । वि.सं. २०६२ सालमा 'दायित्व वाङ्मय प्रतिष्ठान नेपाल' ले यसलाई प्रकाशनमा ल्याएको हो । यस बालकथासङ्ग्रहभित्र **सहमतिको परिणाम, सदुपयोग, पेशा, देखासिकी, गरिबको परीक्षा, वरदान र वर-पीपल र परिजात** गरी सातवटा कथा रहेका छन् । चौबीस पृष्ठमा संरचित यस बालकथासङ्ग्रहमा जनावर, चराका कथादेखि लिएर धार्मिक, पौराणिक एवम् मिथकीय चरित्रहरूको बारेमा लेखिएका कथा समेत रहेका छन् ।

**सहमतिको परिणाम** कथा 'देखासिकी' कथासङ्ग्रहभित्रको पहिलो कथा हो । यस कथामा जङ्गलमा बसोबास गर्ने जनावरहरूले आफू बस्ने बासस्थान विनाश हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै आफ्ना राजा सिंह समक्ष निवेदन गरेपछि सिंहले पनि त्यसमा स्विकृति जनाउँदै जङ्गल बचाउ अभियान संचालन गरेको घटनाक्रमलाई कथामा प्रस्तुत गरिएको छ । सो अभियान अन्तर्गत जङ्गली जनावरहरू, भालु, चित्तल, घोरल, हरिण, मृग, गैडा, बाघ, खरायो आदिले सिंहको नेतृत्वमा जङ्गलमा गई रुख रुखमा पम्प्लेट टाँसेर जङ्गल बचाई वातावरणीय विनाशलाई रोक्ने कार्यक्रम सञ्चालन गरे । **रुख रोपौ जङ्गल बचाऔं, प्राणीको रक्षा गरौं, वातावरण स्वच्छ राखौ** भन्ने नारा लेखिएको पम्प्लेट पढेर दाउरा काट्न आउने मानिसहरूले देखेर जनावरहरूमा त यति धेरै चेतना रहेछ भने हामी मानव

जातिले किन वनजङ्गल संरक्षण नगर्ने भन्दै रुख बिरुवा काट्न छोडेको र त्यो देखेर जनावरहरू खुसी भएको प्रसङ्ग कथामा प्रस्तुत भएको छ ।

प्रस्तुत कथामा सिंह, हरिण, बाघ, खरायो, चित्तल, घोरल, मृग, गैडा जस्ता जङ्गली जनावर प्रमुख पात्र बनेर उभिएका छन् भने मानिसहरू गौण पात्र बनेर उपस्थित देखिन्छन् । जङ्गली जनावरहरू सत् पात्र हुने भने मानिसहरू पछि चेतनशील भएका गतिशील पात्र हुन् । सिंहको दरबार, वनजङ्गल वरिपरि कथाले फन्को मारेको छ । सिंहको राजकीय कार्यव्यापारलाई देखाइएको छ । सिंह र अन्य जङ्गली जनावरहरूका बीचको संवादले कथालाई रोचक बनाएको देखिन्छ । सहमतिको परिणामस्वरूप वनजङ्गल संरक्षण भएको देखाएर शीर्षकलाई न्याय गरेका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । भाषाशैली सरल र आकर्षक छन् ।

आपसी सहमतिबाट जस्तोसुकै समस्या पनि समाधान गर्न सकिने कुरा वनसंरक्षणमा जङ्गली जनावरहरूले पाएको सफलताबाट पुष्टि गर्ने प्रयास यसमा भएको देखिन्छ । मानिस विवेकशील प्राणी भए तापनि जनावरहरूले वनजङ्गलको विनाश एवम् वातावरणीय विनाशबाट उत्पन्न हुने समस्याका बारेमा मानिसलाई नै सन्देश दिएको प्रसङ्गबाट मानवीय विवेकहीनताप्रति व्यङ्ग्य गरिएको छ ।

'देखासिकी' बालकथासङ्ग्रहभित्रको **पेशा** दोस्रो कथाको रूपमा देखिन्छ । पेशाले मासु बेच्ने गरे पनि घर गएपछि नित्य स्नान, पूजापाठ, बाबुआमाको सेवा अनि शाकाहारी भोजन गर्ने व्यापारीको सच्चरित्रता र धर्मप्रतिको निष्ठाले स्वर्गलोक प्राप्त गरेको प्रसङ्ग कथामा प्रस्तुत भएको छ । पेशाको हिसाबले मासु बेच्ने कार्य गरे तापनि त्यो उसको जीविकोपार्जनको माध्यम मात्र भएकोले भगवान विष्णुले स्वर्गलोकमा ल्याउन सल्लाह दिएका छन् । साथै आचरणमा बसेर आफ्नो कर्तव्य पालन गरेको व्यापारीको दिनचर्याबाट प्रभावित भएर मृत्युपछि स्वर्गलोक लैजाने निर्णय गर्ने भगवान् विष्णुले उसप्रति न्याय गरेको देखिन्छ ।

यस बालकथामा व्यापारी, विष्णु भगवान्, यमराज, धर्मराज, व्यापारीका बाबुआमा, देवदूतहरू रहेका छन् । सबै पात्र सत् र स्थिर प्रकृतिका देखिन्छन् । व्यापारी र भगवान् विष्णुको भूमिका मुख्य रहेको छ । मानवीय र दैवी चरित्रको मिश्रण भएको देखिन्छ । पौराणिक समयका मर्त्यलोक, स्वर्ग, पातल, व्यापारीको पसल र घरको वातावरण

प्रमुख परिवेश बनेर आएका छन् । पेशाले मान्छेको मूल्याङ्कन गर्न नहुने विचारलाई व्यापारीको माध्यमबाट यस कथामा व्यक्त भएकोले शीर्षक सार्थक देखिन्छ । भाषाशैली सलल बगेको देखिन्छ ।

पेशा जीविकोपार्जनको माध्यम भएकोले त्यसालई उसको स्वभाव, विचार वा चिन्तनसँग दाँजेर हेर्न नमिल्ने तथ्यको उद्घाटन व्यापारीको स्वर्गलोकतर्फको यात्रामार्फत् गरिएको छ । पेशा आफैमा सानो या ठूलो नहुने भएकोले सबै पेशाप्रति सम्मान गर्न आग्रह गरिएको छ ।

**सदुपयोग** यस बालकथासङ्ग्रहभित्रको तेस्रो कथा हो । दैवी पात्रहरू शिव, विष्णु अनि दानवी पात्रको सेरफेरोमा कथा सीमित छ । कुनै समयमा शक्तिवान र बलवान बन्न चाहने दैत्यको तपस्याबाट खुसी भएर भगवान शिवले दैत्यको हातमा अग्नि हुने र जसलाई छोयो त्यो खरानी हुने वरदान दिनुभयो । वरदान पाएपछि अभिमानी बनेको दैत्य भगवान शिवलाई नै लखेटेर छुने प्रयास गर्न थाल्यो । दैत्यको कुकृत्यबाट प्रताडित भएका शिवले विष्णुलाई सम्झेपछि मोहिनी रूप बनेर आएका विष्णुले त्यो दैत्यलाई वरदान दिने शिव नक्कली भएको बताउँछन् । मोहिनी रूपको जादुमा परेको दैत्यले विष्णुले भने बमोजिम आफ्नो टाउकोमा हात राख्दा स्वयम् जलेर खरानी भएपछि कथा समाप्त भएको छ ।

शिव, दैत्य र विष्णु यस बालकथाका प्रमुख पात्र हुन् । शिव र विष्णु दैवी एवम् सत् पात्र हुन् भने दानव असत् पात्र हो । शिवको तपस्या गरे पनि खराब विचारका कारण दैत्यले आफूलाई ने मृत्युको मुखमा पु¥याएको छ । दैत्यको तपस्यास्थाल तथा त्यस वरिपरिको वातावरण प्रमुख परिवेश बनेर आएका छन् । शिव र दैत्य तथा विष्णु र दैत्य बीचको संवाद निकै रोचक र सान्दर्भिक लाग्छन् । कथाको भाषाशैली सजिलै बुझ्नसकिने खालको छ । चित्रले भने त्यति न्याय गर्न सकेको छैन । शक्तिको सदुपयोग नगरी नकारात्मक विचारतर्फ अघि बढेको दैत्यको अन्त्य देखाएर शीर्षकलाई औचित्यपूर्ण बनाउने प्रयास गरेका छन् ।

कसैले पनि शक्तिको दुरुपयोग गर्न नहुने, यदि त्यसको दुरुपयोग गरेको खण्डमा सजायका भागीदार स्वयम् हुनुपर्ने सन्देश दैत्यको अन्त्य भएको देखाएर प्रस्ट पार्न

खोजिएको छ । अरुको नाश गर्छु भन्दा स्वयम् आफ्नै नाश भएकोले कुविचार राखेर कर्म गर्न नहुने विचार कथाकारले व्यक्त गरेका छन् ।

**देखासिकी** यस सङ्ग्रहकै नाम पनि भएकोले यस कथाको विशेष महत्त्व रहेको देखिन्छ । यस सङ्ग्रहको चौथो कथादेखासिकीमा सँगै गुँड लगाएर बस्ने लाटोकोसेरोलाई उँधोमुन्टो लगाएर बसेको चमेरो देखेर आफू पनि त्यसरी नै बस्ने इच्छा जाग्छ । चमेरोको देखासिकी गरेर उसको गुँडमा त्यसरी नै वस्न लाटोकोसेरोले आग्रह गर्छ । चमेराले लाटोकोसेरोलाई आँखा नदेख्ने हुँदा गुँडमा बस्न अप्ठ्यारो हुने कुरा बताए पनि आफू विस्तारै गुँडमा बस्ने कुरा बताउँछ । आँखा राम्रोसँग नदेख्ने लाटोकोसेरो चमेरको गुँडमा बस्न खोज्दा नजानेर चिप्लिइ बिजुलीको तारमा खस्न पुग्छ र त्यहीँ उसको मृत्यु हुन्छ ।

चमेरो र लाटोकोसेरो यस कथामा प्रमुख पात्र हुन् । लाटोकोसेरो अरूको देखासिकी गरेर मृत्युको मुखमा परेको छ । परिवेशका दृष्टिले एउटा रुखमै कथा घुमेको देखिन्छ । कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अघि बढेको छ । संवाद प्रयोग दुई पात्रका बीचमा भएको देखिन्छ । बालबालिकालाई बुझ्न सजिलो हुने भाषाशैलीको प्रयोग भएको छ । अरूको देखासिकी गर्दा ज्यान नै गुमाउनु परेको प्रसङ्गबाट शीर्षक सार्थक मान्नुपर्छ ।

प्रस्तुत बालकथामा अरूको देखासिकी गरेर कुनै कार्य गर्नु अघि त्यसको परिणामको बारेमा सुरुमै सोच्नुपर्ने भावलाई लाटोकोसेरोको मृत्यु भएको घटनाबाट लेखकले देखाउन खोजेका छन् । विचर नपुऱ्याइ कुनै कार्य गर्दा दुर्घटनामा पर्न सकिने भएकाले सजग भएर कार्य गर्न आग्रह गरिएको छ ।

**गरिबको परीक्षा** बालकथा 'देखासिकी' बालकथासङ्ग्रहभित्रको पाचौँ कथा हो । यस कथामा भगवान् शिव र पार्वती घुम्दै जाँदा एक गरिब दम्पतीलाई देखेपछि पार्वतीलाई दया लागेर केहि सम्पत्ति दिन शिवसँग आग्रह गर्छिन् । उनीहरूको भाग्यमा गरिब नै हुन लेखेको छ भनेर शिवजीले भन्दा पार्वतीले कर गरेर केही सम्पति दिन आग्रह गरेपछि तिनीहरूलाई तीनपल्ट पासा खेल्न दिन्छन् । तर तिनैपल्ट पासा खेल्दा गरिब श्रीमान्ले आ-श्रीमती, जा-श्रीमती र आ-पुरानी खालकी श्रीमती भनेपछि उनीहरू जस्ताको तस्तै अवस्थामा रहेको प्रसङ्ग यस कथामा आएको छ । पार्वतीले गरिबको सहायता गर्न खोजे पनि उनीहरूको बुद्धि र भाग्यले पुरानै अवस्थामा कायम रहेको देखिन्छ ।

महादेव, पार्वती, गरिब श्रीमान श्रीमती प्रमुख पात्र बनेर उभिएका छन् । महादेव त्रिकालदर्शी भगवान् हुन् भने पार्वती गरिबप्रति दयाभाव राख्ने दैवी पात्र हुन् । त्यस्तै दुई गरिब दम्पती बुद्धिहीनताले ग्रस्त पात्र हुन् । गरिबीबाट पार पाउने सुवर्ण मौका गुमाएका दम्पतीले आफ्नै कारणले दुःख पाएका छन् । गरिब दम्पतीको घर वरिपरिको बाहिरी परिवेशमा कथा चित्रित छ । रैखिक ढाँचामा कथा अघि बढेको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा कथाले पात्रका कार्यव्यापार प्रस्तुत गरेको देखिन्छ भने कथ्य भाषाको प्रयोग पनि भेटिन्छ । कथावस्तुअनुरूप शीर्षक सार्थक मान्नुपर्छ ।

सही समयमा सही कार्य गर्न नसक्दा त्यसको प्रतिफल प्राप्त गर्न नसकिने हुनाले समयको महत्त्व बुझेर उचित निर्णय गर्न सक्नुपर्छ भन्ने उद्देश्य यसकथाले बोकेको छ । गरिब दम्पतीले तीनपल्ट पासा खेल्दा धन सम्पति मागेका भए उनीहरू धनी हुन्थे । उनीहरूको रिसालुपन र बुद्धिहीनताले पाएको अवसर पनि गुमाएर गरिबीकै अवस्थामा रहनुपरेको तथ्यलाई यस कथामार्फत् देखाउन खोजिएको छ ।

'देखासिकी' बालकथासङ्ग्रहको छैटौं कथा **वरदान** हो । जङ्गलमा बस्ने एक जोडी बाघको कथालाई यस भित्र समेटिएको पाइन्छ । एक अर्कालाई खुबै माया गर्ने बाघ र बघिनी आनन्दपूर्वक बस्दै जाँदा बघिनी गर्भिणी हुन्छे । तर **ऊ** बच्चा हुर्काउनु फोहोरी काम भएको बताउँदै आफू झमेलामा नफस्ने कुरा बताउँछे । जङ्गल नाश हुँदै गएको अनि जङ्गली जनावरको जनसंख्या बढ्दै गएकाले बच्चा हुर्काउन समस्या पर्ने विचार बघिनीले राखेपछि दुबैजना देवीको तपस्या गरेर समाधानतर्फ अग्रसर हुन्छन् । बाघ र बघिनीको तपस्याले खुसी भएकी देवी समक्ष उनीहरूल आफ्नो समस्या राख्दा देवीले उनीहरूको अरू सन्तान नहुने र बच्चा हुर्काउन कुनै समस्या नपर्ने कुरा बताउँछिन् । जङ्गल संरक्षणमा समाजले सही बाटो लिएकाले सृष्टिक्रमको निरन्तरतमा हडबडाउनुपर्ने विचार देवीले राख्छिन् । देवीको वरदान पाएपछि उनीहरूलाई बच्चा हुर्काउन कुनै समस्या भएन । डमरु पनि आफैं ओडार खोजेर बस्न थाल्यो ।

बाघ, बघिनी, डमरु , देवी मुख्य पात्र बनेर आएका छन् । दैवी पात्र र जनावरहरू बीच तादत्म्यता स्थापित गर्न खोजिएको छ । अस्तांचलको जङ्गल, गुफा एवम् त्यसको वरिपरिको परिवेश कथामा वर्णित छन् । वर्णनात्मक शैलीको प्रयोग भएको देखिन्छ । चित्र भने त्यति स्पष्ट छैन ।

वरदान कथामा कथाकारले सृष्टिको निरन्तर क्रमलाई रोक्न नहुने बताउदै हतारिनु नपर्ने एवम् हुनुपर्ने कुरा भएर छाड्ने भाग्यवादी प्रवृत्तिलाई देवीमार्फत् प्रस्तुत गरेका छन् । समस्यासँगै समाधान पनि सँगसँगै हुने भएकोले हतार गर्न नहुने सन्देश बालबालिकालाई दिन खोजिएको छ ।

**वर-पिपल र पारिजात** कथा 'देखासिकी' बालकथासङ्ग्रहभित्रको सातौँ तथा अन्तिम कथा हो । यस कथामा बतासे कान्छोले पोखरी र बगैचा वरिपरि घुम्दा कमलको फूल र पारिजातको कुराकानी सुनेको प्रसङ्ग छ । कमलको फूलले पारिजातको रुखलाई सबैले माया गरेको र सद्भाव गर्ने कारण सोध्दा सत्ययुगदेखि नै आफ्नो पदार्पण स्वर्गलोकबाट पृथ्वीलोकमा भएको अनि दुर्वासा ऋषिले महादेवलाई चढाएर व्रतपारायण गरेको घटनाबाट कथा अघि बढेको देखिन्छ । बोटविरुवाहरू आपसमा कुराकानी गरेको सुनेर सबैको मन हुने र भगवान्को दृष्टि सबैमा पुग्ने सोच बतासे कान्छोले राखेपछि कथाको अन्त्य भएको छ ।

प्रस्तुत कथामा बतासे, कान्छो मानवीय चरित्रको रूपमा रहेका छन् भने राम, सीता, लक्ष्मण, इन्द्र, दुर्वासा जस्ता पौराणिक एवम् दैवी पात्र रहेका छन् । त्यस्तै वर, पीपल, पारिजात, कमल, कल्पवृक्ष जस्ता बोटविरुवा पनि पात्र बनेर उभिएको देखिन्छ । कमलको बोट र पारिजातको बोटबीच आपसी संवाद गराइएको छ । सबै पात्र सत् र स्थिर प्रवृत्तिका छन् । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको यस बालकथामा पोखरी वरिपरिको बगैंचा, रामको दरवार, इन्द्रको दरवार आदि परिवेशका रूपमा आएका छन् । यसको भाषाशैली सामान्य र वर्णनात्मक छ ।

कमल र पारिजातको आपसी कुराकानीको प्रसङ्गबाट कथाकारले सबै प्राणी, वनस्पतीहरूमा समेत मन हुने भएकोले ईश्वरको माया वा दृष्टि सबै प्राणीमा बराबर हुने कुरा पनि प्रस्ट पार्न खोजिएको छ । ईश्वरीय कृपा विना कुनै कार्य सम्भव नहुने भएकोले निःस्वार्थ भएर ईश्वरको भक्तिमार्गमा लाग्नुपर्ने सन्देश प्रस्तुत बालकथाले दिनखोजेको छ ।

### ४.११.७ घमण्डी झिंगा बालकथासङ्ग्रहको अध्ययन

सातौं बालकथासङ्ग्रहको रूपमा वि.सं. २०६६ सालमा पैरवी प्रकाशन, काठमाडौँले प्रकाशनमा ल्याएको घमण्डी झिंगा बालकथासङ्ग्रहभित्र **रञ्जनको विचार,**

**अन्तर-कुन्तर, घमण्डी झिंगा, मन, जाऊँ घर जाऊँ, सक्रियता र सीताले कुरा बुझी** शीर्षकका कथाहरू रहेका छन् । बालबालिकाहरूलाई मनोरञ्जन एवम् शिक्षा हेतु रचिएका कथाहरूले यस सङ्ग्रहमा स्थान बनाएको देखिन्छ ।

यस बालकथासङ्ग्रहभित्रको पहिलो कथा **रञ्जनको विचार** हो । यस कथामा वाग्मती नदीको प्रदुषित अवस्था देखेर त्यसलाई सफा एवम् स्वच्छ राख्न रञ्जनले लिएको दृढविश्वासलाई प्रस्तुत गरिएको छ । आमासँग पहिलोचोटि काठमाडौँ आउँदा र अहिलेको अवस्थामा धेरै फरक रहेको अनुभव रञ्जनले गर्छ । पहिलेको सुन्दर र स्वच्छ वाग्मती प्रदूषण र सहरीकरणको मारमा परेर ढलमतीमा परिवर्तन भएको देखेर उसको मन खिन्न हुन्छ । त्यसपछि वाग्मतीको त्यो अवस्थाबाट वास्तविक स्वरूपमा नै फर्काउने ध्येयले वातावरणविद् बनेर प्रभावकारी कार्यक्रम चलाउदै गएको प्रसङ्गपछि कथा समाप्त भएको छ ।

यस बालकथाको प्रमुख पात्र रञ्जन हो । ऊ सत् एवम् स्थिर पात्र हो । असल विचार  एवम् लगनशील चरित्रको रूपमा देखापरेको रञ्जन वागमतीको अवस्था देखेर खिन्न छ । जसरी भए पनि वागमतीलाई सफा र स्वच्छ बनाएरै छाडने अठोट उसले लिएको छ । रञ्जनीकी फुपू, आमा आदि गौण पात्र बनेर आएका छन् । वाग्मती नदी वरिपरिको वातावरण तथा काठमाडौँका मन्दिरहरू परिवेश बनेर प्रस्तुत भएका छन् । तृतीय पुरुष दृष्टिबिन्दु अँगालेर कथा रचिएको छ भने भाषाशैली वर्णनात्मक देखिन्छ । बालसुलभ शब्दहरूको प्रयोग यसमा देखिन्छ । कुनै समयको स्वच्छ र पवित्र नदी वागमती दुर्गन्धित एवम् फोहोर बन्दै गएर ढलमतीमा परिवर्तन भएको देखाएर कथाकारले सहरिया मानव सभ्यतामाथि तिखो व्यङ्ग्य प्रहार गरेका छन् । मान्छे भौतिक रूपले सुविधासमन्न भए पनि वातावरणीय एवम् सांस्कृतिक चेतनाशून्य भएको तथ्यलाई वाग्मतीको दुर्गन्धित अवस्थाबाट प्रस्ट पार्न खोजिएको छ । साथै प्रदूषित नदीहरूलाई सफा र स्वच्छ राख्न नयाँ पुस्ताले आफ्नो तर्फबाट भरपुर प्रयास गर्नुपर्ने निचोड कथाको रहेको छ ।

**अन्तर कुन्तर** बालकथा प्रस्तुत बालकथासङ्ग्रहको दोस्रो कथा हो । यस कथाभित्र सरसफाइको महत्त्वलाई जोड दिइएको छ । बालिकाले आफ्नो कोठा सफा गर्दा अन्तर-कुन्तरका फोहोरहरू सफा गर्दिनन् । त्यही फोहोरमा खसेको खानेकुरा खाँदा उनी बिरामी पर्छिन् । बालिकाकी आमाले सो कुरा थाहा पाएपछि अन्तर-कुन्तरमा किटाणु बस्ने

भएकोले घरको सबै भागमा सफा गरेर मात्र रोगले आक्रमण गर्न नसक्ने कुरा बताउँछिन् । सरसफाइको महत्त्व बुझेर नून, चिनी, पानी खाएपछि बालिकालाई सञ्चो भएसँगै कथा समाप्त भएको छ ।

बालिका र उसकी आमा यस कथाका प्रमुख पात्र हुन् । बालिका सुरुमा सफाइप्रति त्यति सचेत नभए पनि आमाले बताएपछि सचेत बनेकी गतिशील पात्र हो । बालिकाकी आमा भने स्वास्थ्य सम्बन्धी चेतना भएकी असल चरित्र बनेर कथामा आएकी छिन् । कथाको कथाबस्तु रैखिक ढाँचामा नै अघि बढको छ । शीर्षक अभिधेयार्थमा नै प्रस्टिन्छ । बालिकाको घर वरिपरिको परिवेशमा कथा घुमेको देखिन्छ । कथ्थ भाषाको प्रयोगले सजीवता थपेको आभाष मिल्छ ।

यस कथामा बालबालिकाहरूलाई रोगबाट बच्न सरसफाइमा ध्यान दिनुपर्ने सन्देश दिन खोजिएको छ । बालिकाको माध्यमबाट सरसफाइमा ध्यान नपुऱ्याउदा हुने नोक्सानीलाई देखाउन खोजिएको छ ।

**घमण्डी झिंगा** बालकथा यस सङ्ग्रहको तेस्रो कथा हो । सङ्ग्रहको नाम पनि यसै कथाको नामबाट राखिएको छ । झिंगाले घमण्ड गरेर उपिया, भुसुनालाई हेपेपछि भुसुनाले जुक्ति लगाएर उसको घमण्ड तोडेको घटनाले कथावस्तुको निर्माण गरेको पाइन्छ । झिंगाले उपिया र भुसुनालाई सानो भनेर हेपेपछि रिसाएको भुसुनाले एउटा योजना बनाउँछ । योजना अनुसार जङ्गलमा अर्नालाई सबै मिलेर टोक्ने अनि अर्नाले पुच्छरले धपाउँदा जो पहिले भाग्छ त्यो बुद्धिमान् ठहर्ने तय हुन्छ । त्यसमा झिंगा, उपिया र उडुस राजी हुन्छन् । योजनाअनुरूप अर्नालाई टोक्न जाँदा अर्नाले पुच्छर हल्लाएपछि उपिया र भुसुना उडेर सुरुमै भाग्छन् भने झिंगा पुच्छरले लागेर घाइते हुन्छ । उडुस भने त्यहीँ नै मर्छ । झिंगाको घमण्ड तोडेपछि उपियाँ र भुसुना मिलेर उसको उपचार गर्छन् अनि पछि सबै मिलेर सँगै बस्न थाल्छन् । यहीँ नै कथा समाप्त भएको छ ।

यस कथामा, झिंगा, उपिया, भुसुना र उडुस जस्ता परजीवीहरू पात्र बनेर आएका छन् । झिंगा सुरुमा अरूलाई हेपेर बोल्ने घमण्डी चरित्र बनेर प्रस्तुत भए पनि उपियाँ र भुसुनाले बुद्धिद्वारा परास्त गरेपछि घमण्ड त्यागी मिलेर बसेको गतिशील पात्र हो । कथावस्तु आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अघि बढेको देखिन्छ । फोहोरको थुप्रो वरिपरिको परिवेशमा कथा वर्णित छ । जङ्गल पनि कथाभित्र आएको छ । झिंगाको

घमण्डीपनलाई उजागर पार्न सफल कथाको शीर्षक अनुकूल देखिन्छ । झिंगा, भुसुना र उपियाँ बीचको आपसी संवादले कथामा कुतुहलताको सिर्जना गरेको छ ।

अरूलाई रत्तिभर नगन्ने तथा घमण्डीपन देखाउनेलाई अरूले सही बाटोमा ल्याउन सक्छन् भन्ने भाव यस कथामा व्यक्त गरिएको पाइन्छ । घमण्डीपनको प्रतिफल सधैँ नराम्रो नै हुने सत्यलाई झिंगाको अवस्थासँग जोडेर प्रस्तुत गरिएको छ । घमण्डीको सेखी झार्न सके उसले पुनः घमण्ड गर्न नसक्ने विचार कथाकारको देखिन्छ ।

'घमण्डी झिंगा' बालकथासङ्ग्रहभित्र रहेका कथाहरूमध्ये **मन** चौथो कथा हो । एउटी गरिब केटी माहिलीले वनमा दाउरा नपाएर रुँदै घर फर्कन लाग्दा राउटे केटा र केराको बोटले उसलाई सहयोग गरेको प्रसङ्गबाट कथा अघि बढेको छ । दाउरा नपाएर रोइरहेकी माहिलीलाई राउटे केटाले कोदोको पिठो अनि केराको बोट पकाएर खाने तथा सिमेभूमे देवतालाई चढाएर खाने सल्लाह दिन्छ । देवतालाई चढाएर खाएपछि देवता खुसी भएर उसलाई सुनचाँदी दिएको घटनाले यस कथाको अन्त्य भएको छ ।

माहिली यस कथाकी प्रमुख पात्र हो । ऊ सच्चा, इमान्दार तथा धैर्यवान चरित्र बनेर यस कथामा आएकी छ । उसको सहयोग खातिर आएको राउटे केटो, केराको बोट र सिमेभूमे देवता सहायक पात्र भए पनि असल एवम् दयालुपन भएका पात्र हुन् । माहिलीको गाउँ अनि जङ्गलभित्रको वातावरणले परिवेश निर्माण गराएका छन् । कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा आबद्ध छ । माहिलीको क्रियाकलापलाई चित्रको माध्यमबाट प्रस्तुत गरिएको छ ।

"इमान्दारिता नै सबैभन्दा ठूलो धन हो" भन्ने उक्तिलाई माहिलीको चरित्रमार्फत् देखाउन खोजिएको छ । इमान्दारी, धैर्यता तथा सत्कर्मले जीवनका अप्ठ्यारा मोडहरू पार हुँदै सरल बाटोतर्फ उन्मूख हुँदै जाने वास्तविकतालाई माहिलीको धनप्राप्तिसँग जोडेर प्रस्तुत गरिएको छ । साथै वनस्पतीमा समेत मन हुने कुरा देखाएर बोटविरुवाप्रति सम्मानभाव व्यक्त गरिएको देखिन्छ ।

'घमण्डी झिँगा' बालकथासङ्ग्रहभित्रको पाँचौ कथाको रुपमा **जाऊँ साथी जाउँ** रहेको छ । रमेश, रमिता र शान्ति तीन जना साथीहरू स्कुलबाट घर फर्कदा वातावरणीय विनाश र प्रदूषणका कारणले ओजोन तहको विनास भएको चर्चा गरेको घटनाक्रम यस कथामा प्रस्तुत भएको देखिन्छ । वातावरणीय विनासले हानिकारक ग्याँसहरू वायुमण्डलमा

पुगेर ओजोन तहको विनाश भएको विचार रमेशको छ । खोलामा गएर हातमुख धुन रमिताले भन्दा खोलामा ढल तथा मलमूत्र मिसिएर दुर्गन्धित भएकोले त्यहाँ जान रमेशले रोक्छ । तिनै जना साथीहरू आ-आफ्नो घरमा गएर सफा पानीले हातमुख धोएर खाजा खाना राजी भएपछि कथा समाप्त भएको देखिन्छ ।

रमेश, शान्ति र रमिता यस कथाका प्रमुख पात्र हुन् । तिनै जना वातावरणीय समस्याप्रति उत्तिकै संवेदनशील र चिन्तित छन् । मानवीय कमजोरीले वनजङ्गल विनाश हुँदै गएको तथा गर्मी पनि बढेको ठहर उनीहरूको छ । स्कुलबाट फर्कदा बाटोका उकाली ओराली, नदी, उनीहरूको घर मुख्य परिवेश हुन् । तीनजना साथीहरू बीचमा आपसी संवाद गराइएको छ । कथाको मूल भाव अनुरूपको शीर्षक भने छैन । एउटा सानो प्रसङ्गमा कथाबस्तुको निर्माण भएको देखिन्छ ।

यस बालकथामार्फत् कथाकार घिमिरेले वनबिनास र वातावरणीय प्रदूषणले ओजोन तह पातलिएर गर्मी बढेकोले सबै मिली वनजङ्गल संरक्षण गर्न तथा नदीनाला स्वच्छ राखी पानीको स्रोतलाई बचाइराख्न आव्हान गरेका छन् । प्रकृति रहेमात्र प्राणी रहने हुनाले प्रकृतिको संरक्षणतर्फ लाग्न सबैलाई प्रेरित गरेको छ ।

**सक्रियता** यस कथासङ्ग्रहभित्रको छैटौं कथा हो । यस बालकथामा लामखुट्टे, झिंगा र भुसुनाले आफ्नो अस्तित्व बचाउन देखाएको सक्रियतालई रोचक तरिकाले प्रस्तुत गरिएको छ । जाडो महिनामा बाँच्नको लागि कठिन भए पनि अन्य समयमा मानिसहरूले अव्यवस्थित रूपमा फाल्ने फोहरबाट आफूहरूलाई बाँच्न कुनै समस्या नपर्ने तर्क तीनै थरी परजीवीहरूको रहेको छ । मानिसले उनीहरूबाट बच्न सरसफाइमा ध्यान दिए पनि जनसङ्ख्या वृद्धिले फोहरमैला बढ्दै गएको तथा नदीनाला पनि प्रदूषित बन्दै गएकोले मानिसहरूलाई रोग सार्न सकिने तर्क झिंगाले राख्छ । झिंगा, भुसुना र लामखुट्टेले मानव जातिलाई रोग सार्न तथा आक्रमण गर्न सक्ने दावी गरे सँगै कथानक समाप्त भएको छ ।

झिंगा, लामखुट्टे र भुसुना यस कथाका प्रमुख पात्र हुन् । परजीवीहरूलाई पात्र बनाएर उतारिएको यस कथामा आफ्नो जातीय रक्षाका लागि देखाइएको सक्रियतालाई कथाकारले प्रस्तुत गरेका छन् । झिंगाले भुसुना र लामखुट्टेसँग फोहोरको बारेमा संवाद गरेको छ । आफ्नो अस्तित्व रक्षाका लागि सक्रियता देखाएकोले शीर्षक अनुरूपको

कथावस्तु सार्थक नै लाग्छ । तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भने सरल र बालबालिकाले बुझ्ने खालको भाषाशैलीको प्रयोग पाइन्छ ।

मानवजातिको रोगको घर स्वयम् उसले फाल्ने गरेको फोहोर नै हो भन्ने कुरा यस बालकथामा देखाउन खोजिएको छ । परजीवीहरूले आफ्नो प्रभाव फैलाउदै गएको देखाएर मानव जातिमा देखिएको चेतनाको कमीलाई व्यङ्ग्यको रूपमा व्यक्त गरिएको पाइन्छ । कथाको मर्मलाई व्यङ्ग्यार्थमा बुझ्नु सान्दर्भिक लाग्छ ।

**सीताले कुरा बुझी** बालकथा 'घमण्डी झिंगा' बालकथासङ्ग्रह भित्रको सातौं तथा अन्तिम कथा हो । सधै दालभात र आलुमात्र खाने सीता बिरामी भएपछि स्कुलका साथीहरू  र गुरुले हेल्थपोष्ट लगेपछि कथा सुरु भएको छ । त्यको भोलिपल्ट गुरुले कक्षामा स्वस्थ एवम् फुर्तिलो बनिराख्न दालभातसँग हरियो सागपात, गेडागुडी, फलफूल, माछा, मासु, अण्डा, दूध, दही जस्ता पौष्टिक पदार्थहरू खानुपर्ने तथा पानी यथेष्ट मात्रामा पिउनुपर्ने बताएपछि सीताले कुरा बुझेकी छ ।  । पोसिलो खाना नखाँदा कमजोर भएर मूर्च्छा परेको ठहर गुरुको छ । गुरुबाट शरीरको लागि चाहिने पोषक तत्त्वका बारेमा सही जानकारी पाएपछि सीताले अब देखि पौष्टिक तथा ताजा खाना खाने बताएपछि कथा सकिएको छ ।

यस कथामा सीता, लक्ष्मी र गुरु प्रमुख पात्र रहेका छन् । सीता सुरुमा पौष्टिक तत्त्वयुक्त खाना नखाए पनि गुरुको सल्लाहपछि पोषणयुक्त खाना खाने निर्णय गरेकीले गतिशील एवम् सत् पात्र हो । गुरु पनि पौष्टिक पदार्थको बारेमा सही जानकारी दिने सत् पात्र हो । सीताको घर, स्कुल एवम् हेल्थपोष्ट प्रमुख परिवेशका बनेर आएका छन् । कथानक रैखिक ढाँचामा आबद्ध छ । पूर्णवाक्यमा आएको शीर्षकले कथाकस्तुलाई न्याय गरेको छ । सुन्दर  भाषाशैलीको प्रयोग भएको छ ।

शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्त्वको अभावमा शरीर कमजोर र रोगी हुने भएकोले स्वस्थ र निरोगी हुन पोषिलो खानेकुरा खानुपर्ने सन्देश दिन खोजिएको छ । सीताले पोषिलो खाना नखाँदा बिरामी परेको देखाएर पोषक तत्त्वको महत्त्वलाई देखाउने काम कथाकारले गरेका छन् ।

### ४.११.८ पुतलीको बिहे बालकथासङ्ग्रहको अध्ययन

मधुसूदनप्रसाद घिमिरेको बालसाहित्यिक कृतिहरूमध्ये **पुतलीको बिहे** आठौं बालकथासङ्ग्रह हो । यसको प्रकाशन वि.सं. २०६६ सालमा भएको हो । यस बालकथासङ्ग्रहभित्र **स्यालको प्रतिज्ञा, किसानको हिम्मत, ईर्ष्याको फल, एकत्रित मन, स्वाभिमान, पुतलीको बिहे र सहयोग** गरी सातवटा कथाहरू रहेका छन् । यस बालकथासङ्ग्रहका कथाहरूमा मानिसदेखि लिएर जनावर, चराचुरुङ्गी एवम् किराहरू समेतलाई पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

**स्यालको प्रतिज्ञा** यस बालकथासङ्ग्रहको पहिलो कथा हो । यस कथामा एउटी कुखुरीले स्यालको मुखबाट मृत्युको मुखमा पर्न लाग्दा बुद्धिमानीपूर्वक बचेको घटनाबाट कथानकको निर्माण भएको छ । आफ्ना चल्ला साना भएकोले लालनपालन गर्ने कोही नभएको बताउँदै चल्लाहरू हुर्केपछि आफूलाई खान कुखुरीले आग्रह गर्छे । कुखुरीको बच्चाप्रतिको स्नेह र सद्भाव देखेर स्यालले आफ्ना मरेका बच्चा सम्झन्छ । अनि कसैलाई नमार्ने र मरेको जनावर मात्र खाने प्रतिज्ञा गर्छ ।

यस कथामा कुखरी र स्याल प्रमुख पात्र हुन् । कुखुरी र स्यालका बच्चा प्रासङ्गिक रूपमा कथामा आएका छन् । आफ्नो बुद्धि लगाएर स्यालको मुखमा पर्नबाट आफू र आफ्ना बच्चालाई बचाएकी कुखुरी सत् एवम् स्थिर चरित्र हो । सुरुमा अरूको हत्या गरी पेट भर्ने स्याल कुखुरीबाट प्रभावित भएर मरेको जनावरहरूमात्र खाने भएकोले गतिशील चरित्र बनेर आएको छ । स्याल र कुखुरी बीचको संवादले कथावस्तुको विकाश भएको छ । जङ्गलभित्रको एउटा सानो बस्ती परिवेशको बनेर आएको छ । शीर्षक स्यालको भन्दा कुखुराको तर्फबाट राखेको भए बढी सान्दर्भिक लाग्थ्यो ।

यस बालकथामार्फत् 'बलभन्दा बुद्धि ठूलो' भन्ने भनाइलाई कथाकार घिमिरेले चरितार्थ पार्न खोजेका छन् । शारीरिक रूपमा कमजोर कुखुराले आफ्नो बुद्धि प्रयोग गरेर शक्तिशाली शत्रु स्याललाई ठीक ठाउँमा ल्याएको छ । बालबालिकाहरूलाई साना भए पनि बुद्धि प्रयोग गरेर ठूलो काम गर्न अभिप्रेरित गरेको छ ।

**किसानको हिम्मत** कथा 'पुतलीको बिहे' बालकथासङ्ग्रहको दोस्रो कथा हो । राजकीय कामकाजमा भन्दा कथा सुनेर आनन्द लिनमा व्यस्त एक अव्यवहारिक राजालाई किसानले कथा सुनाएर वाचा बमोजिम आधा राज्य र राजकुमारी पाएको घटना प्रस्तुत

भएको छ । जति कथा सुने पनि नथाक्ने र सन्तुष्ट नहुने राजाले एउटा किसानबाट कथा सुनेपछि उसलाई कथा सुन्न पुगेको छ ।

यस कथामा राजा, किसान, विद्वानहरू प्रमुख पात्र रहेका छन् । राजा उत्तरदायित्वहीन एवम् विलासी प्रवृत्तिका छन् भने किसान कथा भन्ने कला भएको चलाख व्यक्ति छ । विद्वानहरू राजालाई कथा सुनाउँछन् तर राजालाई सन्तुष्ट पार्न सक्दैनन् । राजदरबार भित्रको कोठा, किसानको खेतबारी प्रमुख परिवेश हुन् । किसानले हिम्मत देखाएर राजालाई खुसी पारी आधा राज्य र राजकुमारी पाएको प्रसङ्ग देखाएर शीर्षकलाई न्याय गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दु अँगालिएको यस कथामा संवादको प्रयोग भने भएको छैन । भाषाशैली सरल र रोचक छ ।

यस कथामार्फत् कथाकार घिमिरेले कुनै कथा सुनेपछि वा पढेपछि त्यसबाट के शिक्षा वा मनोरञ्जन पाइन्छ भन्ने कुरा बुझेर मात्र कथा सुन्ने वा पढ्ने कार्य गर्नुपर्ने विचार व्यक्त गरेका छन् । राजाले कथाको मर्म नबुझ्दा जति कथा सुने पनि सन्तुष्ट हुन सकेनन् र अन्त्यमा आधा राज्य र राजकुमारी समेत गुमाउन पुगे ।

**ईर्ष्याको फल** बालकथा यस बालकथासङ्ग्रहभित्रको तेस्रो कथा हो । बहिनीको डाहा गर्ने एक दिदीले दुःख अनि मृत्युको मुखसम्म पुगेको घटना यसमा वर्णित छ । धनी दिदीले गरिब बहिनीलाई सधैँ हेला गर्थी । एकदिन बहिनी चौतारामा बसेर रोइरहेको देखेपछि मुसाले उसप्रति दया लागेर आफूसँगै भगवान् गणेशकहाँ लगेर धन सम्पति दिलाइदिन्छ । त्यसपछि बहिनी धनी भएको रहस्य बहिनीबाटै थाहा पाएर नक्कली गरिब बनी मुसासँगै गणेश भगवान् कहाँ जाँदा भगवान्ले ध्यानदृष्टिले उसको नियत थाहा पाएर बोरामा रोग, भोक, दुःख, कष्ट दिएर पठाउछन् । तिनैले आक्रमण गरेर दिदीको मृत्यु भएपछि कथा समाप्त भएको छ ।

यस कथामा दिदी, बहिनी, मुसा र गणेश प्रमुख पात्र रहेका छन् । मानवीय, मानवेतर र दैवी पात्रको संयोजन यस कथामा भएको छ । बहिनी गरिब भएर मुसाको सहयोगले धनसम्पति पाएकी असल पात्र हो भने दिदी बहिनीको सुखभोगको ईर्ष्या गरी धनप्राप्तिको लोभमा पर्ने प्रतिकूल चरित्र हो । आफ्नै चारित्रिक कमजोरीले ऊ मृत्युको मुखसम्म पुगेकी छ ।

त्यस्तै गणेश र मुसा गरिब तथा सज्जनलाई सहयोग गर्ने एवम् ईर्ष्यालु र झुठा कुरा बोल्नेलाई सजाय दिने चरित्रका रूपमा आएका छन् । दिदी बहिनीको घर, चौतारो, गणेश, भगवान्को निवास प्रमुख परिवेश छन् । मुसा र दिदी, मुसा र बहिनी, गणेश र मुसा बीचमा संवाद गराइएको छ । भाषाशैली सामान्य छ भने कतैकतै कथ्य भाषाको प्रयोग देखिन्छ । बहिनीको ईश्र्या गर्दा मृत्युको मुखसम्म पुगेको देखाइएकोले शीर्षक सार्थक रहेको देखिन्छ ।

गरिब बहिनीले धन कमाएको देखेर आफू पनि धेरै धन कमाउन खोज्दा दिनी मृत्युको मुखमा पुगेको प्रसङ्ग देखाएर ईर्ष्याको फल सधैं अहितकर एवम् विनाशकारी हुने तथ्यलाई प्रस्ट पार्न खोजिएको छ ।

'पुतलीको बिहे' बालकथासङ्ग्रहभित्र रहेका बालकथाहरूमध्ये **एकत्रित मन** चौथो कथा हो । यस कथामा धार्मिक हुनु र धर्म गर्नुको अन्तरलाई प्रस्ट पार्न खोजिएको छ । पण्डित बाजेले जतिसुकै तप, ध्यान, तपस्या गरे तापनि आफ्नो मनलाई एकत्रित गरेर भगवानको भक्तिमा आफ्नो मन लगाउन सकेका थिएनन् । तर मिजारले जुत्ता सिलाउने काम गरे पनि आफ्नो मनलाई एकात्रित बनाएर ईश्वर भक्तिमा लीन भएकोले उसको घरमा विष्णुको बास थियो । मिजारको घरबाट शालिग्राम लिएर गए पनि आफ्नो घरमा ईश्वरको बास नभएर पुनः मिजारकै घरमा शालिग्राम फर्काएको प्रसङ्गबाट कथा समाप्त भएको छ ।

यस कथामा पण्डित बाजे, मिजार र पण्डितकी छोरी प्रमुख पात्र रहेका छन् । पण्डित पूजा पाठ गरे पनि एकाग्र भएर ईश्वरभक्तिमा लीन हुन नसक्ने चरित्र हो भने मिजार जुत्ता सिलाउने काम गरे पनि मनमनै ईश्वरभक्तिमा लाग्ने अनि नारायणको हरदम जप गर्ने सत्संग गर्ने चरित्र हो । पण्डित बाजेको घर, मिजारको घर भित्र र बाहिरको वातावरणमा कथा केन्द्रित छ । मन एकाग्र भएमा ईश्वरको कृपा प्राप्त हुने देखाइएकोले शीर्षकलाई न्याय भएको छ । मिजार र पण्डितका बीचको संवाद सान्दर्भिक लाग्छन् । दार्शनिक शब्दहरूको प्रयोग छ । भाषाशैली सुरुचिपूर्ण छन् । चित्रको सट्टा फोटोको प्रयोगले कथाको मौलिकतामा कुठाराघात् गरेको छ । लोककथाशैलीमा कथाको अन्त्य गरिएको छ ।

यस कथामार्फत् बाहिरी रूपमा भगवान्को जप, ध्यान, पूजापठ गर्दैमा भगवान्को पद प्राप्त गर्न सकिदैन बरू जस्तेसुकै कर्म गरे पनि अन्तर्मनबाटै भगवान् भक्तिमा आफूलाई समर्पित गऱ्यो भने ईश्वरको निकट हुनसकिन्छ भन्ने तथ्यालाई उजागर पार्न खोजिएको छ ।

**स्वाभिमान** यस बालकथासङ्ग्रहभित्रको पाचौँ कथा हो । बाबुआमाको मृत्यु भएपछि टुहुरो बनेको बालक इच्छारामको दुःख देखेर भगवानले उसको उद्धार गरी बुद्धि, विवेक र जाँगर प्रदान गरेको प्रसङ्ग कथामा प्रस्तुत गरिएको छ । स्वाभिमानी चरित्रको भएकोले भगवान्ले उसको सहायतार्थ घोडा पठाउनुभयो । घोडाको मद्दतले इच्छारामले राम्रो कार्य गर्दै गयो  र सफलता प्राप्त गर्दै गयो । घोडाको ईर्ष्या गर्ने गाउँलेहरू झन् गरिब बन्दै गए । स्वाभिमानी चरित्रको इच्छारामले आफ्नो कार्यबाट भगवान्को मन जित्न सफल भयो । घोडामा उसले अभिभावकको छाँया देख्न थाल्यो भने घोडाको नाममा जति दान गऱ्यो उति नै धन प्राप्त गर्दै जान थालेको प्रसङ्गबाट कथा सकिएको छ ।

यस बालकथामा इच्छाराम, घोडा, भगवान प्रमुख पात्रका रूपमा रहेका छन् भने इच्छारामका बाबुआमा र गाउँलेहरू गौण पात्रका रूपमा प्रस्तुत भएका छन् । इच्छाराम सानैमा बाबुआमा मरे पनि स्वाभिमानी भएर कर्म गर्दै अघि बढेको एक आदर्श व्यक्ति हो । उसलाई वरदान दिने भगवान् र उसको प्रत्येक कार्यमा सहयोग पुऱ्याउने घोडा सच्चरित्र भएका पात्र हुन् । इच्छारामको घर, गाउँको वरिपरि अनि दैवीलोकका वरिपरि कथाको परिवेश निर्माण भएको छ । मानवीय, मानवेतर र दैवी पात्रको संवादलाई कथामा प्रस्तुत गरिएको छ । इच्छारामको स्वाभिमान भन्दा पनि दैवी वरदानले प्रगति भएको देखाइएकोले शीर्षक त्यति उपयुक्त लाग्दैन ।

यस कथामा स्वाभिमानी व्यक्तिले आफ्नो कार्य गर्दै गएमा भगवान्को आशिर्वाद पाउने तथा आफ्नो जीवन सुखी र खुसी बन्ने विचारलाई इच्छारामको जीवनमार्फत् देखाउन खोजिएको छ । अरूको रिस गर्नाले जीवन सदा अधोगतितर्फ धकेलिने हुनाले बालबालिकाहरूलाई विना रिस राग आफ्नो कार्य गर्दे अघि बढ्न आव्हान गरेको देखिन्छ ।

**पुतलीको बिहे** यस बालकथासङ्ग्रहको छैठौँ कथा हो । कथाको नामबाटै सङ्ग्रहको नाम पनि राखिएको छ । मानिसहरूको सामाजिक संस्कार बिहेलाई किराफट्याङ्ग्राहरूको कोणबाट हेरिएको छ । शरद ॠतुको आगमनसँगै पुतली खुसी हुनु,

पुतलीको बिहेको कुरा चल्नु, गाइने किराले केटी पुतलीकहाँ कुरा पुऱ्याउनु, दुवै पक्षको मञ्जुरीमा बिहेको तयारी हुनु, बिहेमा फट्याङ्ग्रा, माहुरी, बारुला, जूनकिरीहरूले आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु, धूमधामपूर्वक बिहे सम्पन्न हुनु, सबै रमाएर बस्नुजस्ता प्रसङ्गबाट कथानकको निर्माण भएको देखिन्छ ।

कथानक आदि, मध्य, र अन्त्यको रैखिक ढाँचामा अघि बढेको छ । फट्याङ्ग्रा, पुतली, बारुला, जूनकिरी, गाइनेकिरा प्रमुख पात्र बनेर उभिएका छन् । सबै पात्र स्थिर र अनुकूल प्रवृत्तिका छन् । उनीहरूका क्रियाकलाप मानिसका झैं लाग्छन् । शरद ऋतुमा बगैंचाको वरिपरि कथा समेटिएको छ । कथाका शैली रोचक र कलात्मक लाग्छन् । व्याकरणिक त्रुटि भने भएको देखिन्छ । पुतलीको बिहेमा केन्द्रित यो कथाको शीर्षक अनुकूल रहेको छ ।

पुतलीको बिहेमा अन्य किराहरूले आपसी सहयोगबाट बिहेको कार्यक्रमलाई सफल रूपमा सम्पन्न गरेको घटनाक्रम प्रस्तुत गरेर मानव जातिले पनि आपसमा वैरभाव एवम् कुविचार त्यागी सामूहिक मेलमिलापबाट समाज र राष्ट्रनिर्माणमा अघि बढ्नुपर्ने शिक्षा दिन खोजिएको छ ।

यस बालकथासङ्ग्रहको सातौँ तथा अन्तिम कथा **सहयोग** हो । यो कथा चराहरूसँग सम्बन्धित छ । ढुकुर चरा ससुराली जान लाग्दा बाटोमा काग बिरामी परेपछि कागको सहयोग गरी अस्पतालसम्म पुऱ्याएको घटनालाई कथाको बान्कीमा ढालिएको छ । ढुकुर ससुराली जान हिडेपछि बाटोमा काग बिरामी परेको देखेर अन्य कागहरूको सहयोगमा अस्पतालसम्म पुऱ्याएर ससुरालीतर्फ लागेको अनि ससुरालीमा उसको कुरा कसैले पनि नपत्याएको तथा ससुराले ज्वाइँलाई बैगुनीको संज्ञा दिएको प्रसङ्ग कथामा पाइन्छ ।

यस कथामा ढुकुर, काग, तित्रा प्रमुख पात्र बनेर उभिएका छन् । ढुकुर अरूको सहयोग गर्ने असल चरित्र हो भने तित्रा स्वार्थी प्रवृत्तिको देखिन्छ । कागहरू भने आफ्नो साथी बिरामी हुँदा सहायोग गर्ने असल चरित्र बनेर उभिएका छन् । ढुकुरको ससुरा कुरा नबुझी रिसाउने तथा अनविश्वासी चरित्र हो । ढुकुरको गुँड, ससुरालीमा जान लाग्दाको बाटोको दृश्य, कागको अस्पताल तथा ढुकुरको ससुरालीमा कथाले परिवेश निर्माण गरेको छ । सरल एवम् सुबोध भाषाशैलीको प्रयोग देखिन्छ । काग र ढुकुर, ढुकुर र तित्रा तथा

ढुकुर र ढुकुरका ससुराबीच संवाद गराइएको छ । कागको सहयोग गरी ज्यान बचाएको प्रसङ्गबाट कथाको शीर्षक सार्थक रहेको देखिन्छ । कथामा कुतुहलताको सिर्जना पनि भएको छ ।

ढुकुरको सहयोगी भावनाको माध्यमबाट मानवीय स्वभावमाथि व्यङ्ग्य प्रहार गरिएको छ । "त्यो स्वार्थपन लिने हो भने मानिस र हामीमा के अन्तर रह्यो र ?" भन्ने संवादबाट मानवजातिमा भन्दा चराहरू र अन्य प्राणीमा दया, करुणा, प्रेम, आत्मीयता जस्ता गुण रहेको देखाउन खोजिएको छ । अरूको प्राण बचाउनुभन्दा ठूलो अर्को कुनै धर्म नभएको कुरालाई ढुकुरको माध्यमबाट प्रस्ट पार्न कथाकार सफल छन् । सामूहिक एकताको प्रमाण कागले दिएका छन् ।

### ४.११.९ बारुलाको बिहे चित्रकथाको अध्ययन

मधुसूदनप्रसाद घिमिरेको बालसाहित्यिक कृतिहरूमा चित्रकथाले पनि स्थान पाएको छ । बालकथा भन्नेवित्तिकै त्यसभित्र चित्रले पनि स्थान पाएको हुन्छ । चित्रले कथाको मर्मलाई बुझ्न धेरै मद्दत गर्छ । त्यसै उद्देश्यबाट अभिप्रेरित भएर वि.सं. २०६५ सालमा **बारुलाको बिहे** चित्रकथा लिएर घिमिरे देखापर्छन् । अन्य कथाको तुलनामा यस पुस्तकभित्र धेरै चित्रहरू अटाएका छन् । बालमनोरञ्जनलाई नै मुख्य आधार मानेर रचना गरिएको यस चित्रकथामा बारुलाले आफ्नो बिहेमा कुमालकोठीलाई बोलाएपछि ऊ बिहेमा गएको र सबै मिली रमाइलो गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । आफ्नो हुस्सुपनले गर्दा ट्याक्सी चढेर जाँदा जुत्ता बाटोमा छुटे पनि ढाकछोप गरेर नयाँ फेसन भएको भन्दै कुमालकोठीले आफ्नो व्यक्तित्त्व ऊँचो राखेको छ । माहुरी, अरिङ्गाल, झिंगाहरू बीचमा कुमालकोठीको पहिचान बेग्लै भएको देखाइएको छ ।

यस चित्रकथामा कुमालकोठी प्रमुख चरित्र हो । ऊ मानिसझैं सर्ट, पेन्ट, टाई, जुत्ता लगाएर हिड्ने तथा आफ्नो हुस्सुपन लुकाउन सक्ने बाठो छ । त्यस्तै बारुला माहुरी, अरिङ्गाल, झिंगा भने कुमालकोठीकै चरित्रको वरिपरि घुमेका छन् । कुमालकोठीको कुरामा उनीहरू विश्वास गर्छन् । परिवेशका दृष्टिले कुमालकोठीको घर बजार, बारुलाको घर र त्यस वरिपरिको रमझम मुख्य परिवेश बनेर आएका छन् । यसको भाषाशैली रोचक

र आकर्षक रहेको छ । माहुरी र कुमालकोठीको बीचमा संवाद गराइएको छ । बारुलाको बिहेकै वरिपरि कथा घुमेकाले शीर्षक सार्थक रहेको मान्नुपर्छ ।

चित्रकथामा चित्रको प्रयोग अनिवार्य हुनुपर्छ । यस चित्रकथामा पनि कुमालकोठीको बिहेमा जाने तयारी, ट्यक्सी चढेको, भोज खाएको जस्ता प्रसङ्गलाई चित्रमा उतारिएको छ । कीराहरू मानवीय आकृतिमा आएका छन् । तर बारुला, कुमालकोठी, अरिङ्गाल सबैलाई एउटै रूपाकृति प्रस्तुत गरिएको छ, जुन त्यति उपयुक्त देखिदैन । चित्रहरू रङ्गीन भएको भए अझ राम्रो हुन्थ्यो । बाह्र पृष्ठको लघुसंरचनामा प्रस्तुत चित्रकथाको आवरण चित्र भने आकर्षक देखिन्छ । रङ्गीन साजसज्जामा बारुलाको बिहेलाई देखाइएको छ ।

## ४.१२ मधुसूदनप्रसाद घिमिरेको बालकविताको अध्ययन

बालसाहित्यका विभिन्न विधाहरूमध्ये बालकविता एक लोकप्रिय विधा हो । बालबालिकामा हुने जिज्ञासालाई शान्त पार्ने, उनीहरूको सिर्जनात्मक क्षमतालाई अभिवृद्धि गर्ने, उनीहरूमा विद्यमान सङ्गीत चेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन प्रदान गर्ने भएकाले बालकविता एक सबल सक्षम विधा मानिन्छ । कविता साहित्यको पद्यभेदमा पर्दछ । बालसाहित्यको पद्य भेदमा पर्ने कविता, काव्य, गीत पनि गेयात्मक तथा श्रुतिमधुर हुने भएकोले बालबालिकाका लागि प्रिय मानिन्छ । कुनै विषयको वयान गरेर वा आफ्नै मनका भावना पोखेर भाका हाली गाउन मिल्ने लय वा छन्दमा बाँधिएको लिखित भाषिक अभिव्यक्तिलाई कविता भनिन्छ भने खास खास उमेर समूहका बालकहरूसम्म पुऱ्याउन गरिएको त्यस्तै खालको अभिव्यक्तिलाई बालकविता भनिन्छ । बालकवितामा लयात्मकता, सङ्क्षिप्तता, गेयात्मकता, सरलता, स्वाभाविकता तथा बालसुलभ भावहरू अटाएका हुन्छन् । बालकविता एक यौगिक रचना हो । विभिन्न तत्त्वहरू मिलेर यसको निर्माण भएको हुन्छ । बालकवितामा संरचना र शीर्षक, विषयवस्तु, भावविधान, लय, भाषाशैली, चित्र तथा साजसज्जा, दृष्टिबिन्दुजस्ता तत्त्वहरूको संयोजन गरिएको पाइन्छ । यिनै तत्त्वहरूको माध्यमबाट बालकविताले पूर्णता प्राप्त गर्दछ ।

नेपाली बालकविताको लेखनमा वि.सं. १९७२ सालमा प्रकशित **गोरखा प्रथम भाग** बाट औपचारिक सुरुवात भएको पाइन्छ । लेखनाथ पौड्याल, चक्रपाणि चालिसे र पारसमणि प्रधानका बालकविताहरूले नेपाली बालकविताको क्षेत्रमा योगदान पुऱ्याउदै

गएको देखिन्छ । त्यसपछि **लक्ष्मीप्रसाद देवकोटा** प्रखर रूपमा यस क्षेत्रमा देखापर्छन् । देवकोटापछि **माधवप्रसाद घिमिरे, बालकृष्ण पोखरेल, दैवज्ञराज न्यौपाने, श्यामप्रसाद शर्मा, सिद्धिचरण श्रेष्ठ, कृष्णप्रसाद पराजुली, प्रमोद प्रधान** आदिको योगदान महत्त्वपूर्ण रहिआएको छ । **मुना, सुनकेस्रा, कान्तिपुर कोसेली, कोपिला** जस्ता पत्रपत्रिकाहरूले पनि नेपाली बालकविताको क्षेत्रमा योगदान दिँदै आएका छन् । *(सुवेदी : २०६८ , ४१ )*

नेपाली बालसाहित्यको चौथो चरणमा देखापरेका बालकवि मधुसूदनप्रसाद घिमिरेले वि.सं. २०५५ सालमा **पुतलीको रङ्ग** बालकविताबाट यस क्षेत्रमा आफ्नो उपस्थिति जनाएका हुन् । त्यसपछि **माटोको माया** बालकवितासङ्ग्रह (२०५८), **सन्देश** बालगीतिउपन्यास (२०६५) र **को खाइ को खाइ** बालगीत (२०६६) प्रकाशित भएका छन् । सङ्ग्रहबाहेक **सुनकेस्रा, मुना, बालक** आदि पत्रपत्रिकाहरूमा फुटकर बालकविताहरू प्रकाशित भएका छन् ।

घिमिरेका बालकवितामा राष्ट्रियताको भावना, नैतिकता, असल बानीव्यवहार, अनुशासन, प्राकृतिक सौन्दर्य वर्णन, सांस्कृतिक सम्पदा, वैज्ञानिक आविष्कार जस्ता विविध विषयवस्तुहरूको वर्णन पाइन्छ । सरल र कोमल भाषाशैली प्रयोग भएका उनका कवितामा लयात्मकता, गेयात्मकता आन्तरिक साङ्गीतिक अनुप्रासियता, स्प्रष्टता जस्ता गुणहरू पाउन सकिन्छ । बालसुलभ कोमल भावलाई सुन्दर एवम् सरल भाषाशैलीको माध्यमबाट प्रभावकारी ढङ्गले प्रस्तुत गर्न समर्थ घिमिरेका चारवटा बालकविता कृतिहरूलाई विषयवस्तु, मूल भाव, शीर्षक र संरचना, दृष्टिबिन्दु, भाषाशैली, लय जस्ता तत्त्वहरूको आधारमा तल अध्ययन गरिन्छ ।

### ४.१२.१ पुतलीको रङ्ग बालकवितासङ्ग्रहको अध्ययन

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको बालसाहित्यिकयात्राको दोस्रो पुस्तकाकार कृति **पुतलीको रङ्ग** बालकवितासङ्ग्रह हो । वि.सं. २०५५ सालमा यसको प्रकाशन भएको देखिन्छ । यस सङ्ग्रहमा **आकाशको तारा, प्रकृति, पाठो, देशको श्रृङ्गार, खरायो, मुसा र विरालो, पुलतीको रङ्ग, कमिलाको ताँती, नेपाली धन हिमाली पन, हाम्रो नेपाल, म विद्यार्थी, पाल्तु कुकुर, गाई, कम्प्युटर, म फूल** र **गरिब** गरी सोह्रवटा कविताहरू रहेका छन् । यस बालकवितासङ्ग्रहभित्रका कविताहरूमा राष्ट्रियता, प्रकृति चित्रण, विभिन्न

जनावरहरू (खरायो, पाठो, मुसा, बिरालो, कुकुर, गाई) तथा किराहरू (कमिला, पुतली) को आनीबानी, चालचलन तथा उपयोगिताका बारेमा रोचक शैलीमा वर्णन गरिएको छ । त्यस्तै गरिबका कथाव्यथा, कम्प्युटरको महत्त्व एवम् फूलको सौन्दर्यको बारेमा पनि यस सङ्ग्रहका कविताहरूमा उल्लेख गरिएको पाइन्छ । सजिलोको लागि यस सङ्ग्रहभित्रका कविताहरूलाई छुट्टाछुट्टै तल विश्लेषण गरिन्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र रहेका कविताहरूमध्ये **आकाशका तारा** पहिलो कविता हो । शुक्लपक्षको आगमनसँगै उदाउने चन्द्रमा र ताराहरूको जगमगाहटले उर्लेका मनमोहक भावहरूलाई कविले यस कवितामा सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् । आकाशमा रहेका चन्द्रमासँगै ध्रुवतारा, लामपुच्छे तारा अनि तीन ताराहरूको टिलपिल उज्यालोमा खेल्न रमाइलो हुने बालसुलभ भावनालाई यस कवितामा व्यक्त गरिएको छ । कृष्णपक्षमा चन्द्रमा र ताराहरूको उपस्थिति नहुँदा खेल्न मन नलागी मन खिन्न हुने विचार बालबालिकाहरूले प्रस्तुत गरेका छन् ।

चन्द्रमा र अन्य ताराहरूको शीतलतामा मन प्रफुल्लित भई बालबालिकाहरूलाई खेल्न रमाइलो हुने तर औंशीको रातमा मन खिन्न भएर खेल्न मन नलाग्ने तथा धर्ती नै अन्धकारमय र सुनसान लाग्ने प्रसङ्ग प्रस्तुत गरेर उज्यालो र सुन्दरतामा ने बालबालिका तथा समग्र मानव जातिले आनन्दको अनुभव गर्न सक्छ भन्ने मूल भाव यस कविताले व्यक्त गरेको छ :

आकाशमा टहटह
जून लाग्या दिन
ताराहरू झिलीमिली
रमाइलो क्षण

पुतलीको रङ्ग बालकविता आकाशमा ताराहरूको वर्णनमा केन्द्रित छ । यस बालकवितालाई अभिधेय अर्थमा नै ग्रहण गर्न सकिन्छ । चार पङ्क्तिको छ हरफमा संरचित यस कवितामा अन्त्यानुप्रासको प्रयोग भएको देखिन्छ । कविनिबद्धवक्तृप्रौढोक्तिको प्रयोग भएको यो कविता पद्यलयमा रचिएको छ । आकाशका तारा र चन्द्रमा सुन्दरता र उज्यालोको प्रतीक बनेर उभिएका छन् भने औंशी र कालो रात निराशा, डर अनि अशुभ

सङ्केतका प्रतीक बनेर उभिएका छन् । कोमल पदावलीको प्रयोग भएको यस कवितामा साङ्गीतिक लयात्मकता पनि भेटिन्छ ।

सङ्ग्रहभित्र रहेका कविताहरूमध्ये **प्रकृति** दोस्रो कविता हो । प्राकृतिक सौन्दर्य वर्णनमा कविता केन्द्रित देखिन्छ । हाम्रो देशको सुन्दरता र त्यसभित्रको अनेक प्राकृतिक विविधतालाई यस कवितामार्फत् कविले उजागर गर्न खोजेका छन् । आलङ्कारिक वर्णन विविधतामा कविताका मर्म उद्घाटित भएको छ । हिमाललाई राष्ट्रकै दुई नेत्रको संज्ञा दिइएको छ भने पहाडका सुन्दर वस्ती, पहाडमा फुल्ने गुराँस, झरना र छाँगाको कलकल खहरे, खोल्साको छाल आदिलाई विभिन्न वस्तुहरूसँग तुलना गरिएको देखिन्छ ।

विविध प्राकृतिक छटाले भरिपूर्ण मातृभूमि नेपाललाई सधैँ हँसाउनुपर्ने भाव यस कवितामा व्यक्त भएको छ । सुन्दर प्रकृतिको सामिप्यतामा मानवसभ्यताले समेत अग्रगति लिने भएकोले पृथ्वीमातालाई खुसी बनाउनुपर्ने विचार कवि व्यक्त गर्दछन् । प्राकृतिक सुन्दरताको भावलाई तलका पङ्क्तिले राम्ररी समेटेको देखिन्छ :

गुराँस फुल्दा अति शोभितै भो
झरना र छाँगा कलकल गरेको
यी मातृको अङ्ग माहा भरेको
हीरा र मोती गहना जडेको

चार पङ्क्तिका तीन हरफमा समेटिएको प्रकृति कविता लघु आयाममा रचिएको देखिन्छ । प्रथम पुरुषात्मक कथन पद्धतिको प्रयोग भएको यस कवितामा प्रकृतिलाई गाथ अनि माथ सँग तुलना गरिएको छ । त्यस्तै हिमाललाई दुई नेत्रसँग तथा झरना र छाँगालाई हिरा, मोती जस्ता गहनासँग तुलना गरिएको पाइन्छ । चित्रमा लालीगुँरास र नेपालको नक्साभित्र पहाडी वस्ती देखाइएको छ । राष्ट्रका प्रकृतिको गुणगान गाइएको यस कविताको शीर्षकले मूल भावलाई छोएको देखिन्छ । लयात्मकता, गेयात्मकता, कोमलता जस्ता गुणहरू कवितामा भेट्न सकिन्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र रहेका कविताहरूमध्ये **पाठो** तेस्रो कविता हो । घरपालुवा जनावर बाखाको पाठोको क्रियाकलाप एवम् हाउभाउबाट हुने आनन्दलाई प्रमुख विषयवस्तु बनाइएको छ । साना बच्चाहरू चाहे त्यो मानिसको होस् चाहे जनावरको, सबैमा चुलबुलेपना रहेको हुन्छ । पाठोमा पनि त्यो बालसुलभ चञ्चलता र

निर्दोषता रहेको हुन्छ । कहिले उफ्रेर काखमा बस्ने, कहिले माउसँगै बस्ने, मानिसको हातबाट खाना खाने तथा नीडर स्वभाव भएको पाठोको उपस्थितिले ठाउँनै रमणीय हुने भाव यस कवितामा आएको देखिन्छ । सधैं सफा सुग्घर रहने पाठोलाई बोक्न आतुरी भएको विचार कविले व्यक्त गरेका छन् ।

बालसुलभ चञ्चलता र अवोधपनाले सबैको मन आनन्दित हुने कुरा यस कवितामा मूलभाव बनेर आएको छ । सानो चकचके पाठो उफ्रेर खेल्दा, डुल्दा उत्पन्न भएका अनेकौ रोचक भावतरङ्गहरूलाई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ । मानवीय बालपनसँग साक्षात्कार गराएर पाठोको दिनचर्यालाई उद्घाटन गरिएको छ :

बाखाको पाठो चकचके हाम्रो
उफ्रेर खेल्दा अति हुन्छ राम्रो
कहिले आई काखमा नै बस्छ
भागेर कहिले माउ छेउ बस्छ

लघुकविताको आयाममा रहेको यस पाठो कवितामा चार पङ्क्तिका तीन हरफ रहेका छन् । तृतीय पुरुष कथन पद्धतिमा ढालेर रचना गरिएको यो कविता पद्यलयमा रहेको छ । पूर्णरूपले अन्त्यानुप्रासको निर्वाह भएको छ भने सरल सम्प्रेष्य भाषाशैलीको प्रयोग पनि भेटिन्छ । पाठोको क्रियाकलाप र आनीबानीमा केन्द्रित भएकाले पाठो शीर्षक उपयुक्त देखिन्छ । पाठोको चित्र हेर्दा कुकुरको बच्चाजस्तो देखिनुले पाठकलाई खल्लो अनुभव भने हुन्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्रका कविताहरूमध्ये **देशको शृङ्गार** चौथो कविता हो । राष्ट्रिय भावनाले ओतप्रोत रहेको यस कवितामा प्राकृतिक सौन्दर्यको वर्णन पनि पाइन्छ । पूर्व-पश्चिम लम्बाई र उत्तर-दक्षिण चौडाइ भएको नेपालको सिमाना चीनसँग जोडिएको प्रसङ्ग उल्लेख गर्दै तराईका समथर मैदान अन्नको भण्डार भएको तथ्य पनि यस कवितामा आएको छ । देशको अन्न, हावा तथा माटोलाई राष्ट्रको सम्पति मान्दै अरनिकोको महान कलाकारिताको वर्णन गरिएको छ । लिच्छविकालीन राजा अंशुवर्माले शक्तिशाली छिमेकी राष्ट्र तिब्बतका राजा स्रङचङगम्पोसँग छोरी भृकुटीको विवाह गरिदिएबाट उनको दूरदर्शीता र कुटनीतिक सफलतालाई पनि सम्झना गरिएको छ

। दुई हात खियाएर कर्म गरी सन्तोषपूर्वक बाँच्ने अनि ईश्वरको पूजा गरी सत्मार्गतर्फ लाग्ने प्राणी भनेर नेपालीलाई चिनाइएको छ ।

नेपाल राष्ट्र अनेक प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण भएको तथा पिता पूर्खाले दिलाएको सम्मान र दूरदर्शितापूर्ण कुटनीतिलाई समयानुकुल सुधार गर्दै अघि बढ्नुपर्ने भाव यस कवितामा आएको छ । अनेका प्राकृतिक छटाको विविधताले भरिएको देशलाई भावनात्मक एकता र परिश्रमले शृङ्गार गर्नुपर्ने विचार कवि व्यक्त गर्छन् । कुटनीतिक दूरदर्शिता प्रस्तुत गर्ने अंशुवर्माको चरित्रलाई तलका पङ्क्तिले प्रस्ट पार्छन् :

लिच्छबी बंश इतिहास भन्छ ती अंशुवर्माको
चलाखी पन बेजोड नीति कुटनीति पनाको
बाठा थे राजा हित गरे साझा नेपाली साराको
सम्बन्ध गाँसे श्रङचङसँग भृकुटी ताराको

चार पंङ्क्तिको चार हरफमा रचिएको यस कवितामा पद्यलयको प्रयोग गरिएको देखिन्छ । कविनिबद्धवक्तृप्रौढोक्तिको ढाँचामा लेखिएको यो कविताले देशको शृङ्गारको रूपमा यहाँका प्राकृतिक छटा, उब्जाउशील धर्ती, राष्ट्रिय एकता, कर्मशील प्रवृत्तिलाई प्रस्तुत गरेर शीर्षकलाई सार्थक बनाएको देखिन्छ । नियमित तरिकाले अन्त्यानुप्रासको प्रयोग भएको छैन । सरल र समान्य भाषाशैलीको प्रयोग भएको देखिन्छ । चित्रको प्रयोग भने त्यति आकर्षक छैन । अंशुबर्मा दूरदर्शिता, असल कूटनीति तथा कर्तव्यपरायणताको प्रतीक बनेर आएका छन् ।

**खरायो** कविता 'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र रहेका कविताहरूमध्ये पाँचौं स्थानमा रहेको छ । जङ्गलभित्र बसोबास गर्ने खरायोलाई केन्द्रमा राखेर कविताको निर्माण गरिएको छ । खरायाको आनीबानी एवम् उपयोगिताका बारेमा यस कवितामा सुन्दर तरिकाले प्रस्तुत गरिएको पाइन्छ । घरमा ल्याएर पालेपछि यताउति उफ्रने, लुक्ने, दौडने खरायोको ऊन, छाला, भुवा मूल्यवान हुने भएकोले घरमा पाल्न समेत आग्रह गरिएको छ । बालबालिकाहरूले साना जनावरहरूको क्रियाकलापबाट आनन्द मान्ने भएकोले खरायो साथी बन्न सक्ने भाव पनि यस कवितामा आएको छ । खरायाको चञ्चलता, चुलबुलेपन तथा मित्रवत् व्यवहारबाट मानिसहरू प्रभावित भएको तथ्यलाई तलका पङ्क्तिले पुष्टि गर्छन् :

जङ्गलभित्र बस्छ राम्रो खरायो
पालें घरमा घरभित्रै हरायो
कुदी कुदी लुकी लुकी दगुर्दै
हुन्छ साथी हामीसँग दुगर्दै

खरायोको स्वभाव र महत्त्वलाई चार पङ्क्तिका तीन हरफमा समेटिएको देखिन्छ । शीर्षक अनुरूप नै खरायोको वरिपरि कविता बाँधिएको छ । प्रथम पुरुषात्मक कथनपद्धति अँगालिएको यस कवितामा म र हामी सार्वनामिक शब्दको प्रयोग देखिन्छ । बालबालिकालाई सुहाउँदो सरल भाषाशैलीको प्रयोग देखिन्छ । खरायोको चित्रले सम्प्रेषणीयतामा बृद्धि गरेको छ । कविताको भावलाई बुझ्न अभिधा शब्दशक्ति नै पर्याप्त देखिन्छ । खरायो चञ्चलता र कोमलताको पर्याय बनेर आएको छ ।

मधुसूदनप्रसाद घिमिरेको 'पुतलीको रङ्ग' कवितासङ्ग्रहभित्रको छैठौं कविता **मुसा र बिरालो** हो । परम्परागत शत्रु मुसा र बिरालोको आपसी चलखेल र लुकामारीलाई यस कवितामा देखाइएको छ । मुसा मारी खान ढुकी बस्ने बिरालोको चाललाई निस्तेज पार्दै बाठो मुसोले ज्यान बचाएको प्रसङ्ग मूल विषयवस्तु बनेर आएको छ । धान चोर्न भनी दुलाबाट मुसा निस्कदा बिरालोलाई देखेपछि ज्यान जोगाउन दुलाभित्र बसेको छ र ज्यान जोगाएको छ । बिरालोले मुसालाई मारेर पेट भर्ने योजना बनाए पनि त्यो सफल हुन सकेको छैन ।

'मुसा बिरालाको खेल' भन्ने प्रचलित उक्तिलाई चरितार्थ पार्दै यस कवितामार्फत् कविले नकारात्मक विचार राखेर कुनै पनि काम गर्दा त्यो सफल नहुने भाव व्यक्त गरेका छन् । मुसाले धान चोर्ने तथा बिरालोले मुसालाई मार्ने दाउ गर्दा दुबै असफल भएको प्रसङ्ग कवितामा आएको छ । आपसी बेमेल र वैमनस्यतामा दुबै लक्ष्यविहीन भएका छन् । जस्तै:

दुलाभित्र मुसा लुकी
ज्यान बचायो
बिरालोको दाउ पनि
त्यसै हरायो ।

मुसा र बिरालोको लुकामारीमा केन्द्रित यस कविताले अभिधेय अर्थमा मुसा र बिरालाको क्रियाकलाप र बानीलाई प्रस्ट पारेको छ भने लक्ष्यार्थमा मुसा र बिरालाको माध्यमबाट खराव वृत्तिलाई पनि समेटेको देखिन्छ । चारपङ्क्तिका पाँच हरफभित्र अटाएको यस कवितामा तृतीय पुरुष कथन पद्धतिको प्रयोग भएको छ । मुसो र बिरालो अवसरवादी वृत्तिका पर्याय बनेर आएका छन् । बिरालोको जुँगा सामन्ती र शोषक प्रवृत्तिको प्रतीक झै लाग्छ । बालबालिकाहरूलाई मुसा र बिरालाको कथाको माध्यमबाट खराब सोच नराख्न सन्देश पनि दिइएको छ ।

यस **पुतलीको रङ्ग** कविताको नामबाट नै बालकवितासङ्ग्रहको नाम राखिएको छ । पुतलीका विभिन्न रङ्ग र त्यसको क्रियाकलापले पारेको बालसुलभ रौनकतालाई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको देखिन्छ । काला, राता, पहेंला, छिरबिरे, अनेक रङ्गका पुतलीहरू देख्दा बालबालिकाहरू दङ्ग पर्ने विचार कवि व्यक्त गर्दछन् । रङ्गीचङ्गी फूल देख्दा बगैचामा पुतली आउने भएकोले यिनीहरूलाई समाउने, धपाउने गर्न नहुने सन्देश पनि दिन खोजिएको छ । अनेक रङ्गका पुतलीको जमघटले बगैचा नै सुन्दर र रमाइलो भएको वर्णन पनि यस कवितामा पाइन्छ :

भुर्र उडी पुतली
फूल पिच्छे जान्छे
राम्रो लागी समाउँभन्दा
उडी भागीहाल्छे

बगैंचामा आएर डुलीडुली आनन्दपूर्वक फूलको रस चुस्ने पुलतीहरूलाई चलाएर, जिस्क्याएर दुःख दिन नहुने भाव मुख्य बनेर आएको छ । अरूको आनन्दपूर्ण र स्वतन्त्रपूर्वक बितिरहेको समयलाई विथोलेर दुःखकष्ट नदिन बालबालिकाहरूलाई आव्हान पनि गरिएको छ । अभिधेयार्थमा मूल भाव प्रकट भएको यस कवितामा तृतीय पुरुषात्मक कथन पद्धति अँगालिएको पाइन्छ । सुन्दर शैलीको प्रयोग भएको यस कवितामा लयात्मकता, श्रुतिरम्यता, कोमलता जस्ता गुणहरू पनि भेट्न सकिन्छ । बगैंचा सुन्दरताको प्रतीक बनेर आएको छ भने फूल अरूको सन्तुष्टिको साधन बनेर उभिएको पाइन्छ । फूलको रस चुसिरहेको पुतलीको चित्रको प्रयोग भएको देखिन्छ । राम्रो चीज देखेर लोभिने मानवीय वृत्ति पनि यसमा देख्न सकिन्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र सङ्गृहीत कविताहरूमध्ये **कमिलाको ताँती** आठौँ कविता हो । कमिलाको आपसी सहयोग र एकताको भावलाई आकर्षक शैलीमा प्रस्तुत गरिएको छ । कमिलाहरू सधैं ताँतीमा हिड्ने र एकजुट भई काम गर्ने हुनाले जस्तोसुकै समस्याबाट पनि छुटकारा पाउने साहस र आँट यिनीहरूमा हुने तथ्यलाई उजागर गर्ने प्रयास यस कवितामा भएको देखिन्छ । आपसी मिलेमतो र सहयोगबाट कमिलाहरूले आफूभन्दा धेरै ठूलो बलवान शत्रुहरूलाई पराजित गरेको वास्तविकतालाई यस कवितामार्फत् बुझ्न सकिन्छ । अन्य किराहरूभन्दा  तेजिलो दिमाग भएको कमिलाबाट प्रेरणा लिएमा दुःखकष्ट नहुने विचार मूल विषयवस्तु बनेर आएको छ ।

कमिलाको आपसी सहयोग र बुद्धिमत्तापूर्ण चरित्र देखाएर कवि घिमिरेले मानव जातिलाई पनि आपसी सहयोग र सद्भावमार्फत् समाज एवम् राष्ट्रनिर्माणमा लाग्न प्रोत्साहित गरेका हुन् । आपसी बेमेल र वैमनस्यताले कुनै पनि कार्य सफल हुन नसक्ने भएकोले कमिलाको सिको गरेमा दुःखकष्टबाट मुक्ति पाउन सकिने भाव यस कवितामा व्यक्त भएको छ । एकाताको भावलाई तलका पङ्क्तिले प्रस्ट पार्छन् :

कमिलाको आपसमा
मिलीजुली ताँती
काम गर्दा एकजुट
एकता नै जाती

चार पङ्क्तिका पाँच हरफभित्र अटाएको यस कवितामा पद्यलयको प्रयोग भएको देखिन्छ । सुन्दर लालित्यपूर्ण शैली प्रयोग भएको कवितामा तृतीय पुरुष कथन पद्धति अँगालिएको पाइन्छ । गेय गुणले भरिपूर्ण भएकोले साङ्गीतिकताको आभाष पनि पाइन्छ । कमिलाको ताँतीलाई चित्रमा उतारेर शीर्षकको औचित्यलाई प्रस्ट पार्न खोजिएको छ । कमिलाहरू आपसी मेलमिलाप, एकता तथा परिश्रमको प्रतीक बनेर उभिएका छन् । अन्त्यानुप्रासको नियमित प्रयोगले कविताको सुन्दरता बृद्धि गरेको आभाष मिल्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र रहेको **नेपाली धन हिमाली पन** राष्ट्रिय भावनाले ओतप्रोत भएको कविता हो । नेपाल भूमिलाई आमा मानिएको यस कवितामा यहाँका प्राकृतिक, भौगोलिक विशेषताहरूलाई उजागर पार्ने प्रयास गरिएको छ । उत्तरतर्फका सेता चम्किला हिमाल, पहाडी क्षेत्रको सौन्दर्य अनि दक्षिणतर्फको अन्नको

भण्डार तथा समथर मैदान तराई प्रदेशको संयोजन भएको यस भू-खण्डमा मेची, कोशी, कर्णाली, महाकाली जस्ता नदीहरूले जीवनधारालई बगाइरहेको सौन्दर्यगान प्रस्तुत कवितामा देख्न पाइन्छ । पूर्व-पश्चिम लाम्चिलो तथा उत्तर दक्षिण खुम्चिएको यो राष्ट्रको शीरलाई सबै मिलेर ऊँचो बनाइराख्न पनि आव्हान गरिएको छ । पाखुरीको बलले यो धर्तीमा कर्म गर्ने वीर जाति नेपालीलाई कसैसँग नझुक्ने एवम् सत्य र न्यायको पक्षमा निडर भएर लाग्ने बताउँदै युद्धकलामा निपुण जातिको उपमा गोर्खालीलाई दिएका छन् ।

नेपाली जातिको वीरता र पौरखगानको माध्यमबाट कवि घिमिरेले आफ्नो राष्ट्र र यसभित्रका सम्पदा तथा संस्कृतिको संरक्षणमा नेपालीहरू सदा दत्तचित्त भएर लाग्नुपर्ने भाव व्यक्त गरेका छन् । प्राकृतिक एवम् भौगोलिक रूपाकृतिमा सजिएको सुन्दर मातृभूमिको उचित संरक्षण र संवर्द्धनबाट नै सुख र सम्बृद्धि हुने तथ्यलाई पनि स्पष्ट पार्न खोजिएको छ । नेपाली जातिको वीरता र परिश्रमीपनलाई तलका पङ्क्तिले पुष्टि गर्छन् :

नेपाली वीर जाति हुन् झुक्दैनन् करकापले
गर्दछन् कर्म धर्तीमा कोदाली दुई हातले
चलाई काम गर्ने यी बोल्दछन् न्यायका कुरा
अन्याय पर्न दिदैनन् यी गोर्खाली युद्धका सुरा

लघुआयाममा समेटिएको यस कवितामा चार पङ्क्तिका तीन हरफ मात्र रहेका छन् । कवि निवद्धबक्तृप्रौढोक्तिको प्रयोग भएको छ भने अन्त्यानुप्रासको निर्वाह पनि भएकै देखिन्छ । नेपाली जातिलाई वीर, परिश्रमी, सुरा, कर्मशील चरित्रका रूपमा बर्णन गरिएको छ । त्यस्तै नेपाल आमालाई सबैको साझा फूलबारी मानिएको छ । हिमालको चित्र उतारिएको छ जुन शीर्षक अनुरूप सुहाउँदो नै देखिन्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र रहेका कविताहरूमध्ये **हाम्रो नेपाल** दसौँ कविता हो । नेपाल राष्ट्र र यसका विविध विशेषताहरूको वर्णन यस कवितामा पाइन्छ । प्रकृतिलाई माता र हिमाललाई पिताको संज्ञा दिइएको यस कवितामा बुद्ध, जनक र सीताजस्ता विभूतिहरूले यसै धर्तीमा जन्म लिनुलाई भाग्यको रूपमा लिइएको छ । तराई, पहाड, हिमालमा पाइने विभिन्न प्रकारका जडीबुटीहरूले धेरै प्राणीहरूको रोग निको पार्ने भएकोले यसको महत्त्वलाई उजागर पार्नुपर्ने विचार कवि पोख्छन् । हिन्दु राज्यको सम्मान पाएको यस देशलाई सबै मिली सजाउनुपर्ने भाव मूल विषयवस्तु बनेर आएको छ । राजा

त्रिभुवनको देशप्रतिको समर्पणभावलाई पनि सम्झना गरेको पाइन्छ । यहाँका शीतल वातावरणलाई जोगाउँदै परिश्रमपूर्वक कर्म गरी हराभरा बनाउन आग्रह गरिएको देखिन्छ :

नेपालको चिसो पानी हराभरा धर्ती
यिनैलाई शृङ्गार गरौँ सबैलाई अर्ती
परिश्रमले सुन फल्छ मुस्कुराउँछिन् धर्ती
हराभरा हाम्रो नेपाल सजाऊँ है कीर्ति ।

अनेक प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो देश नेपाललाई परिश्रम र मेहेनतले हराभरा तुल्याएर विश्वसामु एक सुन्दर, शान्त, विशाल राष्ट्रको पङ्क्तिमा उभ्याउनुपर्ने भाव प्रस्तुत गरेर कविले 'कर्मशीलतानै उन्नतिको आधार हो' भन्ने उक्तिलाई चरितार्थ पार्न खोजेका छन् ।

चार पङ्क्तिका तीन हरफको लघुसंरचनामा आबद्ध यस कवितामा वीर रस प्रमुख भएर आएको छ । प्रथम पुरुष कथन पद्धतिमा राष्ट्रिय भावनाहरू छचल्किएर आएका छन् । हिमाल, पहाडी वस्ती, झरना, बुद्ध भगवान्, त्रिभुवन आदिको चित्रले कवितालाई बुझ्न सहयोग पुऱ्याएको देखिन्छ । हाम्रो नेपाल शीर्षकले समग्र कविताको प्रतिनिधित्व गरेको आभाष मिल्छ । प्रकृति र हिमालयलाई क्रमशः माता र पिताको प्रतीकका रूपमा प्रयोग गरिएको छ । परिश्रमले सुन फल्ने तथा धर्ती मुस्कुराउने प्रसङ्गबाट अतिसयोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । तत्सम शब्दको बाहुल्यताले कविता सुन्दर बनेको छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्रका कविताहरूमध्ये **म विद्यार्थी** एघारौँ कविता हो । म सार्वनामिक पदमा विद्यार्थी विशेषण जोडिएर शीर्षकको निर्माण भएको देखिन्छ । एउटा विद्यार्थीको दैनिक दिनचर्यादेखि उसको बानीव्यवहार, नैतिकता, भद्रपन, ज्ञानआर्जन, भविष्यको लक्ष्य जस्ता विषयहरूलाई म पात्रको माध्यमबाट व्यक्त गरिएको छ । बिहान सबेरै उठी आफ्ना सबै नित्यकर्म सकेर स्कुल जाने, स्कुलमा एकाग्र भएर पढ्ने, बाबुआमा अनि गुरुले भनेको मान्ने, साथीहरूसँग मिलेर बस्ने, उचित अनुचितको भेद जान्ने, भोली ठूलो मानिस बन्ने सोच राख्ने तथा देशको लागि केहि गरौँ भन्ने भावना राख्ने एक होनहार विद्यार्थीको रूपमा म पात्र उभिएको छ । एउटा असल, नैतिकवान्,

सच्चरित्र बालकको दृढ अठोट र शालीनतालाई यस कविताले मुख्य विषयवस्तु बनाएको छ ।

जुनसुकै व्यक्तिले पनि सानै उमेरदेखि आफूमा अनुशासन, नैतिकता, दृढता, जिम्मेवारीबोधजस्ता भावनालाई समाहित गर्दै लगेमा भविष्य एक सक्षम नागरिक बन्न सक्ने सत्यलाई कविताको मूल भावको रूपमा स्विकार्न सकिन्छ । आफ्ना नकारात्मक वृत्तिहरूलाई पन्छाउदै सकारात्मकतातर्फ अग्रसर भएमा राष्ट्रको मुहारमा उज्यालो ल्याउन सकिने सन्देश यस कविताले दिएको छ । बालबालिकाहरूलाई अनुशासित भएर आफ्नो कर्म गर्दै जान उत्प्रेरणा समेत प्रदान गरेको छ :

भोलिका दिनमा ठूलो बनुँ भनी
इच्छा पनि राख्दछु
देशका लागि अब म के गरुँ भनी
चिन्ता पनि गर्दछु

म पात्रको एकालापीय शैलीमा प्रस्तुत भएको यस कवितामा चार पङ्क्तिका आठ हरफहरू रहेका छन् । सङ्ग्रहभित्रका अन्य कविताको तुलनामा यो कविता अपेक्षाकृत लामो छ । पद्यलयको प्रयोग भएको छ भने अन्त्यानुप्रासको पनि निर्वाह भएको देखिन्छ । प्रथम पुरुषीय कविप्रौढोक्तिको प्रयोग भएको यो कवितामा आएको म पात्र बिद्यार्थीलाई सच्चरित्रको प्रतिनिधि पात्र बनेर उभ्याइएको छ । बालबलिकाहरूका लागि अपेक्षित सरल भाषाशैलीको प्रयोग भएको देखिन्छ ।

सुनकेस्रा पत्रिकाको अङ्क सत्रमा पहिलोपल्ट प्रकाशित भएको **पाल्तु कुकुर** कविता 'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्रको बाह्रौं कविताको रूपमा आएको छ । घरपालुवा जनावर कुकुरको रूपरङ्ग बानीव्यहोरा र त्यसलाई पाल्दा हुने फाइदा जस्ता विविध विषयमा कविता केन्द्रित रहेको छ । सेतो, खैरो, कालो, टाटेपाङग्रे जस्ता विभिन्न रङ्गका कुकुरहरू हुने बताउँदै चोरबाट बचाउन कुकुरले मद्दत गर्ने विचार यस कवितामा प्रस्तुत भएको छ । मालिकप्रति सदा वफादार एवम् इमान्दार रहने कुकुरलाई पाल्न समेत सुझाब दिइएको छ । सफा सुग्घर राख्नुका साथै समय समयमा खाना खान दिनुपने विचार पनि प्रकट भएको पाइन्छ । कुकुरको उपयोगिता र कुकुरको घरप्रतिको निष्ठालाई तलका पङ्क्तिले छर्लङ्ग पार्छन् :

भुक्छ घरमा चोरलाई धपाइ
मालिक चिन्छ गन्धले चाल पाई
पुच्छर हल्लाई स्वागत गर्छ यसले
खुसी हुन्छ गुन धेरै मान्छ यसले

घरमा पालिने कुकुरको बारेमा लेखिएको पाल्तु कुकुर कवितालाई अभिधेय अर्थमा नै प्रस्टसँग बुझ्न सकिन्छ । चार पङ्क्तिका चार हरफमा कविता संरचित छ । अन्त्यानुप्रासको निर्वाह भएको देखिन्छ भने पद्यलयको प्रयोग यसमा भएको छ । कुकुरलाई इमान्दार र मालिकभक्त जनावरको रूपमा उभ्याइएको छ भने बालबालिकाहरू कुकुरको साथी बनेर प्रस्तुत भएका छन् । सरल भाषाशैलीको प्रयोगले कविता बोधगम्य देखिन्छ ।

'पुतलीको रङ्ग' बालकवितासङ्ग्रहभित्र रहेका कविताहरूमध्ये **गाई** तेह्रौँ कविता हो । राष्ट्रिय जनावर गाईका प्रकार, रूपरङ्ग, उपयोगिता, महत्त्वका बारेमा यस कवितामा रोचक ढङ्गमा वर्णन गरिएको छ । गाई नेपाली संस्कृतिको पर्याय हो । जन्मदेखि मृत्युसम्मका मानवीय संस्कार तथा दैनिक दिनचर्यामा गाईको दूध, दही, घ्यू, मलमूत्रको अत्यन्त ठूलो महत्त्व रहेको पाइन्छ । गाईलाई माताको रूपमा पनि  पूजा गर्ने चलन छ । सेतो, कालो, छिरबिरे, खैरो विभिन्न रङ्गका तथा मुडुली, जर्सी, कामधेनु, नील, चौंरी जस्ता विभिन्न गाईहरू हुने कुरा बताउँदै यस्ता गाईलाई स्याहारसुसार गर्न सबैलाई आग्रह गरिएको छ । गाईको दूध पिएर बालकदेखि बृद्धसम्म सबैले शक्ति प्राप्त गर्ने तथा यसको मलमूत्रबाट फलफूल तथ अन्नबालीहरू सप्रने हुनाले लक्ष्मीमाताको सेवा गर्नुपर्ने कथ्यलाई मूल विषयवस्तु बनाइएको छ ।

माताको दर्जा पाएकी गाईको महिमागानमा सीमित यस कवितामा गाई पाल्दा हुने फाइदा देखाएर बालबालिकाहरूलाई गाईको सेवा गर्न प्रोत्साहित गरिएको देखिन्छ । गाईको दूधसँगै दही, पनीर, घ्यू स्वास्थ्यका दृष्टिले अत्यन्तै लाभदायक भएका उल्लेख गर्दै त्यसको मलमूत्र पनि अत्यन्त उपयोगी हुने भाव व्यक्त गरिएको छ । बहुआयामिक महत्त्व बोकेको गाईको वर्णनमा कविताले पूर्णता पाएको देखिन्छ ।

दुई परिच्छेदमा विभक्त यस कविताको पहिलो परिच्छेदमा चार पङ्क्तिका चार हरफहरू रहेका छन् । पहिलो परिच्छेदमा गाईको विविध रूपरङ्ग तथा प्रकारका बारेमा वर्णन गरिएको छ । त्यस्तै दोस्रो परिच्छेदमा गाई पाल्दा हुने फाइदा बताउँदै गाईलाई

माया गर्न आग्रह गरिएको प्रसङ्ग प्रस्तुत भएको देखिन्छ । कविनिबद्धवक्तृप्रौढोक्तिको प्रयोग भएको यस कवितामा प्रत्येक पङ्क्तिको अन्त्यमा अन्त्यानुप्रासको निर्वाह भएको छ । बालसुलभ शब्दहरूको प्रयोगले सुन्दरता थपेको छ । गाईको चित्र प्रस्तुत गरिएको यस कवितामा दूध पिइरहेको दृश्य देखाएर कवितालाई आकर्षक बनाउने कोसिस गरेको पाइन्छ ।

'पुतलीको रङ्ग' कवितासङ्ग्रहभित्रका कविताहरूमध्ये चौधौं स्थानमा रहेको कविता **कम्प्युटर** हो । बिसौँ शताब्दीको महान बैज्ञानिक उपलब्धि कम्प्युटरलाई विषयवस्तु बनाएर कविता लेखिएको छ । भाइबहिनीहरूलाई सम्बोधन गरी लेखिएको कम्प्युटर कवितामा वर्तमान विज्ञानको चमत्कारी युगमा काम गर्नको लागि कम्प्युटरको आवश्यकता र महत्त्वबारे प्रकाश पारिएको छ । हाम्रो दैनिक जीवनाा प्रयोगमा आउने कम्प्युटरले हिसाब किताब राख्ने, टाइप गर्ने, फाइलहरू सुरक्षित गर्ने, चिठीपत्र आदानप्रदान गर्ने जस्ता कार्यहरू गर्ने गर्दछ । यसलाई ठीक ढङ्गबाट चलाउन सकिएमा छिटो, सफा, शुद्धसँग यसले काम गर्ने कुरा भाइबहिनीहरूलाई बुझाउन खोजिएको छ । यस्तो अति उपयोगी कम्प्युटरलाई सफा राखी भाइरसबाट जोगाउनुपर्ने विचार पनि यस कवितामार्फत् व्यक्त गरेको पाइन्छ । कम्प्युटरको आवश्यकतालाई तलका पङ्क्तिले प्रस्ट पार्छन् :

आजभोलि विज्ञानको
चमत्कारी युग
काम गर्ने कम्प्युटरले
पर्नुपर्छ भर

अभिधा अर्थमा नै कम्प्युटर कविताको अर्थ प्रस्ट हुन्छ । द्वितीय पुरुषात्मक ढाँचामा 'तिमीहरू' भनि सम्बोधन गरिएको छ भने चार पङ्क्तिका आठ हरफहरूको संरचनामा कविता समेटिएको पाइन्छ । कम्प्युटर, भाइरस, टाइप, फाइल जस्ता अङ्ग्रेजी प्राविधिक शब्दहरूको प्रयोग भएको देखिन्छ । कम्प्युटरको बारेमा केन्द्रित कविताको शीर्षक स्वभाविक देखिन्छ । कम्प्युटरको बाह्य स्वरूप र बालबच्चाहरू त्यसमा रमाएको चित्रले कवितालाई अझ बढी सुरुचिपूर्ण बनाएको पाइन्छ ।

**म फूल** 'पुतलीको रङ्ग' कवितासङ्ग्रहभित्र रहेका कविताहरूमध्ये पन्ध्रौं कविता हो , फूल आफैंमा सुन्दर र कोमल वस्तु हो । आफू फुलेर अरूलाई आनन्द दिने, बास्ना छर्ने

फूलले बालबालिकाहरूलाई साथी भनी सम्बोधन गरेको छ । साथीभाइहरूलाई बगैंचामा आएर खेल्ने सलाह दिँदैं फूलले आफूलाई मल, जल, छत हाल्न समेत आग्रह गरेको छ । आफूलाई स्याहार सुसार गरेमा आफूले पनि स्वच्छ हावा अनि वातावरण शुद्ध पारी कोमलता प्रदान गर्ने प्रतिज्ञा गरेको मूल विषयवस्तु यस कवितामा प्रस्तुत छ :

तिमीलाई साथ दिन्छौँ बगैंचामा बस

नीला राता सेता फुल्छौँ रमाएर बस

फूल कोमलताको प्रतीक हो । सुन्दरताको प्रतीक हो । यही फूललाई स्याहार सुसार अनि हेरचाह गरेमा फूलले पनि प्राकृतिक स्वच्छता, कोमलता प्रदान गर्ने तथ्यलाई मूल भावको रूपमा प्रस्तुत गरिएको छ । बालबालिका कोमलता र सुन्दरताको पर्याय भएकोले फूलसँगको सामिप्यतामा दुबैले सुखद अनुभव गर्ने विचार कवि व्यक्त गर्दछन् । फूलको स्याहार सुसार गरेमा फूलले पनि बास्ना र सुन्दरता छर्ने भएकोले अन्तरनिर्भरताको सम्भावनालाई पनि अघि बढाएको छ ।

दुई पङ्क्तिका छ श्लोकमा रचिएको यो कविता सुन्दर पद्यलयमा रचिएको छ । फूलका मनोभावहरू प्रथम पुरुष एकालापीय कथन पद्धति अँगालेर प्रस्तुत भएका छन् । फूलको आन्तरिक स्वकथनमा शीर्षक सार्थक देखिन्छ । गीतिलयको प्रयोगले साङ्गीतिकता, गेयात्मकता, कोमलता जस्ता गुणहरू यसमा भेट्न सकिन्छ । फूल तथा बालबालिकाहरू सुन्दरता, कोमलता, निर्दोषिताका बिम्ब बनेर आएका छन् । कविताको मर्म अनुरूपको लालित्यपूर्ण भाषाशैलीको प्रयोग गरिएको छ ।

'पुतलीको रङ्ग' कवितासङ्ग्रहको सोह्रौं तथा अन्तिम कविता **गरिब** हो । भारी बोकेर जीवन निर्वाह गर्ने एउटा गरिबको दयनीय अवस्थालाई उसको शारीरिक क्रियाकलाप र मानसिक स्थितिको विश्लेषणबाट बुझ्न सकिन्छ । खाना खान नपाए पनि काम गर्न वाध्य गरिबको गोडामा जुत्ता छैन । गोडा पटपट फुटेर रगत बगेको छ । निरुद्देश्य जीवन बिताउन वाध्य गरिब असहाय र एक्लो प्राणी सरह छ ।

गरिब हुनु आफैमा कुनै दोष होइन । त्यसैले गरिब व्यक्तिहरूलाई माया र स्नेह प्रदान गरी उनीहरूको जीवनलाई माथि उठाउन मद्दत गरौं भन्ने भाव यस कवितामार्फत् कविले व्यक्त गर्न खोजेका छन् । गरिब तथा दीनहीनहरूलाई दयामाया गरेर सभ्यताको परिचय दिनुपर्ने सन्देश पनि दिन खोजिएको छ ।

गरिबलाई दया गरौँ
हामी सबै मिली
सभ्यताको परिचय दिऊँ
अहम्तालाई फाली ।

एउटा गरिबको दिनचर्या प्रस्तुत भएको कविता चार पङ्क्तिका चार हरफहरूमा विस्तारित छ । तृतीय पुरुष कथन पद्धतिमा कविता प्रस्तुत भएको देखिन्छ । पद्यलयको प्रयोग हुनुको साथै अन्त्यानुप्रासको प्रयोगले लयात्मकतामा बृद्धि गरेको देखिन्छ । गरिबको बाहिरी रूपाकृति कमजोर देखाए पनि उसको मानसिक अवस्थाको आँकलन लक्ष्यार्थबाट गर्न सकिन्छ । सुस्त-सुस्त, पट--पट, सकीनसकी जस्ता शब्दको प्रयोगले साङ्गीतिक लयात्मकता थपेको आभाष मिल्छ । भारी बोकेर नाङ्गै हिड्दै गरेका गरिबको चित्रले करुण रस उत्पन्न गराएको छ । कोमल पदावलीको प्रयोगमा कविता सुन्दर र आकर्षक लाग्छन् ।

**४.१२.२ माटोको माया बालकवितासङ्ग्रहको अध्ययन**

वि.सं. २०५८ सालमा प्रकाशित भएको **माटोको माया** बालकवितासङ्ग्रह मधुसूदनप्रसाद घिमिरेको दोस्रो बालकवितासङ्ग्रह हो । वाणी प्रकाशन, विराटनगरले प्रकाशनमा ल्याएको यस सङ्ग्रहभित्र **हत्केलामा माटो, इन्द्रेणी दिदी, ऋतु र ग्रह, हामी सँगै पढ्छौं , नेपाली हौं हामी, खेल्न हामी जाऔँ, छोरा जस्तै छोरी, बा,आमा, बिरालो, यही गीत गाऔँ, ऋतु महिमा, तिहार, परिश्रम** र **पृथ्वी तिमीलाई शुभकामना** गरी चौधवटा लामाछोटा कविताहरू रहेका छन् । यो कवितासङ्ग्रह सामाजिक विभेद, सांस्कृतिक, प्राकृतिक, शैक्षिक चेतना, राष्ट्रियताजस्ता विषयवस्तुलाई टिपेर बालहृदयमा त्यसको प्रभाव पार्न सफल छ । दशै-तिहारको पिङ तथा देउसी-भैलो खेल्ने परम्परा, छ वटै ऋतुको चिनारी एवम् विशेषता, सौर्यमण्डलको सङ्क्षिप्त चिनारी, धार्मिक आस्था र विश्वास, स्वस्थ वातावरणको सन्देश आदि विषयवस्तुहरू यसमा समेटिएका छन् । यस सङ्ग्रहभित्रका कविताहरूलाई तल सिलसिलेवार तरिकाले विश्लेषण गरिन्छ ।

'माटोको माया' बालकवितासङ्ग्रहभित्रको पहिलो कविता **हत्केलामा माटो** हो । राष्ट्रिय भावनालाई कविताले उजागर गर्ने प्रयास गरेको छ । हिमाली शृङ्खलालाई छातीसँग तुलना गर्दै अतिथीको सेवा गर्दा पर्यटकको ताँती लाग्ने विचार कवि व्यक्त गर्छन्

। हिमाल, पहाड, तराईको सङ्गमस्थल यस देशमा रहेका प्राकृतिक सम्पदाहरूको संरक्षण गर्न सबैलाई आग्रह गरिएको छ । देशको सुरक्षा गर्ने जिम्मा युवा पिढीमा हस्तान्तरण गर्दै कविले आफ्नै देशमा बसेर कोदालो र हलो लिइ परिश्रम गर्नुपर्ने विचार व्यक्त गरेका छन् । राष्ट्रिय एकता र स्वदेशप्रेम जस्ता भावनामार्फत् वर्तमान विदेशिने प्रवृत्तिलाई त्याग्न समेत प्रोत्साहित गरिएको पाइन्छ ।

पाखुरीको जाँगरले
हत्केलामा माटो
मगमगाऊँ पौरखले
विदेशिने साटो ।

चार पङ्क्तिको आठ हरफहरूमा संरचित यो कविता कविनिबद्धवक्तृप्रौढोक्तिको ढाँचामा प्रस्तुत भएको छ । अन्त्यानुप्रासमा देखिएको नियमितताले कवितालाई लयात्मक बनाउन मद्दत गरेको छ । छन्दप्रयोगका दृष्टिले कविता त्यति प्रभावकारी छैन । सरल भाषाशैलीको प्रयोग भएकोले सम्प्रेषणीय भने देखिन्छ ।

**इन्द्रेणी दिदी** 'माटोको माया' बालकवितासङ्ग्रहभित्रको दोस्रो कविता हो । प्राकृतिक छटा इन्द्रेणीलाई मानवीकरण गरी दिदी भनेर सम्बोधन गरिएको छ । घाम र पानीको सङ्गममा देखिने सप्तरङ्गी इन्द्रेणीको मनमोहकतालाई मानवीय चरित्रको रूप दिएर वर्णन गरिएको देखिन्छ । पहाड, खोला अनि वर्षाको समन्वयमा देखिने इन्द्रेणीलाई भेटेर अँगालो हाल्ने इच्छा कवि राख्दछन् । हँसिया जस्तै आकारमा डुबेकी सप्तरङ्गी इन्द्रेणीलाई बादलले उडाउदै पानी पारेको प्रसङ्गलाई कवि मनको धरातलबाट चियाउने प्रयास गरिएको छ । जस्तै :

हरियो निलो पहेलो रातो
अनेक थरिकी
उज्याली तिमी सातथरी रङ्गले
बनोट परेकी

अभिधा अर्थमानै भाव झल्कने यो कविता चार पङ्क्तिका चार हरफभित्र अटाएको छ । छोटो आकारमा भए पनि कविताले पूर्णता पाएको देखिन्छ । प्रत्येक हरफमा दोस्रो र चौथो पङ्क्तिमा अन्त्यानुप्रासको निर्वाह भएको देखिन्छ । पहाड, पानी, बादल जस्ता

प्राकृतिक वातावरणको सुन्दर परिवेशको चित्रण गरिएको छ । शीर्षक अनुसार नै इन्द्रेणीको सुन्दरता अनि विलयको वर्णनमा कविता केन्द्रित छ । ग्रामीण परिवेशमा इन्द्रेणी परेको चित्र देखाएर कवितालाई सम्प्रेष्य बनाउन खोजिएको छ । चित्र रङ्गीन भएको भए सप्तरङ्गी इन्द्रेणीको सौन्दर्य अझ बढ्थ्यो । हँसिया जस्तै इन्द्रेणी भनेर उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

'माटोको माया' बालकवितासङ्ग्रहभित्रको तेस्रो क्रममा रहेको कविता **ऋतु र ग्रह** हो । एक वर्षको अवधिभित्र आउने छ वटा ऋतु अनि प्रकृतिमा रहेका सूर्य, चन्द्र लगायत अन्य ग्रहको बारेमा सुन्दर ढङ्गले वर्णन गरिएको पाइन्छ । एक वर्षभित्र वसन्त, गृष्म, वर्षा, शरद, शिशिर र हेमन्त गरी छ वटा ऋतुहरू क्रमशः परिवर्तन हुदै जाने र त्यो क्रम निरन्तर चलिरहने वैज्ञानिक सत्यलाई उजागर पार्न खोजिएको छ । यस ब्रह्माण्डमा पृथ्वी जस्तै अन्य नवग्रहहरू आफ्नो क्रममा निरन्तर घुमिरहने विचार कविको छ । हिन्दु धार्मिक मान्यताअनुसारको चार युग (सत्य, त्रेता, द्वापर, कली) को अन्त्यसँगै ग्रहहरू पनि घुम्ने अनि यो क्रम निरन्तर चल्ने प्रसङ्ग देखाउदै ग्रहहरू सधैँ अटल अमर रहने भाव यस कवितामा प्रस्तुत भएको छ । प्राकृतिक ऋतुचक्रसँगै वार, तिथि, नक्षत्रहरू परिवर्तन हुँदै जान्छन् भने जड वस्तु अर्थात् ग्रहहरू आफ्नो क्रमलाई निरन्तरता दिन्छन् भन्ने भाव कवि राख्दछन् :

सृष्टिको क्रममा टिक्ने
ननासिने नमासिने
घुम्दछन् चार युग नित्य
सृष्टिको क्रम दोहरिने ।

प्राकृतिक ऋतुचक्र अनि ग्रहहरूको बारेमा रचिएको यो कविता पद्यलयमा संरचित छ । अन्त्यानुप्रासको निर्वाह भएको यो कविता छ श्लोकमा विस्तारित छ । बालबालिकाहरू उडेर ग्रहतर्फ गएको अनि रुखको पातमा १२ महिनाको नाम लेखेको चित्रमार्फत् सम्प्रेषणीयतालाई बृद्धि गरेको देखिन्छ । विज्ञानको आडमा लेखिएको यस कवितामार्फत् कवि घिमिरेले बालबालिकालाई ऋतु एवम् ग्रहरूको अवस्थितिका बारेमा रोचक ढङ्गमा बोध गराउन खोजेका छन् । घडी, घण्टा, नक्षत्र, मास, तिथि, ऋतु जस्ता संस्कृत तत्सम शब्दहरूको बाहुल्यता पनि पाइन्छ ।

**हामी सँगै पढ्छौ** कविता 'माटोको माया' बालकवितासङ्ग्रहमा रहेका कविताहरूमध्ये चौथो क्रममा रहेको छ । प्रथम पुरुषात्मक ढाँचामा शीर्षकीकरण गरिएको यस कवितामा बालबालिकाहरूको पढ्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न खोजिएको छ । अनुरोधात्मक शैलीमा रचिएको कवितामा बाबुआमासँग स्कुल पढाइदिन आग्रह गरिएको छ । शिक्षाको उज्यालोबाट बञ्चित नगरियोस् भन्ने आग्रह बालबालिकाले गरेका छन् । छोरा र छोरीमा भेदभाव नगरी साथै स्कुलमा पढाइदिन आग्रह गर्दै फुर्सदको समयमा दुबै मिली घरको काम गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछन् । बालबालिकाको उमेर उचित शिक्षादीक्षा र आचार विचार प्राप्त गर्ने उमेर भएकोले घरधन्दामा लगाएर उनीहरको भविष्य वरवाद नगर्न समेत यस कविताले सचेत गराएको छ :

बाबुआमा काममा हामीलाई

न अल्मल्याइ दिनोस्

अँध्यारोको जङ्गलबाट

पार लगाइ दिनोस् ।

बालबालिकाको अधिकार र अभिभावकहरूको कर्तव्यबोधलाई उजागर गरिएको प्रस्तुत कवितमा पद्यलयको प्रयोग गरिएको छ । अन्त्यानुप्रासको प्रयोगले कवितालाई गेयात्मक बनाएको छ । प्रथम पुरुषात्मक कथन पद्धतिमा कविले विषयवस्तुलाई अघि बढाएको देखिन्छ । व्याकरणिक त्रुटिहरू भने थुप्रै देखिन्छ । संस्कृत तत्सम शब्दहरू पाठशाला, पुस्तक, जङ्गल आदिको प्रयोग भएको छ ।

**नेपाली हौँ हामी** कविता 'माटोको माया' बालकवितासङ्ग्रहभित्रको पाचौँ क्रममा रहेको कविता हो । राष्ट्रिय भावनाले ओतप्रोत भएको कविताले बालबालिकाहरूलाई पढी गुनी ज्ञानी भएर परिश्रममा विश्वास गर्न आग्रह गरेको छ । इमान्दारीपूर्ण तरिकाले आफ्नो धर्म निर्वाह गर्दै कर्मशील भएर आफ्नो धर्तीलाई सजाउन कवि सुझाब दिन्छन् । भीर पाखामा रुख रोपेर अनि त्यसको हेरविचार गरेर देशलाई सुन्दर एवम् हराभरा बनाउन पनि यसै कवितामार्फत् घिमिरेले जोड दिएका छन् । राष्ट्रिय भावनालाई तलका श्लोकले प्रस्ट पार्छन् :

राष्ट्रलाई चाहिएको

इमान र धर्म

यस धर्तीमा कर्म गर्न

मान्नु हुन्न सर्म ।

प्रस्तुत बालकविता पद्यलयमा रचिएको छ । चार पङ्क्तिका पाँच हरफमा रचिएको यो कवितामा अन्त्यानुप्रासको निर्वाह भएको देखिन्छ । व्याकरणिक क्रमभङ्गता शीर्षकमा आएको छ जुन कविताजस्तो साहित्यिक विधामा अपेक्षित मानिन्छ । कविताको मर्मअनुरूप चित्रमा नेपालीपन झल्कने नेपाली पोशाक, नेपाली झण्डा अनि रुख रोप्दै गरेको दृश्य देखाइएको छ । सरल भाषाशैलीको प्रयोग बालबालिकाका लागि अनुकूल छ । लयात्मकता, गेयात्मकता जस्ता गुण पनि यसभित्र अटाएका छन् ।

'माटोको माया' बालकवितासङ्ग्रहका कविताहरूमध्ये **खेल्न जाऊँ हामी** छैटौं कविता हो । विशेषत बालबालिकाहरूको मनोरञ्जनको साधनको रूपमा रहेको पिङलाई केन्द्रमा राखेर कविताको निर्माण गरिएको छ । दशैं, तिहार तथा अन्य चाडपर्व र मेलामा खेलिने लिङ्गे पिङ तथा रोटे पिङ बनाउन चारवटा लिङ्गो गाड्नुपर्ने, गरालो हाल्नुपर्ने, सनपाट वा बाबियोको डोरी अनि काम्रो राख्नुपर्ने विचार कवि पोख्छन् । स्कुलबाट फर्कदा खेल्न पनि बालबालिकाहरूलाई आग्रह गरेको छ । सहरिया परिवेशमा लोपप्रायः बन्दै गइरहेको लिङ्गेपिङको बारेमा रचिएको प्रस्तुत कविताले परम्परागत मनोरञ्जनका साधनहरूको संवर्द्धन गर्नुपर्ने आशय बोकेको छ । आफ्नो संस्कृति संरक्षण गर्दै अघि बढ्न पनि प्रोत्साहित गरेको देखिन्छ :

रोटे पिङ, लिङ्गे पिङ

खेलौँ हामी रमाइ

पारी गाउँमा पिङ छ रे

खेल्न हिँड भाइ

चार पङ्क्तिका छ हरफभित्र कविता अटाएको छ । कविनिबद्धप्रौढोक्तिको प्रयोग भएको कवितामा लिङ्गे पिङको चित्र प्रस्तुत भए पनि रोटे पिङको चित्र नदिनुले त्यसप्रतिको उत्सुकता मेटिन सक्दैन । सरल भाषाशैलीमा भावहरू आबद्ध छन् । शीर्षकमा पिङ शब्द आएको भए अझ राम्रो हुन्थ्यो तापनि पिङ खेल्न जाऊँ भनी अनुरोध गरिएको वाक्यले शीर्षक सार्थक नै देखिन्छ । पिङ मनोरञ्जनको प्रतीक बनेर आएको छ ।

यस सङ्ग्रहको सातौँ कविता **छोरा जस्तै छोरी** हो । छोरासरह छोरीलाई पनि शिक्षादीक्षा र अवसरको आवश्यकता भए पनि घाँसदाउरा र गाईवस्तु चराउँदैमा बाल्यकाल व्यतित गरिरहेकी छोरीको अर्न्तव्यथालाई यस कवितामार्फत् कविले देखाउन खोजेका छन् । भाइ सधैँ स्कुल जाने तर आफू भने काममा मात्र लाग्नाले आफ्नो भविष्य अन्धकारतर्फ धकेलिएको महसुस गर्ने बालिकाले बाबुआमासँग आफूलाई पनि स्कुल पठाउन अनुरोध गर्छिन् । राम्रोसँग पढ्न लेख्न पाएमा आफू पनि आम्दानी गर्न सक्ने भएकाले छोरासरह छोरीको पनि बराबर हक अधिकार भएको कुरा बताउँछिन् । छोरी भएकै कारण बाबुआमाबाट अपहेलित बालिकाको एकालापमार्फत् घिमिरेले बालबालिकाको जन्मसिद्ध अधिकारमाथि हस्तक्षेप गर्न नहुने भाव व्यक्त गरेका छन् । समानताको भावलाई तलका पङ्क्तिले राम्ररी समेटेका छन् :

छोरा जस्तै छोरी पनि
पढ्न लेख्न सक्छन्
अधिकार छोराछोरी
बराबरी भन्छन् ।

चार पङ्क्तिका छ श्लोकभित्र कविता संरचित छ । प्रथम पुरुषात्मक कथन पद्धति अँगालिएको यस कवितामा पद्यलयको प्रयोग भएको पाइन्छ । आन्तरिक साङ्गीतिक श्रुतिमधुरता पाइन्छ । कविताको मर्म अनुरूपको शीर्षक धेरै हदसम्म सार्थक देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले कविता लयात्मक बनेको छ । बालिकाका बाबुआमा पूरातन संस्कृतिका प्रतीक बनेर आएका छन् भने बालिका आफ्नो अधिकारप्रति सचेत नवपुस्ताकी प्रतिनिधि बनेर उभिएकी छे ।

'माटोको माया' बालकवितासङ्ग्रहभित्रको आठौँ कविता **बा आमा** हो । अनेक दु:खकष्ट सहेर हामीहरूलाई यो संसार देखाउने अनि पालनपोषण गर्ने बाबुआमा बृद्ध भएपछि छोरछोरीले निस्वार्थ भएर बाबुआमाको सेवा गर्नुपर्ने विचारलाई कविले यस कवितामा उतारेका छन् । बृद्ध अवस्थामा पुगेका आफ्ना रोगी अशक्त अभिभावकलाई अरूको सिको गरेर दु:ख दिने काम गर्न नहुने भाव मूल कथा बनेर आएको छ । बाबुआमाको निस्वार्थ भएर सेवा गर्ने प्रतिबद्धता जनाएर कविता टुङ्ग्याइएको देखिन्छ :

अब हामी ठूलो भयौँ

काम गर्न थालौँ

थला बस्या बा आमालाई

सन्तोषसँग पालौँ ।

चार पङ्क्तिका पाँच हरफहरूमा रचिएको बा आमा कविता पद्यलयमा छ । सरल भाषाशैली अँगालिएको यो कविता प्रथम पुरुषात्मक कथन पद्धतिका तथा अन्त्यानुप्रासको प्रयोग देखिन्छ । बृद्ध बाबुआमाको अगाडि बालकको चित्र देखाएर बासु क्षितिजले कविताको परिस्थितिअनुसारको चित्राङ्कन गर्न सकेका छैनन् । बाबुआमा बृद्ध हुँदा बालक ठूलो भइसकेको हुन्छ । कविताले शब्दसौन्दर्यमा भन्दा अर्थगत विन्यासमा जोड दिएको देखिन्छ ।

'माटोको माया' कवितासङ्ग्रहभित्रको नवौँ कविता **बिरालो** हो । घरपालुवा जनावर बिरालोको रूपाकृति एवम् बानी व्यवहारमा केन्द्रित यस कवितामा म्याउ गरेर कराउने बिरालो हेर्दामा पनि बाघ जस्तै देखिने बताइएको छ । लोभी, मासु अनि दूध चोरेर खाने बिरालो चाल मारेर हिड्ने गर्दछ । कालो, खैरो, छिरबिरे अनेक रङ्गमा पाइने बिरालोले मुसा मारी खाइदिने हुनाले अन्नपात मुसाबाट बचाउन सहयोगी हुने देखिन्छ । बिरालो घरमालिकको पहरेदारको रूपमा प्रस्तुत भएको देखिन्छ ।

ढुक्छ मुसा पेट भर्न चनाखो

सेतो कालो टाटे पाङ्ग्रे बिरालो

पाले घरमा अन्नको बस्छ रालो

घरमा काम लाग्न सक्छ बिरालो

अघिधेय अर्थमा नै बिरालाकको हाउभाउ र बानीव्यवहारको बोध गर्न सकिन्छ । चार पङ्क्तिका तीन हरफभित्र अटाएको यो कविता लघु आयाममा छ । तृतीय पुरुष कथन पद्धति अँगालेर लेखिएको प्रस्तुत कवितामा अन्त्यानुप्रासको निर्वाहले लयात्मकता थपेको पाइन्छ । कथ्य भाषा (भा'को) प्रयोग देखिन्छ भने वर्णनात्मकता यसको शैली रहेको छ । दूध खाइरहेको बिरालोको चित्र देखाइएको छ । बिरालाको पुच्छर भने अस्वभाविक लामो देखाइएको छ ।

**यही गीत गाऊँ** 'माटोको माया' कवितासङ्ग्रहभित्रको दसौं कविता हो । बालबालिकाले पाउने जन्मसिद्ध बालअभिकालाई यस कविताले मुख्य विषयवस्तु बनाएको

छ । सान बालबालिकालाई शोषण गरी काममा लगाउन नहुने कुरा औँल्याउदै बालहितकारी कानून बनेको कुरा पनि स्प्रष्ट पारिएको छ । बालबालिका भनेका भोलिका कर्णधार हुन् ।उनीहरूलाई उचित शिक्षादीक्षा एवम् पालनपोषण दिएमा मात्र उनीहरूको भविष्य पनि उज्ज्वल र व्यवस्थित हुन्छ । अतः उनीहरूलई पढ्ने र हुर्कने राम्रो वातावरण उपलब्ध गराउनुपर्ने आशय यस कवितामा प्रस्तुत भएको देखिन्छ । बालबालिकाको जन्मसिद्ध अधिकार हनन भएमा त्यसको कानूनी उपचार समेत भएको भाव यस कवितामा आएको छ ।

गीतिलयमा रचिएको यस कवितामार्फत् कविले बालबलिकालाई आफ्नो अधिकार प्राप्तिको निम्ति सजक  रहन झक्झक्याएका छन् । चार पङ्क्तिका चार हरफको लघुसंरचनामा रहेको यस कवितामा तृतीय पुरुष कथन पद्धति अँगालिएको छ । वाक्यात्मक ढाँचामा आएको शीर्षकले कविताको मर्मलाई आत्मसाथ गरेको देखिन्छ । लायत्मकता, गेयात्मकता, श्रुतिमधुरताले भरिएको यस कवितामा सामान्य व्याकरणिक त्रुटि भने भेटिन्छ । कानूनी शब्दको प्रयोग भएको देखिन्छ । जस्तै :

काम काज नगराऊ
बाल शोषण गरी
ऐन कानून बनेका छन्
बाल हितकारी

**ऋतु महिमा** बालकविता 'माटोको माया' कवितासङ्ग्रहभित्रको एघारौँ कविता हो । एक वर्षको समयावधिमा व्यतीत हुने छ वटा ऋतु आगमन प्रत्यागमनको विशेषतालाई क्रमबद्ध तरिकाले वर्णन गरिएको छ । वसन्त ऋतुको आगमनसँगै वन हरियो हुनु, नयाँ पालुवा पलाउनु, गृष्म ऋतुमा प्रचण्ड गर्मी बढ्नु, बाली लगाउन मल बिजन तयार गर्नु, वर्षामा पानी परेपछि बालीनाली सप्रनु, शरद ऋतुसँगै फूल फुलेपछि मन आनन्दित हुनु अनि दशैं र तिहार जस्ता चाडपर्व आउनु, हेमन्तसँगै ठण्डीले उग्ररूप लिदैं जानु तथा शिशिर ऋतुको तुसारोसँगै एक ऋतुचक्रको समापन हुनु जस्ता प्रसङ्गले कविताको निर्माण भएको छ ।

एक वर्षभित्र आउने छ वटै ऋतुको वर्णनमा केन्द्रित यस कविताले कुनै पनि ऋतुको महत्त्व कम नभएको उल्लेख गर्दै सबै ऋतुलाई सहर्ष स्विकानुपर्ने भाव व्यक्त

भएको छ । कवि शिरोमणि लेखनाथ पौड्यालको **ऋतुविचार** काव्यबाट कविले प्रभाव ग्रहण गरेको देखिन्छ । प्राकृतिक सुन्दरतालाई तलका  पङ्क्तिले प्रस्ट पार्छन :

बसन्त आयो

हरियो भयो वन

पलाइ हाले

सब पालुवा झन

अभिधेय अर्थमानै कविताको भाव बुझ्न सकिन्छ । चार पङ्क्तिका साता हरफभित्र सुरचित यस कवितामा कविनिबद्धवक्तृप्रौढोक्तिको प्रयोग गरिएको पाइन्छ । आन्तरिक साङ्गीतिक मिठास र कोमलताले कविताको गरिमा बढाएको छ । संस्कृत तत्सम शब्दको बाहुल्यतामा अत्यन्त मनमोहक शैलीको प्रयोग भएको देखिन्छ । बर्षा र हेमन्त ऋतुको झलक चित्रमा भेटिन्छ । समग्र ऋतुको बर्णन गरिएकाले शीर्षकले न्याय गरेको मान्नुपर्छ । छ वटा ऋतु स्थिरता र निरन्तरताको बिम्ब बनेर आएका छन् । अन्त्यानुप्रासको प्रयोगले हार्दिकता थपेको आभाष मिल्छ ।

**तिहार** कविता 'माटोको माया' कवितासङ्ग्रहभित्रको बाह्रौं कविता हो । मखमली र गोदावरी फूलको मोहकतासँगै आउने तिहारका पाँच दिन अर्थात् यमपञ्चकको महिमागान गरिएको छ । काग पूजा, कुकुरपूजा, लक्ष्मीपूजा, भैलो, गोबर्द्धनपूजा, देउसी, बत्तीको झिलीमिली, भाइटीका, पिङ जस्ता धार्मिक सांस्कृतिक परम्परालाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । परापूर्वकालदेखि मनाउँदै आइएका चाडपर्व र त्यससँग सम्बन्धित अनेक प्रसङ्ग उल्लेख गर्दै सही तरिकाले  चाडपर्वहरू मनाउनुपर्ने सन्देश दिन्छन् । दिदीभाइको पवित्र बन्धनको चाड भनेर चिनिने तिहारलाई यमराजको प्रसङ्गसँग जोडेर प्रस्तुत गरिएको छ । उज्यालो पर्व तिहारले सबै प्राणीमा नयाँ किरण छर्दै जाओस् भन्ने आग्रह पनि कवि गर्दछन् । तिहारको रौनकतालाई तलका पङ्क्तिले प्रस्ट पार्दन् ।

काग तिहार, कुकुर तिहार अनि लक्ष्मीपूजा

दीपावली गर्दा हुन्छ घरघरमा मजा

राती पनि उज्यालो छ झलमल गाउँ

सबै जना खुसी हुदै भैलो गीत गाऊँ

दुई पङ्क्तिको एक हरफ तथा चार पङ्क्तिका तीन हरफ अनि पाँच पङ्क्तिको एक हरफ गरि जम्मा पाँच हरफमा रचिएको तिहार कविता पद्यलयमा छ । अन्त्यानुप्रासको निर्वाह भएको देखिन्छ  भने प्रथम पुरुष कथन पद्धति अँगालिएको देखिन्छ । तेल, दुवो, ओखर, कटुस जस्ता शब्दहरू अमरताको बिम्ब बनेर आएका छन् । अनेक सामाजिक-सांस्कृतिक प्रसङ्गले तिहारको रौनकता पुष्टि गर्ने प्रयास गरिएको छ । भाइटीका, दीपावली तथा गाईपूजाको चित्रले कविताको शीर्षकलाई सार्थक बनाउन मद्दत गरेका छन् । तत्सम शब्दको बाहुल्यता देख्न सकिन्छ ।

**परिश्रम** 'माटोको माया' कवितासङ्ग्रहभित्रको तेह्रौँ कविता हो । परिश्रमपूर्वक पढी लेखी ठूलो भएपछि इमान्दारीपूर्वक कर्म गर्नुपर्ने विचार यस कवितामा व्यक्त भएको छ । परिश्रमपूर्वक कर्म गर्दै जाने हो भने हामी भोकै बस्नुपर्ने तथ्यलाई प्रस्ट पारिएको छ । जन्मदिने बाबुआको सेवा गर्नु पहिलो कर्तव्य भएको उल्लेख गर्दै राष्ट्रलाई बचाउने धर्म हाम्रो काँधमा आएको भाव कवि व्यक्त गर्छन् । प्रत्येक नागरिकमा कर्तव्यबोध भएमा राष्ट्र स्वतः अग्रगतितर्फ अघि बढ्ने सोच कवितामा मूल भाव बनेर आएको छ  :

परिश्रमको कमाइले

आफू पनि बन्छौँ

राष्ट्रलाई सिङ्गारेर

मातृभक्ति गर्छौँ

बालबालिकालाई उपदेशात्मक शैलीमा कविताले राष्ट्रभक्ति र परिश्रमपूर्वक कर्म गर्न प्रेरित गरेको छ जुन अभिधेय अर्थमा नै प्रस्ट हुन्छ । अन्त्यानुप्रासको निर्वाह भएको छ भने प्रथम पुरुषात्मक कथन पद्धतिमा कविताले पूर्णता पाएको छ । शीर्षकले नै कविताको भावलाई पूर्णरूपमा समेटेको देखिन्छ । सरल एवम् सहज शैलीको प्रयोग गरिएको छ ।

'माटोको माया' कवितासङ्ग्रहभित्रको चौधौँ तथा अन्तिम कविता **पृथ्वी तिमीलाई शुभकामना** हो । समग्र प्राणी तथा जीवजन्तुको आस्रयस्थल पृथ्वीलाई माता भनेर सम्बोधन गरिएको छ । पशु, पंक्षी, जीवजन्तु सबैको पालनपोषण गरी सृष्टिको क्रमलाई निरन्तरता दिने जननी धर्तीमातालाई स्वस्थ र निरोगी बन्न शुभकामना दिइएको छ । पृथ्वीलाई मानवीकरण गरिएको यस कवितामा वातावरण सफा र स्वच्छ भएर नदी तथा

खोलाहरू पवित्र होउन् भन्ने अपेक्षा गरिएको छ । पृथ्वीको संरक्षणमा जोड दिएको देखिन्छ । पृथ्वीको अमरतामा अन्य प्राणी र जीवजन्तुको अस्तित्व जोडिएकोले सबै मिलेर यसको संरक्षण र स्याहार सुसारमा लाग्नुपर्ने विचार मूलभाव बनेर आएको छ ।

वाक्यात्मक ढाँचामा शीर्षकीकरण भएको प्रस्तुत कवितामा द्वितीय पुरुष कथन पद्धति अँगालिएको देखिन्छ । पृथ्वीमाता, अन्नदाता, पालनकर्ता बनेर प्रस्तुत भएका छन् । चार पङ्क्तिका छ हरफभित्र संरचित कवितामा पद्यलयको प्रयोग भएको छ । पृथ्वीमा नारीको टाउको जोडेर मानवीय रूप दिन खोजिएको चित्र राखिएको छ । भाषाशैली सुन्दर र आकर्षक देखिन्छ ।

### ४.१२.३ सन्देश गीतिबालउपन्यासको अध्ययन

बालसाहित्यका विविध विधामा कलम चलाउने मधुसूदनप्रसाद घिरिरेद्वारा रचिएको **सन्देश** लाई गीति बालउपन्यास भनी विधागत वर्गीकरण गरिएको छ । जीवन जगत्को बृहत् आयामको आँकलन उपन्यासमा गरिएको हुन्छ भन्ने मान्यताअनुरूप यस कृतिमा पनि भँगेराले अरूको सिको गरेर शिक्षा आर्जन गर्न विद्यालय खोली शिक्षाको ज्योति फैलाउदै गएको बृहत प्रसङ्ग प्रस्तुत गरेर विधागत वर्गीकरणलाई न्याय दिन खोजिएको छ । वि.सं. २०६५ सालमा नेपाल स्रष्टा समाज डिल्लीबजारले प्रकाशनमा ल्याएको यो कृति अठार पृष्ठको आयाममा समेटिएको छ ।

मान्छेको घरमा गुँड लगाएर बस्ने भँगेराले मान्छेहरूबाट शिक्षा आर्जन गर्नुपर्ने कुरा सिकेको, आपसी समूहमा मिलेर स्कुल खोलेको, अन्य चराहरू पनि भँगेराबाट प्रभावित भई स्कुल खोल्न चाहेको, भँगेराले स्कुल खोल्न सुझाब दिएपछि समूहमा मिलेर अन्य चराहरूले स्कुल खोलेर शिक्षाको ज्योति फैलाउँदै गरेको अनि मानववस्तीमा पुगेर शिक्षाको प्रचारप्रसार गरेको, मानिसहरू पनि शिक्षित हुँदै गएर गाउँ बस्ती सुन्दर र सभ्य बन्दै गएको प्रसङ्गहरूले कथावस्तुको रूप ग्रहण गरेका छन् ।

भँगेरा र अन्य चराहरूले शिक्षाको माध्यमबाट चेतना जगाई अशिक्षित र अविकसित गाउँवस्तीमा रहेको अन्धकारलाई छिचोल्न गरेको प्रयासलाई प्रस्तुत गर्दै मानव जातिमा रहेको बुद्धिहीनतालाई व्यङ्ग्य गरिएको छ । चराहरूले मानव जातिलाई शिक्षित हुन अनि वातावरणीय सरसफाइको बारेमा जनचेतना फैलाएको देखाएर चराहरूपनि कति

बुद्धिमान् हुँदा रहेछन् भन्ने सन्देश दिन खोजिएको छ । चराहरूको बुद्धिमतालाई तलका पङ्क्तिले प्रस्ट पार्छन् :

मानिसको भन्दा पनि
चराहरको बुद्धि
एकताले देश बन्छ
भन्ने भयो शुद्धि ।

यस गीतिउपन्यासमा भँगेरा, सारौं, तित्रा, सुगा जस्ता चरा जाम, पाउरोटी, अण्डा, बटर जस्ता निर्जिव बस्तु अनि मानिसहरू मुख्य पात्र बनेर आएका छन् । भँगेरा शिक्षाको सन्देश फैलाउदै जाने सत् चरित्र बनेर देखापरेको छ । अन्य चराहरू पनि उसकै मार्गमा उभिएका सत् चरित्र हुन् । परिवेशका दृष्टिले मान्छेको बस्ती, चराहरूको गुँड प्रमुख स्थान बनेर आएका छन् । भँगेरा र अन्य चराहरूले शिक्षा र स्वास्थ्य अनि वातावरणको संरक्षणका लागि सन्देश दिँदै हिडेको देखाएर शीर्षकलाई सार्थक बनाउन सहयोग गरेको देखिन्छ । तृतीय पुरुष कथनपद्धतिमा रचिएको यो गीतिउपन्यास खण्डकाव्यको समकक्षी रहेको छ । श्रुतिमधुरता, गेयात्मकता, लयात्मकता जस्ता गुणहरू पनि यसमा भेटिन्छ । पात्रहरूको कार्यव्यापारलाई चित्रको माध्यमबाट अत्यन्त रोचक ढङ्गमा प्रस्तुत गरिएको छ । आवरण पृष्ठमा भँगेराले मानिसको हातमा किताब दिएको चित्र निकै आकर्षक र रङ्गीन लाग्छ । अन्त्यानुप्रासको प्रयोगले सम्प्रेषणीयतामा बृद्धि गरेको छ ।

### ४.१२.४. को खाई को खाई बालगीतको अध्ययन

बालसाहित्यको क्षेत्रमा निरन्तर क्रियाशील स्रष्टा मधुसूदनप्रसाद घिमिरेको **को खाई को खाई** बालगीत अर्को पुस्तकाकार कृति हो । वि.सं. २०६६ सालमा कथालय प्रकाशनबाट प्रकाशित यस बालगीतमा अर्पिता शाक्यले चित्राङ्कन गर्नुभएको छ । साना बालबालिकाहरूलाई खाना खुवाउनको लागि परम्परागत किसिमले गाईने गीतकै शैलीमा यो बालगीत प्रस्तुत भएको हो । साना बालबालिकाहरू खाना खान सधै झगडा गर्ने, रुने, नमान्ने भएकोले उनीहरूलाई अनेक किसिमका उपाय गरेर खाना खुवाउने गरिन्छ । यस बालगीतमा पनि नानीहरूलाई खाना खुवाउने देखि लिएर झगडा नगर्न अनि ज्ञानी बन्न समेत आग्रह गरिएको छ । नानीबाबुहरूलाई माम खुवाउँदा वरिपरि आउने चराहरूलाई

देखाउदै फकाइ फुल्याइ खाना खुवाएको दृश्य यस बालगीतमा देख्न सकिन्छ । दाल, माम, सागपात खाएर झगडा नगरी सुत्न साना नानीहरूलाई प्रोत्साहित गरिएको पाइन्छ । लयात्मक शैलीमा प्रस्तुत हुने गीतले बालबालिकाहरूलाई आकर्षित गर्ने भएकोले सहि बाटोमा अग्रसर गरेको पनि देखिन्छ ।

यस बालगीतमार्फत् कवि घिमिरेले बालबालिकाहरूलाई करकाप र बलपूर्वक कुनै व्यवहार नगरी उनीहरूको मनोभावना बुझी गीतको माध्यमबाट सम्झाइबुझाइ गर्नुपर्ने भाव व्यक्त गर्न खोजेका छन् । बालबालिका स्नेह र मायाका भोका हुने भएकोले उनीहरूलाई कोमल र मायालु व्यवहार गर्नुपर्ने सत्य नै बालगीतको मूल भाव बनेर आएको छ ।

बालबालिकाहरूलाई खाना खुवाउँदा प्रयोग हुने 'को खाई को खाई ? नानीबाबु खाई' स्थायीको रूपमा प्रयोग भएको छ भने त्यसपछि एक हरफ गीत आएको छ । प्रत्येक अन्तरापछि पुनः स्थायीको पुनरावृत्ति भएको देखिन्छ । द्वितीय पुरुष कथन पद्धति अंगालिएको यस बालगीतमा को खाई को खाई, नानी, बाबु, बुबु, माम, चरी, नुनु, हाम जस्ता बालबालिकाहरूले प्रयोग गर्ने शब्दहरूको बाहुल्यता रहेको छ । यस बालगीतमा बाबुनानीहरूलाई खाना खुवाउन लाग्दा वरिपरिको वातावरणको पृष्ठैपिच्छे चित्र रहेको छ । आमा, बाबु, नानी, कुखुरा, खेल्ने सामाग्री आदिको चित्रले सुन्दरता थपेको आभाष मिल्छ । प्रत्येक पृष्ठपिच्छेको गीतको भाव चित्रमा उतारिएको छ । बालमनोविज्ञानको धरातलमा टेकेर गीतको रचना भएको देखिन्छ । जस्तै :

को खाई को खाई ?<br>
नानीबाबु खाई<br>
यो माम नानीलाई<br>
अर्को माम चरीलाई<br>
दाल माम बुबु माम<br>
गर नानी हाम ।

## ४.१३२ फुटकर कृतिहरूको अध्ययन

मधुसूदनप्रसाद घिमिरेका दर्जनौं फुटकर कृतिहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । पुस्तकाकार कृतिको प्रकाशन हुनुभन्दा अगाडिदेखि नै विभिन्न

साहित्यिक तथा गैर साहित्यिक पत्रपत्रिकाहरूमा उनका फुटकर रचनाहरू प्रकाशित हुँदै आएका थिए । हालसम्म पनि उनका फुटकर रचनाहरू प्रकाशित हुँदै आएका छन् । फुटकर रूपमा उनका कथा, कविता, निबन्ध, यात्रासंस्मरण, बालकथा, बालकविताहरू प्रकाशन भएको देखिन्छ । उनका यिनै फुटकर कृतिहरूको तल अध्ययन गरिन्छ ।

### ४.१३.१ फुटकर कथाहरूको अध्ययन

मधुसूदनप्रसाद घिमिरेका पुस्तकाकार भएर नआएका कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कृतिको रूपमा प्रकाशित छन् । घिमिरेका **रित्तो मान्छे, सहिद पत्नी, उपकार, लाटो माथि राजनीति, चिन्ता, बेलाको बोली, काठमाडौँ त बैङ्कक पो भएछ, भूल, क्षितिज पारि,** आकृति, **आजकी सीता, कथाको कथा, एक्लो मनको यात्री, टनटन, यौटीको माया, बाबुको श्राद्ध, पिउन साहेब, कामधेनु, चेली भावना, विमोचन, मिस्टर क, मनको गमला** जस्ता कथाहरू **सौगात, अभिव्यक्ति, गोरखापत्र, मधुपर्क, मनोहरा, शिवपुरी सन्देश, दक्षिणा, रचना, अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स, दायित्व, जनमत, मिर्मिरे** आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

यी विभिन्न कथाहरूमा सामाजिक यथार्थको प्रतिबिम्बन पाइन्छ । समाजमा व्याप्त विकृति, विसङ्गति प्रति तिखो व्यङग्य पनि प्रहार गरिएको छ । स**हिद पत्नी, उपकार, भूल, पिउन साहेब, मिस्टर क** जस्ता कथामा प्रशासनिक, राजनीतिक, साहित्यिक क्षेत्रमा रहेका समस्याहरूको उद्घाटन गरिएको छ । सहिद पत्नीका पीडा, उपकारका नाममा भएका अनियमितता, नेताहरूको बोली र गराईमा फरक, सरकारी कार्यालयहरूको गैर-जिम्मेवारीपना जस्ता विषयहरू कथामा आएका छन् । **रित्तो मान्छे, काठमाडौँ त बैङ्कक पो भएछ, एक्लो मनको यात्री, यौटीको माया** जस्ता कथाहरू यौनकथाको कोटीमा उभिएका छन् । मानवीय जीवनको सबैभन्दा महत्त्वपूर्ण बस्तु यौनलाई केन्द्रमा राखेर कथा रचना गरिएका छन् । यौनिक क्रियालाई मात्र उजागर नगरेर त्यसभित्रका विवशता, लाचारीपन, प्रताडना, सङ्घर्ष जस्ता कुराहरूलाई पनि कथाकारले देखाउने प्रयास गरेको पाइन्छ । **बाबुको श्राद्ध** कथामा बालमनोविज्ञानलाई अत्यन्त सटीक पारामा देखाइएको छ । **आजकी सीता, आकृति, टनटज, मनको गमला** जस्ता कथामा नारीका पीडा, व्यथालाई प्रस्ट पारिएको छ । **चेली भावना** कथाले भने नारीको सुधारवादी भावनालाई प्रस्तुत गरेको

देखिन्छ । **लाटो माथि राजनीति** प्रतीकात्मक कथाको कोटीमा पर्दछ । सोझासाझा जनताप्रति ठालुहरूले गर्ने अन्याय यस कथामा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ ।

पात्रका दृष्टिकोणले समाजका धनी वर्गदेखि निम्नवर्गसम्म घिमिरेका फुटकर कथामा अटाएका छन् । नारी पात्र अपेक्षित रूपमा प्रताडित देखिन्छन् । हाकिमदेखि पिउनसम्म कथामा पात्र बनेर उभिएका छन् । परिवेशका हिसाबले सहरिया वातावरणमै कथाहरू बढी केन्द्रित छन् । कथाहरूको भाषा सरल र सुबोध देखिन्छ । बिम्ब र प्रतीकहरूको प्रयोग दुर्बोध्य नभई सम्प्रेष्यता बढाउन सहायक रहेको छ । व्यङ्ग्यचेतनाका दृष्टिले केही कथाहरू उत्कृष्ट छन् । **विमोचन, पिउन साहेब, भूल** जस्ता कथाहरूमा नकारात्मक प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गरिएको पाइन्छ । **तरकारीको महत्त्व, हेलचेक्र्याइ, पूनर्जन्म, जूनकिरी** जस्ता कथाहरू स्वास्थ्य तथा परिवार नियोजन सम्बन्धी विषयमा केन्द्रित छन् । जनचेतना फैलाउनमा ती कथाहरू सफल रहेका देखिन्छन् । समस्यासँगै समाधानका उपायहरू पनि समावेश गरिएकाले उनका कथाहरू धेरै प्रभावकारी बनका छन् । लघु तथा मध्यम आयाममा रचिएका उनका कथाहरू कथातत्त्वको पालना गरेर लेखिएको पाइन्छ ।

### ४.१३.२ फुटकर कविताको अध्ययन

वि.सं. २०२६ सालदेखि साहित्यिक यात्रामा अनवरत् रूपले अघि बढेका मधुसूदनप्रसाद घिमिरेका दर्जनौं फुटकर कविताहरू प्रकाशित भएका छन् । **प्रतीक्षा गीत, चौतारा, रक्सी, प्रकृतिको आर्त पुकार, म शून्यमा बिलाएँ, पर रहेकी प्रेयसी, गन्धमती, आमाको आशा, मानसपटलकी सं्गिनी, म गुन्द्रुक, लोड सेडिङको साइत हुदैन, प्यारी उठौ कि अब ता कुखुरा कराए, आऊ प्रिय ! गर्भाधान गरौं, सुहाग मिलन, खाडल, म सुकेको ढोड हुँ, म त प्राज्ञ बन्छु, कविजी हामीलाई माफ गर** आदि कविताहरू **नयाँ सन्देश, उन्मेद, शुद्ध सञ्जीवनी, नयाँ कविता, परिषद् पत्र, पुनर्जागरण, नारी उद्घोष, शिवपुरी सन्देश, पूजा स्मारिका** आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएको देखिन्छ ।

उनका फुटकर कविताहरूमा प्रेम, वातावरण संरक्षण, प्राकृतिक सौन्दर्य, शृङ्गारिक भाव, मानवीय चरित्रको उद्घाटन, विसङ्गतिवादी सोच, सामाजिक भेदभाव, नारी सौन्दर्यको वर्णन, वर्तमान अवस्थाप्रति व्यङ्ग्य जस्ता विविध विषय प्रसङ्गहरू अटाएका

छन् । शृङ्गारिक भावका कविताहरू बढी आकर्षक र उत्कृष्ट लाग्छन् । **प्यारी उठौं कि अब ता कुखुरा कराए** शीर्षकका कविता माध्यमिककालीन शृङ्गारिक कविताकै हाराहारीमा रहेको देखिन्छ । रक्सी सेवनबाट हुने वेफाइदाका बारेमा **रक्सी, म शून्यमा बिलाएँ** जस्ता कविताहरूमार्फत् सचेत बनाउने प्रयास गरिएको छ । **प्रकृतिको आर्त पुकार, आमाको आशा, हाम्रो वन, गुराँस** जस्ता कवितामा प्राकृतिक सौन्दर्यको वर्णन अन्यन्त मनमोहक शैलीमा गरिएको पाइन्छ । प्राकृतिक वातावरणको संरक्षणमा ती कविताहरूले अभिप्रेरित गर्दछन् । **टेण्डर आव्हान, म सुकेको ढोड हुँ** जस्ता कविताहरू विसङ्गतिवादी चिन्तनमा आधारित भएर रचना भएका हुन् । **औषधी कि विष ?** तथा **लोड सेडिङको साइत हुँदैन** कवितामा व्यङ्ग्यको प्रयोग भएको देखिन्छ ।

मधुसूदनप्रसाद घिमिरेका फुटकर कविताहरूमा समाजमै भोगेका र देखेका अनुभव तथा अनुभूतिहरूलाई बिम्ब र प्रतीकको सहारा लिएर वा नलिएर अत्यन्त सरल भाषाशैलीमा प्रस्तुत गरिएको हुन्छ । अभिधेय अर्थमा प्रकटिए पनि तिनले व्यङ्ग्यार्थसम्म कवितालाई पुऱ्याएर त्यसको गूढ अर्थ बुझ्न वाध्य पार्छन् । छन्दोबद्धताभन्दा लयात्मकता बढी रुचाउने घिमिरेका कवितामा शास्त्रीय मान्यतालाई अक्षरशः पालना गरिएको पाइदैन । सरल र आकर्षक पदावलीको प्रयोगद्वारा आन्तरिक साङ्गीतिक अनुप्रासीयताको अनुभव उनका फुटकर कविताहरूमा भएको पाइन्छ । कुनै सन्देश दिनुभन्दा पनि आफ्नो मनमा आएका भावहरू पोखेर आफूले मन हलुँगो पारेको भाव कवि पोख्छन् ।

### ४.१३.३ फुटकर लेख/ निबन्धहरूको अध्ययन

मधुसूदनप्रसाद घिमिरेका लेख निबन्धहरू पुस्तकको रूपमा प्रकाशित भएका छैनन् । फुटकर लेख निवन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । **यी जङ्गली बाघ हैनन्** (सन्ध्याकालीन दैनिक, २०५३ माघ), **खरानी पनि अब बिदेशबाटै?** (साँघु साप्ताहिक, २०५४ असार २८), **विधवा विवाह** (नारी उद्घोष, २०६० कार्तिक २५), शीर्षकमा निबन्धहरू प्रकाशित भएका छन् भने **एक्काइसौं शताब्दीमा बालसाहित्य** (नेपाल मञ्च, २०५६ चैत्र २२), **बालसाहित्यमा अभिभावकको योगदान** (शुभकामना, २०५७ मंसिर ६), **सहिद र बालसाहित्य** (घटना र विचार, २०६१ माघ १३) र **बालसाहित्यिका नवीनतम् प्रवृत्तिहरू** (उन्नयन, २०६३ मंसिर १) जस्ता साहित्यिक लेखहरू प्रकाशित भएका छन् ।

त्यस्तै कर्मचारीको सेवा सुविधा, स्तरीय पाठ्यक्रमको आवश्यकता, घरेलु उद्योगलाई प्रोत्साहित गर्ने उपाय जस्ता विविध विषयमा अन्य लेखहरू प्रकाशित भएका देखिन्छन् ।

उनका निवन्धहरू आत्मपरक भन्दा वस्तुपरक शैलीमा रचिएका छन् । सामाजिक विकृतिको भण्डाफोर उनका निबन्धमा भएको छ । ती विकृतिहरूप्रति व्यङ्ग्य गर्दै त्यसबाट सुधारको आग्रह पनि गरिएको हुन्छ । हाम्रा सांस्कृतिक सम्पदाहरूको नाजुक अवस्थालाई उनका निबन्धले सटीक पाराले व्यङ्ग्यात्मक प्रहार गरेका छन् । घिमिरेका साहित्यिक लेखहरूमा बालसाहित्यको वर्तमान अवस्था, चुनौती र सम्भावनाहरूलाई पनि छर्लङ्ग पार्ने प्रयास भएको पाइन्छ । साहित्येतर लेखहरूमा पनि घिमिरेले आफ्नो प्रतिभालाई विस्तारित गरेका छन् ।

### ४.१३.४ फुटकार यात्रासंस्मरणको अध्ययन

कामविशेषले गर्दा वा मनोरञ्जनको उद्देश्यले आफूले भ्रमण गरेका विभिन्न स्थानहरूको संस्मरण उनको यात्रासंस्मरणात्मक कृतिहरूमा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा उनको यात्रासंस्मरण प्रकाशित भएको पाइन्छ । **सुरवीरको यात्रा**, **बझाङको यात्रा**, **खासको यात्रा**, **निगालेको यात्रा** र **दृष्टिविहीनहरूलाई भेट्दा** गरी पाँचवटा यात्रासंस्मरण प्रकाशित भएका छन् । यात्राका क्रममा देखेका प्राकृतिक सौन्दर्य, त्यहाँको हावापानी, मानिसहरूको व्यवहार, ती स्थान देख्दा लेखकका मनमा उब्जेका भावहरू अत्यन्त रोचक ढङ्गले उनका कृतिमा प्रस्तुत भएको देखिन्छ । बझाङको यात्राका क्रममा भोगेका मिठा अनुभूतिहरू, **सुरवीरको यात्रा** र **बझाङको सेरोफेरो** मा प्रकट भएका छन् भने खासा जाँदाको भोटेकोशीसँगको सामिप्यतालाई **खासाको यात्रा** मा समेटेका छन् । **दृष्टिविहीनलाई भेट्दा** शीर्षकको यात्रासंस्मरणमा भने पाल्पास्थित मदनपोखराको एक विद्यालयका दृष्टिविहीन विद्यार्थीहरूलाई भेट्दाको अनुभव समेटिएको छ । सरल भाषाशैलीमा रचिएका उनका संस्मरणहरू पढ्दा आफू त्यहाँ पुगेको अनुभव गर्न सकिन्छ ।

### ४.१३.५ फुटकर जीवनीको अध्ययन

मधुसूदनप्रसाद घिमिरेले विभिन्न साहित्यिक व्यक्तित्वका जीवनी सम्बन्धी पुस्तकमा आफ्ना धारणाहरू व्यक्त गरेका छन् । **भरत जङ्गम, ओमवीरसिंह बस्न्यात, पुष्पलता आचार्य र**

**एस.पी. आशा** का जीवनीका विविध पक्षहरू झल्कने पुस्तकमा घिमिरेले आफ्नो विचार प्रकट गरेको देखिन्छ । स्रष्टाको जीवनको कुनै पाटामा आफूसँगको सामिप्यतालाई कलात्मक ढङ्गले घिमिरेले प्रस्तुत गरेका छन् । विभिन्न लेखकका मूल प्रवृत्ति भित्र केन्द्रित रहेर उनीहरूको जीवनका विविध पक्षको उद्घाटन घिमिरेले गरेको पाइन्छ । सम्बन्धित स्रष्टाका बारेमा धेरैभन्दा धेरै जानकारी प्राप्त गर्न ती लेखले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ४.१३.६ फुटकर बालसाहित्यिक कृतिहरूको अध्ययन

बालसाहित्यको क्षेत्रमा मधुसूदनप्रसाद घिमिरेको योगदान अत्यन्त उदाहरणीय छ । प्रौढसाहित्यका क्षेत्रमा आफ्नो अलग्गै छवी बनाएका घिमिरे बालसाहित्यको फाँटमा एक उर्वर प्रतिभा हुन् । बालकथा, बालकविता, बालचित्रकथा, बालगीत आदि विधामा कलम चलाएका घिमिरेका फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा बालकथा, बालकविताहरू प्रकाशित भएको देखिन्छन् । **अनुहारभन्दा ज्ञान ठूलो** (सुनकेस्रा), **कुन्दनका आँखा खुले** ( हिमालय टाइम्स), **म कम्प्युटर** (कान्तिपुर), **डल्लेको कुकुर** (साप्ताहिक), **यन्त्रमानव** ( सुनकेस्रा), **हात्तीको फुर्ती** (मुना), **बाबाको माया** (कोपिला) आदि बालकथाहरू प्रकाशित भएका छन् । बालबालिकाहरूलाई मनोरञ्जन तथा अर्तिउपदेश दिने काम उनका फुटकर कथामा भएका छन् । खराब विचार त्यागी असल कर्मतर्फ डोऱ्याउन उनका कृतिहरू सफल रहेको देखिन्छ । **डल्लेको कुकुर, बिरालोको जन्म, सर्प र न्याउरी, फट्याङ्ग्रो, हात्तीको फुर्ती** जस्ता कथाहरूमा मानवेतर प्राणीहरूलाई पात्र बनाएर बालबालिकाहरूलाई पढ्न रुचिकर बनाइएको छ । **म कम्प्युटर, यन्त्रमानव** जस्ता कथाहरूमार्फत् वैज्ञानिक आविष्कारहरूको महत्त्व दर्शाउन खोजेको पाइन्छ । **परिवर्तन, कुन्दनका आँखा खुले, भनेको नमान्दा** जस्ता कथाहरूमा सन्देश दिने काम गरिएको छ ।

फुटकर रूपमा उनका बालकविताहरू पनि प्रकाशित भएका देखिन्छन् । **आउ भन्छिन् आमा** (मुना), **बिहानी** (सुनकेस्रा), **हामी हिमाल** (बालक), **नानीको बानी** (मुना), **सुरी म्याउँ** (सुनकेस्रा), **छोरीको रहर** (मुना), **कुचो** (चिचिला), **बाँस** (बालक), **जाँतो** ( बालक) जस्ता कविताहरूमार्फत् बालबालिकाहरूलाई मनोरञ्जन तथा जानकारी दिने काम उनका कविताले गरेका छन् । प्राकृतिक सौन्दर्य वर्णन, राष्ट्रिय भावनाको विकास, विभिन्न

जनावरहरूको हाउभाउ, छोराछोरीको भेदभाव जस्ता विषयलाई उनको फुटकर कवितामा सुन्दर ढङ्गमा वर्णन गरिएको छ । बालसुलभ कोमल पदावलीको प्रयोगबाट लयात्मकताको सिर्जना उनका फुटकर कविताहरूमा भएका छन् । गीतिलयको माध्यमले बालबाीलकाहरूलाई कविता पढ्नमा रुचि जगाउँछ ।

## ४.१४ निष्कर्ष

तीसको दशकदेखि सुरु भएको नेपाली साहित्यको समसामयिक धाराका एक सशक्त प्रतिभाको रूपमा मधुसूदनप्रसाद घिमिरे स्थापित छन् । कविता लेखनबाट साहित्यिक यात्रा सुरु गरेका घिमिरेका कथा, निवन्ध, यात्रासंस्मरण, जीवनी तथा बालसाहित्य विधामा दर्जनौँ रचनाहरू प्रकाशित भइसकेका छन् । सत्रवटा पुस्तकाकार कृति प्रकाशित भइसकेको छ भने फुटकर कृतिहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । प्रौढसाहित्य र बालसाहित्य दुबै क्षेत्रमा उनको लेखन सक्रिय रहको देखिन्छ ।

उनको कृतिहरूमा सामाजिक यथार्थको प्रतिबिम्बन भएको पाइन्छ । आफू बाँचेको समाजबाटै प्रभाव ग्रहण गरी उनले त्यसलाई कलात्मक मूल्य प्रदान गरेका छन् । हाम्रै समाजमा व्याप्त वर्गीय असमानता, गरिबी, राजनीतिक विकृति, विसङ्गति, मानवीय मनका उतारचढावहरू, युवा मनका प्रेमतरङ्गहरू उनका कृतिमा अटाएका छन् । विसङ्गति सँगै अस्तित्वको बोध, सहरिया संस्कृतिका विडम्बनाहरू, ग्रामीण समाजमा व्याप्त समस्याहरू उनका कृतिका विषयहरू हुन् । उनको कृतिमा नकारात्मक विचारको उद्घाटनसँगै त्यसबाट माथि उठ्न आग्रह गरिएको हुन्छ । व्यङ्ग्यचेतनायुक्त कृति पढ्दा घिमिरेको बौद्धिकताको आँकलन हुन्छ । राष्ट्रियता, प्राकृतिक सौन्दर्यवर्णन, नारी सौन्दर्यको वर्णनजस्ता विषयमा पनि उनको लेखन विस्तारित छ । सरल भाषाशैली, कोमल पदावलीको प्रयोग, अभिधेय अर्थमा कृतिलाई बुझ्न सकिने भएकाले उनका रचनाहरू पठनीय रहेका छन् ।

बालसाहित्यको क्षेत्रमा उनको आगमन वि.सं. २०५४ सालदेखि मात्रै भए पनि संख्यात्मक र गुणात्मक दुबै हिसाबले उल्लेखनीय देखिन्छन् । बालसुलभ भाषाशैलीको प्रयोग गरी लेखिएको बालकृतिहरूमा सरलता, सहजता, मौलिकता, उपदेशात्मकता जस्ता गुणहरू भेटिन्छ । मानवीय र मानवेतर पात्रको प्रयोग गरी बालबालिकाहरूलाई मनोरञ्जन

र सन्देश दिन उनका बालकथा, बालकविताहरू सक्षम छन् । आपसी सहयोग, मेलमिलाप, असल चरित्र, असल व्यवहार जस्ता कुरा बालमस्तिष्कमा पुऱ्याउन उनका कृति सफल छन् । विधागत तत्त्वलाई आत्मसाथ गरेर लेखिएका कृतिहरू सान्दर्भिक र उपयोगी रहेको पाइन्छ ।

# अध्याय-पाँच

## मधुसूदनप्रसाद घिमिरे र उनका कृतिहरूको मूल्याङ्कन

### ५.१ परिचय

समसामयिक नेपाली साहित्यको क्षेत्रमा एउटा सुपरिचित नाम मधुसूदनप्रसाद घिमिरे बहुआयामिक व्यक्तित्वका धनी छन् । उनको व्यक्तित्व विभिन्न क्षेत्रमा छरिएर रहेको छ । पारिवारिक जीवनदेखि सामाजिक हुँदै साहित्यिक जीवनको पाटोसम्म उघार्दा उनका बारेमा विविध जानकारीहरू प्राप्त गर्न सकिन्छ । वि.सं. २०१३ सालमा यो धर्तीमा पदार्पण गरेदेखिका हालसम्मको पचपन्न बर्ष लामो जीवनयात्राका विविध पक्षहरूको साथै विभिन्न कृतिहरूका आधारामा उनको यस अध्यायमा मूल्याङ्कन गरिएको छ ।

### ५.२ जीवनी र व्यक्तित्वको मूल्याङ्कन

वि.सं. २०१३ साल वैशाख ९ गते काठमाडौँको भीमसेनगोलामा जन्मेका घिमिरेको बाल्यकाल सामान्य रूपमा नै बितेको देखिन्छ । बाबुआमाको मायाममतामा बाल्यकाल बिताएका घिमिरे सानै उमेरदेखि कर्तव्यबोध भएका व्यक्ति थिए । घरको जेठो छोरो भएको नाताले बाबुलाई आर्थिक उपार्जनमा सहयोग गर्ने भावना उनमा सानैदेखि विकास भएको देखिन्छ । सानै उमेरदेखि भाइबहिनीहरूको हेरचाह गर्ने घिमिरेले आफूलाई अभिभावकको रूपमा पनि स्थापित गराउँदै लगेको देखिन्छ । कर्तव्य र जिम्मेवारीबोधकै फलस्वरूप आफ्नो पढाइलाई बीचैमा त्यागेर घरपरिवारको उन्नति र प्रगतिको लागि दत्तचित्त रहने घिमिरेमा मानवीयताको भावना प्रखर रूपमा रहेको पाइन्छ । सधैँभरि इमान्दार भएर काम गर्ने घिमिरेले आफ्नो उनन्तीस वर्षे लामो जागीरे जीवनमा पैसाका निम्ति कहिल्यै राष्ट्रविरोधी कार्य गरेनन् । एक सच्चा राष्ट्रसेवकको रूपमा उनको छवि कायम रहेको पाइन्छ । अवकाशपछिका आजका दिनहरूमा पनि उनी उत्तिकै ऊर्जाशील, कर्तव्यनिष्ठ र इमान्दार व्यक्तिको छाप छोड्न सफल छन् । पारिवारिक जिम्मेवारीबोध र सुखद् दाम्पत्य जीवनलाई अगाडि बढाएका घिमिरेको जीवन सुखमय रहेको अनुभव गर्न सकिन्छ ।

बहुआयामिक व्यक्तित्वका धनी मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्व अत्यन्त प्रखर रहेको देखिन्छ । बाहिरी रूपमा सामान्य रूपरङ्ग देखिए तापनि सधैँ अध्ययन र चिन्तनमा

लागिरहने घिमिरे एक बौद्धिक व्यक्तित्व हुन् । ज्ञानगुनका अनेकौ पुस्तक पढेर उनले आफ्नो बौद्धिक स्तरलाई उठाउन हमेसा प्रयास गरेको देखिन्छ । पारिवारिक व्यक्तित्वका रूपमा पनि घिमिरे एक आदर्श अभिभावक बनेर उपस्थित हुन्छन् । परिवारमा सधैँ हाँसेर बोल्ने तथा नरिसाउने बानीले गर्दा उनी सधैँ सम्मानित रहेको आभास मिल्छ । आफन्त र छरछिमेकी बीचमा उनको सम्बन्ध सधैँ सुमधुर र आत्मीय रहेको छ । विभिन्न सामाजिक संघसंस्थासँग आबद्ध रहेर आफ्नो सामाजिक जिम्मेवारीलाई पनि निभाउँदै आएका छन् । बाल्यावस्थादेखि नै जिम्मेवारीबोध गरेका घिमिरेमा नैतिकता, अनुशासन, दृढता जस्ता आन्तरिक गुण पनि विद्यमान रहेको देखिन्छ । समाजको एक सदस्यको नाताले समाजप्रति सधैँ उत्तरदायी रहेर साहित्य सिर्जनामा उनले आफ्नो कलम चलाएको देखिन्छ ।

## ५.३ कृतिहरूको मूल्याङ्कन

नेपाली साहित्यको क्षेत्रमा वि.सं. २०३२ सालदेखि औपचारिक प्रवेश गरेका मधुसूदनप्रसाद घिमिरे बहुमुखी प्रतिभाका धनी देखिन्छन् । वि.सं. २०२६/०२७ सालदेखि नै कथा र कविता लेखनमा प्रयासरत भए पनि परशु प्रधानबाट प्रेरणा पाएपछि मात्र उनको प्रतिभा प्रस्फुटित हुने अवसर पाएको देखिन्छ । त्यसैको परिणामस्वरूप वि.सं. २०३२ सालमा **नयाँ सन्देश** पत्रिकामा प्रकाशित **प्रतीक्षा गीत** भन्ने गीतिकविताबाट उनको साहित्यिक यात्राको सुरुवात भएको पाइन्छ । त्यसपछि वि.सं. २०३४ सालमा **रत्नश्री** पत्रिकामा प्रकाशित **इच्छाहरू सल्बलाउँछन् मात्र** भन्ने कथामार्फत् कथा विधामा पनि उनले आफ्नो प्रतिभा प्रस्फुटित गराउँदै गएको देखिन्छ । बालसाहित्यका क्षेत्रमा भने वि.सं. २०५३ सालदेखि मात्र उनी देखापरेका हुन् । प्रौढसाहित्य र बालसाहित्य दुबै क्षेत्रमा उनको योगदान उल्लेखनीय छ । वि.सं. २०५३ सालमा प्रकाशित **नलुकेको वास्तविकता** कथासङ्ग्रह प्रकाशनका दृष्टिकोणले पहिलो सङ्ग्रह हो । यसपछि बालसहित्य र प्रौढसाहित्य दुबै साहित्यका कृतिहरू प्रकाशित हुँदै गए । हालसम्म आइपुग्दा उनका सत्रवटा कृतिहरू प्रकाशित भइसकेका छन् । प्रौढसाहित्यतर्फ **नलुकेको वास्तविकता** र **मध्यान्तर** कथासङ्ग्रह, **सौतेनी छोरो** गद्यकवितासङ्ग्रह, **अर्पण** भक्तिकवितासङ्ग्रह गरी चारवटा कृति प्रकाशित भएका छन् भने बालसाहित्यतर्फ **सङ्गतको फल**, **सुनेका कथा**, **छेपाराको घर**, **तारी गाई**, **कालो माला**, **देखासिकी**, **बारुलाको बिहे**, **घमण्डी झिंगा**,

**पुतलीको बिहे** जस्ता बालकथासङ्ग्रह, त्यसैगरी **पुतलीको रङ्ग**, **माटोको माया** बालकवितासङ्ग्रह, **सन्देश** बालगीतिउपन्यास र **को खाई को खाई** बालगीत गरी तेह्रवटा कृति प्रकाशित भइसकेका छन् । साहित्यका विविध विधा कथा, कविता, निबन्ध, जीवनी तथा यात्रासंस्मरणमा कलम चलाएका घिमिरेका फुटकर रूपमा सयौँ रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेको देखिन्छ । यिनै साहित्यिक कृतिको आधारमा उनको कृतिगत प्रवृत्ति वा विशेषतालाई निम्नलिखित बुँदामा व्यक्त गर्न सकिन्छ ।

**क) सामाजिक यथार्थको प्रतिबिम्बन**

मधुसूदनप्रसाद घिमिरेका साहित्यिक कृतिहरूमा सामाजिक यथार्थको प्रतिबिम्बन भएको पाइन्छ । समाजमा घटेका अनेक घटना प्रसङ्गहरू उनका कृतिमा अटाएका छन् । विशेष गरेर कविता र कथा विधामा सामाजिक यथार्थको सुन्दर ढङ्गमा प्रयोग भएको देखिन्छ । समाजमा व्याप्त गरिबी र त्यसले निम्त्याएका अनेक समस्याहरू, राजनीतिक विसङ्गति र सत्तामोहको लिप्सा, प्रशासनिक क्षेत्रका विकृति विसङ्गतिहरू, चेतनाको कमी, धनी र गरिब बीचको बढ्दो खाडल, नैतिकतामा आउँदै गरेको गिरावट आदि जस्ता अनेक विषयवस्तुहरू घिमिरेका रचनामा पाइन्छ । यी कृतिका पात्रहरू हामीले वरिपरि देखेका र भोगेका पात्र झैं लाग्छन् । हाम्रै समाजबाट जस्ताको तस्तै टिपेर कृतिमा राखिदिएको भान हुन्छ ।

**ख) मौलिकता**

मधुसूदनप्रसाद घिमिरेका कृतिहरू मौलिक खालका छन् । विषयवस्तुको छनौट र भाषाशैलीमा विशुद्ध मौलिकता पाइन्छ । विभिन्न साहित्यकारहरूबाट प्रभावित भए तापनि आफ्नै मौलिक कलाले सिंगारेर उनका कृतिलाई सुन्दर र आकर्षक बनाएका छन् । उनका बालसाहित्यिक कृतिहरूमा लोकजीवनमा प्रचलित कथा, उक्तिहरूलाई आधार बनाएर कथा, कविताको रचना गरेपनि त्यसमा आफ्नो मौलिक रङ्गले रङ्गाएर कृतिलाई मौलिकता दिएका छन् । विभिन्न पौराणिक ग्रन्थहरूबाट कथा ग्रहण गरे पनि त्यसको परिवेश र पात्रलाई नेपालीकरण गरी मौलिक वान्की दिएका कथाहरू बोधगम्य र सम्प्रेषणीय लाग्छन् ।

**ग) सरल भाषाशैली**

मधुसूदनप्रसाद घिमिरेका कृतिहरूमा सरल भाषाशैलीको प्रयोग भएको देखिन्छ । विशेष गरेर उनका बालसाहित्यिक कृतिहरूमा बालबालिकाहरूले बुझ्ने सरल र सुबोध्य भाषाशैलीको प्रयोग भएको पाइन्छ । क्लिष्ट र दुर्बोध्य भाषाशैलीले कृतिको मर्ममा नै आघात पर्न जाने कुरामा विश्वास गर्ने घिमिरे आफ्ना रचनालाई सबैले सजिलै ग्रहण गरुन् भन्ने उद्देश्यले सरल भाषाशैलीको प्रयोग गर्छन् । समसामयिक धारामा देखापरेका सर्जक घिमिरेले आफ्नो समयमा चलेको क्लिष्ट शैलीलाई वेवास्ता गर्दै पाठकले विना अवरोध बुझ्न सक्ने शैलीमा लेख्न थालेको देखिन्छ । संस्कृत तत्सम शब्दका साथै अङ्ग्रेजी, हिन्दी, फारसी शब्दहरूको प्रयोग पनि उनका कृतिहरूमा भएको छ ।

**घ) विषयगत विविधता**

मधुसूदनप्रसाद घिमिरेका कृतिहरूमा पाइने विशेषताहरू मध्ये विषयगत विविधता पनि एक हो । उनका कृतिहरूमा जनावर, चराचुरुङ्गी, बोटविरुवाजस्ता मानवेतर र मानवीय पात्रको प्रयोग भएको पाइन्छ । विशेष गरेर बालसाहित्यिक कृतिहरूमा मानवीय र मानवेतर पात्रहरूबीच  संवाद गराइएको हुन्छ । प्रकृतिका विविध रूपरङ्ग, चाडपर्व, अन्धविश्वास, आस्था जस्ता विषयहरू कृतिभित्र अटाएका छन् । मान्छेका मनभित्र उत्पन्न हुने आशा- निराशा, न्याय-अन्याय, सत्य-असत्य, असल-खराव, राम्रो-नराम्रो जस्ता अनेकन विपरित भावहरूलाई विषयवस्तुको लेपन गरी कथानकको निर्माण गरिएको हुन्छ ।

**ङ) राष्ट्रिय भावनाको उजागर**

मधुसूदनप्रसाद घिमिरेका कृतिहरूमा राष्ट्रिय भावनाको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । आफ्नो राष्ट्रियताप्रति सधैं सचेत रहन प्रोत्साहित गरेको पाइन्छ । कथा र कवितामार्फत् राष्ट्रिय भावनालाई बेजोड ढङ्गले माथि उठाउन खोजिएको देखिन्छ । विशेष गरेर बालसाहित्यिक कृतिहरूमा आफू जन्मेको राष्ट्रलाई तन, मन र धनले भ्याएसम्म सेवा गर्न आग्रह गरिएको पाइन्छ । कवितामार्फत् पनि उनका राष्ट्रिय भावनाहरू मुखरित भएको देख्नसकिन्छ । देश रहे मात्र आफू रहने भएकोले देशको रक्षा खातिर कटिबद्ध भएर अघि बढ्न घिमिरेका कृतिहरूले प्रोत्साहित गर्छन् । **नेपाली हौँ हामी** शीर्षकको बालकवितामा उनका राष्ट्रिय भाव यसरी मुखरित भएका छन् :

राष्ट्रलाई चाहिएको
इमान र धर्म
यस धर्तीमा कर्म गर्न
मान्न हुन्न सर्म ।

स्वदेशमा बसेर कर्म गर्नुपर्ने भाव बोकेका उनका कविताहरू मर्मस्पर्शी लाग्छन् । त्यस्तै बालकथाहरूमा पनि आफ्नो राष्ट्र र राष्ट्रियताको संरक्षण र संवर्द्धनमा दत्तचित्त भएर लाग्न सबैलाई आव्हान गरिएको पाइन्छ ।

**च) प्राकृतिक सौन्दर्यको वर्णन**

मधुसूदनप्रसाद घिमिरेका कृतिहरूमा प्राकृतिक सौन्दर्यको वर्णन अत्यन्त सुन्दर ढङ्गले भएको देखिन्छ । प्रकृतिको सुन्दर र मनमोहक छटाले स्रष्टामनमा परेका अमीट छापहरू उनका कृतिमा प्रतिविम्वित भएका छन् । हिमाल, पहाड र तराइका सुन्दर दृश्य, आकाशका तारा, छ वटा ऋतुचक्र, इन्द्रेणी पर्दाको सुन्दर दृश्य देख्दा उर्लेका भावहरू उनले कवितामार्फत् व्यक्त गरेको पाइन्छ । कवि आफूलाई त्यहीँ हराएको अनुभव गर्छन् । प्राकृतिक वर्णनका क्रममा कविले प्रकृतिलाई मानवीकरण गर्ने प्रयास गरेका छन् । अनेक प्राकृतिक उपस्थितिलाई मानवीय रूपाकृति र व्यवहारसँग समन्वय गरेर मानवीकरण गर्ने प्रयास भएको देखिन्छ । घिमिरेका कथाहरूमा पनि प्राकृतिक परिवेशको सुन्दर आयोजना गरिएको पाइन्छ । उनका बालकथाहरूमा जनावर र चराचुरुङ्गीहरूको आस्रयस्थल प्राकृतिक वनजङ्गल, पोखरी, गुफा आदि परिवेशमै कथानक घुमेको हुन्छ । घिमिरेका यात्रसंस्मरणात्मक कृतिहरूमा पनि यात्रा गर्दाको क्रममा देखेका प्राकृतिक स्थलहरूको सौन्दर्यको वर्णन गरिएको पाइन्छ ।

**छ) नैतिक सन्देश**

मधुसूदनप्रसाद घिमिरे कृतिहरूमा नैतिक सन्देश पनि प्रमुख रूपमा आएका हुन्छन् । उनका बालसाहित्यिक कृतिहरूमा नैतिकताको पाठ पढाइएको हुन्छ । बालबालिकाहरूलाई सत्विचार, अनुशासन, सद्व्यवहार, शुद्ध आचरण जस्ता विषयमार्फत् नैतिक बन्न आग्रह गरिएको पाइन्छ । कुसङ्गतमा नलाग्न, आफूभन्दा ठूलाको इज्जत गर्न, सामाजिक उत्तरदायित्व पूरा गर्न, ईर्ष्या र घमण्ड त्यागी राम्रो कर्मतर्फ अग्रसर हुन

घिमिरेका कृतिले बालबालिकाहरूलाई आग्रह गर्छन् । सत्तामोहमा फसेका भ्रष्ट राजनीतिज्ञप्रति नैतिकता र जिम्मेवारीबोधको आग्रह उनले गरेका छन् । मानव जातिमा हराउँदै गएको नैतिक आचरण प्रति सचेत गराउन पनि उनका कृति सफल छन् ।

**ज) धार्मिक आस्था**

उनका कृतिमा ईश्वरप्रतिको आस्था पनि प्रकट भएको पाइन्छ । **अर्पण** भक्तिकवितासङ्ग्रह यसैको उदाहरण हो । यो सांसारिक मायाजालबाट सदाको लागि मुक्ति दिलाउने एकमात्र सहाराको रूपमा भगवान्लाई स्विकारिएको छ । शिव, कृष्ण, विष्णु, सरस्वती, गणेश, नवदुर्गा जस्ता देवताहरूको आराधनामार्फत् आफ्नो दुःख हर्न आव्हान गरेको देखिन्छ । ईश्वर प्रतिको आस्थाले जस्तोसुकै कर्म गरे पनि स्वर्गलोक पुग्न सकिन्छ भन्ने भाव उनको **पेशा** बालकथामार्फत् देखाउन खोजिएको छ । हिन्दु सनातन धार्मिक परम्पराका एक अनुयायीका नाताले उनले आफ्ना कृतिमा धर्मको अर्थ र महत्त्वबोध गराउँदै यो नाशवान् शरीरको तुच्छता र आत्माको अमरतालाई ऊजिल्याउने प्रयास गरेको देखिन्छ ।

**झ) प्रतीकात्मकता**

मधुसूदनप्रसाद घिमिरेका कृतिहरूमा प्रतीकात्मक भाव पनि पाइन्छ । प्रतीक सामान्य अर्थमा प्रयोग नभई व्यङ्ग्यमा भर पर्छ र व्यङ्ग्यको समतुल्य मानिन्छ । विशेष गरेर कविता विधामा प्रतीकात्मकताको आभाष मिल्छ । सिधै भन्दा त्यति आकर्षक नहुने भएकोले प्रतीक मार्फत् व्यक्त गर्दा त्यो बढी मूल्यवान् हुने तथ्यलाई स्विकार गर्दै घिमिरेले आफ्ना कृतिमा अनेक बिम्ब प्रतीकको प्रयोग गरेका छन् । बालसाहित्यिक कृतिमा पनि त्यो भेट्न सकिन्छ । व्यङ्ग्यार्थमा भाव प्रकट हुने कृतिहरूमा अनिवार्य रूपमा प्रतीकको प्रयोग भएको देखिन्छ । कथामा पनि उनको प्रतीकात्मकता प्रस्ट झल्केको देखिन्छ । **परजीवी, हली परीक्षा** जस्ता कथामा उपिया, उडुस, जुम्रा, हली जस्ता पात्रहरूलाई सत्ता प्राप्तिको लागि सङ्घर्षरत नेताको प्रतीक बनाएर उभ्याइएको देखिन्छ । त्यस्तै **काँसको थाल** कवितामा काँसको थाललाई प्रजातन्त्रको प्रतीकको रूपमा उपस्थित गराइएको छ ।

**ञ) चित्र तथा साजसज्जा**

बालसाहित्यमा चित्र तथा साजसज्जाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । चित्रको माध्यमबाटै बालबालिकाहरूलाई भन्न खोजेको कुरा सजिलै बुझाउन सकिन्छ । प्रौढसाहित्यलाई बालसाहित्यबाट पृथक गराउने तत्त्व नै चित्र तथा साजसज्जा हो । मधुसूदनप्रसाद घिमिरेका बालसाहित्यिक कृतिहरूमा चित्रले राम्रो स्थान पाएका छन् । विभिन्न प्राकृतिक दृश्यदेखि लिएर जनावर, चराचुरुङ्गी, किराफट्याङ्ग्रा आदिका चित्रहरूमार्फत् सम्बन्धित कथा, कविता, चित्रकथा, गीतिउपन्यास जस्ता बालसाहित्यिक कृतिको सम्प्रेषणीयता बढाउने प्रयास गरिएको छ । कृतिमा भन्न खोजिएको कुरा चित्रमार्फत् प्रस्ट पार्न उनका कृति सफल रहेको देखिन्छ । रङ्गीन साजसज्जाले उनका बालकवितालाई सुन्दर बनाएका छन् ।

यी माथिका विभिन्न कृतिगत प्रवृत्तिहरूलाई औंल्याउँदा मधुसूदनप्रसाद घिमिरेले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानलाई सजिलै आँकलन गर्नसकिन्छ । नेपाली साहित्यको एक विधामा मात्र सीमित नरही बहुविधाको माध्यमबाट नेपाली साहित्यको भण्डारलाई ऊँचो बनाउन उनको परिश्रम र मेहेनतले थप टेवा पुऱ्याएको छ । नेपाली साहित्यका कविता, कथा, जीवनी, यात्रासंस्मरण तथा बालसाहित्यतर्फ कथा, कविता, चित्रकथा, गीत, गीतिउपन्यास जस्ता विधा उपविधामा कलम चलाएर नेपाली साहित्यको उत्थानमा ठूलो सहयोग गरेको देखिन्छ ।

मधुसूदनप्रसाद घिमिरेको कृतिहरूमा मौलिक तथा सुबोध भाषाशैलीको प्रयोगले पाठकहरूलाई कृतिको मर्म बुझ्न कुनै अन्य पक्षको सहायता लिनुपर्दैन । कृति पढिसकेपछि पाठकले सजिलै स्रष्टाको भाव बुझ्न सक्छ । विशेष गरेर उनका बालसाहित्यिक रचनामा बालसुलभ भाषाशैलीको प्रयोगले अत्यन्त प्रभावकारी रूपमा विषयवस्तुलाई ग्रहण गर्न सकिन्छ । सरल भाषाशैलीमा रचिएको **हामी सँगै पढ्छौ** कविताका पङ्क्ति अत्यन्त सुन्दर लाग्छन् ।

साना साना बालक हामी
पुस्तक समाइ
पेन्सील पाटी हातमा लिई
पढ्छौं रमाइ ।

घिमिरेका कृतिहरूमा समाजमा व्याप्त विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको हुन्छ । ती व्यङ्ग्य मार्फत् पाठकलाई त्यसको विरुद्ध लाग्न अभिप्रेरित गर्ने काम उनका कृतिहरूले गरेको देखिन्छ । समाजमा जरा गाडेर बसेका अन्धविश्वास, कुरीति, सामाजिक विभेद जस्ता समाज विरोधी तत्त्वलाई परास्त गरी एउटा समुन्नत समाज निर्माणको आग्रह पनि गरिएको पाइन्छ । उनका पात्रहरू समाजकै बन्धनमा जकडिएर बस्न वाध्य भए पनि त्यसबाट मुक्तिको अपेक्षा भने गरेकै हुन्छन् ।

यथार्थवादी साहित्यिक धारालाई आफ्नो मुख्य क्षेत्र बनाएका घिमिरेका कृतिहरूमा समाजमा व्याप्त गरिबी, निम्नवर्गीय जीवनका भोगाइहरू, महिलाका पीडा, महिला-पुरुष भेदभाव, झुठो प्रेमको नियति, प्रजातन्त्र प्राप्तिपछि पनि उस्तै रहेको शासन व्यवस्था, सत्ता लिप्सामा दलहरूबीचको तछाडमछाड, चेलीबेटी बेचविखन, वातावरणीय समस्या जस्ता अनेकौ विषय प्रसङ्गहरू प्रस्तुत भएका छन् । जीवन जस्तो छ त्यस्तै रूपमा उतारे पनि त्यो सामान्य नभएर कलामूल्यको दृष्टिले महत्त्वपूर्ण रहेको उनका कृति पढेपछि अनुभव हुन्छ । समसामयिक नेपाली साहित्यमा यथार्थवादी धारालाई समानान्तर रूपले अघि बढाउन घिमिरेको योगदान अमूल्य देखिन्छ । क्लिष्ट र दुरुह शैलीको परित्याग गर्दै कोमल र सुन्दर पदावलीको प्रयोगले यथार्थको प्रतिबिम्बनमा थप टेवा दिएको छ ।

विधागत सचेतता उनको अर्को विशेषता हो । कविता पद्य र गद्य दुबैमा रचिएका छन् । उनको पद्य शास्त्रीय नियममा नबाँधिएर सजिलै पढ्न सकिने खालको देखिन्छ । छन्द र अलङ्कारको बन्धनमा कविताले मूर्तता पाउन नसक्ने उनी बताउँछन् । सामान्य पाठकका लागि पनि उनका कविता उपयोगी छन् । गद्यविधातर्फ पनि विधागत तत्त्वहरूलाई ध्यानमा राखेर उनले कृतिको रचना गरेका छन् । निश्चित सीमाभित्र रहेर आफ्ना अनुभूतिलाई व्यक्त गर्न घिमिरे खप्पिस छन् । वर्तमान समयमा देखा परिरहेका कथामा निबन्धको मिश्रण, कवितामा कथात्मक शैलीको प्रयोग अनि कथात्मक निबन्ध लेखनको प्रयास जस्ता प्रवृत्तिबाट टाढै रहेका घिमिरे विधा मिश्रण वा विधा भञ्जनको हिमायती होइनन् । भाषिक शुद्धताका हिसाबले भने घिमिरेका कृतिहरू त्यति उत्कृष्ट छैनन् । व्याकरणिक त्रुटिहरू प्रशस्तै फेला पार्न सकिन्छ । पदयोग र पदवियोगको नियम पालना भएको पाइदैन भने ह्रस्व र दीर्घको पनि सही प्रयोग भएका छैनन् ।

यी सानातिना गल्तीहरू भए पनि समग्रमा उनको साहित्यिक यात्रा उज्ज्वल र प्रतिष्ठित रहेको छ । नेपाली साहित्यका विविध विधामा कलमा चलाए तापनि बालसाहित्यका क्षेत्रमा उनले पुऱ्याएको योगदान अत्यन्त सरहानीय र उत्कृष्ट छ । आफ्नो साहित्ययात्राको तेस्रो चरणसँगै बालसाहित्यलेखनमा लागेका घिमिरेलाई वर्तमान नेपाली बालसहित्यको प्रतिनिधि स्रष्टाको रूपमा चिनिन्छ । बालभावनालाई समेट्ने उनका बालसाहित्यिक कृतिहरूले बालबालिकालाई मनोरञ्जन दिनुका साथै त्यसबाट शिक्षा ग्रहण गर्न पनि प्रेरित गर्छन् । बालसाहित्यलेखन जस्तो कठिन कार्यलाई अत्यन्त सहजताका साथ घिमिरेले अघि बढाउदै लगेका छन् जुन भोलिका दिनसम्म पनि निरन्तर चलिरहने विश्वास गर्न सकिन्छ ।

**५.४ निष्कर्ष**

नेपाली साहित्यको समसामयिक धारामा देखापरेका एक सशक्त प्रतिभा मधुसूदनप्रसाद घिमिरेको कृतित्व विभिन्न विधामा फैलिएको देखिन्छ । कविता, कथा, निवन्ध, जीवनी, यात्रासंस्मरण जस्ता प्रौढसाहित्यिक र कविता, कथा, गीत, बालगीतिउपन्यास, चित्रकथा जस्ता बालसाहित्यिक विधामा कलम चलाएका घिमिरेको प्रतिभा बालसाहित्यिक विधामा बढी मात्रामा प्रखर भएको पाइन्छ । आफ्ना सरल र सुबोध भाषाशैली तथा मौलिकताले गर्दा समसामयिक नेपाली साहित्यमा उनले आफूलाई छुट्टै स्थानमा पुऱ्याउन सफल भएका छन् । हालका दिनसम्म पनि उत्तिकै रूपमा नेपाली साहित्यको श्रीबृद्धिमा निरन्तर सक्रिय घिमिरेलाई उनका कृतिहरूको आधारमा नै मूल्याङ्कन गरिएको छ ।

साहित्यकार घिमिरेका कृतिहरूमा सामाजिक यथार्थको चित्रण पाइन्छ । त्यस्तै सरल भाषाशैली र मौलिकताले उनका रचना अन्य साहित्यिक स्रष्टाका भन्दा फरक लाग्छन् । राष्ट्रियता, नैतिकता, प्राकृतिक सौन्दर्य वर्णन, प्रतीकात्मकता, धार्मिक आस्था, विषयगत एवम् पात्रगत विविधता उनका कृतिगत वैशिष्ठ्य देखिन्छन् । गद्य र पद्य दुबै विधामा कलम चलाएका घिमिरेलाई एक सचेत साहित्यिक स्रष्टाको रूपमा लिन सकिन्छ । आफ्नो लेखनयात्रालाई विभिन्न विधामार्फत् अघि बढाइरहेका मधुसूदनप्रसाद घिमिरेको कलमले भविष्यमा दर्जनौं उत्कृष्ट कृतिहरूको सृजना गर्न सक्ने कुराको सहज अनुमान लगाउन सकिन्छ ।

# अध्याय-छ

# उपसंहार

## ६.१ उपसंहार

बाबु हरिप्रसाद घिमिरे र आमा चन्द्रप्रभा घिमिरेको कोखबाट काठमाडौँको भीमसेनगोला, बानेश्वरमा जन्मिएका मधुसूदनप्रसाद घिमिरेको मूलथलो भने गुल्मीको घिमिरकोटमा रहेको देखिन्छ । उनका बाजे हेमकान्त पूजारीका रूपमा राणादरबारमा प्रवेश गरेपछि यहीँ बसोवास गर्दै आएको बुझिन्छ । मध्यम वर्गीय ब्राम्हण परिवारमा जन्मेका घिमिरेको बाल्यकाल रमाइलो वातावरणमै बित्यो । बाबु, आमा र तीन भाइबहिनीहरूका बीचमा आफ्नो बाल्यकाल बिताएका घिमिरेमा सानै उमेरदेखि जिम्मेवारीबोध थियो । घरैबाट पढाइ सुरु गरेका घिमिरेले एकैचोटि कक्षा चारमा विजय मेमोरियल स्कुलमा भर्ना भएको देखिन्छ । कक्षा चारदेखि सातसम्म सोही स्कुलमा पढेपछि कक्षा आठदेखि कक्षा दससम्म रत्नराज्यलक्ष्मी स्कुल बानेश्वरमा अध्ययन गरे भने गोकर्णेश्वर मा.वि. गोकर्णबाट एस.एल.सी. परीक्षा पास गरेका हुन् । रत्नराज्यलक्ष्मी क्याम्पसमा आई.ए. मा भर्ना भए तापनि पढाइलाई उनले निरन्तरता दिन सकेनन् । उनको औपचारिक अध्ययन यहीँ आएर समाप्त भएको देखिन्छ । वि.सं. २०३० सालमा लोकसेवा आयोगबाट स्थायी नियुक्ति पाएपछि उनले वि.सं २०५८ सालमा अवकाश लिए । आफ्नो उनन्तीस वर्षे सरकारी नोकरीका क्रममा उनले कहिल्यै पनि अनैतिक र गैर-जिम्मेवार कार्य गरेनन् । सच्चा राष्ट्रसेवक भएर सरकारी सेवामा दत्तचित्त रहे । श्रीमती शर्मिला र छोरा मनोजको जागिरबाट आउने आम्दानी र उनको पेन्सनबाट जीविका चलिरहेको छ । घिमिरेको पारिवारिक स्थिति औसत नेपालीको भन्दा राम्रो  देखिन्छ ।

बहुमुखी व्यक्तित्वका धनी मधुसूदनप्रसाद घिमिरे अत्यन्त मिलनसार र फरासिला देखिन्छन् । पारिवारिक जीवनमा एउटा कुशल अभिभावकको भूमिका निर्वाह गर्दै आएका घिमिरेमा जिम्मेवारीवोध, कर्तव्यपालन, नैतिकता, भद्रपन, सामाजिक सचेतता जस्ता आन्तरिक गुणहरू विद्यमान रहेका छन् । सधैँ अध्ययनशील रहने बानीले गर्दा बौद्धिक व्यक्तित्वका रूपमा पनि उनको व्यक्तित्व विस्तारित छ । सामाजिक र साहित्यिक

संघसंस्थासँगको सम्लग्नतामा उनको सामाजिक व्यक्तित्व पनि उर्वर रहेको अनुमान गर्न सकिन्छ ।

सानै उमेरदेखि साहित्यतर्फ आकर्षित भएका घिमिरेमा स्कुले जीवनदेखि भने साहित्यको प्रभाव बढी मात्रामा पर्दै गयो । कक्षा आठदेखि कक्षा दससम्मका पाठ्यक्रममा समावेश साहित्यिक कृति पढ्दै जाँदा घिमिरे त्यसबाट साह्रै प्रभावित भए । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्याल, पुष्कर शमसेर, गुरुप्रसाद मैनाली, सिद्धिचरण श्रेष्ठ जस्ता साहित्यकारका साहित्यिक कृतिहरू पढ्दा उनमा पनि त्यस्तै साहित्य लेख्न पाए हुन्थ्यो भन्ने भावना जाग्दै गयो । त्यसैका परिणतिस्वरूप उनी नेपाली साहित्यको क्षेत्रमा आफूलाई पदार्पण गराउन लागि परे । सुरुमा कविता र कथा लेख्ने अभ्यास गरे पनि प्रकाशन गराउन सङ्कोच मान्ने कारणले ती कृतिहरू लेख्दै र च्यात्दै गर्ने गर्दथे । वि.सं. २०२९ सालमा परशु प्रधानसँग भेट भएपछि उनको साहित्यिक यात्राले औपचारिक लेखनतर्फ अग्रसर हुदै गएको देख्न सकिन्छ ।

तेह्र/चौध वर्षको उमेरदेखि आभ्यासिक लेखनमा जुटेका घिमिरेले प्रौढसाहित्यतर्फ कथा, कविता, निबन्ध, यात्रासंस्मरण, जीवनी जस्ता विधामा कलम चलाएका छन् भने बालसाहित्यतर्फ बालकथा, बालकविता, बालचित्रकथा, बालगीतिउपन्यास जस्ता विधामा आफ्नो प्रतिभालाई प्रकट गराएका छन् । उनका सत्रवटा पुस्तकाकार कृति प्रकाशित भइसकेको छ । **नलुकेको वास्तविकता**, **सङ्गतको फल, पुतलीको रङ्ग, सौतेनी छोरो, सुनेका कथा, माटोको माया, छेपाराको घर, तारी गाई, कालो माला, मध्यान्तर, देखासिकी, बारुलाको बिहे, सन्देश, घमण्डी झिंगा, पुतलीको बिहे, को खाई को खाई** र **अर्पण** उनका प्रकाशित विभिन्न कृतिहरू हुन् । फुटकर रूपमा पनि उनका दर्जनौं कृतिहरू **मधुपर्क, जनमत, उन्नयन, नयाँ सन्देश, रचना, कामना, युवामञ्च, दायित्व**, **घटना र विचार, कान्तिपुर कोपिला, कान्तिपुर कोसेली, अन्नपूर्ण पोष्ट, आजको समाचारपत्र, अभिव्यक्ति, गोरखापत्र, सुनकेस्रा, मुना** जस्ता विभिन्न पत्रपत्रिकाहरूमा नियमित रूपले प्रकाशित हुँदै आएको देखिन्छ । संख्यात्मक दृष्टिले हेर्दा उनका प्रौढसाहित्यिक कृतिहरूभन्दा बालसाहित्यिक कृतिहरू बढि देखिन्छन् । बालबालिकाको लागि तयार पारिएका बालसाहित्यिक कृतिले उनीहरूको मन जित्न सफल रहेका छन् । उनका फुटकर रूपमा लेख-निवन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका देखिन्छन् । बालसाहित्यका वर्तमान

प्रवृत्तिका बारेमा उनले लेख लेखेका छन् भने खरानी पनि विदेशबाट ल्याउने गरेका वास्तविकतालाई पनि आफ्ना निबन्धमा व्यक्त गरेका छन् । प्रशासनिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि विषयवस्तुमा आधारित भएर उनका निबन्धहरू प्रकाशित भएका देखिन्छन् । त्यस्तै भरत जङ्गम, एस.पी आशा, पुष्पलता आचार्य, ओमवीरसिंह बस्न्यातजस्ता सर्जकको जीवनी सम्बन्धी पुस्तकमा सर्जकप्रति आफ्नो अनुभव र मूल्याङ्कनद्वारा जीवनीकार व्यक्तित्वको छविलाई पनि कायम राखेका छन् । आफूले कामविशेष वा मनोरञ्जनको लागि भ्रमण गरेका विभिन्न ठाउँहरूको अनुभव उनको नियात्रा साहित्यमा देख्न सकिन्छ । आफूले भ्रमण गर्दा देखेका, भोगेका तीतामिठा अनुभूतिहरू उनका यात्रासंस्मरणमा आएका देखिन्छन् ।

तीसको दशकदेखि साहित्य सिर्जनामा लागेका मधुसूदनप्रसाद घिमिरे समसामयिक धाराका एक सशक्त प्रतिभा हुन् । विशेष गरेर उनको लेखन कविता र कथा विधामा केन्द्रित रहेको देखिन्छ । उनका कृतिहरूमा सामाजिक यथार्थको प्रतिबिम्बन भएको पाइन्छ । समाजमा देखेका र भोगेका अनेक अनुभूतिलाई आफ्नो कलाले सिंगारेर कृतिमार्फत् पाठक समक्ष प्रस्तुत गर्छन् । अन्याय, अत्याचार, शोषण, भ्रष्टाचार, दुराचार जस्ता नकारात्मक प्रवृत्तिलाई औल्याउन उनका कृति सफल छन् । उनका कृतिमा त्यस्ता प्रवृत्तिप्रति तिखो व्यङ्ग्य प्रहार गर्न पनि उनी सफल देखिन्छन् । विशेष गरेर गद्यकविताहरूमा उनको व्यङ्ग्यचेत प्रखर बनेर आएको देखिन्छ । व्यङ्ग्यकै माध्यमबाट सुधारको सङ्केत पनि गरेको आभाष मिल्छ । उनका कृतिहरूमा राष्ट्रिय भावना पनि प्रमुख रूपमा नै आएका छन् । देशमा आएको प्रजातन्त्रलाई संरक्षण र संवर्द्धन गर्न उनका कृतिहरूले प्रोत्साहित गर्छन् ।

बालसाहित्यिक क्षेत्रमा घिमिरेको नाम एक प्रतिष्ठित लेखकको रूपमा लिइन्छ । समयका दृष्टिले पन्ध्र वर्षदेखि मात्र यस क्षेत्रमा रहे पनि संख्यात्मक र गुणात्मक दुबै दृष्टिले उनका कृतिहरू उल्लेख्य रहेका छन् । हालसम्म तेह्रवटा बालसाहित्यिक कृति रचना गरिसकेका घिमिरे निरन्तर सक्रिय भएर लागिरहेका छन् । बालकथा र बालकवितामा विशेष केन्द्रित घिमिरेका बालकृतिहरूमा हाम्रो समाजमा घट्ने घटनादेखि लिएर जनावर, चराचुरुङ्गीको अन्तरसम्बन्ध र त्यसमा मानवजातिले पुऱ्याएको अवरोधहरू

सुन्दर ढङ्गमा प्रस्तुत गरिएको छ । बालबालिकाहरूमा कुतुहलताको सिर्जना गर्नमा यी कृति सफल छन् ।

यसरी नेपाली साहित्यको समसामयिक धाराको एक सशक्त प्रतिभाको रूपमा स्थापित भइसकेका घिमिरेलाई एक यथार्थवादी साहित्यकारको रूपमा लिन सकिन्छ । प्रयोगवादी धाराका क्लिष्ट र दुरुह शैलीलाई परित्याग गरि सरल र सुबोध्य भाषाशैलीमा साहित्य सिर्जना गर्न रुचाउने घिमिरेका कृतिहरू कलात्मक मूल्यले भरिपूर्ण छन् । प्रतीक तथा बिम्बको प्रयोगमार्फत् आफ्ना विचारलाई प्रतिस्थापित गर्नमा उनी सफल रहेको देखिन्छ । विशेष गरेर बालबालिकालाई असल बाटोमा लाग्न प्रेरित गर्ने खालका बालसाहित्यिक कृतिको रचनामार्फत् उनी एक मार्गदर्शकको रूपमा पनि रहेका देखिन्छन् । बालसुलभ भावहरूलाई समेटी बालबालिकालाई नै पस्किएका उनका कृतिमार्फत् एकताको भावनालाई पनि माथि उठाउन खोजिएको छ । उनको यो साहित्यिक यात्रामा अझै उत्कृष्ट र कालजयी कृतिको अपेक्षा गर्न सकिन्छ ।

## ६.२ निष्कर्ष

साहित्यकार मधुसूदनप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन शीर्षकमा गरिएको समग्र अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ ।

क) मधुसूदनप्रसाद घिमिरेको जन्म वि.सं. २०१३ साल वैशाख ९ गते काठमाडौँको भीमसेनगोलामा भएको हो । स्व.पिता हरिप्रसाद घिमिरे र माता चन्दप्रभा घिमिरेको चार सन्तान मध्ये उनी जेठा सन्तान हुन् ।

ख) मधुसूदनप्रसाद घिमिरेको शिक्षादीक्षा काठमाडौँमै भएको हो । सुरुमा घरमै पढाइ थालेका घिमिरेले विजय मेमोरियल स्कुल डिल्लीबजारजाट कक्षा चारदेखि सातसम्म, रत्नराज्यलक्ष्मी स्कुल, बानेश्वरबाट आठदेखि दस कक्षासम्म तथा गोकर्णेश्वर मा.वि. गोकर्णबाट एसएलसी पास गरेका घिमिरेले आइ.ए. सम्मको अध्ययन गरी आफ्नो औपचारिक अध्ययनलाई विश्राम दिएको बुझिन्छ ।

ग) मधुसूदनप्रसाद घिमिरेले जीविकाका लागि तत्कालीन पानी गोश्वारा अड्डा (हाल नेपाल खानेपानी संस्थान) मा बहिदार पदबाट अस्थायी नियुक्ति सुरु गरे । वि.सं. २०३० साल चैत १ देखि प्रशासन व्यवस्था विभाग (हाल सामान्य प्रशासन मन्त्रालय) मा स्थायी नियुक्ति पाएका घिमिरेले वि.सं. २०५८ सालमा शाखा अधिकृत पदबाट अवकाश लिएका छन् ।

घ) मधुसूदनप्रसाद घिमिरेको व्यक्तित्व विभिन्न क्षेत्रमा फैलिएर रहेको छ । पारिवारिक, सामाजिक, बौद्धिक, साहित्यिक जस्ता विविध पाटामा उनको व्यक्तित्व उजागर भएको पाइन्छ । यिनै व्यक्तित्वको निर्माणबाट उनको साहित्यिक यात्रा सहज बनाएको छ । कुनै राजनीतिक वाद वा सिद्धान्तको पछि नलागेर स्वतन्त्र चिन्तनका साथ अघि बढ्ने एक निष्पक्ष वैचारिक व्यक्तित्व भएका घिमिरेको कृतिमा कुनै पनि सिद्धान्त वा वादप्रति झुकाव राखेको देखिदैन ।

ङ) मधुसूदनप्रसाद घिमिरेका हालसम्म सत्रवटा कृति प्रकाशित भएका छन् । **नलुकेको वास्तविकता** (२०५३), **सङ्गतको फल** (२०५४), **पुतलीको रङ्ग** (२०५५), **सौतेनी छोरो** (२०५६), **सुनेका कथा** (२०५८), **माटाको माया** (२०५८), **छेपाराको घर** (२०५९), **तारी गाई** (२०६०), **कालो माला** (२०६०), **मध्यान्तर** (२०६२), **देखासिकी** (२०६२), **बारुलाको बिहे** (२०६५), **सन्देश** (२०६५), **घमण्डी झिंगा** (२०६६), **पुतलीको बिहे** (२०६६), **को खाई को खाई** (२०६६) र **अर्पण** (२०६८) उनका प्रकाशित कृतिहरू हुन् ।

च) मधुसूदनप्रसाद घिमिरेले साहित्यका अनेक विधाहरू कथा, कविता, निबन्ध, जीवनी, यात्रासंस्मरणमा कलम चलाएका छन् । बालसाहित्यतर्फ पनि कथा, कविता, चित्रकथा, बालगीतिउपन्यास विधामा उनले आफ्नो प्रतिभालाई विस्तारित गरेको पाइन्छ ।

छ) मधुसूदनप्रसाद घिमिरे मूलतः सामाजिक यथार्थवादी सर्जक हुन् । समाजमा व्याप्त अन्याय, अत्याचार, कुरीति, कुसंस्कार, शोषण, राजनीतिक सामाजिक विसङ्गति, आर्थिक

असमानता, गरिबी, अशिक्षा, अनैतिकता जस्ता विषयमा उनका कृतिमा आवाज उठाइएको पाइन्छ । सामाजिक यथार्थको बोध गराएर सुधारतर्फ सङ्केत पनि उनको कृतिमा भएका छन् ।

ज) सामाजिक यथार्थवाद, विसङ्गतिवाद, अस्तित्ववाद, प्रगतिवादका निकट रहेर लेखिएका उनका कथा, कविताहरू विधागत सिद्धान्तको पालना गरेर लेखिएका छन् । परम्पराभिन्न शैलीको उनी पक्षपाती देखिन्छन् । विधाको सैद्धान्तिक स्वरूप अनुसार नै उनले आफ्ना कृति प्रकाशित गराएका छन् । विधाभञ्जन वा विधामिश्रणमा उनी त्यति विश्वास राख्दैनन् ।

झ) मधुसूदनप्रसाद घिमिरेले प्रौढसाहित्यिक कृतिहरूबाट साहित्यिक यात्रा सुरु गरे तापनि बालासाहित्यको क्षेत्रमा उनको योगदान उल्लेख्य रहेको छ । बालबालिकालाई मनोरञ्जन, शिक्षा तथा सन्देश दिन उनका कृति सफल छन् । बालसुलभ भाषामार्फत् बालबालिकाहरूलाई सजिलै प्रभाव पार्न सक्ने खालका कृति उनले प्रकाशित गरेका छन् ।

ञ) घिमिरेका बालसाहित्यिक कृतिहरूमा नैतिकता, अनुशासन, राष्ट्रियता, आपसी सहयोग, कर्तव्यपालन जस्ता विषयलाई उठाइएको छ । कुसङ्गतबाट हुने वेफाइदा, देखासिकीको दुष्परिणाम, घमण्ड गर्दा हुने बेफाइदा जस्ता उदाहरण देखाएर सत्मार्गमा लाग्न अनुरोध गरिएको पाइन्छ ।

ट) मधुसूदनप्रसाद घिमिरेका कृतिहरूको भाषाशैलीगत पक्ष वास्तवमै सहज र सरल छ । उनका कृतिहरूमा सरल सुबोध्य भाषाशैलीको प्रयोग गरी कृतिलाई सम्प्रेषणीय बनाइएको हुन्छ । क्लिष्ट शब्दको प्रयोगबाट कृतिको मर्म नै साँघुरिने कुरामा घिमिरे विश्वास राख्छन् ।

ठ) समसामयिक नेपाली साहित्यमा तीसको दशकपछि उदाएका घिमिरे निकै आशालाग्दा सर्जक हुन् । यथार्थलाई कलाको लेपन गरी पठनीय र साहित्यिक मूल्ययुक्त बनाउन उनी खप्पिस छन् ।

ड) समाज, प्रकृति, इतिहास आदिबाट विभिन्न बिम्ब, प्रतीकहरूको उपस्थिति गराएर कथा, कवितालाई क्लिष्ट भन्दा पनि सुबोध्य र सम्प्रेष्य गराउन सक्नु उनको काव्यिक खुबी हो ।

ढ) मधुसूदनप्रसाद घिमिरेको अर्को महत्त्वपूर्ण विशेषता व्यङ्ग्य लेखन पनि हो । प्रत्यक्ष वा परोक्ष रूपमा विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएका उनका कृतिहरूमा परिवर्तनको आग्रह पनि गरिएको छ ।

ण) मधुसूदनप्रसाद घिमिरेको साहित्यिक योगदानबारे संस्थागत अध्ययन भएको देखिँदैन । चार दशक भन्दा लामो समयदेखि नेपाली साहित्यको क्षेत्रमा क्रियाशील मधुसूदनप्रसाद घिमिरे राज्य सरकार तथा सरकारी संघसंस्थाबाट प्रायः उपेक्षित देखिन्छन् । उनले जनस्तरबाट स्थापना भएका केही पुरस्कार तथा सम्मानहरू प्राप्त गरेका छन् । तापनि उनको साहित्यिक योगदानको सापेक्षतामा समुचित पुरस्कार, मानसम्मान र संरक्षण भएको देखिदैन ।

त) मधुसूदनप्रसाद घिमिरेको सामान्य जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन यस शोधपत्रमा गरिएको छ । अझै पनि उनको कृतिहरूमा केन्द्रित रहेर शोध अनुसन्धान गरिएको खण्डमा उनको प्रतिभाको मूल्याङ्कनमा थप टेवा पुग्न सक्ने आशा गर्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


अर्याल, अच्युतशरण (२०५८), **नेपाली बालसाहित्यको अध्ययन**, विद्यावारिधि,अ.प्र.शोधप्रवन्ध, त्रि. वि कीर्तिपुर, काठमाडौँ ।

अर्याल, अत्युतशरण (२०५४), **नेपाली बालसाहित्यको रूपरेखा,** स्याङ्जा : डिल्ली प्रसाद अर्याल ।

आचार्य, कृष्णप्रसाद र गैरे, ईश्वरीप्रसाद (२०६३), **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुर, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेजं ।

आचार्य, कृष्णप्रसाद र बस्नेत, कृष्णबहादुर (२०५९), **आधुनिक नेपाली उपन्यास र कथा**, कीर्तिपुर, काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

आचार्य, चन्द्रप्रकाश (२०६८), **हरिगोविन्द लुइँटेलको जीवनी ब्यक्तित्व र कृतित्वको आध्ययन** : एम.ए. अ.प्र. शोधपत्र, पाटन संयुक्त क्याम्पस, ललितपुर ।

आचार्य, भागवत (२०६२), **कविता-सिद्धान्त र नेपाली कविता एवम् निवन्ध**, काठमाडौँ : नवीन प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५०), **पूर्वीय साहित्य सिद्धान्त** , काठमाडौँ : साझा प्रकाशन ।

घिमिरे, मधुसूदनप्रसाद (२०५३), 'नलुकेको वास्तविकता' कथासङ्ग्रह, विराटनगर : वाणी प्रकाशन सहकारी संस्था लिमिटेड ।

—————————— ' (२०५४), 'सङ्गतको फल' बालकथासङ्ग्रह, काठमाडौँ : शर्मिला शर्मा र मनोजकुमार घिमिरे ।

—————————— ' (२०५५), 'पुतलीको रङ्ग' बालकवितासङ्ग्रह, काठमाडौँ : मधुसूदनप्रसाद घिमिरे ।

—————————— ' (२०५६) 'सौतेनी छोरो' गद्यकवितासङ्ग्रह, काठमाडौँ : शर्मिला घिमिरे ।

—————————— ' (२०५८), 'सुनेका कथा' बालकथासङ्ग्रह, काठमाडौँ : मधुसूदनप्रसाद घिमिरे ।

—————————— ' (२०५८), 'माटोको माया' बालकवितासङ्ग्रह, विराटनगर : वाणी प्रकाशन ।

———————— ' (२०५९), 'छेपाराको घर' बालकथासङ्ग्रह, काठमाडौँ : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

———————— ' (२०६०), 'तारी गाई' बालकथासङ्ग्रह, काठमाडौँ : पुष्पलता आचार्य ।

———————— ' (२०६०) 'कालोमाला' बालकथासङ्ग्रह, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

———————— ' (२०६२), 'मध्यान्तर' कथासङ्ग्रह, काठमाडौँ : दायित्व वाङ्मय प्रतिष्ठान ।

———————— '(२०६२), 'देखासिकी' बालकथासङ्ग्रह, काठमाडौँ : दायित्व वाङ्मय प्रतिष्ठान ।

———————— ' (२०६५) 'बारुलाको बिहे' बालचित्रकथा, काठमाडौँ : शर्मिला घिमिरे ।

———————— ' (२०६६), 'घमण्डी झिंगा' बालकथा, काठमाडौँ : पैरवी प्रकाशन ।

———————— ' (२०६६) 'पुलतीको बिहे' बालकथासङ्ग्रह, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

———————— ' (२०६६), 'को खाई को खाई' बालगीत, काठमाडौँ : कथालय प्रकाशन ।

————————'(२०६८), 'अर्पण' भक्तिकवितासङ्ग्रह, काठमाडौँ : मधुसूदनप्रसाद घिमिरे ।

ढकाल, शारदा अधिकारी (२०६६), **बालसाहित्यको सैद्धान्तिक स्वरूप**, काठमाडौँ : नेपाली बालसाहित्य समाज ।

प्रधान, प्रमोद (२०६१), **नेपाली बालसाहित्यको इतिहास**, काठमाडौँ : विवेक सिर्जनशील समाज ।

महर्षि, इन्दिरा (२०५८), **जीवन व्यक्तित्वका आलोकमा कल्पना प्रधान र उनको बालसाहित्य** : एम. ए.अ.प्र.शोधपत्र, स्नातकोत्तर क्याम्पस, विराटनगर ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्र (२०५५), **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, केशव, न्यौपाने, दैवज्ञराज र त्रिपाठी, वासुदेव (२०४६), **नेपाली कविता, भाग ४**, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी वसन्त (२०६८), **बालसाहित्यकार प्रमोद प्रधानका बालकविता कृतिहरूको अध्ययन** : एम.ए.अ.प्र.शोधपत्र, पाटन संयुक्त क्याम्पस, ललितपुर ।